३०८
भक्तपुर
मासिक
Bhaktapur Monthly
वैशाख २०७९
ISSN 2705-4454



# नगरवासीको नाममा
# प्रमुख प्रजापतिको सम्बोधन

- 'सङ्घीयताले देश विकास हुने होइन, मुख्य कुरा सत्ता सञ्चालक इमानदार हुनुपर्छ'
- निर्वाचनलाई नवउदारवादविरोधी सङ्घर्षको रूपमा अघि बढाउनु पर्ने
- भक्तपुर दरबारमा राष्ट्रिय कला सङ्ग्रहालय
- आफ्नै कलेज र स्थानीय भाषामै पाठ्यक्रम चलाउने भक्तपुर नगरपालिका
- नेवाः समाजमा दिगु पूजा
- फल्चा
- भक्तपुर नपाका गतिविधि



निर्माणाधीन भाजु पुखूको जलेश्वर मन्दिर

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ] { #( ⋆ cÆ ^ ⋆ g} ; ‍\!$@ ⋆ lj= ; ‍\@)&( j}zfv ⋆ A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

> ‘मानिस ठीक त्यही मात्रामा महान् बन्दछ, जुन मात्रामा ऊ मानव कल्याणको लागि श्रम गर्छ ।’ – सुकरात

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) जनताको सेवा गर्ने अवसरकोनिम्ति हार्दिक आभार एवं धन्यवाद | सुनिल प्रजापति | ३ |
| २) ‘सङ्घीयताले देश विकास हुने होइन, मुख्य कुरा सत्ता सञ्चालक इमानदार हुनुपर्छ’ | सुनिल प्रजापति | १२ |
| ३) निर्वाचनलाई नवउदारवादविरोधी सङ्घर्षको रूपमा अघि बढाउनु पर्ने | विवेक | १८ |
| ४) भक्तपुर दरबारमा राष्ट्रिय कला सङ्ग्रहालय | सत्यमोहन जोशी | २० |
| ५) नेवाः समाजमा दिगु पूजा | ओम धौभडेल | २२ |
| ६) लक्ष्मीनरसिंह मन्दिरको पुनर्जीवन | सरिता धुख्वा | २६ |
| ७) आफ्नै कलेज र स्थानीय भाषामै पाठ्यक्रम चलाउने भक्तपुर नगरपालिका | एस राज उपाध्याय | २८ |
| ८) फल्चा | राजेन्द्र श्रेष्ठ | ३१ |
| ९) सितेरियो कराँते खेलाडी, प्रशिक्षक तथा रेफ्री रविना सुवाल | राजकुमार लघु | ३४ |
| १०) बर्डफ्लु रोगबाट बच्न तथा बचाउन अपनाउनु पर्ने उपायहरू | पार्वती योन्जन | ३८ |
| ११) समालोचनाया सिद्धान्त (३) | प्रो. माणिकलाल श्रेष्ठ | ३९ |
| १२) भुमरी र हुरी : एक चर्चा | विष्णुभक्त राजचल | ४१ |
| १३) होमर र ट्रोजन युद्ध | नाति कवां | ४४ |
| १४) वार्सा सन्धि सङ्गठनको विघटनको परिणाम | प्रधान | ४९ |
| १५) भक्तपुर नगरपालिकाका उम्मेदवारहरू २०७९ | – | ५१ |
| १६) २०७४ मा भक्तपुर नपाको मत विवरण | – | ५४ |
| १७) देशघातीलाई सजाय दिनु मतदाताको अधिकार र कर्तव्य | प्रकाश नेपाल | ६० |
| १८) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ६२ |
| १९) ख्वप अस्पताल स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई | – | ७९ |
| २०) जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउँछौँ’ | – | ७९ |
| २१) ‘ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरूको विकासमा जोड दिइरहेका छौँ’ | – | ८० |
| २२) ऐतिहासिक पुरातात्विक जगन्नाथक्षेत्र उत्खनन प्रतिवेदन हस्तान्तरण | – | ८१ |
| २३) चिनियाँ र जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण | – | ८१ |
| २४) जनताको सहयोगमा ख्वप मोडल विस्तार | – | ८२ |
| २५) बिस्का जात्राबारे सद्भाव ऱ्याली तथा सचेतना कार्यक्रम | – | ८४ |
| २६) गम्भीर भएर सोच्ने बेला (सम्पादकको पृष्ठ) | – | १०४ |

**साथमा** - बसिबियाँलो-२१/नेपालमा कोरोना-३३ /केटाकेटीको लागि-५०/ तालाक्वमा शुभकामना आदानप्रदान तथा धन्यवादज्ञापन-८३/पसल व्यवसायी भेला-८७/ भक्तपुर नगरपालिकामा टाइफाइड रोगविरुद्धको खोप-८७/नगर शिक्षा ऐन लागु गर्नेमा भक्तपुर नपा देशमै पहिलो -८८/ बालबालिकाहरूको मनोविज्ञान बुझेर शिक्षा प्रदान गर्नुपर्नेमा जोड-९०/पुस्तक प्रदर्शनीमा ख्वप मोडलबारे चर्चा-९२/मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना-९३/मेलम्ची खानेपानीको विकल्पको अध्ययन भइरहेको जानकारी-९३/खेलाडी सम्मान-९४/चिनियाँ अन्तरिक्ष यात्री ६ महिनापछि पृथ्वीमा अवतरण-९५/विश्वमा कोभिड-१९ को स्थिति-९९/हाम्रो स्वास्थ्य-१०१/२००६ सालको नगरपञ्चायत ऐन-१०२/रङ्गीन पृष्ठ- क-घ ।

### भक्तपुर नगरपालिकाको पाँच वर्ष

# जनताको सेवा गर्ने अवसरको निम्ति हार्दिक आभार एवं धन्यवाद

## नगरवासीको नाउँमा नगर प्रमुख सुनिल प्रजापतिको सम्बोधन

**आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,**




भक्तपुर देशकै सानो नगरपालिकामध्ये एक हो। यस नगरको कूल क्षेत्रफल ६.८८ वर्ग कि.मी. मात्र छ। पछिल्लो जनगणनाको प्रारम्भिक प्रतिवेदनअनुसार भक्तपुर नगरपालिकाको जनसङ्ख्या ७८,८५४ र मतदाता सङ्ख्या ५७,२७० रहेको छ। यो नगर हाल १० ओटा वडामा विभाजित छ। यस नगरमा कृषकहरूको बाहुल्यता छ। जनसङ्ख्याको बृद्धिसँगै यहाँ कृषि योग्य जग्गा जमिन कम हुँदै गएको छ।

२०७४ सालको स्थानीय निर्वाचनमा भक्तपुर नगरपालिकामा हामी भारी मतले विजयी भयौँ। भक्तपुरका जनताले नेमकिपाका प्रमुख सुनिल प्रजापतिलाई २५,७३० मत र उपप्रमुख रजनी जोशीलाई २५,७११ मत दिएर विजयी बनाउनुभयो। निकटम प्रतिद्वन्दी नेकाका प्रमुख उम्मेदवारले ६,५६० मत र उपप्रमुखले ६,५८७ मत मात्र प्राप्त गर्नुभएको थियो। भक्तपुरवासी जनताले नेपाल मजदुर किसान पार्टीलाई अपार माया र विश्वास गरी नगर प्रमुख र उपप्रमुखसहित सम्पूर्ण वडामा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई विजयी बनाउनुभयो र पाँच वर्षसम्म **जनताको सेवा गर्ने अवसर दिनुभयो**। हाम्रो कार्यकालमा नगरपालिकाको तर्फबाट जे जति कामहरू भए ती सबै कामहरूमा भक्तपुरवासी दाजुभाइ दिदीबहिनीहरूको निरन्तर साथ र सहयोग प्राप्त भयो। हामी सम्पूर्ण जनप्रतिनिधिहरूको तर्फबाट भक्तपुरवासी **जनताप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन** गर्दछौँ।

हामीले २०७४ साल जेठ ७ गते सपथ ग्रहण गरी सोही मितिदेखि नगर र नगरवासीहरूको हितलाई केन्द्रमा राखी काम गर्दैआयौँ। १५ वर्षसम्म जनप्रतिनिधिविहीन अवस्था, २०७२ सालको भूकम्पबाट पूरै नगर क्षत विक्षतको स्थिति, नयाँ संविधान र सङ्घीयता कार्यान्वयन गर्नुपर्ने बेला निर्वाचित भएको हुँदा हाम्रो सामु विकास निर्माणलगायत थुप्रै चुनौतीहरू थिए। **इमानदारीपूर्वक जनताको सेवा गर्ने भावनाले जनताकै साथ र सहयोगमा विकास निर्माणलगायत जनताका सरोकारका कामलाई प्राथमिकतामा राखी अगाडि बढ्यौँ।** यस अवधिमा हामीले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायत नगर र नगरवासीहरूको जीवनसँग प्रत्यक्ष जोडिएका विषयहरूका साथै थुप्रै विकास निर्माणका कामहरू सम्पन्न गर्‍यौँ। ङातापोल्हँ मन्दिर, भैरवनाथ मन्दिर, नृत्य वत्सला मन्दिर, न्हू पुखू (रानी पोखरी) लगायतका सम्पदाहरूको पुनःनिर्माण/जीर्णोद्धार सम्पन्न हुनु हाम्रो कार्यकालका उल्लेख्य कामहरू हुन्।

'कला–संस्कृतिको नगर', 'नाचगानको राजधानी' उपनाम पाएको यस नगरलाई पछिल्लो चरणमा जर्मन वास्तुविद् नील गुत्सोले 'संसारको जीवित सङ्ग्रहालय' भनी परिभाषित गर्नु भएको छ। आकारले सानो यो नगरलाई 'ज्ञान विज्ञानको केन्द्र', पर्यटकीय गन्तव्यस्थल बनाउने **हाम्रा अग्रजहरूले सुरु गर्नुभएको अभियानलाई हामीले निरन्तरता दिँदैछौँ।** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरको भविष्यको कल्पना गर्दै २०५९ असोजमा **'सय वर्षपछिको भक्तपुर'** नामक एक पुस्तक प्रकाशित गर्नुभयो। त्यो पुस्तकलाई हामी जनप्रतिनिधिहरूले काम गर्ने पथप्रदर्शक मानेर काम गर्दै आयौँ। हामी भक्तपुरलाई सफा, सुन्दर र शान्त नगरको रूपमा विकास गर्ने कोसिस गर्दैछौँ। **जनताको साथ र सहयोगले काम गर्न हामीले सहज महसुस गरेका छौँ।** जनप्रतिनिधि, कर्मचारी र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर आजको अवस्थामा आइपुग्न सम्भव भएको हो।

**हामीले स्थानीय तहको स्वायत्ततालाई विशेष ध्यान दिएका छौँ।** स्वायत्ततामाथि कहीं कतैबाट हुने हस्तक्षेपलाई हामीले अस्वीकार गर्दै आयौँ। सङ्घीयता

संविधानले अङ्गीकार गरिसक्दा पनि सिंहदरबारमा बस्ने पदाधिकारीहरूले एकात्मक सोच त्याग्न सकेनन्। स्थानीय तहले गर्ने विभिन्न काममा बाधा हाल्ने र स्वतन्त्र रूपमा काम गर्न नदिई स्थानीय तहलाई विभिन्न नाउँमा नियन्त्रण गर्न खोजे। केन्द्र र प्रदेशले स्थानीय तहलाई दिने विशेष अनुदानमा वृद्धि गर्नुको सट्टा सङ्घीयता र संविधानको भावनाविपरीत सशर्त र समपूरक बजेटमा वृद्धि गर्ने नीति लिए। स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिई केन्द्र र प्रदेशले कर्मचारी नियुक्ति गरी पठाउनु, प्रदेशले कर्मचारीको सरुवा बढुवा गर्नु र स्थानीय तहले तलब खुवाएका शिक्षकहरूलाई केन्द्र मातहत राख्नु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो। आर्थिक ऐन, नियमावली विपरीत स्थानीय तहलाई उपभोक्ता समितिमार्फत काम गराउन रोक लगाउन सहरी विकास तथा भौतिक पूर्वाधार मन्त्रालयले परिपत्र गर्नु, निरन्तर सञ्चालन भइरहेको ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई 'आफ्नै' १०० शय्याको अस्पताल नभएको भनी शिक्षा मन्त्रालयले नर्सिङको भर्नामा रोक लगाउनु केन्द्र सरकारका जनविरोधी कामहरू हुन्। यस्ता **थुप्रै चुनौतीहरूबीच भक्तपुर नगरपालिकाले जनताको हितलाई ध्यानमा राखी काम गर्दै आयो।**

भक्तपुर नगरपालिकाको आय-व्ययसम्बन्धी विवरण हरेक वर्ष जनता समक्ष प्रस्तुत गर्दै आएका छौँ। यस आर्थिक वर्ष २०७८।७९ को आय व्यय र नगरपालिकामा हामी निर्वाचित भएदेखि हालसम्म गरेका केही महत्त्वपूर्ण गतिविधिहरू र विकास निर्माणलगायतका विषयमा नगरवासीहरूको जानकारीको निम्ति संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्छौं :

**खर्चतर्फ** :

यस नपाको आ.व. २०७८।७९ मा चालु खर्च शीर्षकमा रु. १,१०,२२,१७,२००।- (एक अर्ब दश करोड बाइस लाख सत्र हजार दुई सय) र पुँजीगत खर्च शीर्षकमा रु. ८२,९७,८२,८००।- (बयासी करोड सन्तान्नब्बे लाख बयासी हजार आठ सय) गरी कूल रु. १,९३,२०,००,०००।- (एक अर्ब त्रियानब्बे करोड बीस लाख) विनियोजन भएकोमा आ.व. २०७८।७९ को वैशाख ७ गते सम्ममा चालु शीर्षकतर्फ रु. ६९,८३,६२,००२।- (उनान्सत्तरी करोड त्रियासी लाख बैसठ्ठी हजार दुई) मात्र खर्च भई विनियोजित रकमको ६३.३५ प्रतिशत खर्च भएको छ भने पुँजीगत शीर्षकतर्फ रु. ३२,३१,५१,६९४।- (बत्तीस करोड एकत्तीस लाख एकाउन्न हजार छ सय चौरानब्बे) खर्च भई विनियोजित रकमको ३८.९४ प्रतिशत खर्च भएको छ। यस आ.व.मा कूल विनियोजित बजेटको ५१.१४ प्रतिशत रकम खर्च भइसकेको छ।

**आयतर्फ** :

आन्तरिक स्रोततर्फ चालु आ.व. २०७८।७९ को वैशाख ७ गतेसम्म करिब ९ महिनाको अवधिमा १४ करोड ६७ लाख राजश्व सङ्कलन भयो। गत वर्ष सोही अवधिमा करिब रु. ९ करोड ६२ लाख सङ्कलन भएको थियो। यस वर्ष रु. ५ करोड ५ लाखले राजश्व सङ्कलन वृद्धि भएको छ। पर्यटनतर्फ गत वर्षको तुलनामा रु. २ करोड ५ लाखले वृद्धि भयो भने गैर पर्यटनतर्फ रु. ३ करोड वृद्धि भएको छ। यस आ.व. २०७८।७९ मा गैर पर्यटनतर्फ विभिन्न कर दस्तुरमा रु. १६ करोड अनुमान गरिएकोमा वैशाख ७ गतेसम्मको ९ महिनाको अवधिमा रु. १२ करोड १२ लाख (७५ प्रतिशत) सङ्कलन भयो। पर्यटन शुल्कमा आ.व. २०७८।०७९ मा रु. १० करोड अनुमान गरिएकोमा कोभिड १९ महामारीको कारण २०७९ वैशाख ७ गतेसम्ममा रु. २ करोड ५५ लाख मात्रै सङ्कलन भयो। यो पर्यटनतर्फ लक्ष्यको २५.५ प्रतिशत हो।

**शिक्षा**:

शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै आएको भक्तपुर नगरपालिकाले 'एक घर एक स्नातक' अभियानलाई पूर्णता दिने क्रमलाई निरन्तरता दिँदै थप विकासको निम्ति आवश्यक व्यवस्था गर्दै आयो। कुनै पनि नगरवासी विद्यार्थी **आर्थिक कारणले उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस्** भनी नगरपालिकाले गरिब विद्यार्थीलाई रु. ५ लाखसम्म शैक्षिक ऋण प्रदान गर्ने नीतिअनुसार हाल ३१४ जना शैक्षिक ऋण लिएर उच्च शिक्षा अध्ययनरत छन्। नपाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि वार्षिक करिब ३ करोड रुपैयाँ बराबर छात्रवृत्ति प्रदान गर्दै आएको र इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा तथा संस्कृति पढ्ने नगरवासी विद्यार्थीहरूलाई वार्षिक थप लाखौँ रुपैयाँ बराबर छात्रवृत्तिको व्यवस्था गर्दै आएको जानकारी गराउन चाहन्छौँ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी कक्षा १ देखि ८ सम्म **स्थानीय पाठ्यक्रम** बनाई नगरभित्र सञ्चालित सबै विद्यालयहरूमा लागू गर्दै आएका छौँ। यसरी सबै कक्षाको पाठ्यक्रम बनाई लागू गर्ने सम्भवतः भक्तपुर पहिलो नगरपालिका हो। स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्तालाई भक्तपुरको इतिहास, भूगोल, कला–संस्कृति, सम्पदा संरक्षण, मौलिक सीप तथा प्रविधि र विशिष्ट व्यक्तित्वहरूको जीवनीबारे जानकारी दिने प्रयास गर्दै आएका छौँ। शैक्षिक गुणस्तर माथि उठाउन कक्षा ५ र ८ को नगरस्तरीय परीक्षाको बन्दोबस्त र सामुदायिक

विद्यालयहरूको शैक्षिक सुधारका लागि समय समयमा दिंदै आएको सहयोगको अतिरिक्त थप **भौतिक सुधार गर्न आर्थिक सहयोग** प्रदान गरेका छौँ ।

भक्तपुर नपाद्वारा सञ्चालित ७ ओटा शैक्षिक संस्थाहरूमा हाल ७२ जिल्लाका करिब ७ हजार विद्यार्थी अध्ययनरत छन् । सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता केही हदसम्म हामीले पूरा गर्‍यौँ । ख्वप इन्जिनियरिङ कलेज पूर्वाञ्चल विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त ११७ कलेजहरूमध्ये सर्वोत्कृष्ट घोषणा गर्दै २०७६ सालमा सम्पन्न २६ औँ वार्षिक जयन्ती तथा रजत महोत्सवमा पूर्वाञ्चल विश्वविद्यालयले सम्मान गर्‍यो भने २०७८ सालमा स्नातकोत्तरमा उक्त विश्वविद्यालयका सम्पूर्ण विद्यार्थीमध्ये ख्वप इन्जिनियरिङ कलेजका इ. सन्तोष कटुवाल सर्वोत्कृष्ट हुन सफल भयो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप इन्जिनियरिङ कलेजले पनि गुणस्तरीय प्राविधिकहरू उत्पादन गर्दै आएको छ । २०७८ सालमा उक्त कलेजमा अध्ययनरत छात्र रमण श्रेष्ठ त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये सर्वोत्कृष्ट हुन सफल भएको छ । हरेक वर्ष भक्तपुर नगरपालिकाले ती **दुई कलेजबाट ४३२ जना इन्जिनियरहरू उत्पादन** गर्दै र विभिन्न विषयमा स्नातकोत्तर तहसम्म शिक्षा प्रदान गर्दै आएका छन् ।

विद्यार्थीमा पठन संस्कृतिको विकासको लागि जनज्योति पुस्तकालयलाई सुविधासम्पन्न बनाउनुका साथै वडा वडामा रहेका पुस्तकालयहरूलाई पनि थप व्यवस्थित गर्ने प्रयास गर्‍यौँ । पुस्तकालय समितिको प्रतिवेदनको आधारमा आवश्यकता अनुसार **प्रत्येक वडामा सञ्चालित पुस्तकालयहरूलाई आर्थिक सहयोग**को नीति बनाई लागू गर्दैछौँ । भक्तपुर नगरभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर विकासको लागि समय समयमा अनुगमनको व्यवस्था गर्दै आएका छौँ ।

**स्वास्थ्य** :

नगरवासीहरूको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पताललाई १०० शय्याको बनाउने तयारी अगाडि बढायौँ । हाल २५ शय्याको स्वीकृति प्राप्त उक्त अस्पतालले दैनिक ६०० जनाभन्दा बढी बिरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ । इन्टरनल मेडिसिन, हाडजोर्नी, स्त्री रोग, बाल रोग, दन्त रोग, नाक-कान-घाँटी, छालालगायतमा विशेषज्ञ सेवा प्रदान गर्दै आएको उक्त अस्पताल **सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने** प्रयास गर्दैछौँ । ख्वप अस्पतालले आ.व. २०७७/७८ मा ४० जिल्लाका १,१२,०२२ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गर्‍यो भने २०७८/७९ को ९ महिनामा १,२५,९८५ जनालाई उपचार सेवा प्रदान गरेको छ । श्वासप्रश्वास पुनर्स्थापना केन्द्रले २७६ जनालाई सेवा प्रदान गरेको छ । जनताको स्वास्थ्य उपचारमा सहज पहुँच पुर्‍याउने हाम्रो उद्देश्यअनुसार अस्पतालले दैनिक ११ घण्टा ओपिडी सेवा प्रदान गर्दै आएकोमा सार्वजनिक बिदाका साथै शनिबारमा समेत सेवा प्रदान गर्दै आएको छ । वडा वडामा स्वास्थ केन्द्रहरू निर्माण गरी नगरवासीहरूलाई छिटो छरितो स्वास्थ्य सेवा प्रदान गर्ने नीतिअनुसार भक्तपुर नपा वडा नं. २ व्यासी, वडा नं. ५ भगवती स्थान र वडा नं. १ सल्लाघारीमा **आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन** गरी सेवा प्रदान गर्दै आएकोमा वडा नं. १० मा पनि आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भइरहेको छ ।

कोरोना भाइरसको महामारीको कारण भक्तपुरवासीहरूले पनि निकै पीडा भोग्नुपर्‍यो । जनताको समस्या सम्बोधन गर्न नगरवासीहरूकै सहयोगमा भक्तपुर नगरपालिकाले **अक्सिजन प्लान्ट स्थापना** गरी सम्पूर्ण नगरवासीलाई नि:शुल्क अक्सिजन वितरण गर्दै आएको छ । स्वास्थ्य विशेषज्ञहरूका अनुसार खोप नै कोरोना रोगबाट बच्ने भरपर्दो उपाय भएको तथ्यलाई ध्यानमा राखी वडा वडामा खोप केन्द्रहरू स्थापना गरी व्यापक रूपमा **खोप अभियान** चलायौँ । भक्तपुर नगरपालिकाले हालसम्म मोर्डना २५,४०१, भेरोसेल १,१७,११०, कोभिशिल्ड १५,९९७ र जोनसन ३,८९६ गरी कोभिड सम्बन्धी जम्मा १,६२,४०४ तथा टाईफाईड २७,३११ मात्रासमेत गरी यस अवधिमा कूल १,८९,७१५ मात्रा खोप लगाइसकेको छ ।

**खोपको विवरण**

| | |
|---|---|
| मोडर्ना | – २५,४०१, |
| भेरोसेल | – १,१७,११०, |
| कोभिशिल्ड | – १५,९९७ |
| जोनसन | – ३,८९६ |
| **जम्मा** | **– १,६२,४०४** |
| टाईफाईड | – २७,३११ |
| **कूल जम्मा** | **– १,८९,७१५** |

त्यसैगरी नगरस्तरीय नागरिक **आरोग्य केन्द्र**ले साउनदेखि चैत्र मसान्तसम्मको ९ महिनामा १,८५४ बिरामीलाई आयुर्वेदिक उपचार सेवा प्रदान गर्‍यो भने सामुदायिक आँखा केन्द्रबाट विगत ९ महिनामा २०,५८२ जनालाई आँखा उपचार सेवा प्रदान गरेको छ ।

नगरवासीहरूको स्वास्थ्य उपचारमा सहजता प्रदान गर्न **घरदैलो नर्सिङ सेवा** सुरु गरिएकोमा त्यसलाई अझ प्रभावकारी बनाउँदै लाने प्रयास गर्दैछौँ । कडा रोगहरू मुटु, मस्तिष्कघात, क्यान्सर, मृगौला रोग

लागेकाहरूलाई पहिले प्रति व्यक्ति रु. १०,०००।- का दरले आर्थिक सहयोग प्रदान गर्दै आएकोमा हाल रु. १५,०००।- आर्थिक सहयोग गर्दै आएका छौँ। विगत ९ महिनामा १६७ जना बिरामीहरूलाई जम्मा रु. २५,०५,०००।- आर्थिक सहयोग प्रदान गरियो। आ.व. २०७५/७६ देखि हालसम्म कूल ६४५ जना बिरामीहरूलाई जम्मा रु ७१,८०,०००।- आर्थिक सहयोग प्रदान गरिएको छ।

ज्येष्ठ नागरिकहरूको लागि **आदर निकेतन** सञ्चालनका लागि भक्तपुर नपा वडा नं. ६ अँचा पोखरी परिसरमा भवन निर्माण भइरहेको छ। वडा वडामा नियमित रूपमा पाठेघर र स्तन क्यान्सर परीक्षण, दन्त शिविर, हाडजोर्नी तथा आँखा **शिविरहरू** सञ्चालन गर्दै आएका छौँ।

**सम्पदा तथा कला-संस्कृति संरक्षण र विकास निर्माण** :

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारालाई सार्थक बनाउन हामी प्रयासरत छौँ। पुर्खाले सिर्जेका सम्पदाहरू हाम्रा अमूल्य निधि हुन्। त्यसको संरक्षण र सम्बर्द्धन गर्नु हाम्रो कर्तव्य हो। जनप्रतिनिधिको रूपमा हामी निर्वाचित भएपछि भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धारमा जोड दियौँ। जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउने नीति लियौँ। उपभोक्ता समितिमार्फत काम गराउँदा स्थानीय श्रोत साधन तथा सीप र प्रविधिको प्रयोग हुने, सम्पदाप्रति अपनत्व कायम हुने, गुणस्तरीय निर्माण हुने र स्थानीय जनताले रोजगारी पाउने भएको हुँदा नगरपालिकाले आन्तरिक श्रोतबाट हुने अधिकांश **विकास निर्माणका कामहरूलाई उपभोक्ता समितिमार्फत** गर्दै आएको हो। अहिले कतिले यसलाई 'ख्वप मोडल' पनि भन्ने गरेका छन्। सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको काम ठेक्काबाट गर्न नहुनेमा हामी स्पष्ट छौँ। यद्यपि सङ्घ र प्रदेशको बजेटबाट हुने अधिकांश काम ठेक्काबाट सम्पन्न गर्नुपर्ने हाम्रो बाध्यता हो। जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय काम सम्पन्न गर्दै आयौँ। यही नै हाम्रो विशेषता हो।

हामी विदेशीसँग सहयोग मागेर बनाएका सम्पदाहरूबाट खुशी हुनुभन्दा आफ्नै पौरखमा जीर्णोद्धार र पुनःनिर्माण भएको सम्पदाहरूप्रति गर्व गर्छौँ। **आत्मनिर्भर भएर बाँच्ने नेमकिपाले सिकाएको महत्त्वपूर्ण शिक्षा हो।** भूकम्पपछि नेपाल सरकार र जर्मनी सरकारबीच भक्तपुरको सम्पदा पुनःनिर्माणको लागि रु. १ अर्ब २० करोड (१ करोड युरो) सहयोग सम्झौता भएकोमा सम्झौताका बुँदाहरू हाम्रो हितमा नभएको कारण हामीले त्यो सहयोगलाई स्वीकार गरेनौँ।

२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त र अन्य गरी १३८ भन्दा बढी सम्पदाहरूमध्ये अधिकांश सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण सम्पन्न भएका छन्। २६ ओटा मन्दिर, ४२ ओटा पाटी, ८ ओटा द्यःछैं, ४ ओटा प्रवेशद्वार, ११ ओटा पोखरी, ७ ओटा इनार, ८ ओटा सत्तल पाटी, ७ ओटा ढुङ्गेधारा र ९ ओटा अन्य गरी हालसम्म १२२ ओटा सम्पदाहरूका जीर्णोद्धार सम्पन्न भएका छन्। यसबीच खौमा ढोका, वत्सला मन्दिर पुनःनिर्माण, डातापोल्हँ र भैरवनाथ मन्दिर जीर्णोद्धार सम्पन्न भयो भने गय्ःभिन्द्यो पुल, भनपा १ स्थित रानीपोखरी र छिपा ताँ पुनःनिर्माण सम्पन्न भएका छन्। त्यसैगरी बाराही पुल, हनुमानघाट पुल, ब्रम्हायणी पुल, धाँलाखुसी र लिवाली पुल निर्माणाधीन अवस्थामा छन्। भक्तपुरको दूधपाटीदेखि च्याम्हासिंहसम्म नगरको मूल सडक, बाराही स्थान र नगरका विभिन्न ठाउँमा समेत गरी ६.२४ कि.मी. ढुङ्गा छपाइ, १०.५० कि.मी. इँटा छपाइ र कमलविनायक, तुमचो दुगुरे र लिबाली आवास योजनालगायतका विभिन्न सडकहरूमा गरी करिब १८.४६ कि.मी. कालोपत्रे गर्ने काम सम्पन्न भयो। भनपा वडा नं. ७ मा सुधारिएको शव दाहगृह र भाज्या पुखूको पुनःनिर्माण कार्य अन्तिम चरणमा छ। लक्ष्मीनरसिंह मन्दिर, इखालाछी मठ निर्माणाधीन अवस्थामा छन् भने खोला सुधार र ऐतिहासिक महत्त्वका घाट सुधारका कामहरू भइरहेका छन्।

नगरभित्रका **अमूर्त सम्पदाहरूको संरक्षण**को लागि हरेक वर्ष एउटा विधाको सांस्कृतिक प्रतियोगिता गर्ने निर्वाचन घोषणापत्रअनुसार पहिलो वर्ष बाँसुरी, दोश्रो वर्ष धाँ, तेश्रो वर्ष धिमाय् र पाँचौँ वर्ष पछिमा बाजा प्रतियोगिता सम्पन्न गर्‍यौँ। चौथो वर्ष विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाको कारण २०७७ सालमा प्रतियोगिता गर्न सम्भव भएन। प्रतियोगितासँगै हरेक वर्ष **सांस्कृतिक**

### सम्पदाहरूको जीर्णोद्धार

| | |
|---|---|
| मन्दिर | - २६ ओटा |
| पाटी | - ४२ ओटा |
| द्यःछैं | - ८ ओटा |
| प्रवेशद्वार | - ४ ओटा |
| पोखरी | - ११ ओटा |
| इनार | - ७ ओटा |
| सत्तल पाटी | - ८ ओटा |
| ढुङ्गेधारा | - ७ ओटा |
| अन्य | - ९ ओटा |
| **जम्मा** | **- १२२ ओटा** |

**गुरुहरूको सम्मान** गर्दै आएका छौँ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९(३) बमोजिम नगरको पुरानो सहरलाई सीमाङ्कन गरी **सांस्कृतिक क्षेत्र** घोषणा गरी पुरानो सहरलाई जीवन्तता दिन जोड दियौँ । प्राचीन नगरको संरक्षण गर्न सांस्कृतिक क्षेत्रमा घर जग्गा स्थानीयवासीहरूबीच मात्रै खरिद–बिक्री गर्ने कानुनी व्यवस्था गरिएकोमा केही सम्पदा विरोधीहरूले सर्वोच्च अदालतमा नगरपालिकाको निर्णयलाई चुनौती दिँदै मुद्दा दिएपछि अदालतको अन्तरिम आदेशको कारण त्यो कार्यान्वयनमा बाधा पुगेको छ । अदालतले सम्पदा संरक्षणको पक्षमा निर्णय दिने अपेक्षा गर्दछौँ । नगरको मौलिक स्वरूप बचाइ राख्न परम्परागत शैलीमा घर बनाउने घर धनीहरूलाई मोहडामा लाग्ने काठ, इँटा र झिँगटीको लागि हुने खर्चको ३५ प्रतिशत **अनुदान प्रोत्साहन** स्वरूप प्रदान गर्दै आएका छौँ । हालसम्म जम्मा ४२ ओटा घरलाई रु १ करोड २३ लाख ८४ हजार ९९८ रूपैयाँ अनुदान प्रदान गरिसकेका छौँ ।

भनपा वडा नं. ५ स्थित **जगन्नाथ क्षेत्र संरक्षण**को लागि डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा गठित जगन्नाथ क्षेत्र अध्ययन तथा उत्खनन समितिले २०७९ वैशाख ५ गते प्रतिवेदन बुझाइसकेको छ । उक्त क्षेत्रको उत्खनन गर्न प्रतिवेदनले सहयोग गर्ने आशा गर्छौं ।

**बजार अनुगमन** :

उपभोक्ताको हितलाई ध्यानमा राखेर नगरपालिकाले नियमित बजार अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा पसल नवीकरण नगरिएको, सरसफाइमा कमी, नियमानुसार नापतौल नवीकरण नभएको, मिसावट सामग्री र म्याद नाघेका वस्तुहरू बिक्री गर्ने गरेको, अखाद्य तेल रङ प्रयोग भएको, खाद्य मापदण्ड पालना नगरी वस्तुहरूको बिक्री वितरण गर्ने, औषधीजन्य वस्तुहरूको अनुगमन गर्दा अनियमितता पाइएको हुँदा त्यस्ता व्यापारीहरूलाई नियमानुसार कारबाही गर्दै आएका छौँ । सडक पेटीमा जथाभावी सामान बेच्ने, तोकिएको भन्दा बढी मूल्य असुल गर्ने र गुणस्तरहीन सामान बेचविखन गर्नेहरूलाई पनि कानून बमोजिम कारबाही गर्दै व्यवस्थित गर्ने प्रयास गर्दै आयौँ ।

**खेलकुद** :

हरेक वर्ष एउटा खेलको **अन्तर नगर खेलकुद** प्रतियोगिता सम्पन्न गर्ने निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता गरेअनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएका छौँ । पहिलो, दोस्रो, तेस्रो र चौथो वर्ष क्रमशः भलिबल, कराँते, एथ्लेटिक्स र बुद्धिचाल प्रतियोगिता सम्पन्न गऱ्यौँ भने पाँचौँ वर्षमा विश्वव्यापीरूपमा फैलिएको कोरोनाको कारण अन्तर नगर खेलकुद प्रतियोगिता गर्न सम्भव नभए पछि वडा वडामा खेलकुद गतिविधि सकृय बनाउने उद्देश्यले प्रत्येक वडामा एक एक ओटा खेल प्रतियोगिता सम्पन्न गऱ्यौँ । जस्तोसुकै प्रतिकूलताबीच पनि हामीले खेलकुद गतिविधिमा कुनै कमी आउन दिएनौँ ।

हरेक वर्ष **अन्तर विद्यालय खेलकुद** प्रतियोगिता पनि सम्पन्न गर्दै आएका छौँ । सबै नागरिकहरूलाई खेलकुदको माध्यमबाट स्वस्थ राख्ने प्रयास गर्नुका साथै प्रत्येक वडामा **व्यायामशालाहरू** स्थापना गरी शारीरिक व्यायाम नागरिक जीवनको एक महत्त्वपूर्ण हिस्सा बनाउने प्रयास गऱ्यौँ । हालसम्म नगरका हरेक वडामा २ ठाउँमा र कलेजहरूमासमेत गरी २३ ठाउँमा खुला व्यायामशालाहरू स्थापना गरी नगरवासीहरूलाई व्यायामका अवसरहरू प्रदान गर्दै आएका छौँ । भलिबल, फूटबल, बक्सिङ, जिम्नेस्टिक, टेबुल टेनिस र कराँते गरी विभिन्न ६ ओटा खेलको **नियमित प्रशिक्षण**का साथै विद्यालयहरूमा खेलकुद प्रशिक्षण दिन पूर्णकालीन प्रशिक्षकको व्यवस्था गर्दै आएका छौँ । विद्यालयहरूमा छात्राहरूका लागि **आत्मरक्षासम्बन्धी तालिम**लाई पनि निरन्तरता दिँदैछौँ । वडा वडामा खेलकुद समितिहरू गठन गरी युवाहरूलाई खेलकुद गतिविधिमा सहभागी बनाउने हाम्रो प्रयास जारी छ । कमलविनायक कभर्ड हलमा बक्सिङ रिङको व्यवस्था गरिएको छ ।

भक्तपुर नपा वडा नं. ८ स्थित लिवालीमा खेलकुद कभर्ड हल निर्माण सम्पन्न भयो भने वडा नं. १० मा टेबुल टेनिस कभर्ड हल निर्माणाधीन अवस्थामा छ । खेलाडीहरूको चाहनालाई ध्यानमा राखी आवश्यकताअनुसार कभर्ड हल निर्माण कार्यलाई जोड दिँदैछौँ ।

हरेक वर्ष **खेलाडी सम्मान** कार्यक्रम गर्दै आएका छौँ भने कोभिडको समयमा अनलाइन मार्फत व्यायाम प्रशिक्षण दियौँ ।

**अन्तरनगर खेलकुद प्रतियोगिता**

पहिलो वर्ष (२०७४/७५) – भलिबल
दोस्रो वर्ष (२०७५/७६) – कराँते
तेस्रो वर्ष (२०७६/७७) – एथ्लेटिक्स
चौथो वर्ष (२०७७/७८) – बुद्धिचाल
पाँचौँ वर्ष (२०७८/७९) – वडा वडामा खेलकुद प्रतियोगिता

**सरसफाइ तथा वातावरण सुधार** :

फोहोरमैला व्यवस्थापन हाम्रो ठूलो चुनौती हो । जस्तोसुकै अप्ठेरो स्थितिमा पनि नगरको **सरसफाइ**मा कमी आउन दिएनौँ । हनुमन्ते खोला र कासान खोला सुधारको लागि

फोहोरलाई प्रशोधन गर्न नगरको दुई ठाउँमा सल्लाघारी र हनुमानघाटमा **उपचार पोखरी** निर्माणको लागि पहल गर्‍यौँ र हाल ती उपचार पोखरीहरू निर्माणाधीन छन्। नेपाल सरकार आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) सँगको सहयोग र समन्वयमा भइरहेको उक्त कामले तीव्रता पाउँदैछ।

नगरको **वातावरण सुधार**को लागि सडकका किनारामा रुख रोप्ने, पुराना सहरका महत्त्वपूर्ण सम्पदा क्षेत्रमा हरियाली प्रबर्द्धन गर्ने तथा हरेक महिनाको १ र १५ गते नियमित सर-सफाइको आयोजना गरी भक्तपुरलाई स्वच्छ, सफा र सुन्दर नगर निर्माण गर्ने काममा जोड दिँदै आएका छौँ। 'एक विद्यालय, एक सम्पदा सरसफाइ' नीतिलाई लागू गर्‍यौँ। कोभिड महामारीको समयमा पनि सुरक्षा नीति अपनाई सरसफाइलाई निरन्तरता दियौँ।

**खानेपानी** :

खानेपानी भक्तपुर नगरको स्थायी समस्या जस्तै बनिरहेको छ। खानेपानीको आफ्नै स्रोत नहुनु, नगरकोट र बोडेको पानीको भर पर्नुपर्ने कारणले नगरवासीहरूले खानेपानीको ठूलो समस्या भोग्दै आएका छन्। सम्भव भएका **विभिन्न ठाउँहरूमा ११ ओटा डीप बोरिङ** गरी वडा वडामा खानेपानी सहज वितरणको व्यवस्था मिलाउँदै आयौँ। खानेपानीको स्थायी समाधानको लागि मेलम्चीको भर पर्नुबाहेक हामीसित अर्को विकल्प छैन। त्यसको निम्ति निरन्तर प्रयास जारी छ। हाल कटुञ्जेमा ट्याङ्की निर्माण कार्य सम्पन्न भइसकेको छ। खानेपानीको अस्थायी समस्या समाधान गर्न समय समयमा नगरपालिकाले ट्याङ्करबाट पानी वितरण गर्दै आएको छ। खानेपानी वितरणको लागि पाइप सुधार गरिएको छ।

**क्यान्सर अस्पताल सरकारी स्वामित्वमा** :

भक्तपुर नगरपालिका वडा नं. १ स्थित सार्वजनिक जग्गामा निर्मित भक्तपुर क्यान्सर अस्पताल केही वर्ष अघिसम्म एउटा एनजीओले सञ्चालन गर्दै आएको थियो। सरकार, विदेशी अनुदान र नगरपालिकाको जग्गामा सञ्चालित उक्त अस्पतालका सञ्चालकहरूले सबै निजी सम्पत्तिको रूपमा ब्रम्हलुट गरी अकुत सम्पत्ति कमाइरहेको र अस्पतालमा भइरहेको व्यापक भ्रष्टाचार सार्वजनिक भएपछि नगरपालिकाले सरकारी स्वामित्वमा ल्याउन पहल गर्‍यो। लामो विवादपछि अन्ततः उक्त अस्पताल सङ्घीय सरकारको मातहतमा गएको छ। त्यसबाट जनतालाई सस्तो र गुणस्तरीय उपचार सेवा प्राप्त भइरहेको छ। भक्तपुर क्यान्सर अस्पताल सरकारीकरण हुनु हाम्रो कार्यकालको **एउटा महत्त्वपूर्ण उपलब्धि** हो। त्यस्तै भक्तपुर अस्पताल व्यवस्थापन समितिमा नगरपालिकाको प्रतिनिधित्व भएपछि क्रमशः सुधार हुँदै गयो। गत वर्ष उक्त अस्पताल बागमती प्रदेशकै **उत्कृष्ट घोषित** भयो। सरकारी स्वामित्वमा रहेका अस्पतालहरूमा सुधार भएमा जनतालाई स्वास्थ्य उपचारमा सहज पुग्ने भएको हुँदा हाम्रो ध्यान त्यसमा केन्द्रित भयो।

**सहकारी सम्बन्धमा**:

भक्तपुर नगरभित्र सञ्चालित १५४ ओटा सहकारीहरूलाई सहकारी सिद्धान्तअनुसार सञ्चालन गर्न नगरपालिकाले समय समयमा अनुगमन गर्दै आएको छ। अनुगमनको क्रममा देखिएका कमी कमजोरी सुधारको लागि सुझावहरू दिने र त्यसको कार्यान्वयन गराउने प्रयास गर्दै आएको छ। साथै भक्तपुर नगरपालिकाको सहकारी ऐन विपरीत नगरपालिकाको स्वीकृति बिना सञ्चालित बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई कानून विपरीत सञ्चालन नगर्न सचेत पार्ने काम पनि गर्दै आएका छौँ।

**देको-मिवा-इतापाके आवास योजना** :

भक्तपुर नगरलाई व्यवस्थित सहरको रूपमा विकास गर्न भक्तपुर नपा वडा नं. २ र ६ मा १६५४ रोपनीमा देको मिवा इतापाके आवास योजना सञ्चालन भइरहेको छ। उपभोक्ताको हितलाई ध्यानमा राखी भएको उक्त योजनामा जनताको गुनासो सम्बोधन गर्ने क्रममा र कोभिडको कारणले केही ढिलाइ हुन गएको हो। यद्यपि चरणबद्ध रूपमा जग्गा फिर्ता दिने काम अगाडि बढाइएको छ। हाल जग्गा फिर्ता गर्ने क्रम चालू छ। जनताका समस्याहरूलाई क्रमशः सम्बोधन गर्दै अगाडि बढिरहेका छौँ।

**प्रकाशन तथा सञ्चार** :

भक्तपुर नगरपालिकाका हरेक गतिविधिबारे जनतालाई जानकारी दिने उद्देश्यले मासिक **'भक्तपुर'**, नेपाल भाषाको पाक्षिक **'ख्वप पौ'** निरन्तर प्रकाशित गर्दै आएका छौँ। त्यसैगरी अनलाइन पत्रिका **'भक्तपुर खबर**

## प्रकाशन तथा सञ्चार

'भक्तपुर' मासिक
'ख्वप पौ' पाक्षिक
'ख्वप सः' (रेडियो कार्यक्रम)
'भक्तपुर खबर डट कम' (अनलाईन खबर पत्रिका)
'भक्तपुर म्युनिसिपालिटी' फेसबुक पेज
'ख्वप टेलिभिजन' (प्रस्तावित)

## नगरपालिकाद्वारा प्रकाशित पुस्तकहरू:

- भैरवनाथ मन्दिर जीर्णोद्धार (२०७६)
- 'ख्वपको पहिचान' स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री भाग – १ (२०७६)
- सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार – २०७७
- हाम्रो अभ्यास (२०७७)
- ङातापोल्हँ जीर्णोद्धार – २०७७
- 'ख्वपको पहिचान' स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री भाग – २ (२०७८)
- नृत्य वत्सला मन्दिर जीर्णोद्धार – २०७८
- न्हू पुखू (रानी पुखू) जीर्णोद्धार २०७८
- सञ्चार माध्यममा भक्तपुर नपा (२०७८)
- कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान)
- ख्वपको पहिचान स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री भाग – ३ (प्रकाशोन्मुख)

**डट कम'**, **'भक्तपुर म्युनिसिपालिटी'** फेसबुक पेज र भक्तपुर एफएममार्फत **'ख्वप स:'** कार्यक्रमलाई पनि निरन्तरता दिएका छौँ ।

नगरपालिकाद्वारा महत्त्वपूर्ण सम्पदाहरू जीर्णोद्धारपछि त्यसका सम्पूर्ण विवरणसहित **'भैरवनाथ मन्दिर जीर्णोद्धार** (२०७६)', भक्तपुरका विभिन्न पक्षबारे जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रमको सन्दर्भ सामाग्री **'ख्वपको पहिचान'** भाग १ (२०७६), पुन:निर्माण र जीर्णोद्धार गरिएका सम्पदाहरूको संक्षिप्त विवरणसहित फोटो पुस्तक **'सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार**-२०७७', भक्तपुर नपाले गरेका अभ्यासहरूलाई समेटेर प्रकाशित गरेको **'हाम्रो अभ्यास'** (२०७७), **'ङातापोल्हँ जीर्णोद्धार**–२०७७', **'ख्वपको पहिचान'** भाग २ (२०७८)' प्रकाशित भइसकेको छ भने भाग ३ प्रकाशोन्मुख अवस्थामा छ । त्यसैगरी यस वर्ष **'वत्सला मन्दिर जीर्णोद्धार**–२०७८', **'न्हू पुखू (रानी पुखू) जीर्णोद्धार** २०७८' र **'सञ्चार माध्यममा भक्तपुर नगरपालिका** (२०७८)' पुस्तक प्रकाशित भइसकेको छ । त्यसैगरी भक्तपुरका विभिन्न पक्ष समेटिएका महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित गर्दै जाने नीति लिएका छौँ । यसले भविष्यमा भक्तपुरबारे बुझ्न र अध्ययन अनुसन्धान गर्न चाहनेहरूको लागि मद्दत मिल्ने हाम्रो विश्वास छ ।

**निजी आवास पुन:निर्माण** :

२०७२ सालको भूकम्पले झन्डै ८ हजार घरमा आंशिक र पूर्ण क्षति भएको थियो । तीमध्ये ७,६५६ परिवारको लाभग्राही सूची प्रकाशन भएकोमा ५६८१ लाभग्राहीले अनुदान सम्झौता गरेको, ५,६८० परिवारले पहिलो किस्ताबापत रु. ५०,०००।- पाए भने हालसम्म दोस्रो किस्ता लिनेहरूको सङ्ख्या २,३९८ र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या २,२३० रहेको छ ।

### निजी आवास पुन:निर्माण :

जम्मा लाभग्राही सङ्ख्या : ७,६५६
अनुदान सम्झौता सम्पन्न लाभग्राही सङ्ख्या : ५,६८१
पहिलो किस्ता पाउने लाभग्राही सङ्ख्या : ५,६८०
दोस्रो किस्ता पाउने लाभग्राही सङ्ख्या : २,४२५
तेस्रो किस्ताको लागि निवेदन दिने लाभग्राही सङ्ख्या : २,२३६
तेस्रो किस्ता पाउने लाभग्राही सङ्ख्या : २,२३०

**सीपमूलक तालिमहरू** :

युवाहरूलाई **सीपमूलक तालिम दिई आत्मनिर्भर** बनाउनेतर्फ भक्तपुर नपाले निरन्तर जोड दिँदै आएको छ । कृषिसम्बन्धी माटो परीक्षण, कीटनाशक औषधिको प्रयोग, उन्नत जातको बीउबाट उत्पादन तथा कृषि प्राविधिक नर्सरी सम्बन्धी, च्याउ खेती, बेमौसमी तरकारी खेतीसम्बन्धी तालिमहरूलाई निरन्तर सञ्चालन गर्दै आएका छौँ । सिजनअनुसार किसानहरूको लागि उन्नत जातको **बीउ वितरण** गर्दै आएकोमा हालसम्म धान ७४,००० केजी, गहुँ ३५००० केजी र आलु ४०,००० केजी बीउ वितरण गरिसकेका छौँ भने यो वर्ष थप २०,००० केजी धानको बीउ खरिद गरेर वितरण भइरहेको छ ।

नगरपालिकाले चिनियाँ भाषा (५ समूह) १५० जना, जापानी भाषा (२ समूह) ६० जना, नेपाल भाषा (२ समूह) ६१ जना काष्ठ कला (२ समूह) ७० जना, पाक शिक्षा (३ समूह) ७५ जना, बुटिक (२ समूह) ५५ जना, हेयर कटिङ (१ समूह) १८ जना, फोटोग्राफी (२ समूह) ६२ जना, रेडियो प्रस्तोता (२ समूह) ६४ जनालाई **सीममूलक तालिम** सम्पन्न गरेको छ । त्यसै गरी बेसिक (५ समूह) १८८ जना र एडभान्स सिलाइ (४ समूह) ८८ जनालाई तालिम प्रदान गरेको छ भने कृषि प्राविधिक (२२ जना), बेमौसमी तरकारी खेती (३० जना), गड्यौला मल बनाउने/कौसी खेती (३०

## भक्तपुर नपाद्वारा सञ्चालित विभिन्न तालिमहरू

| | |
|---|---|
| चिनियाँ भाषा (५ समूह) | – १५० जना |
| जापानी भाषा (२ समूह) | – ६० जना |
| नेपाल भाषा (२ समूह) | – ६१ जना |
| काष्ठ कला (२ समूह) | – ७० जना |
| पाक शिक्षा (३ समूह) | – ७५जना |
| बुटिक (२ समूह) | – ५५ जना |
| हेयर कटिङ (१ समूह) | – १८ जना |
| फोटोग्राफी (२ समूह) | – ६२ जना |
| रेडियो प्रस्तोता (२ समूह) | – ६४ जना |
| बेसिक सिलाइ (५ समूह) | – ११८ जना |
| एड्भान्स सिलाइ (४ समूह) | – ८८ जना |
| कृषि प्राविधिक | – २२ जना |
| बेमौसमी तरकारी खेती | – ३० जना |
| गड्यौला मल बनाउने र कौसी खेती | – ३० जना |
| च्याउ खेती | – ३० जना |
| माटो परीक्षण/धान बाली सम्बन्धी तालिम | – ४० जना |
| नर्सरी खेती | – ३० जना |
| **कूल तालिम लिनेहरूको सङ्ख्या** | **–१००३ जना** |

जना), च्याउ खेती (३० जना), माटो परीक्षण/धान बाली सम्बन्धी ४० जना र नर्सरी खेती (३० जना) समेत गरी हालसम्म १००३ जनाले तालिम पाइसकेका छन् । यसमा वडाहरूमा सञ्चालित तालिमहरू समावेश गरिएको छैन ।

**कानुन निर्माण**:

हामी पाँच वर्षको निम्ति निर्वाचित भएकोमा पदावधिको अन्तिम चरणमा छौँ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार यस अवधिमा १० ओटा नियमित र १ ओटा विशेष गरी ११ ओटा नगसभाहरू सम्पन्न भए । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको आवश्यकता अनुसार नगरसभाबाट २२ ओटा ऐन, ३ ओटा नियमावली, ६ ओटा विनियम, १२ ओटा कार्यविधि, ४ ओटा निर्देशिका र १ ओटा नीति गरी हालसम्म ४८ ओटा **कानुन निर्माण** गरी कार्यान्वयन गर्दै आएका छौँ ।

## नपा नगरसभाबाट पारित ऐन, नियमावली, विनियम, कार्यविधि, निर्देशिका र नीतिहरू

| | |
|---|---|
| ऐन | – २२ ओटा |
| नियमावली | – ३ ओटा |
| विनियम | – ६ ओटा |
| कार्यविधि | – १२ ओटा |
| निर्देशिका | – ४ ओटा |
| नीति | – १ ओटा |
| **कूल जम्मा** | **– ४८ ओटा** |

**न्यायिक समिति** :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उप प्रमुख रजनी जोशीको संयोजकत्वमा गठित न्यायिक समितिले २०७४ देखि २०७८ सम्म २०२ ओटा मुद्दा दर्ता भएकोमध्ये १६३ ओटा फछ्र्यौट भई ३९ ओटा फर्छ्यौट हुन बाँकी रहेको जानकारी गराउन चाहन्छौँ ।

**अपाङ्गताको परिचयपत्र वितरण** :

२०७६ असार २ गतेदेखि २०७८ चैत्र २१ गतेसम्म भक्तपुर नगर क्षेत्रभित्रका अपाङ्गता भएका ५७५ जना व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्र प्रदान गरियो । त्यस्तै भक्तपुर नपाका १० ओटै वडा कार्यालय, पर्यटन शाखा र जनज्योति पुस्तकालयका सहयोगी कर्मचारीहरूलाई एक महिने **साङ्केतिक भाषाको तालिम** २२ जनालाई, नगरक्षेत्रभित्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि २ महिने **सीपमूलक हस्तकला सामग्री बनाउने तालिम** प्रदान गरियो । वडा नं १ देखि १० सम्मका जम्मा ८९ जना अपाङ्गता भएका नागरिकहरूले माग गरेबमोजिम पूर्ण अपाङ्गता भएका २३ जनालाई अपाङ्गता **सहायक सामग्रीहरू** ह्विल चियर र ट्वाइलेट वितरण गरियो ।

**केही पूरा हुन नसकेका काम** :

निर्वाचन घोषणापत्रअनुसार हामीले **ख्वप विश्वविद्यालय** सञ्चालनमा ल्याउन सकेनौँ । उक्त कामको लागि निरन्तर प्रयास गर्‍यौँ तर सङ्घीय सरकारले प्रतिनिधिसभामा ख्वप विश्वविद्यालय विधेयक प्रस्तुत गरी नदिएको कारण भक्तपुरका जनताको त्यो चाहना हाम्रो कार्यकालमा पूरा हुन पाएन । मेडिकल कलेज स्थापना गरी सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्ने हाम्रो उद्देश्य थियो । हामीले यसलाई निरन्तर जोड दिइरहेका छौँ ।

त्यसै गरी दरबार क्षेत्रस्थित **कला सङ्ग्रहालय रहेको भवन** (लाल बैठकसहित) पुन:निर्माणको



क्रममा राणाकालीन शैलीमा निर्माण गर्ने वा मल्लकालीन भन्नेमा केही समस्या देखिएकोमा पछि मल्लकालीन शैलीमा निर्माण गर्न संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र भक्तपुर नगरपालिकाबीच सहमति भए पनि युनेस्कोको अनुमति लिनुपर्ने जस्ता प्राविधिक कारणले त्यो पूरा हुनसकेन । साथै सरकारले पटक पटक आश्वासन दिएर पनि आवश्यक बजेट व्यवस्थापन गरी नदिएको हुँदा भक्तपुर नपा-६ मा **अरनिको सभा भवन** निर्माण गर्ने हाम्रो योजना अधुरो रह्यो ।

**अन्त्यमा,**

भक्तपुरलाई व्यवस्थित नगरको रूपमा विकास गर्न समय समयमा विभिन्न सुझावहरू दिएर सहयोग गर्न हुने नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । त्यसैगरी माननीय प्रेम सुवाल, प्रदेश सभाका सांसदहरू सुरेन्द्रराज गोसाई, सृजना सैंजूलगायत सम्पूर्ण सहयोगी जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, नपाद्वारा गठित विभिन्न समितिहरूमा बसी सहयोग गर्नुहुने विज्ञहरू, उपभोक्ता समितिमा बसी सहयोग गर्नुहुने महानुभावहरू, स्वयंसेवकहरू, सहयोगी सङ्घ, संस्था, खेलकुद समिति, कृषक समूह, प्रशिक्षकहरू, नगरपालिकाका कर्मचारीहरू, दाफा भजन, टिम, क्लब, अस्पताल, चिकित्सकहरू, सेना, प्रहरी र सशस्त्र प्रहरी, सम्पदा पुनःनिर्माण, अक्सीजन प्लान्ट स्थापनालगायतका कार्यमा आर्थिक एवं भौतिक सहयोग गर्नुहुने दाता तथा सहयोगी सम्पूर्ण महानुभावहरूमा जनप्रतिनिधिहरूको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौँ । भक्तपुर नगरपालिकाले गरेका कार्यहरूकोबारे जनताबीच प्रचार प्रसार गरी सहयोग गर्नु भएकोमा सम्पूर्ण पत्रकार/लेखक मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । नगरपालिकाको काममा राय, सल्लाह र सुझावका साथै आलोचना गरेर सहयोग गर्ने सबै राजनैतिक दलहरूलाई पनि हामी जनप्रतिनिधिहरूको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौँ ।

साथै नगरभित्रका सरकारी कार्यालयका प्रमुखहरू, विद्यालय/कलेजका प्रमुखहरूलगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू तथा नगरपालिकाको काममा निरन्तर प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने विभिन्न समुदायका जनताप्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछौँ । बाँकी दिनमा पनि जनताको हितमा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

धन्यवाद !

२०७९ वैशाख ९ गते । सुनिल प्रजापति

प्रमुख, भक्तपुर नगरपालिका

कुराकानी

# ‘सङ्घीयताले देश विकास हुने होइन, मुख्य कुरा सत्ता सञ्चालक इमानदार हुनुपर्छ’ – सुनिल प्रजापति

२०७४ सालको चुनावमा निर्वाचित पालिकाका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ। जनप्रतिनिधिको कार्यकाल सकिँदै गर्दा पालिकामा भएका कामको समीक्षा पनि हुन थालेको छ। गाउँठाउँको सिंहदरबारको रूपमा चिनिने पालिकाले यस अवधिमा केही राम्रा काम पनि गरेका छन्। राम्रा र उदाहरणीय काम गर्ने पालिकाको प्रशंसा पनि भएको छ। यस्तै मध्येको एउटा पालिका हो, भक्तपुर नगरपालिका। भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग उज्यालो सहकर्मी **वैद्यनाथ पौडेल**ले गरेको कुराकानी।




सुनिल प्रजापति
मेयर-भक्तपुर नगरपालिका

**देश सङ्घीयतामा गएपछि काम गर्ने क्रममा के कस्ता कानुनी तथा अन्य कुरामा समस्या महसुस गर्नुभयो वा सहज भयो ?**

**सुनिल–** संविधानको प्रस्तावनामा नै सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता र समन्वयमा चल्नुपर्छ भन्ने उल्लेख छ। र ठाउँ ठाउँमा तीन तहको सरकार भनिएको छ। यसको अर्थ आफ्नो परिधिभित्र उ स्वतन्त्र छ, स्वायत्त छ। कसैको अधीनमा बस्नु पर्दैन भन्ने हो।

हिजो सरकारको कानुनअनुसार चल्नुपर्थ्यो भने आज आफै कानुन बनाएर कार्यान्वयन गर्नसक्छ। कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकासमेतको अधिकार दिएको छ। तर, व्यवहारमा त्यो कागजमा र संविधानमा मात्र सीमित भयो। प्रधानमन्त्री तथा अन्य वरिष्ठ नेताहरू नै प्रदेश र स्थानीय तह भनेको सङ्घको इकाइमात्र हो भन्ने गर्नुहुन्छ। त्यो बोलीमा मात्र नभएर व्यवहारमा पनि देखापऱ्यो।

वर्तमान स्वास्थ्य मन्त्री देवेन्द्र पौडेलले हामीले २०६०/६१ सालदेखि ख्वप बहुप्राविधिक संस्थामार्फत सञ्चालन गर्दै आएको नर्सिङ कलेज सय शय्याको आफ्नै अस्पताल नभएको भनी भर्ना बन्द गर्न लगाए। हरेक वर्ष ४० जना नर्स उत्पादन गरिरहेकोमा हामीले यस वर्ष भर्ना गर्न नै पाएनौँ।

हामीसँग २५ शय्याको ख्वप अस्पतालको मात्र स्वीकृति छ। भक्तपुर अस्पताल, क्यान्सर अस्पताल, मानव अङ्ग प्रत्यारोपण केन्द्र गरेर त हामीसँग पाँच सय शय्याभन्दा बढी छ। नगरपालिकाभित्र ती सरकारी अस्पतालहरूको समेत हिसाब गर्नुपर्ने बतायौँ। तर, उहाँको उत्तर चित्तबुझ्दो रहेन। हामीले नगरभित्रका अधिकांश काम उपभोक्ता समितिमार्फत गरिरहेका छौँ। तर, शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले उपभोक्ता समितिमार्फत काम नगर्नु, नगराउनु र भैरहेको छ भने रोक्नु भनेर पत्राचार गर्नुभयो। हामीले आर्थिक ऐन तथा नियमावली, भूकम्प पुनर्निर्माण सम्बन्धी कार्यविधि पनि लिएर गयौँ। ऐनले उपभोक्ता समितिमार्फत काम गर्न दिएको छ भनेर देखायौँ।

नियमावलीले एक करोडसम्मको सिलिङ तोकेको छ। भूकम्प सम्बन्धी कार्यविधिले दुई करोडसम्मको सिलिङ तोकेको छ। अझ पुनःनिर्माण प्राधिकरणको स्विकृति भए १० करोडसम्मको काम उपभोक्ता समितिले गर्न पाउँछ भनेर भन्यौँ। कानुन भित्र बसेर हामीले काम गरिरहेकोले केही असर पर्दैन भनेर हामीले स्पष्ट भन्यौँ। हामी ऐन बमोजिम काम गर्दैछौँ।

त्यस्तै शिक्षकहरूलाई तलब नगरपालिकाले खुवाउने तर, सरुवा, बढुवा तथा सिफारिसका सबै काम भने सङ्घले गर्छ। जिल्ला शिक्षा समन्वय इकाइले एसईईको परीक्षा लिने अनि शिक्षकको सबै सिफारिस इकाइमार्फत हुने गर्छ। तलब जसले खुवाउँछ शिक्षकमाथि नियन्त्रण उसैको रहनुपर्छ। तर, सङ्घले त्यो अधिकार छोड्नै चाहेको छैन।

अहिले पनि जिल्ला प्रशासन कार्यालय यथावतै छ। अहिले प्रमुख जिल्ला अधिकारी प्रदेशको गृहमन्त्रीभन्दा शक्तिशाली देखिन्छ। प्रहरी परिचालनदेखि सबै अधिकार प्रजिअमा रहने हो भने प्रदेशको गृह मन्त्रालयको के अर्थ रह्यो र ?

सङ्घीयता तीन तहको भन्ने कुरा त स्पष्ट नै छ।

कतै कतै हेर्दा साढे तीन वा चार तह हो कि भन्ने भ्रम हुन्छ। जिल्ला समन्वय समिति अझै पनि जीवित राखेर के काम ? न उसले कर उठाउन पाउँछ न खर्च गर्न। तर, परिभाषामा भने स्थानीय तहमा जिल्ला समन्वय समितिको नाम पनि उल्लेख गरिएको छ। त्यो पनि ठीक छैन। यो अर्को तालमेल नमिलेको कुरा हो।

सबै जिल्ला स्तरीय कार्यालयहरू स्थानीय तह अन्तर्गत आउने भन्ने कुरा कानुनमा स्पष्ट नै थियो। तर, आएन। सङ्घीयता आइसकेपछि त एउटै भूमिमाथि तीन ठाउँबाट नियन्त्रण भयो। दश करोडमाथिको योजना प्रदेशले, एक अर्बभन्दा माथिको सङ्घले अरू सबै काम स्थानीयले हेर्ने हुनुपर्थ्यो। साथै नीति सङ्घ र प्रदेशले बनाउने अनि कार्यान्वयन स्थानीय तहले गर्ने गर्‍यो भने सङ्घीयता राम्रोसँग चल्छ। सङ्घीयता साँच्चै सफल बनाउने हो भने सूत्र यही नै हो। आखिर सङ्घीयताले देश विकास हुने नहुने होइन। यो त राज्य सञ्चालनको एउटा मोडलमात्र हो। संसारमा सङ्घीयता भएका देशहरू विकास नभएका र भएका दुवै छन्। त्यस्तै सङ्घीयता नभएका चीन, जापानजस्ता देशहरू विकास भएका पनि छन्। त्यसकारण सङ्घीयता मुख्य कुरा होइन, सरकार सञ्चालक मुख्य कुरा हो। यदि सञ्चालक इमानदार हुने हो भने जुनसुकै मोडल भए पनि देश विकास हुन्छ।

स्थानीय तहलाई विकेन्द्रीकरण र स्वायत्तता दिएर देशको कूल बजेटको ५० प्रतिशत स्थानीय तहलाई बजेट दिइयो भने अनि सफल हुन्छ सङ्घीयता।

सङ्घीयतामा स्थानीय तहलाई अनुदान बढाउँदै लैजानु पर्नेमा सशर्त बजेट बढाउँदै लैजाने गरेको छ। दशओटा योजना सिफारिस गरेर पठायो भने त्यसमध्ये दुईओटा योजनामात्र पठाइदिन्छन्। त्यो भनेको मन्त्री र सांसदको पहुँचमा हुने हो। यसले फेरि विकासको नियन्त्रण प्रदेश र सङ्घमा नै हुन गयो। त्यसकारण हामीकहाँ सङ्घीयताको गलत अभ्यास भइरहेको छ।

**सङ्घीयतापछि सिंहदरबारको अधिकार गाउँ गाउँमा पुग्यो कि कर मात्रै पुग्यो ?**

**सुनिल–** हामी जनप्रतिनिधिको रूपमा आइसकेपछि कर बढाउनेभन्दा पनि करको दायरा बढाउने काम गर्‍यौं। हामीले करको दर घटायौं तर दायरा भने बढायौं। त्यसो हुँदा स्थानीयले खुशीसाथ कर तिरिरहेका छन्। र, कर पनि धेरै उठेको छ। हामीले पहिले तोकिएको घरजग्गा कर ५० प्रतिशत घटाएका छौं। तर, करको दायरा भने एकदमै व्यापक बनाएका छौं।

पहिले हामी आउनु अगाडि मासिक ३० रूपैयाँ थियो फोहोरको र एक पटक सफा गर्थ्यो।। तर, हामी आइसकेपछि तीन पटक सफा गर्छौं र साह्रै नै थोरै भयो भनेर ५० रूपैयाँ लिने गरेका छौं। जबकि एक किलो फोहोर सफा गर्नका लागि हाम्रो नौ रूपैयाँ पर्छ सबै गरेर।

अहिले हरेक दिन हाम्रो ३० टन फोहोर उत्पादन हुन्छ। सफाइ राम्रो भएको हुनाले खुशीले कर तिर्ने गर्छन्। सफाइ कर तिर्न आउनेले अन्य सबै करको पैसा तिरेर जाने हुँदा एकदम राम्रो र सजिलै कर उठ्छ हाम्रो। हाम्रो वार्षिक १२ करोड कर उठ्छ आन्तरिक रूपमा भने पर्यटनबाट वार्षिक झन्डै ३० करोड सामान्य अवस्थामा। यसरी हेर्दा सामान्य अवस्थामा हाम्रो वार्षिक ४५ करोड जति कर उठ्छ।

**नागरिकले अनुभूत हुने गरी के पाए त भक्तपुर नगरवासीले ?**

**सुनिल–** १५/२० मिनेटमा नागरिकले स्तरीय शिक्षा पाएका छन् भक्तपुरमा। स्वास्थ्यमा ३० मिनेटमा सेवा पाउने ठाउँ हो भक्तपुर। हामी त्यसलाई १५ मिनेटको दूरीमा सेवा दिन लागिपरेका छौं। वडा वडामा डाक्टरसहितको सेवा उपलब्ध छ। वडा वडामा स्वास्थ्य चौकी छँदैछ भने अस्पताल पनि नगरपालिकाको आफ्नै छ।

**आजको मितिसम्म आउँदा तपाईंको पार्टीले २०७४ सालको स्थानीय निर्वाचनमा वितरण गरेको घोषणापत्रका कति प्रतिबद्धता पूरा भए ?**

**सुनिल–** अधिकांश प्रतिबद्धता पूरा भएका छन्। हामीले प्रतिबद्धता थोरै नै गरेका थियौं। तर, काम गर्दै जाने क्रममा प्रतिबद्धताभन्दा धेरै काम भएका छन्। त्यसमा खानेपानी, स्वास्थ्य, सम्पदा, शिक्षा, खेलकुद, बजार अनुगमन सबै विषयमा धेरै नै काम भएको छ।

हाम्रो काबुभन्दा बाहिरको परिस्थिति परेका कारण केही हुन नसकेको काम पनि छ जस्तो, ख्वप विश्वविद्यालय बनाउने सन्दर्भ। विश्वविद्यालयको निमित्त सरकारले विधेयक पारित गरेन। मेडिकल कलेज बनाउने सन्दर्भमा गोविन्द केसीसँगको सम्झौताका कारण दश वर्षसम्म मेडिकल कलेज खोल्न नपाउने भएका कारण पूरा हुन सकेको छैन।

अर्को कुरा भनेको दरबार स्क्वायरमा कला सङ्ग्रहालयको भवनमा तपाईं टेको लगाइरहेको देख्नुहुन्छ। त्यसलाई मल्लकालीन शैलीमा बनाउने सोच थियो नगरपालिकाको। तर, नेपाल सरकार राणाकालीन शैलीमा निर्माण गर्नुपर्छ भन्ने र हामी मल्लकालीन शैलीमा निर्माण गर्नुपर्छ भन्दै गर्दा त्यो कुरामा विवाद आयो। उहाँहरूले टेण्डर गरेर त्यसलाई भत्काउनसमेत थालिसक्नुभएको थियो। तर, हामीले अध्ययन गरेरमात्र काम गर्नुस् भन्यौं।




सम्पदा क्षेत्रमा पुरातत्त्व विभागले यसरी जथाभावी गर्न मिल्दैन भनेपछि संस्कृति मन्त्री, पुरातत्त्व विभागका निर्देशक र हामी गरेर तीन पक्षीय बैठक बस्यौँ। बैठकमा हामीले सबै दस्तावेज पेस गऱ्यौँ। दस्तावेजमा मल्लकालमा यति सालमा यस्तो शैलीमा बनेको भन्ने आएपछि मल्लकालीन शैलीमा बनाउने निर्णय भयो। तर, त्यो निर्णयमा युनेस्कोको सहमति चाहिन्छ भनेपछि त्यो हामीले गर्न सक्ने कुरा भएन।

हामीले गर्ने भनेको नेपाल सरकार, संस्कृति मन्त्रालय र पुरातत्त्व विभागलाई पत्राचार गऱ्यौँ। तर, उहाँहरूले त्यो पहल गरिदिनु भएन। अनि स्वीकृत नभइकन बनाउन मिलेन।

**नागरिकका पीर, मर्का सुनुवाइ गर्ने कस्ता कार्यक्रम छन् भक्तपुर नगरपालिकाको ?**

**सुनिल-** हाम्रो आधिकारिक फेसबुक पेज छ। कसैले प्रश्न उठाएमा त्यस विषयमा के भएको हो हामी आधिकारिक प्रमाणसहित जवाफ दिन्छौँ। अर्को भनेको हाम्रो पाक्षिक तथा मासिक पत्रिका छ त्यसमा प्रश्न पठाएपछि हामी जवाफ दिने गर्छौँ।

**समग्रमा आफ्नो कार्यकालको स्वमूल्याङ्कन गर्दा के के काम भए गएको साढे चार वर्षमा ?**

**सुनिल-** भक्तपुर नगरपालिकामा पहिले र अहिले हामी निर्वाचित भएर आइसकेपछि देखिएको सबैभन्दा ठूलो फरक भनेको पुनर्निर्माण नै हो। अन्य कुरामा भने शिक्षा, स्वास्थ्य, सरसफाइ तथा कला, संस्कृति संरक्षण नै हो।

२०७२ सालको भूकम्पले नगर नै क्षतविक्षत अवस्थामा पुग्यो। नगर नै क्षतविक्षत भएपछि हामीले पुनर्निर्माणमा जोड दियौँ। भूकम्पले एक सय २०/२५ ओटा सम्पदामा क्षति पुगेको थियो। सम्पदाहरू क्षतविक्षत भएपछि हामीले पुनर्निर्माणमा जोड दियौँ। पुनर्निर्माणका लागि मोडालिटी पनि तयार भयो।

स्थानीय जनता, स्थानीय सीप र स्रोत साधनको प्रयोग गर्ने गरी मौलिक शैलीमा बनाउने गरी मोडालिटी बनाइयो। सकेसम्म विदेशी अनुदानको पनि आशा नराख्ने। हामी जनप्रतिनिधिका रूपमा निर्वाचित भएर आउनु अगाडि नै नेपाल सरकार र जर्मनी सरकारबीच एउटा सम्झौता भएको रहेछ। सम्झौता एक करोड युरोको थियो। त्यो भनेको नेपाली रुपैयाँ एक अर्ब २० करोड बराबरको हो।

हामी खुशी नै थियौँ रकमको परिणाम देखेर। पछि हामीले कार्यान्वयनको सिलसिलामा अध्ययन गर्दै गर्दा डाइरेक्टर बोर्ड भनेर निर्देशक समिति पनि उनीहरूले नै गठन गर्ने। समितिमा पनि उनीहरूले नै भनेको मान्छे राख्नुपर्ने। निर्देशक समिति अन्तर्गत रहेर अर्को उपसमिति बनाउने भन्ने पनि थियो। उपसमितिमा भने हाम्रा इन्जिनियरहरू रहने भन्ने थियो। निर्देशक समितिका पदाधिकारीले निर्देशन गरेको सामानहरूमात्र प्रयोग गर्ने भन्ने थियो सम्झौतामा।

यतिसम्म हाम्रो आपत्ति थिएन। सम्पदामा पनि डण्डी र सिमेण्टको प्रयोग गर्ने भन्ने रहेछ सम्झौतामा। हामीले प्राचीन स्मारक संरक्षण ऐन २०१३ पनि पल्टाएर हेऱ्यौँ। सम्झौता पनि हेऱ्यौँ। तर, त्यहाँ स्पष्ट रूपमा डण्डी, सिमेण्टको कुरा प्रयोग गर्न नपाइने लेखिएको रहेछ। हामीले ती कुरा राख्यौँ।

लेखापरीक्षण पनि उनीहरूले नै गर्ने तथा मुद्दा चलेमा उनीहरूको कानुन आकर्षित हुने भन्ने कुरा लेखिएको रहेछ। हामीले यो विषयमा छलफल गऱ्यौँ। यो विषय हामीलाई आपत्तिजनक छ भन्ने कुरा स्पष्ट रूपमा राख्यौँ।

हामी भर्खर निर्वाचन जितेर आएका छौँ। यो बेला यस्तो काम गर्न थाल्यौँ भने हामीले त जनताको विरोध खेप्न सक्दैनौँ। उहाँहरूले पनि सामान्य रूपमा हामी पनि छलफल गर्छौँ भन्नुभयो। दोस्रो तथा तेस्रो पटक पनि बैठक भयो। त्यसपछि उहाँहरू अलि कडा रूपमा प्रस्तुत हुन थाल्नुभयो। तपाईंको सरकार र हाम्रो सरकारबीच भएको सम्झौता तपाईंले कार्यान्वयन नगर्ने भन्ने कहाँ हुन्छ भनेर उहाँहरूले भनेपछि हामी अलि झस्कियौँ। यस्ता प्रावधान हुँदा त हामीलाई अप्ठेरो हुन्छ भनेर हामीले राखेपछि यसमा एउटा बुँदा तथा वाक्य पनि परिवर्तन हुँदैन भनेर उहाँहरूले दबाब दिनुभयो।

आर्थिक सहयोगको नाउँमा यो हाम्रो स्वतन्त्रतामाथि एक प्रकारको हस्तक्षेप थियो। भन्दा हामी स्वायत्त संस्था भन्ने तर, सबै हैकम अरूको चल्ने। हाम्रो देशमा, हाम्रो संस्थामा, हाम्रो ठाउँमा अरूको कानुन लागू हुने भएपछि यो भएन भन्ने लागेको थियो। हामीले हाम्रो महालेखापरीक्षकको कार्यालय छ भनेर पनि भन्यौँ। यसो भन्दा यो त हाम्रो

अन्तर्राष्ट्रिय प्रचलन हो भनेर भन्नुभयो ।

त्यसपछि उहाँहरूले हाम्रो संसदले पास गरेर ल्याएको पैसा तपाईँहरूले नलिने भनेर हुन्छ भनेर पैसा लिन लगाउनको निमित्त दबाब दिन थाल्नुभयो । हामीले हाम्रो सार्वभौमिकता, हाम्रो स्वतन्त्रतामा असर गर्ने कुरा हामीबाट हुँदैन भनेर स्पष्ट रूपमा भन्यौँ । सहयोगको भावना तथा सद्भावनाका लागि हाम्रो धन्यवाद छ तथा चित्त दुखाइ छैन भनेर हामीले भन्यौँ । त्यसपछि उहाँहरूले हामी अन्तै लान्छौँ, फिर्ता लान्छौँ भन्नुभयो ।

अन्त लगे पनि हाम्रै देश हो, अरु सम्पदा जोगाए पनि हाम्रै सम्पदा हो । तर, तपाईँहरूको सम्झौता तथा शर्तमा हामी बस्न सक्दैनौँ भनेपछि उहाँहरू हामीसँग रिसाउनु पनि भयो । पछि फकाउन पनि थाल्नुभयो । तर, हामीले पैसा नलिने भनेर २०७५ सालमा घोषणा नै गर्‍यौँ । हामी निर्वाचित भएर आएको डेढ वर्षसम्म यो क्रम चलिरह्यो ।

त्यसपछि हामीले जनताका माझमा दस ओटा सम्पदा पुनर्निर्माणका लागि एक अर्ब २० करोड रुपैयाँ आएको थियो । त्यति पैसा लिएर हामीले उनीहरूको नाम राखिदियौँ भने हाम्रो औचित्य नरहने भनेर जनतालाई भन्यौँ ।

हाम्रा पुर्खाहरूले तीन सय वर्षसम्म केही नहुने गरी न्यातपोललगायत अन्य सम्पदा बनाएका थिए । तर, २१ औँ शताब्दीमा हामी वर्षको चार सय ३२ जना इन्जिनियर उत्पादन गर्ने नगरपालिका भएर केवल डेढ अर्ब रुपैयाँको लागि हामी झुक्यौँ भने हाम्रो इज्जत रहँदैन । बरु पाँच वर्षको साटो दस वर्ष लागोस् हामी आफै गर्छौँ भनेर हामीले पैसा फिर्ता गर्‍यौँ भनेर जनताका माझमा भन्यौँ ।

केही बुद्धिजीवीहरूले अब भक्तपुरलाई धेरै वर्षसम्म भग्नावशेषमा राख्ने भयो, यस्तो नेतृत्व आयो भनेर उहाँहरूले सभामा भन्ने तथा लेख्ने काम पनि गर्नुभयो । तर, हामीले सार्वभौमिकताका निमित्त, स्वाभिमानको निमित्त यो काम गरेका हौँ । पाँच वर्षको साटो दस वर्ष लागे पनि हाम्रो नेतृत्व रहेसम्म यस्तो स्थिति रहनसक्दैन भनेर हामीले भन्यौँ ।

**पैसा फिर्ता गरेपछि कस्तो स्थिति आयो ?**

**सुनिल–** हामीले यो कुरा जनताका माझमा लगेपछि यसको सकारात्मक प्रभाव पर्‍यो । विदेशीको पैसा नलिनु ठीक । यो ठीक हो भन्ने आवाज उठ्यो । अब हामी आफै गर्छौँ भन्ने नागरिकले साथ दिए ।

हामीले न्यातपोल मन्दिर जीर्णोद्धारको निमित्त नागरिकलाई आह्वान गर्‍यौँ । कोरोनाको महामारीको समयमा हामीले कामदारलाई पास दिएर काम गरायौँ । अलि होलो हुने बित्तिकै हामीले नागरिकलाई श्रमदानको निमित्त आह्वान गर्‍यौँ । दिनको तीन/चार सय मान्छे श्रमदानका निमित्त आउन थाल्नुभयो । ४२ सय बढी मान्छेले त यस क्रममा श्रमदान मात्र गरे ।

हामी पनि आफूले सकेको पाँच सय/हजार रुपैयाँ दिन्छौँ भनेर आउनेबाट १६ लाख जति रुपैयाँ जम्मा भयो । सामान दिन्छौँ भन्नेबाट पाँच/छ लाखको सामान जम्मा भयो । खाजा खुवाउने, पानी खुवाउने तथा जुस खुवाउनेको ताँती नै लाग्यो । त्यसले हामीले ठीक गरेका रहेछौँ भनेर आत्मविश्वास जगाउने काम गर्‍यो ।

भैरवनाथ मन्दिर, रानी पोखरी, वत्सला मन्दिर आदि सम्पदामा नागरिकको श्रमदानमा, आफ्नै प्रविधि र सीपको प्रयोग गरेर हामीले सम्पदा पुनर्निर्माण गर्ने काम गर्‍यौँ । हामी आइसकेपछि भएको देखिने गरी भएको परिवर्तन भनेको यही नै हो । अहिलेसम्म हामीले एक सय १९/२० ओटा सम्पदा त पुनर्निर्माण नै गरिसकेका छौँ ।

अहिले पनि नगरभित्र हेर्न जानुभयो भने दर्जनौँ सम्पदाहरू पुनर्निर्माणको अवस्थामा छन् । यसबाट हामीले के प्रमाणित गरेका छौँ भने विदेशीको मुख ताक्नुपर्ने अवस्था छैन । विदेशीको मुख ताक्दा हाम्रो स्वाभिमान रहँदैन । यो भनेको हामीलाई नेपाल मजदुर किसान पार्टीले सुरुदेखि निर्देश गरेको विषय हो ।

**सम्पदा क्षेत्रका बारेमा त यो काम भयो । अरु क्षेत्रमा के के काम भए ?**

**सुनिल–** हामी निर्वाचित भएर आएको सय दिनमा घरदैलो नर्सिङ सेवा सुरु गर्‍यौँ । नमुनाका रूपमा पहिले हामीले तीन ओटा वडामा काम सुरु गर्‍यौँ । हामीले नर्सहरूलाई घरघर पठाएर स्वास्थ्य सेवाको अवस्था के छ भनेर अध्ययन गर्न लगायौँ । कस्ता कस्ता रोगहरू छन्, कस्ता कस्तालाई सहयोग गर्नुपर्छ भनेर अध्ययन गर्‍यौँ ।

अध्ययनबाट हामीले छोराछोरी विदेश गएर घरमा कोही नभएको, कसैलाई औषधि खाने समय पनि थाहा नभएको, र प्रेसर, सुगरजस्ता रोगहरू धेरै भएको पाइयो । यसबाट सर्नेभन्दा नसर्ने रोग धेरै भएको पत्ता लाग्यो ।

तत्काल हामीले नसर्ने रोगहरू क्यान्सर, मृगौला रोगी, मुटु रोगीलाई महिनाको दस हजार दिने निर्णय गर्‍यौँ । त्यसपछि रोगको रिपोर्टसहित रोगीहरू नगरपालिबाट सञ्चालित जनस्वास्थ्य केन्द्रमा नै आउन थाले । त्यसले हामीलाई स्तरीय अस्पताल बनाएर सेवा दिनुपर्छ भन्ने सन्देश दियो ।

हामीले अस्पताल बनाउने निर्णय गर्दा नगर्दै कोभिड महामारीले सतायो । पहिले हामीले ७५ शय्याको आइसोलेशन सेन्टर बनायौँ । यसबाट धेरै मान्छेले सुविधा पाए । त्यसपछि

हामीले अक्सिजन प्लान्टका लागि काम सुरु गर्नुपर्ने भयो। तर, त्यसबेला हामीलाई सरकारले बीमावापत छ करोड रुपैयाँ दिनुपर्ने थियो। त्यो रोकिदियो।

पर्यटक नआएको र अरू राजश्व पनि उठेको थिएन। अनि हामीले एउटा अनलाइनमार्फत यसरी दस/पन्ध्र मिनेटको अन्तरमा दिइरहेको सुविधा कटौती गर्नुपर्ने भयो। होइन भने यसमा नागरिकले पनि सहयोग गर्नुपर्ने भयो भनेर आह्वान गर्‍यौँ।

हाम्रो आह्वानपछि पाँच सयदेखि हजार, दुई हजार, एक लाख, दुई लाख रुपैयाँ गरेर नगरपालिकामा आएर सहयोग दिनेको ताँती नै लाग्यो। एक महिनाभित्रमा यसबाट झन्डै छ, साढे छ करोड रुपैयाँ उठ्यो। त्यो पैसा बैंकमा राख्न आग्रह गर्दा पनि उहाँहरूले बैंकमा नराख्ने तपाईंहरूलाई नै दिन्छौँ भनेर चार/पाँच ओटा लाइन राखेर हामीले पैसा लिने काम गर्‍यौँ।

२० दिनमा हामीले अक्सिजन प्लान्ट स्थापित गर्छौं भनेर वचन दिएका थियौँ। तर, हामीले केवल १८ दिनमा एक सय २० सिलिण्डर क्षमताको अक्सिजन प्लान्ट राखेर देखायौँ। त्यसपछि हामीले सिलिण्डरको धरौटी लिने तर, ग्यास निःशुल्क दिने व्यवस्था गर्‍यौँ। यसबाट हामी धेरै नागरिकको ज्यान जोगाउन सफल भयौँ।

अहिले हामीले सय रुपैयाँ बेड चार्ज लिएर एउटा अस्पताल सुरु गरेका छौँ ब्रम्हायणीमा। निजी अस्पतालको तुलना गर्ने हो भने पनि यसको तुलना नै हुनसक्दैन। अहिले हामीले सय शय्याको तयारी अस्पताल त्यहाँ चलाइरहेका छौँ। दस/बाह्र जना बिरामी अहिले भर्ना हुनुहुन्छ भने दैनिक छ/सात सय बिरामीले ओपिडी सेवा प्राप्त गरिरहनुभएको छ।

त्यहाँ ३४/३५ जना डाक्टर कार्यरत हुनुहुन्छ। अर्को भनेको हामीले च्याम्हसिंहमा करिब ७६ करोडको लागतमा नयाँ अस्पताल भवन बनाएका छौँ जसको उद्घाटन हुनमात्र बाँकी छ। स्वास्थ्य क्षेत्रमा यो अर्को देखिने गरी परिवर्तन हो।

आँखाको लागि तिलगंगासम्म जानुपर्थ्यो भन्ने नागरिकको गुनासो आएपछि हामीले आँखा उपचार केन्द्र सञ्चालन गरेका छौँ। तिलगंगाकै डाक्टरहरू आएर यहाँ उपचार गर्नुहुन्छ। त्यहाँ नौ हजार रुपैयाँ लाग्ने उपचार हाम्रोमा छ हजार रुपैयाँमा हुन्छ। त्यहाँ छ हजार रूपैयाँमा हुने उपचार हाम्रोमा चार हजार रूपैयाँमा हुन्छ।

टिकट पनि तिलगंगामा भन्दा सस्तो छ। अहिले दैनिक सय/डेढसय बिरामीले उपचार गराइरहनु भएको छ। हामीले सस्तो गर्न सक्नुको कारण भनेको भवन तथा उपकरण सबै हाम्रो हो। डाक्टर त केवल आएर उपचार गर्नेमात्र हो।

कतिपय नागरिकले आयुर्वेदिक उपचारमा जानुपर्छ भनेपछि हामीले आयुर्वेदिक उपचार केन्द्र पनि बनाएका छौँ। यसमा एक जना वैद्य तथा अर्को एक जना सहयोगी कार्यरत हुनुहुन्छ। यो उपचार भने निःशुल्क हो। गएको वर्ष बिरामीको चाप बढेर बजेट पुगेन भनेर हामीले चार/पाँच लाख दिएका



xfn}hL0ff{4f/ ;DkGg Gx'kV'-/fgL kf]v/L_

थियौँ। यस वर्ष पनि तीन लाख दिएका छौँ।

नगरमा दमखोकीको रोगी बढेको पाइएपछि हामीले छाती पुनर्स्थापना केन्द्र स्थापित गरेका छौँ। यसमा जापानी प्रविधिबाट उपचार हुन्छ। त्यसकारण हामीले हाम्रा डाक्टरहरूलाई तालिम लिनका लागि जापान पठायौँ। तालिम प्राप्त गरेर आइसकेपछि विभिन्न अस्पतालमा तिनै डाक्टरले उपचार तथा तालिम दिँदैछन्।

यसमा व्यायाम गरेर तथा विभिन्न खालका स्वास्थ्य सामग्री प्रयोग गरेर उपचार हुन्छ। जसमा टिकटको सय रूपैयाँ छ भने बाँकी अन्य निःशुल्क उपचार हुन्छ। यसबाट नागरिकहरूले सन्तुष्टि व्यक्त गरेका छन् र हामीले स्वास्थ्य क्षेत्रमा पनि काम गरेनौँ भन्ने अवस्था छैन। भ्रष्टाचार भएन र राम्रोसँग काम गर्ने हो भने पैसाको समस्या होइन रहेछ भन्ने यो हाम्रो अनुभवले देखाएको अर्को कुरा हो।

### शिक्षाका सन्दर्भमा के के काम भए ?

**सुनिल-** शिक्षाका सन्दर्भमा हामीले सञ्चालन गरेको इन्जिनियरिङ कलेज तथा ख्वप कलेज नमुनाका रूपमा रहेको छ। यसमा हामीले विभिन्न नयाँ विषय थप गरेका छौँ। नपाबाट सञ्चालित हाम्रा सात ओटा शैक्षिक संस्थाहरू छन्।

हामीले ख्वप कलेजका विद्यार्थी तथा शिक्षक

साथीलाई लोकसेवा पास गर्नु अघि मरेर पढ्ने तर पास भइसकेपछि लोकसेवा पास गरेर आएको भनेर रवैया देखाउने सरकारी पारा देखाउने प्रचलन छ, हामीबाट यस्तो नहोस्, यसकारण हाम्रो प्रगति भएको हो भन्ने कुरा राख्यौँ ।

हाम्रो झुकाव समाजवादतर्फ रहेको हुनाले हामीले समाजवादी मोडेलमा कसरी काम गर्ने भन्ने नै हाम्रो उद्देश्य हो । हामीले अहिले नगरका सबै गरीब नागरिकलाई पाँच लाखसम्मको शैक्षिक ऋण दिने गरेका छौँ – बाहिर पढ्न चाहने हो भने । यदि यहीँ पढ्ने हो भने पूर्ण छात्रवृत्ति दिने गरेका छौँ । हाम्रो ३ करोडौं भँदा बढी छात्रवृत्तिमा जान्छ ।

विज्ञान तथा अन्य प्राविधिक विषयमा मात्र विद्यार्थीको आकर्षण बढ्यो भनेर नगरपालिकाले राजनीतिशास्त्रलगायत अन्य विषयमा जुनसुकै कलेजमा पढे पनि नि:शुल्क पढ्ने व्यवस्था मिलाएको छ । यसले नगरवासीले पैसाका कारण मैले पढ्न पाइनँ भन्ने अवस्था छैन ।

यस वर्ष एक सय चार जनाका लागि हामीले शैक्षिक ऋण स्वीकृत गर्‍यौँ । गएको वर्ष हामीले एक सय १९ जनाका लागि शैक्षिक ऋण स्वीकृत गरेका थियौँ । यो ऋण आफ्नो अध्ययन पूरा भएको पहिलो वर्षमा २५ प्रतिशत, दोस्रो वर्षमा ५० प्रतिशत तथा तेस्रो वर्षमा २५ प्रतिशत गरी ऋण चुक्ता गर्नुपर्नेछ । आफूले लिएको ऋण आफैले कमाएर तिर्नुपर्छ भन्ने उद्देश्य हो हाम्रो । अहिले शैक्षिक ऋण फिर्ता गर्न शुरु गरिसकेका छन् विद्यार्थीले ।

**खेलकुदका सन्दर्भमा पनि केही काम भए कि ?**

सुनिल– खेलकुदका सन्दर्भमा पनि हामीले बिहान, बेलुका आफ्नो समयमा जुनसुकै बेला जान सकिने खुला व्यायामशाला निर्माण गरेका छौँ । अहिलेसम्म हामीले २३ ओटा व्यायामशाला राखिसकेका छौँ । पहिले दुई लाखसम्म लाग्ने गरेकोमा अहिले उपकरण थप हुँदै जाँदा खर्च बढेर पाँच लाखसम्म पुगेको छ एक ठाउँको लागि व्यायामशालाको लगानी ।

नगरपालिकाले हरेक वर्ष विद्यालय स्तरीय तथा नगर स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्ने गरेको छ । यस वर्ष भएको अन्तर नगर विद्यालय प्रतियोगितामा ७१ ओटा विद्यालयका एक हजार आठ सय विद्यार्थीले भाग लिए । अन्तर नगर प्रतियोगितामा २०/२१ ओटा नगरपालिकाले भाग लिए । मानसिक र शारीरिक विकासका लागि खेलकुद आवश्यक छ भनेर हामीले खेलकुदलाई पनि प्राथमिकतामा राख्ने गरेका छौँ ।

**भक्तपुरलाई सम्पदा संरक्षण गरेर ऐतिहासिक शहरका रुपमा यसरी अगाडि बढाउनुपर्छ भन्ने अवधारणा कहाँबाट आयो ?**

**सुनिल–** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले केही वर्ष अगाडि 'सय वर्षपछिको भक्तपुर' भनेर एउटा किताब लेख्नुभएको छ । त्यो किताबमा उहाँले प्रत्येक घर झिँगटीले छाएको हुने । झ्याल ढोकाहरू सबै काठको 'सँ झ्या' हुने ।

ठाउँ ठाउँमा पाटी हुने तथा पाटीमा मानिसहरू भजन गाइरहको हुनेछन् तथा प्रत्येक युवाहरूले तीन चार ओटा भाषा जानेको हुनेछन् । अनि जुनसुकै भाषा बोल्ने मान्छेहरू आए पनि ती भाषा बोल्ने मान्छेले खाना ख्वाउने जस्तै इटालियनहरू आए भने इटालियन भाषा र इटालियन खाना, भारतीय आए भने हिन्दी भाषा र भारतीय खाना ख्वाउने भनेर एउटा आफ्नो किताबमा अवधारणा नै प्रस्तुत गर्नुभएको छ ।

त्यो किताब अध्ययन गरिसकेपछि अब हामी यसरी बनाउँछौं भनेर पुरानो शैलीमा घर बनाउनेका निमित्त हामीले मोहोडामा लाग्ने काठ, इँटा तथा झिँगटीमा ३५ प्रतिशत अनुदान दिएका छौँ । वर्षको एक पटक करोडौँ रुपैयाँ हामी अनुदान वितरण गर्छौं । यसरी हेर्दा एउटा घर बनाउन एक लाखदेखि सात आठ लाख रुपैयाँसम्म हामी अनुदान दिन्छौँ होला । अन्यथा हामीले यो मौलिक शैलीलाई बचाउनै सक्दैनौँ ।

यसरी मानिसलाई उत्साहित पनि गर्ने अनि सम्पदाको संरक्षण पनि हुन्छ भन्ने अध्यक्षको अवधारणाबाट हामी अघि बढिरहेका छौँ ।

**उज्यालोअनलाइन चित्रसहित ।** चैत २२, २०७८



# निर्वाचनलाई नवउदारवादविरोधी सङ्घर्षको रूपमा अघि बढाउनु पर्ने

**विवेक**

नेपालमा २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि गठित नेपाली काङ्ग्रेसको सरकारले उदार अर्थनीति अवलम्बन गऱ्यो । पञ्चायतकालमा स्थापित कलकारखानाहरू एक एक गरी निजीकरण गरियो । सरकारले उत्पादनका साधनहरू, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता क्षेत्रमा हात नहाल्ने र ती सबै निजी क्षेत्रको जिम्मा लगाउने नीति नै उदारीकरण हो । नेकाले अघि बढाएको पुँजीवादलाई बलियो बनाउने त्यो नीतिलाई एमाले र माओवादीले पनि निरन्तरता दिए । परिणाम अहिले नेपालमा हरेक क्षेत्रमा निजी क्षेत्रको बलियो उपस्थिति छ । सरकारले अर्बौं खर्च गरेर सडक, एयरपोर्ट बनाउँछ तर गुड्ने गाडी र चल्ने हवाइजहाजहरू सबै निजी कम्पनीका छन् । सरकार हरेक क्षेत्रमा असफल हुँदै गइरहेको छ । त्यसैले उदारीकारण पुँजीवादको आक्रमक रूप हो । आफूलाई कम्युनिष्ट दाबी गर्ने हरेक व्यक्तिले यसको विरोध गर्नु आवश्यक छ ।

दोस्रो विश्वयुद्धपछि पुँजीवादी अर्थशास्त्रीहरूले विश्व अर्थव्यवस्था नियन्त्रण गर्ने उद्देश्यले विश्व बैंक, एसियाली विकास बैंक, विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता सङ्ठनहरू स्थापना गरे । ती सङ्ठनहरू साम्राज्यवादी देशहरूका साझा आर्थिक हतियारहरू हुन् । अमेरिकाको नेतृत्वमा रहेका साम्राज्यवादी देशहरू आफ्नो बजेटको निश्चित प्रतिशत रकम जम्मा गरेर साझा कोषको आधारमा ती सङ्ठनहरू सञ्चालन गर्ने गर्छन् । त्यसको मुख्य उद्देश्य संसारका गरिब तथा अल्पविकसित देशहरूलाई ऋण तथा अनुदान सहयोग गर्ने र विकासमा मद्दत गर्ने नाउँमा ती कमजोर देशहरूको सार्वभौमिकता कब्जा गर्ने हो । हेर्दा आकर्षक र सुन्दा कर्णप्रिय लाग्ने शब्दहरूको प्रयोग गरेर साम्राज्यवादीहरूले संसारमा गरिब र कमजोर देशहरूमाथि आर्थिक हतियार बनाई कब्जा गर्ने नीति लिए । यसैलाई पुँजीवादी अर्थविद्हरूले नवउदारवाद भनी परिभाषा गरे ।

सार्वजनिक क्षेत्रबाट अर्थतन्त्र निजी क्षेत्रको जिम्मा लगाउने, श्रम र श्रमिकलाई उपभोग्य वस्तुको रूपमा लिने, सामाजिक सुरक्षालाई घटाउँदै लाने, विश्व व्यापार र अन्तर्राष्ट्रिय बजार सबैको लागि खुला गर्ने तथा राज्यले कुनै किसिमको हस्तक्षेप नगर्ने नवउदारवादका मान्यताहरू हुन् ।

साम्राज्यवादीहरू ऋण सहयोगको माध्यमबाट कुनै पनि देशको अर्थतन्त्र कब्जामा लिएर त्यो देशको सरकार आफ्नो नियन्त्रणमा राख्छन् । सरकारलाई यतिसम्म परनिर्भर बनाउँछन् कि उनीहरूको सहयोगबिना सरकार चल्नै नसक्ने अवस्थामा पुऱ्याउँछन् । सरकारमा कसलाई ल्याउने, निर्वाचनमा कसलाई हराउने र जिताउनेसमेतको निर्णय ती देशहरूले गर्ने गर्छन् । त्यसैले विश्व बैंक, एसियाली विकास बैंक, अन्तराष्ट्रिय मुद्रा कोष जस्ता सङ्ठनहरू गरिब तथा अल्प विकसित देशहरूका निम्ति अणु बम भन्दा खतरनाक छन् । ती साम्राज्यवादी हतियारसित सचेतता अपनाउन नसकेका देशहरूको स्वतन्त्रता गुम्दै गएको छ ।

नेपाल आर्थिक रूपले निकै कमजोर हुँदैछ । विदेशीको ऋणबिना एउटा विद्यालय, कलेज भवन निर्माण, कुनै पनि आयोजनाहरू अगाडि बढाउन नसक्ने स्थितिमा छ । यहाँसम्म कि विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकहरूको तालिमसमेत विदेशीको भर पर्नुपर्ने स्थितिमा पुगेको छ । यो सबै नवउदारवादकै कारण भएको हो । नवउदारवादी नीतिले आत्मनिर्भरतालाई समाप्त पार्ने र उनीहरूकै भरमा बाँच्नुपर्ने अवस्थामा पुऱ्याउँछ । नेपाल आज त्यो स्थितिमा पुग्दैछ । कुनै एउटा जलविद्युत आयोजना सुरु गर्नुपऱ्यो भने विदेशी ऋण, आयोजना मर्मतमा पनि विश्व बैंक वा एसियाली विकास बैंकको नाम जोडिएको हुन्छ । हरेक विषयमा विदेशी ऋणको भरमा अघि बढ्न खोजेसम्म नेपाल अघि बढ्न सक्दैन ।

अहिले व्यापारघाटा चुलिँदैछ । महिनाको डेढ खर्बको वस्तु तथा सेवा आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । पेट्रोलियम पदार्थ किन्न नसक्ने स्थितिमा पुगेर सरकार हप्ताको २ दिन बिदा दिनेबारे छलफल गर्दैछ । खाद्यान्न, तरकारी, फलफूललगायत नेपालमै उत्पादन हुने र निर्यातको सम्भावना पर्याप्त भएका वस्तुहरूसमेत महिनाको बीसौं अर्ब रुपैयाँको आयात गर्ने अवस्थामा छ । देशको अर्थतन्त्र तहसनहस हुँदै जानुमा आर्थिक उदारीकरणलाई जोड दिने दलहरू नै जिम्मेवार छन् ।

अहिले निर्वाचनको माहोल तात्दैछ । शासक दलहरू

जनतासँग भोट माग्न घरदैलो गर्दैछन् र जिल्ला जिल्लामा ठूल्ठूला जनसभाहरू गर्दैछन्। ती दलहरू २०४६ सालयता धेरैपटक सरकारमा पुगे। सरकारमा गएर जनताको टाउकोमा विदेशी ऋण थोपर्नुबाहेक जनताको हितमा के कति कामहरू गरे ? जनताले हिसाब किताब माग्नुपर्ने बेला हो यो।

मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) देशघाती सम्झौता हो भन्ने सारालाई थाहा छ। त्यो सम्झौता अनुमोदन भएमा देश अमेरिका र भारतको उपनिवेश हुने, विदेशीको कानुन नेपालमा लाद्ने, हाम्रो सार्वभौमिकता गुम्ने र नेपालमा अमेरिकी राज चल्ने भन्नेमा पनि धेरै नेपालीहरू प्रष्ट छन्। त्यसको देशव्यापी चर्को विरोध पनि भयो। तर माओवादी र एकीकृत समाजवादीहरूले सत्ता गठबन्धन बचाउने नाउँमा त्यसलाई अनुमोदन गरी देशघात गरे। ती पार्टी भित्रका कतिपय नेताहरूले सडकमा उत्रेर विरोध पनि गरे। अहिले ती नेताहरू चुनावमा केही भाग पाउने आशामा मौन देखिन्छन्। वास्तवमा एमसीसीको सुरुदेखि निरन्तर विरोध गर्ने पार्टी नेमकिपाबाहेक कोही रहेन। अरूले त एमसीसीको विरोधलाई अवसरवादमा रूपान्तरण गरे। अवसरवादले मान्छेको पतनलाई निम्त्याउँछ। एमसीसीमा अवसर खोज्नेहरूको अवसान पनि सुखद हुने छैन।

वास्तवमा ५५ अर्ब रुपैयाँको निम्ति एमसीसी अनुमोदन गरेर शासक दलहरूले अमेरिकी साम्राज्यवाद सामु घुँडा टेके। नेपालको अर्थतन्त्र डुब्दै जानु र विदेशी ऋण वा अनुदान प्राप्त नभए देशका कर्मचारीहरूलाई तलब खुवाउनसमेत नसक्ने अवस्थामा पुग्नुले पनि शासक दलहरूलाई त्यो ठाउँमा पुऱ्याएको अनुमान गर्न सकिन्छ। अर्थशास्त्रीहरूका अनुसार यो आर्थिक वर्षमा ४० अर्ब वैदेशिक ऋणको साँवाब्याज भुक्तानी गर्नुपर्ने दायित्व राज्यसँग छ, सरकारले ५७ अर्ब अनुदान आउने अनुमान गरिएकोमा हालसम्म १३ अर्ब मात्रै प्राप्त भएको छ, र विदेशी मुद्रासञ्चिति १ खर्ब निर्यात र ९ खर्ब विप्रेषणबाट प्राप्त हुने बाहेक अर्को स्रोत छैन। त्यसैले अर्थतन्त्र चिन्ताजनक अवस्थामा पुग्दैछ।

प्राकृतिक स्रोत र साधनले सम्पन्न भएर पनि नेपाल शासक दलहरूकै कारण देश झन झन गरिब हुँदैछ। आत्मनिर्भरतालाई जोड दिएर नेपालमा उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्न सकियो भने केही वर्ष दुःख भए पनि देशलाई अगाडि बढाउन भरपुर सम्भावना छ। ८३ हजार मेघावाट भन्दा बढी विद्युत उत्पादन क्षमता भएको देश विद्युत बेचेर मात्र पनि धनी हुनसक्छ, तरकारी फलफूल, जडिबुटी र पानी निर्यात गरेर पनि पर्याप्त विदेशी मुद्रा आर्जन गर्न सकिन्छ। के हिमालयको पानी मिनरल वाटर अरब देशमा निर्यात गरेर पानी बराबर पेट्रोलियम पदार्थ साटेर अर्थतन्त्रलाई बलियो बनाउन सकिँदैन ? हाम्रा पुँजीवादी अर्थशास्त्रीहरूको घैंटोमा कहिले घाम लाग्ने ?


## निर्वाचन एक वर्ग सङ्घर्ष

वैशाख ३० गते निर्वाचन आउन अब धेरै दिन बाँकी छैन। निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर पनि भनिन्छ। नेपाली जनता कति राजनैतिक रूपले सचेत भए त्यो आगामी निर्वाचनले पनि देखाउने नै छ। निर्वाचनमा एकातिर सत्ता गठबन्धन र अर्कोतिर एमालेलगायतका दलहरू छन्। नेमकिपाबाहेक सबै दलहरू एमसीसीका समर्थक र नवउदारवादका पक्षपाती छन्। ती दलहरूकै कारण देशले आजको स्थिति भोग्नुपरेको हो। निर्वाचनमा धेरै दलहरू देखिए पनि अब हुने निर्वाचन एमसीसीको पक्ष लिनेहरू र त्यसको विरोध गर्नेहरू अर्थात् देशघातीहरू र देशभक्तहरूबीच हुनेछ। सचेत नेपाली जनताले राष्ट्रघाती एमसीसी संसदबाट अनुमोदन गर्ने दलहरूलाई दूधमा परेको झिँगालाई झैँ फाल्नुपर्छ। यदि ती दलका उम्मेदवारहरूले जितेमा फेरि पनि ५ वर्ष स्थानीय स्रोत, साधनहरूको दुरूपयोग गरेर अकुत सम्पत्ति कुम्ल्याएको नेपाली जनताले हेर्नुपर्नेछ।

अबको निर्वाचनमा मतदाताले आफ्नो मत हाल्दा राष्ट्रघाती एमसीसीको विरोध गर्ने, नवउदारवादविरुद्ध निरन्तर सङ्घर्षरत राजनैतिक दलका देशभक्त उम्मेदवारलाई खोजीखोजी मत दिनुपर्छ। त्यसको साथै उपलब्ध स्रोतसाधन जनताको हितमा अधिकत्तम सदुपयोग गर्ने, भ्रष्टाचार शून्यतामा पार्ने, आफ्नो स्थानअनुसारको स्रोतको विकास गरी आत्मनिर्भर बनाउने र समाजलाई केन्द्रविन्दुमा राखेर काम गर्ने विचारबाट प्रेरित दल र त्यसका उम्मेदवारलाई जिताउन लाग्नु नै नेपाली जनताको अहिलेको जिम्मेवारी र कर्तव्य हो।

आश्चर्यको कुरा के हो भने सत्ताको विरुद्ध विपक्षीहरू गठबन्धन गरेर चुनाव लडेको त धेरै छन् तर विपक्षीविरुद्ध सत्ता पक्षधरहरू गठबन्धन गरेर चुनाव लडेको विरलै पाइन्छ। आफू सत्तामा बसेर पनि विपक्षीसँग एक्लाएक्लै लड्ने आँट नगर्नु भनेको नेका, माओवादी र एकीकृत समाजवादी पार्टीको दयनीय स्थितिलाई देखाउँछ। सत्ताको निम्ति सिद्धान्तहीन गठबन्धन पनि पुँजीवादको एउटा रूप हो। पुँजीवादीहरू सरकारमा पुग्न कम्युनिष्ट विचारधारालाई समाप्त पार्न कुन हदसम्मको गतिविधि गर्न तयार हुन्छन् भने आगामी निर्वाचन पनि एक उदाहरण बन्नेछ।

# भक्तपुर दरबारमा राष्ट्रिय कला सङ्ग्रहालय



सत्यमोहन जोशी

पुरातत्त्व विभागको निर्देशक रहँदै मैले गरेको अर्को एउटा काम भक्तपुरमा राष्ट्रिय कला सङ्ग्रहालयको स्थापना पनि हो ।

२०१६ सालताकै पुष्करलाल मास्के भक्तपुरको मजिस्ट्रेट थिए । उनी त्यस बखत नारायणहिटी राजदरबारका शक्तिशाली बडाकाजी पुष्पराज राजभण्डारीका ज्वाइँथिए । त्यसबेला उपत्यकाका तीनओटै सहरमा मजिस्ट्रेटको नियुक्ति पाएकाहरूलाई अत्यन्तै प्रभावशाली प्रशासकको भूमिका दिइएको थियो, निकै पछिका अञ्चलाधीशहरूजस्तै ।

पुष्करलाल मेरा पुराना चिनारु । उनी हवाई विभागमा रहँदै मेरो परिचय भएको थियो । पोखरास्थित हामी दुवैका मित्र प्रेमराज मुल्मीमार्फत राम्रै हिमचिम थियो । पछि आ-आफ्नो काममा लागेका थियौं ।

पुरातत्त्व तथा संस्कृति विभागको निर्देशक नियुक्त भएपछि उनीसँग मेरो फेरि जम्काभेट भयो । नियुक्ति पाएपछि विभागअन्तर्गत सरोकारका विभिन्न क्षेत्रमा म घुमफिर गर्न थालेँ । त्यसै क्रममा एक दिन भक्तपुर पुगेँ ।

भक्तपुरमा पुष्करलालको धाक र रमझम बेग्लै थियो । म पुगेको थाहा पाएपछि उनले नै मलाई चिया पिउनका निम्ति निम्त्याए । म गएँ । कुराकानीका क्रममा मैले मेरो कामको प्रसङ्ग उप्काएँ । त्यसैबेला उनले भक्तपुरमा मलाई केही गर्ने चाहना छ कि भनेर सोधे । मैले पनि राम्रो स्थान मिलेदेखि भक्तपुरमा एउटा गतिलो सङ्ग्रहालय स्थापना गर्ने चाहना रहेको सुनाएँ । त्यसबेला उनले प्रयोग गरिरहेको सबैभन्दा ठूलो र भव्य बैठक दरबार क्षेत्रभित्रकै 'लाल बैठक' थियो । मैले काम गर्ने हो भने प्राचीन कालको त्यो बैठक उनले मलाई प्रदान गर्ने जानकारी दिए ।

'यदि त्यो ठाउँ पाउने हो भने म यहाँ एउटा ठूलो म्युजियम बनाइदिन्छु ।', मैले पनि भनिहालेँ ।


त्यसबेला वीर पुस्तकालय मेरै विभागअन्तर्गत पर्थ्यो । त्यहाँ भएका सरसामग्रीको हरहिसाब पनि मसँगै थियो । मुलुककै त्यत्रो सम्पन्न सङ्ग्रहालय आफू मातहत भएपछि म यस विषयमा ढुक्क निर्णय लिनसक्ने अवस्थामा पुगिसकेको थिएँ ।

त्यसपछि पुष्करलालले मलाई सुम्पन तयार रहेको लाल बैठक देखाउन लगे । हल पनि गजबकै लाग्यो । पाटन दरबारमा रहेका बहादुर शाहको बैठक जत्तिकै गजबको त्यो बैठक देखेर मेरो उत्साह झनै बढ्यो । दायाँबायाँ भव्य मूर्तिहरू राखेर सजाइएको त्यो लाल बैठक यता पाटनको भन्दा अझ बढी भव्य थियो । त्यसमाथि संरचनाका हिसाबले पनि बलियो देखियो ।

मैले त्यतिबेलै त्यहाँ राष्ट्रियस्तरकै भव्य सङ्ग्रहालय बनाइदिने घोषणा गरेँ । उनले पनि त्यो बैठक मलाई सुम्पने मात्र नभई मजिस्ट्रेटका हैसियतबाट सक्दो सहयोग पनि गर्ने वचन सुनाए ।

त्यसलाई **राष्ट्रिय कला सङ्ग्रहालय** नामकरण गरियो ।

त्यसबेला फेरि चाहना राखेरमात्रै पनि धेरैथोक गर्न सकिँदैनथ्यो । न पर्याप्त बजेट हुन्थ्यो, न पुग्दो कर्मचारी थिए । तैपनि मैले दुई-चारओटा शोकेसहरू तयार पारेर त्यहाँ राख्न लगाएँ । वीर पुस्तकालयबाट केही महत्त्वपूर्ण कलाकृतिहरू पठाएँ । केही प्राचीन ग्रन्थ र ताडपत्रहरू पनि पठाइदिएँ । राजा प्रताप मल्ल तीर्थयात्राका निम्ति जान लाग्दा स्नान गरिरहेको चित्रसहित वर्णन गरिएको हस्तलिखित पुस्तक पनि थियो । पुस्तकालयमा रहेका उत्कृष्ट हस्तलिखित चित्रहरू, विष्णु धर्मोत्तरका दस



अवतारका चित्रहरू, बज्रयानी चक्रसंवर आदिका पौभा चित्रहरू, शैव र बौद्ध देवीदेवताका चित्रहरू, जीव-जनावरका चित्रहरूका साथै अनेक तन्त्रमन्त्र र मण्डलका चित्रहरू पनि मैले वीर पुस्तकालयबाट भक्तपुरस्थित सङ्ग्रहालयमा पठाइदिएँ । त्यसबाहेक भक्तपुर आफैं पनि जतातत्तै मन्दिर र कलाकृतिहरूको केन्द्र । त्यहाँ पुराना मठमन्दिरहरू भत्किएर त्यसका महत्त्वपूर्ण प्रस्तर मूर्ति एवम् कलाकृतिहरू जतातत्तै असरल्ल परेका थिए । मैले त्यस्ता मिल्किएका मूर्ति र कलाकृति पनि त्यहाँ सजाएर राख्न लगाएँ । भक्तपुरको सम्पत्ति भक्तपुरमै सुरक्षित तवरले राखिदिन्छु भनेपछि कसैले विरोध गर्ने कुरा पनि आएन । यसरी हेर्दाहेर्दै त्यसले गतिलै सङ्ग्रहालयको रूप लियो । त्यसपछि मैले यी सारा कुराको जानकारी विभागीय मन्त्री परशुनारायण चौधरीलाई गराएँ । उनी पनि दङ्ग परे । त्यस सङ्ग्रहालयको उद्घाटन प्रधानमन्त्रीबाटै गराउने इच्छा मैले मन्त्रीसमक्ष राखें । हुन्छ, म भनिदिन्छु भनेर चौधरीले मलाई जवाफ दिए । नभन्दै एउटा सार्वजनिक दिवस पारेरै हामीले त्यस राष्ट्रिय कला सङ्ग्रहालयको उद्घाटन तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाबाट गरायौं ।

त्यसबेला विभागसँग यातायातको साधन थिएन । म ट्याक्सी चढेर भक्तपुर पुगें तापनि मेरा पिताजी पैदल हिंडेरै त्यस सङ्ग्रहालयको उद्घाटनमा सरिक हुन पुग्नुभएको सम्झना अहिले पनि मलाई मीठो लाग्छ ।


प्रधानमन्त्री कोइराला आएपछि चोकभित्रै सभाको आयोजना गरिएको थियो । उद्घाटन गरेपछि प्रधानमन्त्री कोइरालाले मसँग बेग्लै कुराकानी गरेका थिए । 'मलाई त कुनै नियमित तवरले आयोजना भइरहने औपचारिक सभा समारोहमा बोलाउनुभएको होला भन्ने लागेको थियो ।' कोइरालाले मलाई भनेका थिए, 'यति महत्त्वपूर्ण कामको उद्घाटन गर्न पाएकोमा असाध्यै खुसी लागेको छ ।'

'यस्तो ठूलो सङ्ग्रहालय बनाउन कसरी सम्भव भयो ?' भनेर प्रधानमन्त्रीले मसँग जिज्ञासा राख्दा मैले त्यतिबेलै सबै वृत्तान्त छोटकरीमा सुनाइदिएको थिएँ ।


भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालय आज पनि मुलुककै एउटा महत्त्वपूर्ण दर्शनीय स्थल बनिरहेको छ । बेला-बेलामा म त्यसबारेका समाचारहरू पनि पढिरहन्छु । त्यस्ता क्षणहरूमा मलाई त्यो पुरानो दिनको धमिलो सम्झनाले पनि छोपिरहेको हुन्छ ।

(संस्कृतिविद् तथा वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशीको जीवनीमा आधारित लेखक गिरीश गिरीले लेख्नुभएको 'सत्यमोहन' पुस्तकबाट साभार)

## बासिबियाँलो



Pp6}h:tf]b]jP klg b0{rqdf s}L k'/s 5g\ k]nf kf/] lrgf]hufpg\xf]; \



lrqsf]tn lb0Psfh:t}j:tx¿ sxfF5xfF5g\

(चित्र : इन्टरनेट)

# नेवाः समाजमा दिगु पूजा



ओम धौभडेल

नेपाल मण्डलभित्रका प्राचीन नेवाः बस्तीहरू मध्ये खोपृङ अर्थात भक्तपुर पनि एक महत्त्वपूर्ण बस्ती हो। त्यसो त यो बस्ती कति पुरानो हो अनि कहिलेदेखि यहाँ मानिसहरू बसोबास गरेको भन्ने प्रश्नले सदैव महत्त्वको साथ उत्तर खोजिरहेको हुन्छ। यसै सन्दर्भमा प्रत्येक भक्तपुरवासीहरूले वर्षको एकपटक गर्दै आएको दिगु पूजामार्फत कता कता यो प्रश्नको उत्तर दिन सकिन्छ जस्तो लाग्दछ। हुन त नेवाःहरूमा आफ्नो आगम द्यः र दिगु द्यः बारे अरूलाई बताउनु हुँदैन भन्ने मान्यता छ। यहाँ आगम द्यः भन्नाले आ–आफ्नो इष्टदेवी भन्ने बुझिन्छ। इष्ट देवता मातृकादेवी हुने हुँदा आफ्नै घरभित्र सुरक्षित रूपमा स्थापना गरिएको हुन्छ। तर दिगु द्यः भनेको कुल देवता हुन्। जुन पुरुष हुन्। यसबारे अरूलाई बताउने चलन छैन। त्यसो भएर पनि दिगु पूजाबारे हामीलाई कममात्र जानकारी भएको हुनु पर्छ। तर जे भएपनि नेवाःहरूले वर्षको एकपटक दिगु पूजा मनाएकै हुन्छ।

नेवा समूदायले महत्त्व दिदैं आएको दिगु द्यःलाई देगु द्यः, दुगु द्यः पनि भन्ने चलन छ। दिगुपूजा भन्नेको कूलदेवताको पूजा भन्ने स्पष्ट छ। तर, नेवार समाजमा आफ्नो कुल पुरुषलाई 'जिगु' अर्थात् आफ्नो को ठाउँमा दिगु पूजा भन्न पुग्यो। अझ दिगु पूजाको ठाउँमा अचेल दुगु पूजा बढी प्रचलित हुन पुगेको छ। वास्तवमा दिगुद्यः, देगु द्यः दुगु द्यः जे भनिएता पनि यसले नेवाः समाजले आ–आफ्नो कुल वंशले विशेष रूपले पुज्दै आएको देवता हो भन्ने बुझिन आउँछ। कुल तथा वंशको प्रतिपालन गर्ने देवताको रूपमा दिगु द्यः लाई लिने चलन छ। यसको प्राचीन इतिहास त्यति भरपर्दो छैन। लिच्छवि कालतिर राजा अंशुवर्माको हाँडीगाउँको अभिलेखमा 'श्रीकुलदेवस्य' भनी दिगु द्यःलाई इङ्गित गरेको देखिन्छ। यता मध्यकालमा दिगुद्यःलाई देगुधि द्यः भनी उल्लेख गर्न पुगे। राजा जयस्थिति मल्लले आफ्नो छोरा जयधर्ममल्लको विवाहको अवसरमा देधुरी पूजा गरेको उल्लेख छ। इहि देधुरीबाट पछि देगुरी, देगुडी, देगुडि, दिगी पूजा बन्न पुगे। अचेल देवाली पूजाले पनि बढी स्थान लिएको छ।

दिगु पूजा हरेक वर्ष विस्का जात्रातिरको सुब्याबाट सुरु हुन्छ। सुब्याको अर्थ एउटा असल दिन भन्ने बुझिन्छ। जुन चैत्र शुक्ल पूर्णिमाको चार दिनपछि हो। यो दिन भक्तपुरको घट्खा टोलका त्वायना र माथिल्लो भेगका साखकर्मीलगायत केही अरू थरका मानिसहरूको दिगु पूजा हुन्छ। त्यसपछि अक्षय तृतिया एक दिन अगाडि भक्तपुर नवदुर्गा भवानीको दिगु पूजा हुन्छ। जसमा १०८ थरिका विभिन्न फूलहरू चाहिन्छ। इहि दिन टौमढी स्थित भैरवनाथ र तलेजुबाट दुवाकोटको मानेश्वरीको पनि दिगु पूजा हुन्छ। त्यसको भोलिपल्ट अर्थात वैशाख शुक्ल तृतिया (अक्षय तृतिया) देखि सर्वसाधारण भक्तपुरवासीको दिगु पूजा सुरु हुन्छ। यो दिन विशेष गरी बहुसङ्ख्यक सङ्ख्यामा रहेका माथिल्लो भेगका प्रजापति र तल्लो भेगका जोन्छे थरिका दिगु पूजा हुन्छ। यसमा माथिल्लो भेगका प्रजापतिहरूको दिगु पूजा गर्ने शैलीमा केही विशेषताहरू छन्। कोतःपूजा राखी पूजा गर्नुपर्ने प्रजापतिहरू कहाँ गुरुजुका श्रीमतीहरू आई पूजा राख्नुपर्छ। जुन पूजामा आचाजु, गुरुजु र ब्राम्हण समेत आवश्यक हुन्छ। यसरी माथिल्लो भेगको सुजमारी, जेला, ऐरा (च्यामासिंह), त्वचा जस्ता विभिन्न ठाउँहरूबाट पूजा जाँदै गर्दा टौमढीस्थित तील माधव नारायण चोकमा सबै भेला हुनुपर्छ। त्यहाँबाट ब्राम्हण पुरोहितलाई घाजी लँ (मुजा परेको लुगा) लगाई छाता ओढाई बाजा गाजाका साथ नगरको पश्चिम दिशाको सल्लाघारी नेरको रानी पोखरी छेउ पुग्दछ। त्यस्तै तल्लो भेगका जोन्छेहरूको दिगु पूजा गर्ने ठाउँ पनि त्इहि पोखरीवरपर हो। यो पोखरी वि.सं. १६८७ मा भक्तपुरका राजा जगज्योर्ति मल्लले बनाउन लगाएका हुन्। वास्तवमा त्योभन्दा पहिले उनीहरूले पश्चिमपट्टिको भैल हयुः पारि दिगु पूजा गर्दै आएकोमा त्यहाँको वातावरण अत्यन्त सुनसान डरलाग्दो भएपछि जगज्योर्ति मल्लले यो पोखरी बनाइसकेपछि पोखरी छेउमै पूजागर्ने प्रथा विकास भएको देखिन्छ।

यता अक्षय तृतियाको पाँच दिनपछिको दिनलाई तः दिन भनिन्छ। यो दिन भक्तपुरका सबैभन्दा बढी सङ्ख्यामा भएका कश्यप गोत्रहरूको दिगु पूजा हुन्छ। यो दिन विशेष गरी किसान वर्गको हुन्छ। यसरी सुब्या, अक्षय तृतिया र तः दिन गरी तीन मुख्य दिनहरू पछि हरेक आइतबार र बिहीबार पूजाको क्रम सुरु हुन्छ। यसमा विशेष गरी मानगोत्र, भारद्वाज गोत्र जस्ताको दिगुपूजा हुने गर्छ। बीचमा केही गरी जुठो

परेका वा अरू कारणले पूजा गर्न नहुनेहरू सबैको सबभन्दा पछि सिथि अर्थात जेष्ठ शुक्ल षष्ठीको दिन यो पूजा सम्पन्न गर्नुपर्छ। जेष्ठ शुक्ल षष्ठीको पछिल्लो शब्द षष्ठीको अपभ्रंष सिथि बन्नपुगेको हो। यसैलाई पछिल्लो पटक सितींवागु नखा अर्थात् काम नलाग्ने पर्वसमेत भनिन थालेको छ। वास्तवमा वो चटामारी खाएर कार्तिकेय कुमारको पूजाआजा गरी मनाउने सिथि दिगु पूजाको एउटा महत्त्वपूर्ण दिन हो। यसबाट दिगु पूजा गर्ने पहिलो दिन सुब्याके हो भन्ने अन्तिम दिन सिथि हो भन्ने एउटा परम्परा चल्दै आएको छ।

भक्तपुर नगरको सीमा बाहिर ठाउँठाउँमा खोलापारि दिगु द्यः स्थापना गरेको भेटिन्छ। त्यसो त पहिले पहिले यी देवता नगरबाट टाढाको जंगल छेउ स्थापना गरिराखेको मानिन्छ। काठमाडौं उपत्यका पहिला एउटा ठूलो दह रहेको समयमा दह वरपर मानव बस्ती रहेको मान्यता छ। सो समयमै आफ्ना पूर्वजहरूको सद्‌गति गरेको स्थानमा कुलदेवता रहेको भन्ने गरिन्छ। पछि चोभारको गल्छीबाट यहाँको पानी बाहिर गई खाल्डोमा मानव बस्तीको विकास भएपछि आफूलाई पायक पर्ने नजिकको स्थानमा आफ्ना कुलदेवता स्थापना भयो। यसै क्रममा प्राचीन भक्तपुर नगर सुडाँलनेर ङाबुँ वरपर रहेको मान्यता छ। भक्तपुर नगरको पूर्वमा पर्ने सुडाँलको केन्द्र ङाबुँ हो। ङा को अर्थ माछा अनि बुँ भनेको खेत हो। एकपटक यहाँको खेतमा आकाशबाट माछाहरू झरे पछि ठाउँको नाम नै ङाबुँ कहलिन पुग्यो। एकताका भक्तपुर इहि ङाबुँमा रहेको कथन पाइन्छ। सम्भवत लिच्छविहरूभन्दा पहिला पूर्वमा ब्रम्हायणीदो पश्चिममा हालको ब्रम्हायणीस्थान, उत्तरमा छालिङ र दक्षिणमा इथाचामा समूहगत रूपमा मातृकादेवी स्थापना गरी नगर बसालेको मानिन्छ। जुन पछि उडुसले अति दुख दिएपछि भक्तपुर नगर ङाबुँबाट हालको तुमचोनेर बस्ती सरेको कथन छ। यसपछि हालको कमलविनायक वरपर तुमचोमा भक्तपुर नगर रहेको अर्को कथन पाइन्छ। भक्तपुर कमलविनायक पोखरीको केही दक्षिणपश्चिमको भागलाई तुमचो भनिन्छ। भनिन्छ, यो ठाउँमा तुला रानीको दरबार थियो। यो ठाउँमा घर बनाउन जग खन्दा ठूलठूला इँटाका जगहरू भेटिएबाट यहाँ कुनैबेला बस्ती भएको हुनसक्छ। ऐतिहासिक तथा प्रामाणिक रूपमा हालको भक्तपुर नगर बसाउने श्रेय लिच्छवि राजा आनन्ददेवलाई जान्छ। तान्त्रिक मतको प्रचार प्रसारसँगै लिच्छवि राजा आनन्ददेवले श्रीयन्त्राकार भक्तपुर शहर बसाउँदा नगरको आठ दिशामा अष्टमातृका देवी स्थापना गरेको समयमा यी दिगु द्यः हरूलाई पनि खोला पारि स्थापना गरेको मानिन्छ। यसरी आफूलाई सजिलो पार्ने हेतुले अहिलेसम्म देवता सार्ने प्रचलन नेवाःहरूमा चलेकै छ। भक्तपुरमा प्रायः गरी दिगु द्यः इहि आठ अष्टमातृका देवीहरूको पीठ रहेको ठाउँ जहाँ आठ मसान, आठ बालमशान वरिपरि नै पाइन्छ। विशेष गरी दक्षिण दिशा एउटा बाहेक पूर्व, पश्चिम र उत्तर दिशातर्फ यो प्रचलन कायमै छ। भक्तपुरको दिगु द्यः हरू प्रायः गरी चुपींघाट पारि, हनुमानघाट पारि, ब्रम्हायणी पारि, माहेश्वरी पारिदेखि चाँगु, झौखेल, ताथली, छालिङ, दुवाकोट जस्ता ठाँउहरूमा स्थापना गरिएको भेटिन्छ। यसै क्रममा पूर्वतर्फ कमलविनायक पोखरी र पश्चिमतर्फ सिद्धपोखरी, नः पोखरी, भाजु पोखरी बनिसकेपछि थुप्रै टाढा टाढाको दिगु द्यः अझ सजिलोको हिसाबले ती पोखरी वरिपरि स्थापना हुन पुगे।

तापनि भक्तपुर शहरको दक्षिण दिशातर्फ आएर पूर्वबाट पश्चिमतर्फ बगेको हनुमन्ते खोलाको तीन प्रमुख ठाउँका दिगु द्यः लाई दथु, थथु र कुथु सुब्या भन्ने चलन छ। जहाँ ब्रम्हायणी पीठ वरिपरि दिगु पूजा गर्नेलाई थथु सुभ्या भनिन्छ। थथु सुब्या भक्तपुरको एउटा मुख्य दिगु द्यः हो। थथुको अर्थ माथिल्लो हो। जुन तुमचोभन्दा पूर्वतर्फ रहेको छ। यहाँ दिगुद्यः रहेकै कारण स्थानीयहरू बीच दुगुरे नामले प्रख्यात छ। यो ठाउँ हाल तुमचो दुगुरेबाट चिनिन्छ। हनुमानघाटको ॐकारमसानको पूर्वतर्फ एउटा एकतले मन्दिर छ। यो दिगु द्यः लाई दथु सुभ्याले पुकारिन्छ। दथु सुब्या भक्तपुरको मध्य भागको मूल दिगु द्यः हो। जुन खोह्रे अर्थात् हनुमानघाटमा छ। भीमसेनस्थानको मूल दिगुद्यःको मन्दिरलाई कुथु सुभ्या भन्ने गरिन्छ। कुथु सुब्या नगरको तल्लो भेगको मुख्य दिगु द्यःको मन्दिर हो। कुथुको अर्थ तल्लो हो। सङ्ख्यात्मक हिसाबले सबैभन्दा बढी कुथु सुभ्यामा पूजा गर्ने पाइन्छ। चुपींघाटभन्दा पूर्वतर्फ जाने मू तांः तरेपछि मू दिप भेटिन्छ। त्इहि मू दिपभन्दा पूर्वतर्फ बाटोको दायाँबायाँ थुप्रै दिगु द्यः छन्। तापनि बाटोको दायाँबायाँ एक एकतले साधारण देवल छ। जसको वरपर सरस्वती मन्दिर, भीमसेन, धुमबाराही आदि भएको दायाँतर्फको दिगु द्यः सबैभन्दा बढी पुजिने देवस्थल हो। यो नै कुथु सुभ्या हो।

यो देवलभित्र थुप्रै अर्मूत देवताहरू स्थापना गरिएको छ। यहाँ आ–आफ्नो देवतालाई मात्र पूजा गरे पुग्छ। जस्तै कसैको साँगा कुं, कसैको सुज कुं, कसैको खुज कुंतर्फ हेरी पूजा गरिन्छ। अर्थात् कोही पूर्वतर्फको दिगु द्यः पूजा गर्छ कोही उत्तर पूर्वतर्फको र कोही दक्षिण पूर्वतिरको देवतालाई आफ्नो दिगु द्यः मानी पूजा गर्दछ। सांगा कुं को अर्थ भक्तपुरबाट बनेपा जाँदा बाटोमा पर्ने सांगा दिशा भन्ने हो। सांगा भएर यहाँ प्रवेश गर्नेहरूले यद्यपि सांगातिर नै हेरी दिगु

पूजा गर्नु नै सांगा कुं पूजा हो भन्ने बुझिन्छ। सुज कुं ले भक्तपुर नगरको उत्तरपूर्व अर्थात् सूर्य उडाउने दिशालाई इङ्गित गर्छ। सुज कुंतर्फ हेरी पूजागर्नेमा लेखक स्वयम् पनि हो। खुज कुं भक्तपुर नगरको दक्षिण पूर्व दिशा हो। यसले नंखेल, डोलेश्वर , आशापुरेश्वरलाई जनाउँछ। प्राचीनकालमा भारतबाट तराई हुँदै पनौती आउने मार्ग रहेको इतिहासमा पाइन्छ। इहि पनौतीबाट ब्यावर, आशापुरेश्वर हुँदै भक्तपुर आउने परम्परागत मार्ग खुज कुं ठहरिन आउँछ। यसको अर्थ भक्तपुरमा आफूहरू कुन दिशाबाट प्रवेश गरेको हो, सो दिशातर्फको कुल देवतालाई पूजा गर्नु हो। पश्चिमाभीमुख सो मन्दिरमा पूजा गर्दा आफ्नो मुख पूर्वतर्फ सोझै फर्केर पूजा गर्नेहरूले सांगा कुं पूजा गरेको हो। यदि पूजा गर्दा उत्तर पूर्व फर्केर पूजा गरेको छ भने सुज कुं पूजा गरेको हो। पूजा गर्दा दक्षिण पूर्व फर्केर पूजा गरेमा खुज कुं पूजा गरेको ठहरिन्छ।

यस्तै यहाँनेर दिगुपूजा गर्नलाई अपनाउनु पर्ने निश्चित प्रक्रियातर्फ पनि एकपटक ध्यान पुऱ्याउनै पर्छ। किनकी यो पूजा चार दिन अगाडिबाट कुनैपनि अभक्ष चीज खानुहुँदैन। एक दिन अगाडि सबैले नुहाउनुपर्छ। घर शुद्ध गर्न गोबर रातो माटोले लिप्नुपर्छ। घरको भान्छामा भात पकाएका सबै भाँडाकुडाँ सफा गरी माझ्ने र लुगा धुने गर्दछ। घरको जेठो पुरुषले एक छाकी बसी कपाल खौरने गर्दछ त महिला वर्गले नापितबाट नङ छुवाउने गर्नुपर्छ। दिगु पूजाको दिन घरकी नकींले शुद्ध भई कोत:पूजा हाल्छ। कोत: पूजा एउटा ठूलो गोलो खाल्डो परेको थालीमा राख्ने पूजा हो। विशेष ठूला संस्कारमा मात्र कोतः पूजा राखिन्छ। व्रतवन्ध, विवाह, गुथि, पीठ पूजा जस्तै दिगु पूजामा पनि कोतः पूजा राखिन्छ। विशेष गरी बोकाबलि दिनुपर्ने, मोहनी राख्नु पर्ने पूजामा यो पूजा राख्नु अनिवार्य मानिन्छ। कोत:मा चटामारी, बारा, समयबजी, रक्सी, गाईको दुध, मुस्वां नभई नहुने सामग्री हो। पहेंलो कपडा, रातो तुलबाला, जौ पनि आवश्यक मानिन्छ। पूजा निस्कन अगाडि घरकी नकीं स्थानीय गणेश देवताकहाँ सर्वप्रथम पूजा गर्न जान्छ। त्यसपछि नायोले कोत:पूजा र जल भाँडो समात्छ। अरू सबै दाजुभाइमा जेठो क्रम अनुसार आवश्यक पूजा सामग्री बोकी लाम लाग्दछ र आफ्नो दिगु द्यः भएको ठाउमाँ पूजा गर्दछ। पूजा प्रायः नायोले नै गर्दछ। दिगु पूजा गर्दा आफ्नो दिगु द्यः को साथसाथै नारायणको पनि पूजा गर्दछ। विशेष गरी बोका, हाँस बलि दिने बेला नारायणलाई छोप्ने गर्दछ। वर्ष दिनभित्र आफ्नो घरमा कसैको इहि, ब्रतबन्ध, विवाह भएको छ भने त्यो वर्ष दिगु पूजा अलि विशेष हुन्छ। त्यस्तो अवस्थामा इहि गरेकी बालिका, ब्रतबन्ध गरेको केटा र विवाह गरी ल्याएको दुलहीलाई दिगु द्यः कहाँ विशेष रूपमा लगी दु तयेगु गर्दछ। दु तयेगुको अर्थ दिगु कुल देवताकहाँ प्रवेश गर्नु भन्ने हुन्छ। केटाको हकमा व्रतबन्ध पछि दु राख्ने गरिन्छ। विवाहपछि दुलही पनि आफ्नै गोत्र थरका हुने भएपछि दु राखी कुलमा सम्मिलित गराइन्छ। तर आफ्नै घरका छोरीहरू विवाह पूर्वमात्र आफ्नो हुने, विवाहपछि अरूको घरकी कुलको हुने मान्यताले इहिको बेलामा दु राखी त्यसपछि छोरीबेटी कुल देवताकहाँ जाने चलन छैन। तर अचेल परिवार सबै कुल देवताकहाँ गई रमाइलो गर्ने प्रचलन चल्न थालेको छ।

त्यस दौरान इहि (बेलविवाह) गरेको भएमा सौपा दिगु द्यः कहाँ लिएर जानुपर्छ। इहि गर्दा इहि गर्ने कन्यालाई हस्तान्तरण गरेको कलात्मक चित्र सहितको माटाका भाँडा नै सौपा हो। इहि गर्दा आफूले पाएको सौपा दिगु पूजाको बेला दिगु द्यः लाई नासो फिर्ता गर्नुपर्छ। त्यस्तै ब्रतबन्ध गरेको भएमा कयता काप दिगु द्यः लाई चढाउनु पर्छ। कयता काप ब्रतबन्ध गर्दा मामाले लगाइदिएको पिताम्वर कपडाको लगौँटी कपडा नै कयता काप हो। ब्रतबन्ध गर्दा सर्वप्रथम लगाइदिएको जस्तै पिताम्वर कपडा दिगु द्यः कहाँ अनिवार्य हुन्छ। विवाह भएको भएमा दुलहीले एकमुठी सुपारी दिगु द्यः लाई चढाउनु पर्छ। सिङ्गो सुपारीको नेवार समाजमा ठूलो अर्थ छ। सुपारीले नाता कायम हुने तथा नाता तोड्ने काम भएको सन्दर्भमा दिगु द्यः कहाँ दुलहीले एक मुठी सिङ्गो सुपारी लग्ने चलनले नयाँ दुलहीले कुल देवतालाई सुपारी दिई नाता कायम गरेको बुझिन्छ। ब्रतबन्ध र विवाहमा छागबलि हुन्छ। छागबलिको खास अर्थ बोका बलि हो। कोतः पूजा गर्दा छागबलि आवश्यक हुन्छ भने बेलविवाह भएमा हाँस काटिन्छ। दु राख्ने समयमा दिगु द्यः अगाडि नायोले कुलेपाथी साँचोको झुप्पा लिई बेलविवाह व्रतबन्ध वा विवाह गरेका व्यक्तिको टाउको, कुम र घुँडामा तीनपटक छुवाउने गर्दछ। यसको अर्थ दिगु द्यः टाउको, कुम र घुँडामा बास भएमा दिन राम्रो हुन्छ। दिगु द्यः पाइतला मुनि बसे दिन नराम्रो हुन्छ भन्ने मान्यता छ। यसरी दिगु पूजाको क्रममा छागबलि दिइसकेपछि त्यहीं समयबजी खाने गर्दछ। पूजा सकाई घर फर्कने क्रममा दोबाटो चौबाटोमा लां पूजा गर्नुपर्छ। लां पूजाको अर्थ दिगु पूजा सकाई घर फर्कने क्रममा दोबाटो चौबाटोमा पर्ने देवदेवीलाई नायोले पहिला जलले घेरा बनाई अक्षता फूल चढाई गर्ने पूजा हो। फर्कँदा घरको मूल ढोका नपुगुञ्जेल बाटोमा यसरी लां पूजा गर्नुपर्छ। घर आई मूल ढोकामा पूजागरि नकींदेखि सबै स-साना बच्चाहरूलाई समेत मोहनी, टिका, तुलबाला, प्रसाद बाँडी दिन्छ। त्यही समय स्वता कायेगु गरिन्छ। त्यस्तै बेलुका सम्पूर्ण दाजुभाइ परिवारसँगै बसी स्यु

काय भ्वय खाने गर्दछ। स्यु काय भोज विशेष गरी छागबलि दिइँदा खाने भोज हो। त्यसमा बोकाको विभिन्न आठओटा अङ्ग क्रमशः जेठोदेखि दिनेगर्छ। अन्तमा नकींले छ्वास अजिमा कहाँ कलाँ वायेगु गरिसकेपछि एक वर्षको लागि दिगु पूजा सकिन्छ। छ्वास अजिमाको खास नाम षष्ठिकादेवी हो। यसको अपभ्रंष छ्वास हुन पुगेको हो। टोलबस्तीको क्षेत्रपालको रूपमा सुरुक्षा दिने यो देवीलाई मान्छे मर्दा, जन्मिदादेखि हरेक स्यु काय भोज हुँदा जुठो सबै चढाउने चलन छ। जसलाई कलं वायेगु भनिन्छ। कलं वायेगु कार्य नेवार समाजको एउटा मौलिक प्रचलन हो। नायोले खाएको जुठो एउटा पित्तलको बाटामा राखी कला ब्वः भनी एक भोज भाग राखी त्यसमाथि बत्ती बाली घरकी नकींले बोक्छ। त्यसको अगाडि एकजनाले कुचोले बढार्दै जान्छ। पछि पछि नकींले त्यो बाटा बोकी कसैलाई नछोई, पछाडि नफर्की छ्वास अजिमाकहाँ घोप्टाइदिन्छ। घरको पिखालाकी नेर आई बाटा पखाली त्यसमा केही पानी राखी घरमा छर्कंदै माथि जान्छ। त्यतिबेलासम्म भोज खाएकाहरू उठ्नु हुँदैन। नकींले बाटामा ल्याएको जल सबैले अलि अलि खान्छ। यो जलले पेट दुखेको रोग निको हुन्छ भन्ने मान्यता छ। सबैले जल खाइसकेपछि त्यो भाँडा भुइँमा घोप्टाई त्यसमाथि नकींले बत्ती दिई अक्षताले पूजा गर्छ। र हातको औंलाले भाँडामाथि तीन चोटि हान्छ। त्यसपछि भाडाँ सुल्टो पार्छ। कलं वायेगु पूर्ण हुन्छ। त्यसपछि मात्र नकींले अरूसित बोल्नुहुन्छ।

यसरी दिगु पूजा सम्पन्न भए पनि कोही कोहीले चतुर्थी भनी चारदिन भोज मनाउनेहरू पनि प्रशस्त छन्। चतुर्थी नेवार समाजमा कुनै ठूलो संस्कार जस्तै विवाह, व्रतबन्ध, गुथि आदि गर्दा भोजभतेर सबै सम्पन्न भइसकेपछि चारौं दिनमा आफूले मान्दै आएको गणेशस्थान जस्तै भक्तपुरमा भए सूर्यविनायक गणेश वा चोङ्गा गणेशस्थानमा परिवार र नजिकका आफन्त बीच पुनः भोज खानु नै चतुर्थी गर्नु हो। त्यस्तै चौथो दिनमा आफ्नो इष्टदेवता पीठमा गई छागबलि दिई भोज खानेहरू पनि छन्।

त्यसो त सबै भक्तपुरवासीहरूले एकै प्रकारले दिगु पूजा गरेको पाइँदैन। तर बोलाछेँ लागातिर बस्ने हाकुज्या प्रजापतिहरूले हाँस काट्दैनन्। हाकुज्या गर्ने प्रजापतिहरू हाँसलाई आफ्नो विश्वकर्मा मान्दछन्। त्यस्तै टौमढी कुल्माननी बस्ने लाखेहरू आफ्नै घरको मातनमा दिगु द्यः स्थापना गरी पूजा गर्ने चलन छ। यता धौबन्जारहरूको पनि घरभित्रको मूल थाममा एउटा फुल जतातिर फुट्छ त्यही दिगु पूजा गर्छन्। मूलढोका बस्ने भद्राहरू कौसीमै दिगु पूजा गर्छन्। टौमढीका मुल्मी खलकको पनि घर भित्र नै दिगु पूजागर्ने चलन छ। त्यस्तै व्रतबन्ध र विवाह लगायतमा प्रायःले दिगु पूजामा बोका काट्ने चलन भएपनि चोछेँका ख्वालापाला र तेखाचोका न्याइच्याईहरूको कहिल्यै बोका काटिँदैन। उभ्राँथाछे खलकको बाह्रवर्षमा एकपटक हरिसिद्धिको जलाँ द्यः भक्तपुर लायकु ल्याउदाँमात्र दिगु पूजा गर्दै आउने गरेकोमा हाल आएर प्रत्येक वर्ष हरिसिद्धि मै गई पूजा गर्ने चलन बनाएको छ। भक्तपुरमा प्रायःको दिगु द्यः नगर बाहिर अर्थात खोलापारि भएता पनि खौमा, इटाछेँका धवा खलकको दिगु द्यः खौमा साँयजु चोकभित्र छ। त्यस्तै इटाछेँका खेंधौमाकु खलकको दिगु द्यः चोछेँ दोपातमा रहेको छ। भक्तपुर लाकुलाछेँ टोलका चवालहरू दिगु पूजाको दिन कुछिभ्वय खाने चलन छ। ब्यासीका कोजु खलकको दिगु पूजाको क्रममा पूजा सबै दिगुस्थानमा छोडी दिन्छ। काग आएर पूजाको थालीबाट केही चीज खाइसकेपछि मात्र दिगु पूजा शुरु गर्छन्। यता ध्वजु खलकको त पूजा थाल स्यालले छोएपछि मात्र पूजा गर्ने चलन रहेछ। अचेल स्याल आउन छाडेपछि घरबाट नै स्यालको प्रतिमा बनाएर लगिन्छ। र त्यही प्रतिमाले छुवाइसकेपछि दिगु पूजा सुरु हुन्छ। कुनै समय भक्तपुरका हाडा बिजुक्छेँहरू आफ्नो दिगु पूजा गर्न जाँदा दुवाकोटसम्म अरूको जग्गामा नटेकी आफ्नै जग्गा भएर दिगु पूजा गर्न जान्थे। अचेल दुवाकोटको सो दिगु द्यः सार्दै भक्तपुर नःपोखरी छेउ स्थापना गरेको छ। धौभडेल परिवारको दिगु पूजा गर्दा सम्पूर्ण धौभडेल परिवार एकत्रित भई बाजागाजा बजाई पूजा गर्न जाने चलन थियो। अचेल यो प्रथा बन्द भैसकेको छ। त्यस्तै तमखु र खर्बुजाहरूको वर्षको दुईपटक दिगु पूजा गर्नुपर्छ। एकपटक सुरुकै सुभ्याको दिन अर्को सबैभन्दा पछि सिथिको दिन। दिगु पूजा गर्ने अन्तिम दिन सिथि भएता पनि टिवुक्छेँका मलेपति खलक र याछेँका नापितहरूको दिगु पूजा आषाढ शुक्ल प्रतिपदाको दिनमा मात्र गर्ने चलन छ। यस्ता थुप्रै चलनहरू दिगु पूजामा भेटिन्छ। कौसीमा फुल जहाँ फुट्यो त्यही पूजा गर्नुपर्नेहरू पनि छन्। त्यस्तै पूजा लिई तल झर्दै गर्दा भन्याङमा नकीं चढ्नु पर्नेहरू पनि छ। कसैको पूजा राखिसके पनि पूजा थाललाई खुट्टाले घचेटनुपर्ने पनि छ। पूजा गर्ने नायोले पूजा गर्नु पूर्व पेटभरि खानुपर्ने चलन कसै कसैको बाँकी नै छ। कसैको दिगु पूजालाई निकु (पूरै कालो) बोको चाहिन्छ। दिगु पूजा गर्न घरबाट दिगु द्यः बोकी जानेहरू पनि छन्। कसै कसैको दिगु पूजा गर्न जाँदा खोलाको कुनै पनि ढुङ्गा छानी पूजा गर्ने पनि छ। दिगु पूजाको दिन बोकाको मात्र मासु खानुपर्नेहरू थुप्रै छन्। दिगु पूजाको दिन राँगाको मासु चल्नेहरू पनि यही छन्। यस्ता असङ्ख्य अनौठो चलनले दिगु पूजामा रौनकता थपेको छ।

# लक्ष्मीनरसिंह मन्दिरको पुनर्जीवन



सरिता धुख्वा



dl6b/ kg{lgdf{0f cl3sf]:j?k

भक्तपुर नगरको  वडा नं. ५ स्थित टौमढीको दक्षिणतिर गःहिति टोल रहेको छ। यस टोलमा भक्तपुरको मुख्य बिस्केट जात्रामा भैरवनाथको रथ मार्ग रहेको छ। यसैकारण यो टोल नगरको एक प्रमुख टोल हो। गःहिति टोलमा दुई–तीन तहको पेटी माथि एक तले जस्तापाताको छाना भएको लक्ष्मीनरसिंह मन्दिर रहेको छ। यसै मन्दिरको पूर्व दक्षिण पेटीको भागमा पाताल गणेशको स्थापना गरिएको छ। यो मन्दिर राजा जयस्थिति मल्लले बनाउन लगाएको र पछि राजा जितामित्र मल्लको समयमा पुनः निर्माण भएको कथन छ। यस मन्दिर मल्लकालको एउटा महत्त्वपूर्ण सम्पदा हो। पुरानो फोटोको आधारमा सुरेन्द्र जोशीले यस मन्दिरको प्रारूप बनाउनु भएको हो। तीन सय पचास वर्ष पुरानो यस मन्दिरलाई पुरानै स्वरूपमा भक्तपुर नपाले पुनःनिर्माण गरिरहेको छ। यसको लागि मन्दिरको नक्सा तथा प्राविधिक सहयोग भक्तपुर नपा सम्पदा शाखाबाट भइरहेको छ।

मन्दिरको पुनःनिर्माण कार्य मन्दिरको पहिलो अवशेष



dl6b/sf]hu pTvgg

हटाउने कार्यबाट सुरु भएको थियो। पहिले रहेको एक तले मन्दिरको छाना, दलिन निकाल्ने र गारो भत्काउने कार्य साथसाथै मन्दिरभित्र रहेको लक्ष्मीनरसिंहको मूर्ति व्यवस्थित गरिएको थियो। त्यस पश्चात् मन्दिरको प्लिन्थ (plinth) छेउबाट खन्ने काम सुरु गरियो। यसैक्रममा मन्दिरको जगको आकृति र भित्रको वास्तविक संरचना भेटिएको थियो। मन्दिरको उत्तरतिर उत्खनन गर्दा देव आसनको जलद्रोणी भेटिएको थियो। मन्दिरमा चढाएको जल ड्रुंड (canal) द्वारा जलद्रोणीमा जाने गरी बनाएको पाइयो। मन्दिरको भित्री गर्भ गृहमा पश्चिमतिर एउटा ढोका रहेको थियो। पछि उत्खनन गर्दा गारोको चारै दिशामा ढोका राख्नको लागि प्रयोग गर्ने टेपु ल्हौं भेटिएको थियो। यही प्रमाण स्वरूप प्रस्तावित प्रारूपमा चारैतिर ढोका राखिएको छ। साथै देवआसनको मुनि साँस प्वः भेटिएको थियो। मन्दिरको प्लिन्थबाट ९'–६'' खन्ने कार्य गरिएको थियो। यसबाट जगको बनावट जसमा तलबाट माथि तहहरूमा ढुङ्गा, त्यसपछि माटोको तह र पाँगो माटो रहेको पाइयो। अध्ययनको आधारमा यसरी तहहरू राखिनुको कारण जमिनबाट माथि मन्दिरको प्लिन्थतिर ओसिनबाट जोगाउनु हो।


मन्दिरको उत्खनन कार्यपश्चात् मन्दिरको पुनः



dl6b/sf]k/fgf]lrq -bfofF\gf_



hudf nfsf;L÷flvb}




dlGb/sf]k|tflj t k|?k



pTvggdf e]6Psf]hn hfg]8F

निर्माण कार्य सुरु गरिएको थियो। मन्दिर वरिपरि रहेको पेटीहरूलाई यथावत राखी बीचमा रहेको मन्दिरको जगदेखि पुनःनिर्माण थालियो। मन्दिरको जग खन्दा भेटिएको ढुङ्गाको सतह माथि ४" चुना सुर्खीको Lime Concrete गरिएको छ। त्यस पश्चात् मा अप्पा र चुना सुर्खी प्रयोग गरी उत्खननको निमित्त खनिएको भाग कम्प्याक्ट (compact) गरियो। यसमा २३ सल (3'-10") मा अप्पाको तहपछि लाकासिं (base plate) प्रयोग गरी मन्दिरको कुं थाम ( upright post) गारोमा राखिएको छ। मन्दिरको प्रस्तावित प्रारूपअनुसार बाहिरी गारो ६९ से.मि., भित्री गारो ६० से.मि. र भित्र मन्दिर घुम्ने गरी प्रदक्षिणा ( circumanbulatort space) ७९ से.मि. को रहेको छ। मन्दिरको भुइँ तलामा मुख्य द्वार पश्चिमाभीमुख रहेको छ। मन्दिरको चारैतिर कलात्मक ढोका र ढोकाको दुई छेउ झ्यः झ्या रहेको छ। ढोका मुनि ल्हों (base stone) राखिएको छ जसले गर्दा जमिन मुनिको चिसोले माथि ओसिनबाट बचाउँछ। साथै ढोकाको दुचु थाम टेपु ल्होँमा जडान गरिएको छ। मन्दिरको चारैतिर मुख्य ढोकाको खलु सिं राखिएको छ। कलात्मक ढोकामा भैलको र गोंगको राखी ढोकाको जडान कार्य भइरहेको छ।

यसरी मन्दिरको पुनःनिर्माण कार्य उपभोक्ता समितिबाट भइरहेको छ।

# आफ्नै कलेज र स्थानीय भाषामै पाठ्यक्रम चलाउने भक्तपुर नगरपालिका



एस राज उपाध्याय

शिक्षा, स्वास्थ्य र सम्पदालगायत विषयलाई मुख्य प्राथमिकता राखेर अघि बढिरहेको भक्तपुर नगरपालिकाले ल्याएका केही कार्यक्रमहरू निकै अनुकरणीय छन् ।

नगरपालिकाले आफ्नै लगानीमा कलेज सञ्चालन गर्नेदेखि विद्यालयमा स्थानीय भाषामै पाठ्यक्रम निर्माण गर्ने र विद्यार्थीलाई उच्च शिक्षा पढ्नका लागि शैक्षिक ऋण दिनेसम्मका कार्यक्रम प्रभावकारी ढङ्गले लागू गरेको देख्दा 'आहा' भन्न मन लाग्छ ।

भौगोलिक रूपमा सानो भए पनि मुलुककै सुन्दर एवं समृद्ध नगरपालिकाका रूपमा चिनिने यस नगरपालिकाले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्य राखेको छ ।

हाल नगरपालिकाको आफ्नै लगानीमा ७ ओटा कलेज सञ्चालनमा रहेको बताउँछिन् नगरपालिकाकी उपमेयर रजनी जोशी ।

शिक्षामा राज्यको लगानी हुनुपर्ने, यो क्षेत्र नाफामूलकभन्दा पनि सेवामूलक हुनुपर्ने मान्यताका साथ सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने हेतुले यो कदम अघि बढाइएको उनले प्रशासनसँग बताइन् ।

उपमेयर जोशी भन्छिन्, 'प्राइभेट कलेजहरू जस्तै गुणस्तरीय शिक्षा सामुदायिक विद्यालयमा पनि पाउन सकियोस् भनेर सामुदायिक विद्यालयको गुणस्तर सुधारमा नगरपालिका जुटिरहेको छ ।'

उपमेयर जोशीका अनुसार २ ओटा इन्जिनियरिङ कलेज अहिले सञ्चालनमा छन् । यी कलेजमा इन्जिनियरिङ पढाइ गरेर दर्जनौँ सक्षम इन्जिनियरहरू उत्पादन भइसकेका उपमेयर जोशीले बताइन् ।

भक्तपुर नगरपालिकामा रहेको ख्वप उच्च माध्यमिक विद्यालयमा हाल नगरपालिकाको सहयोगमा मानविकी सङ्काय अन्तर्गत कानुन विषयकोसमेत पढाइ हुने गरेको छ । त्यस्तै शारदा कलेजमा शिक्षा सङ्काय अन्तर्गत स्नातकोत्तरसम्म पढाइ हुने गरेको छ ।

समयको मागअनुसार नगरपालिकाले मानविकी मात्रै पढाएर पुग्दैन, अब इन्जिनियरिङ पनि पढाउनुपर्छ भन्दै वि.सं. २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन गऱ्यो ।

अहिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा आर्किटेक्चर, कम्प्युटर साइन्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसन जस्ता प्राविधिक विषयहरूको पढाइ हुने गरेको छ । साथै सिटिइभिटीबाट मान्यता लिई नर्सिङ समेत पढाइ हुने गरेको छ ।

उपमेयर जोशीका अनुसार अहिले नगरपालिकाभित्र ९२ ओटा विद्यालयहरू छन्, जसमध्ये ३६ ओटा सामुदायिक विद्यालयहरू छन् ।

नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न तथा विभिन्न भौतिक पूर्वाधार निर्माण गर्नसमेत नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ भन्छन्, 'नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा भर्ना पाउनका लागि सोर्सफोर्स पनि केही चाहिँदैन । मेरिट लिस्टका आधारमा जो कोही विद्यार्थी सहजै भर्ना पाउन सक्छन् ।'

उनी थप्छन्, 'यहाँ अन्य कलेजको तुलनामा निकै सस्तो अर्थात् करिब ५० प्रतिशत सस्तो पनि छ र पढाइ पनि राम्रो छ ।'

उनले यी कलेजहरूमा अध्ययनका लागि भक्तपुर नगरपालिकाभित्रका विद्यार्थीहरूका लागि तथा देशका अन्य भू-भागबाट आउने विद्यार्थीको भर्नाका लागि निश्चित कोटा छुट्याइएको जानकारी दिए ।

पहिले पहिले नगरपालिकाका विद्यार्थीका लागि ५० प्रतिशत कोटा छुट्याइएको थियो भने अहिले ३५ प्रतिशत कोटा छुट्याइएको छ ।

यस्तै भौगोलिक रूपमा विकट क्षेत्रका विद्यार्थीका लागि पनि भर्ना कोटा छुट्याइएको छ । जसअन्तर्गत अछाम, मुगु, बाजुरालगायतका क्षेत्रबाट पढ्न आउने विद्यार्थीका लागि कोटा छुट्याएको छ ।

यसरी देशभरिका विद्यार्थीले पढ्न पाउने गरी नगरपालिकाले यी कलेज तथा विद्यालयहरूलाई साझा फूलबारीका रूपमा अगाडि बढाइरहेको छ ।

भक्तपुर नगरपालिकामा अहिले हरेक घरमा एक जना स्नातक वा एक जना इन्जिनियर नभएको घर नै

नभएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको दाबी छ।

हरेक घरमा एउटा इन्जिनियर भएकाले पनि पछिल्लो समयमा यहाँका इन्जिनियरिङ कलेजमा नगरपालिकाका विद्यार्थीका लागि छुट्याइएको ५० प्रतिशत कोटा घटाएर ३५ प्रतिशतमा झारिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको भनाइ छ।

यति मात्रै हैन, आर्थिक अभावमा उच्च शिक्षा हासिल गर्न नसक्ने अवस्था भएका विद्यार्थीका लागि शैक्षिक ऋण र छात्रवृत्तिसमेतको कार्यक्रम लागू गरेको छ।

नगरपालिकाले लागू गरेको यस कार्यक्रमले विपन्न परिवारका विद्यार्थीलाई उच्च शिक्षाको अध्ययनका लागि निकै टेवा पुऱ्याएको देखिन्छ। यसअन्तर्गत नगरपालिकाले विद्यार्थीको उच्च शिक्षाका लागि वार्षिक ६ प्रतिशत ब्याजदरमा करिब ५ लाखसम्म शैक्षिक ऋण दिने गरेको छ।

यो रकम विद्यार्थीको अभिभावकको सहमतिमा एकै पटक वा किस्तामा विद्यार्थीले अध्ययन गर्ने कलेजलाई सोझै खातामा पठाउने गरी व्यवस्था गरिएको छ। रकम विद्यार्थी वा अभिभावकको हातमा नभई अध्ययन गर्ने कलेजमै बुझाइदिँदा रकमको दुरूपयोग हुने जोखिम कम हुने नगरपालिकाको विश्वास छ।

विद्यार्थीको कोर्ष पूरा भइसकेपछिमात्रै यो पैसा नगरपालिकालाई तिर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए।

आर्थिक वर्ष २०७५।७६ बाट प्रारम्भ भएको यस उच्च शिक्षाका लागि शैक्षिक ऋण कार्यक्रमबाट हालसम्म ८५ प्रतिशत विद्यार्थी लाभान्वित भएका नगरपालिकाले जानकारी दिएको छ।

नगरपालिकाद्वारा सञ्चालित विद्यालयहरूमा अहिले इन्जिनियरिङ, कम्प्युटर साइन्सलगायतका प्राविधिक विषयहरूकोसमेत पढाइ हुने गरेको छ। अब छिट्टै नै नगरपालिकाले आफ्नै लगानीमा मेडिकल कलेजसमेत सञ्चालनका लागि नेपाल सरकारसँग अनुमति मागिरहेको छ।

नगरपालिकाले आफ्नै मेडिकल कलेज चलाउने अनुमति पाएमा यहाँ अन्य मेडिकल कलेजको तुलनामा निकै सस्तो हुन जाने नगरपालिकाले जनाएको छ।

एमबिबिएस पढाइको लागि अन्य मेडिकल कलेजमा ७०-८० लाख खर्च चाहिनेमा नगरपालिकाले चलाउने मेडिकल कलेजमा १५ लाख खर्चमै विद्यार्थीले एमबिबिएस पढ्ने सपना साकार बनाउन सक्ने नगरपालिकाले जनाएको छ।

यो कुनै नेताको चुनावी नाराजस्तो नभई साँच्चीकै व्यवहारमा यति सस्तोमै एमबिबिएस पढ्न पाइने भए त नेपालमा हजारौँ डाक्टरहरू जन्माउन कुनै गाह्रो हुने छैन, महामारीको समयमा पनि नेपालमा डाक्टरको कमी हुने छैन।

बिरामीले अस्पतालमा डाक्टरलाई भेट्न घण्टौँ लामो लाइन बस्नुपर्ने छैन। थोपा थोपा मिलेर सागर बनेजस्तै स्थानीय तहले गर्ने यस्तै विकास निर्माणका कामहरूले मुलुकलाई विकास निर्माणमा अगाडि बढ्न सहयोग पुग्नेमा दुई मत छैन।

नगरपालिकाले यसै आर्थिक वर्षभित्र आफ्नै अस्पताल सञ्चालनका लागिसमेत भवन निर्माणको काम अगाडि बढाइरहेको छ। नगरपालिकाले करिब एक अर्ब लगानीमा भवन निर्माण गर्दै छ। जसमा नेपाल सरकारको समेत सेयर रहनेछ।

६.८८ वर्ग किलोमिटर क्षेत्रफलमा मात्रै फैलिएको यस नगरपालिकाको यस किसिमका उदाहरणीय कार्यले देशैभरि फैलेर असल अभ्यासको पाठ सिकाएको छ।

भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७७-०७८ को नीति तथा कार्यक्रममै पनि शिक्षासम्बन्धी विभिन्न महत्त्वपूर्ण कार्यक्रमहरू समेटिएका छन् जसमा ख्वप विश्वविद्यालय स्थापना गर्न पहल गर्नेदेखि नगरभित्र सञ्चालित सार्वजनिक विद्यालयहरूका भौतिक सुधार गर्न पूर्वाधारहरू निर्माणमा सहयोग गर्ने नीति लिइने र शिक्षकहरूलाई पनि प्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गरिने उल्लेख छन्।

नीति तथा कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माणलाई निरन्तरता दिँदै यसै आर्थिक वर्षदेखि कक्षा ३ र ८ मा लागू गरिने र कक्षा ४ र ५ का लागि स्थानीय पाठ्यक्रम निर्माण कार्य पनि पूरा गरिने उल्लेख छ।

स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न सहज बनाउन आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू निर्माण गरिने र स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री तयार गरी भर्चुअल कक्षा सञ्चालन गरिने एवं विद्यालय तहमा नेपाल भाषा र लिपिको विषयमा अध्यापन कार्यलाई जोड दिइने उल्लेख छ। नगरपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरेका अधिकतम विषयहरूलाई व्यवहारमा लागू गरेको पाइएको छ।

कला संस्कृतिको संरक्षण सम्बर्धनमा पनि भक्तपुर नगरपालिका निकै अगाडि छ। विश्व सम्पदा सूचीमा अटाएका प्राचीन मठमन्दिरलगायत पुरातात्त्विक सम्पदाहरू यहाँ छन्।

भक्तपुर नगरपालिकामा एक वर्षमा करिब तीन लाख पर्यटक आउने गर्छन् भने नगरपालिकाले वार्षिक ३० करोडभन्दा बढी आम्दानी पर्यटन क्षेत्रबाट मात्रै गर्ने गरेको छ।

भक्तपुर नगरपालिकालाई मुलुकभरमै आत्मनिर्भर स्थानीय तहका रूपमा पनि चिन्ने गरिन्छ। भूकम्पपछिको पुनः निर्माणमा पनि नगरपालिका आफै जुटिरहेको छ।

स्वास्थ्यको क्षेत्रमा पनि भक्तपुर नगरपालिका निकै अगाडि छ। हालैमात्र भक्तपुर जिल्लामा रहेको भक्तपुर अस्पताल देशकै उत्कृष्ट अस्पताल घोषित भएको थियो। यति मात्रै हैन, यहाँ रहेको भक्तपुर क्यान्सर अस्पताल र मानव अङ्ग प्रत्यारोपण केन्द्र मुलुककै गर्व गर्न लायक अस्पताल रहेका छन्।

नगरपालिकाले शैक्षिकसँगै स्वास्थ्य क्षेत्रमा अन्य पनि थुप्रै राम्रा काम गरेको छ। नगरपालिकाले ल्याएको घरदैलोमा नर्सिङ सेवा कार्यक्रमले यहाँका बिरामीहरू, वृद्धावृद्धा, महिलाहरू निकै लाभान्वित भएका छन्।

घरदैलोमै पुगेर नगरपालिकाको सहकार्यमा स्वास्थ्यकर्मीहरू घरदैलोमै गई बिरामीको स्वास्थ्य जाँच गर्ने र आवश्यक सरसल्लाह गर्ने गरेका छन्।

यसैगरी नगरपालिकाले छातीका रोगी, फोक्सोका रोगीहरूका लागि छाती श्वासप्रश्वास केन्द्रको स्थापना भएको छ।

जापान सरकारको सहयोगमा भक्तपुर नगरपालिकाले केन्द्र स्थापना गरी नगरपालिकालाई आकर्षणको केन्द्र अर्थात् सेन्टर फर एक्सेलेन्सी बनाएको छ।

यस्तै नगरपालिकाले शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याएको छ। नगरपालिकाका विभिन्न वडामा गरी ६ ओटा केन्द्रहरू सञ्चालनमा छन्। पालिकाभित्रका बालबालिकाहरूलाई हेरचाहका लागि तथा घरमा बसेर पढ्न, लेख्न, खेल्न नमान्ने बालबालिकाका लागि यी केन्द्रहरू सिकाइको थलो बनेका छन्।

यस्तै पालिकामा रहेका मानिसहरू स्वस्थ रहुन् भनी विभिन्न सार्वजनिक ठाउँमा नगरपालिकाले व्यायामशाला निर्माण गरेको छ।

प्रत्येक वडाका दुई ठाउँमा व्यायामशाला निर्माण गरिएका छन्। जहाँ पालिकाका युवायुवतीहरू व्यायाम गर्न जान सक्छन्। नगरपालिकाले विभिन्न ६ ओटा खेलका लागि प्रशिक्षकको समेत व्यवस्था गरिएको छ।


यति मात्रै हैन, नगरपालिकाले पुस्तकालय सञ्चालन, आवास योजना सञ्चालन र नगरपालिकाले एफएम सञ्चालनसमेत गरेको छ।

नेपालमा संविधान जारी भइसकेपछि मुलुक सङ्घीय सरकारको संरचनामा गइसकेपछि यति बेला गाउँ गाउँसम्म सरकार पुगेको छ। केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहका सरकार छन्।

अहिले स्थानीय तहलाई स्थानीय सरकारको नीति निर्माणदेखि स्थानीय पूर्वाधार विकास गर्नेसम्मका जिम्मेवारी दिइएको छ। यस्तो अवस्थामा केही स्थानीय तहले विकास निर्माणका कार्यमा निकै असल अभ्यास गरेका छन्।

भक्तपुर नगरपालिका जस्तै अन्य स्थानीय तहले पनि आ-आफ्नो स्थानबाट समग्र विकासका लागि असल अभ्यासहरू गर्दै जाने हो भने साँच्चिकै देश बन्नेछ। सधैँ अरूकै भर पर्नुपर्ने छैन, लाखौँ रोजगारी स्वदेशमै सिर्जना गर्न सकिने छ।

**प्रशासनडटकम,** १ वैशाख २०७८



# फल्चा

राजेन्द्र श्रेष्ठ



नेवार समुदायको वास्तुमा आधारित पाटीलाई नेपालभाषामा फलेचा वा फलिचा भनिन्छ जुन अपभ्रंश भएर फल्चा भएको हो । नेपालभाषामा फलःको अर्थ पेटी हुन्छ । ईँटा, माटो, ढुङ्गा तथा काठबाट बनेको बस्न योग्य एक तले झिँगटीको छाना भएको पेटीलाई फल्चा भनिन्छ । अर्थात् फल्चा भनेको परम्परागत आराम गर्ने ठाउँ हो जुन बैठक, उत्सव र चाडपर्वहरूको लागि स्थानको रूपमा पनि काम गर्दथ्यो । फल्चा वा सत्तलमा प्रयोग हुने काठका कलात्मक थामहरू, बुट्टे झ्याल तथा दाची अप्पाले निकै कलाकारिता र आकर्षण झल्काउँछ । पहिले टाढाका यात्री तथा गाउँबाट शहर आएकाहरूका लागि विश्राम गृहको रूपमा फल्चालाई लिइन्थ्यो । मन भुलाउन टाढा जान नसकेका वृद्धवृद्धाहरूको भेटघाट गर्ने स्थान पनि फल्चा नै थिए । फल्चासँगै ढुङ्गेधारा हुनु अर्को विशेषता हो । फल्चालाई आराम गृहसँगै पानी, हावाहुरीबाट बचाउने सुरक्षित स्थानको रूपमा प्रयोग गरिन्थ्यो । दिनभर काम गरेर बेलुकीपख पाटी वा फल्चामा वरिपरिका सबै भेला भई दुःख सुखका कुरा गर्ने, दिउँसो बुढाबुढीहरू नाति नातिनासँग घाम तापेर कुराकानी गर्ने, बिहान बेलुका भजन कीर्तन गरेर आध्यात्मिक ध्यान गर्ने, समय समयमा भोज भतेर खाने कामको लागि पहिले देखि नै यसको महत्त्व थियो ।

नेपालमा आफ्नो नाम कमाउन तथा कीर्ति राख्न प्राचीनकालदेखि नै फल्चा (पाटी), पौवा, सत्तल, ढुङ्गेधारा बनाउने चलन थियो । यस्तो कीर्ति राख्न राजा महाराजादेखि साधारण जनताले पनि आफ्नो गच्छेअनुसार निर्माण गर्न लगाउँथे । यस्तो कुरा शिलालेख तथा ताम्रपत्र आदिबाट थाहा हुन्छ । आफ्नो कीर्ति दिगो रहोस् भनी दाताहरूले मर्मत सम्भार तथा पूजाआदिको लागि प्रशस्त जग्गाजमिन, गुथि राखेर गएको प्रमाणहरू भेटिन्छन् । नेपालको हरेक धार्मिक क्षेत्र, ऐतिहासिक स्थान, प्रसिद्ध व्यापारिक बाटोघाटो तथा बसोबास क्षेत्रहरूमा फल्चा (पाटी), पौवा, तथा धर्मशालाहरूको निर्माण गरिएको पाइन्छ । यस्ता फल्चा (पाटी), पौवा, तथा धर्मशालाहरूमा मन्दिरमा पूजाआजा गर्न आउने टाढाका मान्छेहरूले आराम गर्ने, सुस्ताउने, थकाइ मार्ने, प्रसाद तथा भोज खाने, भजनकीर्तन गर्ने, विश्राम गर्ने आदि उद्देश्यले प्रयोग गरेको पाइन्छ । परम्परागत तथा कलात्मक किसिमले निर्माण गरेको यस्ता फल्चा (पाटी), पौवा, सत्तलहरूले मन्दिर तथा बसोबास क्षेत्रको वातावरणमा जीवन्तता प्रदान गर्दछन् । आज यस्ता फल्चा (पाटी), पौवा, सत्तल, मन्दिरहरू नेपाली जनजीवनको एक अभिन्न अङ्ग बनेको छ । धार्मिक कार्यमा होस् वा सांस्कृतिक कार्यमा, ऐतिहासिक कार्यमा होस् वा सामाजिक कार्यमा यस्ता फल्चा, सत्तलहरू नेपाली जनजीवनसँग नङ र मासुजस्तै सम्बन्ध बनेको छ । नेवारी भाषामा यस्ता पाटी, पौवा र सत्तलहरूलाई चपा, चपाल, क्वाछे, फले, फल्चा, सतः धर्मशाला आदि नामले चिनिन्छ ।

फल्चासँग सम्बन्धित एउटा ऐतिहासिक घटनालाई यहाँ प्रस्तुत गरिन्छ । राजा पृथ्वीनारायण शाह नेपाल एकीकरणको क्रममा काठमाडौँलाई सजिलै किसिमबाट जित हासिल गरेका थिए । तत्कालीन काठमाडौँका राजा जयप्रकाश मल्ल ज्यान जोगाउन ललितपुरका राजा तेज नरसिंह मल्ल कहाँ गुप्त रूपले शरण लिन पुगे । पृथ्वीनारायण शाहले ललितपुरमा पनि आक्रमण गरी विजय हासिल गरेपछि ललितपुर र काठमाडौंका दुवै राजा भागेर भक्तपुरमा शरण लिन पुगे । पृथ्वीनारायण शाह भक्तपुरमा पनि आक्रमण गर्ने उद्देश्यले भक्तपुरको सल्लाघारीसम्म आइपुगे । सल्लाघारीको ह्वाङ्ह्वाङ् फल्चा, पुरानो नाम सिंह फलेमा बसेर आफ्नो मितबा रणजित मल्ललाई एउटा चिठ्ठी लेखे । उक्त चिठ्ठीमा गुप्त रूपमा बसेका दुईराजा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ललाई

सुपुर्दगी गर्ने अनुरोध गरिएको थियो । अन्यथा आक्रमण गर्न बाध्य हुने कुरा पनि जानकारी गराइएको थियो । भक्तपुरका राजाले जनतासँग छलफल गरी शरणमा आएका राजालाई मरण गर्न नदिने अर्थात सुपुर्दगी नगर्ने बरु लडाइँमा होमिन तयार भएको जवाफ फर्काए । लडाइँ भयो । उक्त लडाइँमा वीरतापूर्वक लडेर पनि भक्तपुरका राजा पराजित भए । ऐतिहासिक ह्वाङह्वाङ् फल्चा (सिंह फले) अहिले पनि भक्तपुरको रानी पोखरीको दक्षिणतिर मौजुद छ । तर जीर्ण अवस्थामा भएकोले हालै भक्तपुर नगरपालिकाले जीर्णोद्धार गरिएको छ ।

पुराना बस्तीका नेवार शहरहरूमा यस्ता फल्चाहरू धेरै देख्न सकिन्छ । संरचनाको आधारमा यहाँ केही यस्ता फल्चाहरूको चर्चा गरिन्छ ।

**१) मण्डप :**

चारैतिर खुला गरिएका फल्चाहरूलाई मण्डप भनिन्छ । यस्ता मण्डपहरू भक्तपुर दरबार क्षेत्रको च्यासिं मण्डप, मल्लकालीन समयमा निर्मित तथा ७२ सालको भूकम्पपछि भक्तपुर नपाद्वारा पुनः निर्माण गरिएका भेलुखेलको च्यासिलीं मण्डप साथै काठमाडौंको काष्ठ मण्डप, ललितपुरको मणि मण्डप आदि ।

**२) सत्तल :**

सत्तलहरू प्रायः दुई तले तथा तीन तले पनि हुन्छन् भने भुइँ तला तीनतिर खुला हुन्छ । पहिलो तला सङ्गीत तथा धार्मिक उपकरणहरू भण्डारको लागि प्रयोग गरिन्छ । टाढाबाट बास बस्न आउनेका लागि पनि सत्तल सुरक्षित मानिन्छ । भक्तपुरमा यस्ता सत्तलहरू प्रायः मठमन्दिरसँगै रहेको पाइन्छ । जस्तैः बाराहीस्थानको बाराही सत्तल, महाकालीस्थानको अंचापु:खु सत्तल, लायकूको तव सत्तल, महाकाली पीठको महाकाली सत्तल, हनुमानघाट खोलापारिको सत्तल, वाकुपति नारायण सत्तल, कमलविनायक सत्तल आदि ।

**३) फल्चा :**

सामान्य फल्चाहरू प्रायः एक तले हुन्छन् । यस्ता फल्चाहरू आवासीय घरसँगै जोडिएका हुन्छन् भने कुनै अलग्गै स्वतन्त्र रूपमा पनि बनाइएका हुन्छन् । जस्तैः निजी घरमुनि रहेको तधांब्यासी फल्चा, तापालाछीको किसी फल्चा, बाराहीस्थानको बद्रीनारायण फल्चा, ग:हितिको लैको फल्चा, जेंलांको मचो भैरव फल्चा आदि ।

**४) पली-पको**

फल्चा कै अवधारणाअनुसार पकोको निर्माण गरिएको हुन्छ । नगरकोट र चाँगुनारायणका ग्रामीण इलाका र फाँटमा छाना र पर्खालले घेरिएको साना घर अझै पनि फाट्फुट देख्नसकिन्छ गोस पली, सुता पली, विर पली, ग:पली, न:पली आदि । जसलाई पली वा पको भनिन्छ । पकोको भुइँतला पर्खालले घेरिएको हुन्छ ।

पको प्रायः काँचो ईँटाबाट निर्माण गरिएको हुन्छ । प्रमुख पेसा कृषि भएको समयमा किसानहरूले आफ्नै खेतको एक भागमा पको बनाउँथे । खेतीपातीको कामले घर जान नसक्ने अवस्थामा यस्ता पकोमा बास बस्न चलन थियो ।

नेपालको वि.सं. १८९०, १९९०, २०४५ तथा २०७२ सालको भूकम्पमा धेरै फल्चाहरू नष्ट भएका छन् । यसरी ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूमध्येको एक महत्त्वपूर्ण सम्पदामा गनिने फल्चा तथा सत्तलहरू दिनानुदिन म्हासिँदै जानुका भूकम्पबाहेक अन्य कारणहरू निम्नानुसार छन् :

क) आफ्नो पुर्खाले सिर्जेका कीर्तिको महत्त्व र गरिमा थाहा नहुनु ।
ख) योजनाबद्ध दिगो विकासका कार्यहरू नगरिनु ।
ग) आधुनिक निर्माण सामग्री प्रति मिथ्या झुकाव बढ्नाले ।
घ) मानिसमा स्वार्थी प्रवृत्ति बढ्दै जाँदा ।
ङ) आ-आफ्नो काममा व्यस्त भएको कारण ।
च) राजनैतिक अस्थिरता ।
छ) सार्वजनिक सम्पत्तिहरू निजी गर्ने गलत मानसिकता ।

नेवारी समुदायमा पाइने फल्चाहरू हाम्रा गाउँघरका चौताराजस्तै हुन्, जसले थकितहरूलाई आराम गर्ने ठाउँ प्रदान गर्दछन् । फल्चाहरू मूल रूपमा आराम गर्ने ठाउँ हुन् । अहिले जस्तो गेष्ट हाउस र होटेलहरू नभएको पहिलेको समयमा तीर्थयात्रीहरूलाई निःशुल्क बस्ने सेवा प्रदान गर्ने ठाउँ फल्चा हो । अहिलेको इन्टरनेट, सेलफोन, टेलिभिजन र अन्य आधुनिक मनोरञ्जन साधन नभएको समयमा फल्चाहरूमा रमाइलो गर्ने, गफ गर्ने, घाम ताप्ने तथा गम्भीर एवं दैनिक समस्याहरू वा साझा समस्याहरू फल्चामा नै छलफल गरिन्थ्यो ।

अहिले यस्ता धेरै फल्चाहरू संरक्षणको अभावमा लोपोन्मुख अवस्थामा रहेका छन् । यी फल्चाहरू बुढेसकालमा वृद्धवृद्धाहरूको आश्रयस्थल वा दिन गुजार्ने उपयुक्त स्रोतहरू हुन् । यस्ता स्रोतहरूलाई नाश गर्नेभन्दा पनि यिनीहरूको संरक्षण जरुरी छ । भक्तपुर नगरपालिकाले यस्ता मण्डप, सत्तल तथा फल्चाहरू ४० भन्दा बढी पुनःनिर्माण गरिसकेको छ, अझै कतिपय निर्माणाको क्रममा छन् । भक्तपुर नगरपालिकाद्वारा निर्माण सम्पन्न केही फल्चा, सत्तल तथा मण्डपहरूको नामावली यसप्रकार छन् :

| क्र.सं. | फल्चा/सत्तल/मण्डप | स्थान | निर्माण समय |
|---|---|---|---|
| १. | तधां ब्यासी फल्चा | निजी घरमुनि | मल्लकालीन |
| २. | इन्द्रायणी द्य:छैं फल्चा | इन्द्रायणी | लिच्छविकालीन |
| ३. | किसी फल्चा | तापालाछी | १९औं शताब्दी |
| ४. | पाहाँ फल्चा | बालाखू | मल्लकालीन |
| ५. | स्वधला हिति फल्चा | ब्यासी | मल्लकालीन |
| ६. | बद्रीनारायण फल्चा | बाराहीस्थान | १९ औं शताब्दी |
| ७. | बाराही पीठ फल्चा | बाराही पीठ | मल्लकालीन |
| ८. | गणेश द्य:छैं फल्चा | तेखाचो | मल्लकालीन |
| ९. | भैरवनाथ द्य:छैं फल्चा | चपाल, लाकुलाछैं | मल्लकालीन |
| १०. | लैको फल्चा | ग:हिति | मल्लकालीन |
| ११. | माकं फल्चा | लाकुलाछैं | नेसं ७४७/विसं १६८४ |
| १२. | च्यासिलीं मण्डप | भेलुखेल | मल्लकालीन |
| १३. | गणेश फल्चा | क्वाछैं | मल्लकालीन |
| १४. | खिछैं भजन फल्चा | खिछैं, तुलाछैं | मल्लकालीन |
| १५. | तव सत्तल | लायकु | १७ औं शताब्दी |
| १६. | अँचा पुखु सत्तल | महाकालीस्थान | १९ औं शताब्दी |
| १७. | भोलाछैं फल्चा | भोलाछैं | मल्लकालीन |
| १८. | चोछैं ब्यासी फल्चा | चोछैं | ने.सं. ८२९/ वि.सं. १७६६ |
| १९. | छुमा गणेश भजन फल्चा | चोछैं | शाहकालीन |
| २०. | ल्होसल्ला फल्चा | तुछिमला | मल्लकालीन |
| २१. | महाकाली सत्तल | महाकाली पीठ | मल्लकालीन |
| २२. | मरु फल्चा | चोछैं | मल्लकालीन |
| २३. | मुलाछैं फल्चा | मुलाछैं, भोलाछैं | ने.सं ७६८/ वि.सं १७०५ |
| २४. | तुछिमला फल्चा | तुछिमला | नेसं ८३४/विसं १७७१ |
| २५. | वन्टि फल्चा | वन्टि | १९औं शताब्दी |
| २६. | गोल्मढी फल्चा | गोल्मढी उकालो | मल्लकालीन |
| २७. | हनुमानघाट खोलापारिको सत्तल | | नेसं ८६१/विसं १७९८ |
| २८. | मसान फल्चा | हनुमानघाट | परापूर्वकाल |
| २९. | मचो भैरव फल्चा | जेंला | मल्लकालीन |
| ३०. | मेतँ फल्चा | जेंला | नेसं ८६१/विसं १७९८ |
| ३१. | नासद्य: फल्चा | जेंला | नेसं ८२७/विसं १७६४ |
| ३२. | पाङ्ग्राचा फल्चा | जेंला | नेसं८२३/विसं १७६० |
| ३३. | पुखुचा फल्चा | वाँचुटोल | मल्लकालीन |
| ३४. | ब्रह्मायणी फल्चा | ब्रह्मायणी | १९औं शताब्दी |
| ३५. | चिभ भजन फल्चा | सूर्यमढी | नंसं ७५१/विसं १६८८ |
| ३६. | देगइना फल्चा | देगइना | मल्लकालीन |
| ३७. | द्योपामी फल्चा | सूर्यमढी | मल्लकालीन |
| ३८. | गणेश फल्चा | सूर्यमढी | नेसं ८३२/ विसं १७६९ |
| ३९. | मय्जु फल्चा | सकोलां, गछैं | १७ औं शताब्दी |
| ४०. | सिचु फल्चा | लामगाल | मल्लकालीन |
| ४१. | सूर्यमढी गुथि फल्चा | सूर्यमढी | नेसं८९३/ विसं १८३० |
| ४२. | तुलांतुथी फल्चा | तुलातुंथी, तौलाछैं | मल्लकालीन |
| ४३. | वाँचुहिति फल्चा | देगइना | मल्लकालीन |
| ४४. | वाकुपति नारायण दक्षिणमुखी फल्चा | सूर्यमढी | मल्लकालीन |
| ४५. | वाकुपति नारायण सत्तल | सूर्यमढी | १७ औं शताब्दी |
| ४६. | कमलविनायक सत्तल | कमलविनायक | १७ औं शताब्दी |
| ४७. | महालक्ष्मी फल्चा | भोलाछैं | नेसं ६२४/ विसं १५६१ |
| ४८. | सुच: नासद्य: फल्चा | क्वाठण्डौ | नेसं ८८७/ विसं १८२४ |

## नेपालमा कोरोना सङ्क्रमण

**वैशाख १५ गते**

**परीक्षण प्रयोगशाला :** १०५ (सरकारी- ५९ / निजी- ४६)

**परीक्षण सङ्ख्या :** ५६,३३,४५९

सरकारी- २७,९८,६९२/ निजी- २८,३४,७६७

**खोप लगाउने जम्मा:** ४,१५,५९,३५५

पहिलो- १,८८,९७,६५२/ पूर्ण- १,९५,३४,५३४/ बुस्टर-३१,२७,२७९

**कूल सङ्क्रमित :** ९,७८,७९३ (सन् २०२०।१।१ देखि २०२२।४।२८)

**निको भएका सङ्ख्या :** ९,६६,५९३

**मृत्यु भएको सङ्ख्या :** ११,९५१

### उमेरगत सङ्क्रमित (सन् २०२०।१।१ - २०२२।४।२८)

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १० | १३००२ | ९२९५ | २२२९७ |
| ११ देखि २० | ३६८०१ | २७२७१ | ६४०७२ |
| ।२१ देखि ३० | १३५६७५ | १०७७३६ | २४३४११ |
| ३१ देखि ४० | १४८५२९ | ९५२५४ | २४३७८३ |
| ४१ देखि ५० | १००५२९ | ६३५१८ | १६४०४७ |
| ५१ देखि ६० | ७११९५ | ४८०१८ | ११९२१३ |
| ६१ देखि ७० | ३८८५८ | २८५६९ | ६७४२७ |
| ७१ देखि ८० | १९५८० | १५४२० | ३५००० |
| ८० भन्दा माथि | ८६३१ | ६५८९ | १५२२० |
| जम्मा | ५७२८०० | ४०१६७० | ९७४४७० |

### काठमाडौं उपत्यकाको विवरण (सन् २०२०।१।१ देखि २०२२।४।२८)

| जिल्ला/सङ्क्रमित | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १८४,७३० | १३८,८९६ | ३२३,६२६ | ३२१२९४ | २३०४ |
| ललितपुर | ३४,८२७ | ३१,०९९ | ६५९२६ | ६५१४९ | ७४८ |
| भक्तपुर | २०,५८७ | १७,४९९ | ३८०८६ | ३७६४० | ४४८ |
| जम्मा | २४०,१४४ | १८७४९४ | ४२७६३८ | ४२४०८३ | ३५०० |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

**सन्दर्भ स्रोत :**


१. भक्तपुर नगरपालिका, सम्पदा पुन: निर्माण तथा जीर्णोद्धार

२. प्रविता श्रेष्ठ, राजधानीका मल्लकालीन विश्राम गृह, नयाँ पत्रिका

३. सुदर्शन अर्याल, फल्चा: बुद्ध्यौलीमा बसिबियाँलो, अनलाइन खबर

४. Akriti Nepal, Bringing People Together in Falcha, ECS Nepal

५. SAP FALCHA, k\mSouth Asia Partership Nepal

६. ख्वप कलेजका शिक्षकहरू

७. शारदा माविका शिक्षकहरू

# सितेरियो कराँते खेलाडी, प्रशिक्षक तथा रेफ्री रविना सुवाल

राजकुमार लघु

नेपालको खेलकुदको इतिहासमा दत्तचित भएर लागेकी एक व्यक्तित्व हुन् रविना सुवाल। उनी सानैदेखि अन्यायको विरोधमा सङ्घर्षशील एवं महिला माथिको भेदभाव र थिचोमिचो तथा पक्षपातविरुद्ध खेलकुद मैदानमा छिरेकी हुन्। उनी खेलाडी बनी देशको विभिन्न ठाउँमा प्रतिनिधित्व गर्नुका साथै भविष्यमा आशालाग्दा खेलाडी उत्पादन गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सितेरियो कराँते खेल प्रशिक्षण समूह, कमलविनायक कभर्ड हलमा पूर्णकालीन प्रशिक्षकको रूपमा कार्यरत छिन्। यस खेलको प्रशिक्षक तथा रेफ्री रविना सुवालको जन्म वि.सं २०३७ साल पुस १९ गते भक्तपुर नगरपालिका वडा नं. ९ चोछेँको किसान परिवारमा भएको हो। उनका बुवा जगतलाल सुवाल र आमा रत्नमाया सुवाल हुन्। उनका चार दिदीबहिनी र पाँच दाजुभाइ छन्।

रविना सुवालले भक्तपुर न.पा.बाट २०५१ सालदेखि सञ्चालित सितेरियो कराँतेको प्रशिक्षण खेलबाट खेल क्षेत्रमा प्रवेश गरेकी हुन्। उनको पहिलो प्रशिक्षक नेपालका अन्तर्राष्ट्रिय सितेरियो खेलाडी राधिका देउला हुन्। उनी २०५४ सालदेखि नै भक्तपुर नपामा सहायक प्रशिक्षकको रूपमा कार्यरत छिन्। रविनाको प्रारम्भको क्लव भक्तपुर नगरपालिका सितेरियो कराँते प्रशिक्षण समूह हो। निरन्तर खेल क्षेत्रमा लाग्ने प्रेरणास्रोत आफ्नै घरपरिवारका सदस्यहरू रहेको उनी बताउँछिन्।



/ljgf ;jfn

रविना कराँते खेलका BLACK BELT चौथो डनका खेलाडी हुन्। उनी खेल क्षेत्रमा निरन्तर खट्नुको मुख्य उद्देश्य वरिष्ठ प्रशिक्षक तथा रेफ्री बनी देशको लागि उत्कृष्ट तथा साहसी खेलाडी उत्पादन गर्नु हो। त्यसकारण भक्तपुर, ललितपुर र काठमाडौँलगायत देशका अन्य भागमा सञ्चालित र आयोजित खेलकुद प्रतियोगितामा रविना कहिले प्रशिक्षक, कहिले रेफ्री बनी आफ्नो भूमिका निर्वाह गरिरहेकी छिन्।




/]kl.sf]kbf0fkq lnb}

रविना सुवालको विवाह वि.सं. २०६२ सालमा ललितपुर नगरपालिका वडा नं. ८ गुइत निवासी सितेरियो कराँते खेलका राष्ट्रिय खेलाडी मदन महर्जनसँग भएको हो। तिनीहरूका एक छोरा छन्, न्हुज महर्जन।

उनले २०६२ सालमा नेपाल रेफ्री सङ्घद्वारा भक्तपुरमा आयोजित रेफ्री प्रशिक्षण तथा सेमिनारबाट रेफ्री कोर्ष गरी खेल क्षेत्रमा शिखर चुम्दै आइरहेकी छिन्।

रविनाको परिवार पनि खेलकुदमय छ। उनका श्रीमान्का ३ दाजुभाइमध्ये जेठो सङ्गीत क्षेत्रमा कार्यरत छन् भने माहिलो तेक्वान्दोका खेलाडी हुन्। रविना सुवाल नेपाल क्रान्तिकारी युवा केन्द्रीय खेलकुद विभागमा सदस्यको रूपमा पनि काम गरेकी छिन्। उनी देशको सार्वभौमिकता र अखण्डता रक्षाका साथै मातृपार्टी नेपाल मजदुर किसान पार्टीको दीर्घकालीन लक्ष्य समाजवादी गणतन्त्र प्राप्तिको




k/:sf/ lnb}

निम्ति सङ्घर्षको मैदानमा खटेर न्यायको आवाज बुलन्द गर्दै छिन् । उनी संविधान सभा निर्वाचन २०७० र प्रनिनिधिसभा निर्वाचन २०७४ मा नेमकिपाको तर्फबाट ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट कामदार वर्गलाई शासक वर्गको रूपमा उठाऔं, समाजवाद उन्मुख संविधान निर्माण गरौं भन्ने उद्घोष गर्दै निर्वाचनको मैदानमा उम्मेदवारी दिएकी थिइन् ।

रविना ललितपुर ज्यापु समाजमा पनि आवद्ध छिन् । उनले भक्तपुरको वागीश्वरी उमाविबाट एसएलसी र भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप कलेजबाट प्लस २ उत्तीर्ण गरेकी छिन् । उनले बागबजारमा रहेको पद्म कन्या कलेजबाट स्नातकसम्मको अध्ययन गरिन् । उनलाई मनपर्ने खेलाडी दीपक श्रेष्ठ हुन् । दीपक आठौं र नवौं साफमा नेपालको प्रतिनिधित्व गरी सितेरियो कराँतेतर्फ स्वर्ण पदक विजेता खेलाडी हुन् । रविनालाई प्रिय विदेशी खेलाडीमा विश्वप्रसिद्ध खेलाडी फुटबलका डियागो म्याराडोना हुन् ।

सितेरियो कराँते किन खेल्ने भन्ने प्रश्नमा रविना भन्छिन्, यो खेल आत्मरक्षाको लागि खेल्नुपर्छ । म पुरुषझैं स्वतन्त्र रूपमा बाँच्न र परिश्रम गर्न रुचाउँछु । महिलाले पनि चाहे पुरुषले झैं हरेक क्षेत्रमा काम गर्न सक्छन् । तर, परिवारको सुरुआतमै महिलालाई पुतली खेल्न दिइन्छ, पुरुषलाई बाह्य खेलहरू फुटबल र भलिबल आदि । महिलालाई पनि बाहिर खेल्ने, प्रतिस्पर्धा गर्ने वातावरण दियो भने पुरुषजस्तै हरेक क्षेत्रमा अघि बढ्न सक्छ ।

सितेरियो कराँते खेलका फाइदाहरू के के छन् भन्ने प्रश्नमा रविनाको उत्तर छ– प्रत्येक व्यक्तिले स्वास्थ्यका लागि खेल्नुपर्छ । त्यसमध्येमा पनि महिलाहरूले झन् मार्सल आर्ट खेल्नु जरुरी छ । आफूले आफैलाई सुरक्षित राख्न वा महिला हिंसाबाट बच्नको लागि यो खेल अत्यन्त महत्त्वपूर्ण छ । आफूले आफैलाई सुरक्षित राख्ने टेक्निक भएपछि आफूमा आत्मबल बलियो हुन्छ । आत्मबल आएमा काममा सफलता प्राप्त गर्न सजिलो हुन्छ । यस खेलमा बढी हात खुट्टा चल्ने हुन्छ । आत्मसुरक्षाको लागि र निडर बन्न यो खेल भनै चाहिन्छ । यो खेलमा पोख्त भएमा कसैको अगाडि झुक्नुपर्दैन ।

भक्तपुर जिल्लामा सितेरियो कराँते खेलमा आएका समस्याहरू के कस्ता छन् भन्ने प्रश्नमा रविना भन्छिन्– प्रशिक्षणको सिलसिलामा निरन्तर रूपमा कोचको अभावको कारण आवश्यकताअनुसार प्रशिक्षण नपाउँदा खेलको स्तर र कला, कौशल बढाउन सकिएन । भक्तपुरमा कोचको आपसी मनमुटाव र खिचातानीले गर्दा खेल विकासमा अवरोध भइरहेको छ । खेल क्षेत्रमा नातावाद र क्रिपावाद हाबी छ । कराँते महासङ्घको विवादको कारण एसियन खेलमा छनोट भएका खेलाडीहरूले खेल्ने अवसर गुमाए । खेलकुद विकासको लागि खेलाडीलाई चाहिने र आएको बजेट र खेल सामग्री तल्लो निकायसम्म नआई बीचमै हराउने समस्याहरू छन् ।




cf7f}+ /fli6«o u]ldf /k|.

भक्तपुर नगरपालिका नगर खेलकुद समितिले सञ्चालन गरेको खेलकुद प्रशिक्षणबाट सितेरियो कराँते खेलमा कति खेलाडी उत्पादन भए ? भनी सोधिएको प्रश्नमा रविना– भक्तपुर नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरूबाट २०५१ सालदेखि सञ्चालित यस खेलमा सुरुमा प्रशिक्षक राधिका देउलाबाट र २०५७ सालदेखि मैले

पनि प्रशिक्षण दिने अवसर मिल्यो। हालसम्म २०० भन्दा बढी खेलाडी तयार भएका छन्। आठौँ साफमा काटातर्फ स्वर्ण पदक विजेता विना सुवाल र नवौँ साफका स्वर्ण पदक विजेता सुलोचना सिजख्व भक्तपुर नगरपालिका डोजोका उत्पादन हुन्।

सितेरियो कराँते खेलको विकास र विस्तारको निम्ति के कस्ता भावी योजना छन् भन्ने प्रश्नमा रविना भन्छिन्, उत्कृष्ट खेलाडी उत्पादनको लागि भक्तपुर नगर खेलकुद समितिसँग समन्वय गरी सितेरियो कराँते खेलमा निरन्तर प्रशिक्षण चालु राख्ने सोचमा छु। मैले र अरू खेलाडी साथीहरू मुना बासुकलालगायत मिलि केही वर्ष पहिले भक्तपुर नगरका विभिन्न वडाहरूमा नगरपालिकाको अगुवाईमा भएको तालिममा आत्मसुरक्षा तालिम दिई आफूले आफैलाई सुरक्षित राख्ने तथा आफूमा आत्मबल बढाउने कला सिकाएको थिएँ।



k|ydafudtl kb|}:t/lo s/fF]k|tofl]utfdf cGo /]k|Lsf ;fy



>ldfg\sf ;fy cEof; ub{

विभिन्न खेलमा सहभागी हुँदाको अविस्मरणीय क्षणबो रविनाको भनाइ छ– भारतको देहरादुनमा अन्तर्राष्ट्रिय बाँकी जाकी कप आयोजना भएको थियो। त्यस खेलमा सहभागी भई भ्याउन फर्किन्दा लोकल रेल चढेका थियौँ। त्यसबेला महिला खेलाडीहरूलाई शौचालय जानको लागि बाटो नभएर मान्छेलाई कुल्चेर बल्ल आएँ। त्यो क्षण म कदापि बिर्सँदिन। भारतमा सम्पन्न वाकी जाकी कपमा भारत र बंगाली खेलाडीहरूले रफ खेल खेलेर जबरजस्ती हराएको क्षण पनि मेरो खेल जीवनका अविस्मरणीय क्षण हुन्।

भक्तपुरका नयाँ पुस्ताका खेलाडीहरूलाई केही सन्देश छ कि भन्ने सोधाइमा रविना भन्छिन्, प्रत्येक महिलाले खेल खेल्नुपर्छ। महिलाले खेलमा हरेक स्थानमा अवसर पाउन सजिलो छ। खेल खेलेर आत्मबलका साथ अगाडि बढेमा महिला पुरुष सबैले सफलताको शिखर चुमेर देशको नाम विश्वमा चम्काउन सकिन्छ।



## रविनाको खेल जीवन तालिकामा

| वर्ष | प्रतियोगिताको नाम | स्थान | प्राप्त स्थान | आयोजक संस्था |
|---|---|---|---|---|
| सन् २००५ | प्रथम खुला अन्तराष्ट्रिय कराँते प्रतियोगिता | काठमाडौं | प्रथम | नेपाल क्वानुमुकान कराँते डोजो र अमेरिकन कराँते महासंघ |
| सन् १९९६ | तेश्रो उमाविस्तरीय कराँते तथा किक बक्सिङ्ग प्रतियोगिता | लगनखेल ललितपुर | तेस्रो | |
| सन् २००१ | चौथो वाकीजाकी कप दक्षिण एसियाली कराँते च्याम्पियनशीप | देहरादुन | प्रथम | अन्तराष्ट्रिय Shottokan कराँते महासंघ |
| सन् २००१ | दोस्रो पासाङ्ग ल्हामु स्मृति महिला राष्ट्रिय कराँते तथा किक बक्सिङ्ग प्रतियोगिता | घण्टाघर काठमाडौं | तेस्रो | घण्टाघर डोजो शाखा, काठमाडौं |
| २०५८ | खुकुरी कराँते प्रतियोगिता | बनेपा, काभ्रे | तृतीय महिला ओको | बनेपा |
| २०५२ | प्रथम काठमाडौं उपत्यकाव्यापी महिला सितेरियो कराँते तथा किक बक्सिङ्ग प्रतियोगिता | काठमाडौं | दोस्रो | काठमाडौं |
| २०५२ | प्रथम काठमाडौं उपत्यकाव्यापी महिला सितेरियो कराँते ओको प्रतियोगिता | काठमाडौं | दोस्रो | काठमाडौं |
| २०५३ | दोस्रो उपत्यकाव्यापी कराँते तथा प्रो. फूल कन्ट्याक्ट किक बक्सिङ्ग प्रतियोगिता ५० केजी | काठमाडौं | तेस्रो ओको | काठमाडौं |
| २०५७ | दोस्रो उपत्यकाव्यापी महिला कराँते तथा किक बक्सिङ्ग प्रतियोगता ५५ केजी | भक्तपुर | तृतीय | भक्तपुर डोजो |
| २०५७ | भक्तपुर जिल्लाव्यापी खुला कराँते तथा प्रो. फुल क्न्ट्याक्ट किक बक्सिङ्ग प्रतियोगिता, ५० के जी | भक्तपुर | प्रथम | भक्तपुर डोजो |
| २०५७ | भक्तपर जिल्लाव्यापी खुला कराँते तथा प्रो.फुल कन्ट्याक्ट किक बक्सिङ्ग प्रतियोगिता ५० केजी ओको | भक्तपुर | प्रथम | भक्तपुर डोजो |
| २०६५ | पाँचौं राष्ट्रिय खेलकुद | काठमाडौं | निणार्यक | राखेप |
| | छैटौं राष्ट्रिय खेलकुद प्रतियागिता | धनगढी | निणार्यक | राखेप |
| सन् २००३ | तेस्रो पासाङ्ग ल्हामु स्मृति रष्ट्रिय महिला कराँते तथा किक बक्सिङ्ग प्रतियोगिता | घण्टाघर काठमाडौं | रेफ्री | घण्टाघर डोजो |
| सन् २००९ | ११ औं खुला सितेरियो कराँते च्याम्पियनशीप र रजत वार्षिक उत्सव | पोखरा कास्की | रेफ्री | पोखरा |
| सन् २०१३ | ३९ औं राष्ट्रिय कराँते प्रतियोगिता | लुम्बिनी | रेफ्री | नेपाल कराँते महासंघ |
| सन् २०१४ | गणेशमान सिंह स्मृति राष्ट्रिय कराँते प्रतियोगिता | काठमाण्डौं | रेफ्री | नेपाल कराँते महासंघ |
| २०५७ देखि | कराँते प्रशिक्षण | भक्तपुर नपा | कोच | भक्तपुर नगर खेलकुद समिति |
| | Shito-ryu Karate black belt 3 Dan, 2 Dan, 1dan | | | Nepal Karate de federation |
| 2020 may | sito–ryu Karate black belt 4 dan | | | The world shitoryu karate do Federation |
| | तेस्रो रेफ्री सेमिनार तथा परीक्षा certificate of diplomas | | | Nepal Karate do federation |
| | National referee course | | | Nepal Karate do federation |
| 2006 | Sports Teacher course | | | Nepal Karate do federation |
| | Asian karate union judge अन्तराष्टिय रेफ्री | काठमाण्डौं | १३ साफ रेफ्री | Kathmandu |
| चैत्र २०७५ देखि वैशाख २०७६ | आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता | दाङ | रेफ्री | राखेप |

# बर्डफ्लु रोगबाट बच्न तथा बचाउन अपनाउनु पर्ने उपायहरू

पार्वती योन्जन

## बर्डफ्लु रोग

बर्डफ्लु विषाणुको कारण पन्छीमा लाग्ने घातक महामारी रोग हो । विश्वका धेरै मुलुकमा बर्डफ्लु सङ्क्रमित पन्छीको प्रत्यक्ष सम्पर्कमा रहने व्यक्तिहरूमा यो रोग सर्न गई मृत्युसमेत भएको पाइएको छ ।

## बर्डफ्लु रोग कसरी फैलिन्छ

बर्डफ्लु रोग एक स्थानबाट अर्को स्थानमा निम्न माध्यमहरूबाट सर्नसक्ने सम्भावना रहन्छ–

१. बर्डफ्लु सङ्क्रमण भएको स्थानमा रहेका पन्छी, पन्छीजन्य पदार्थ तथा रोगी पन्छीसँग प्रत्यक्ष सम्पर्कमा रहेको दाना, सुली, दाना राख्ने बोरा, प्रयोग भएका भाँडाकुँडालगायतको संसर्गबाट यो रोग सर्न सक्दछ ।

२. बर्डफ्लु सङ्क्रमण भएको स्थानबाट सङ्क्रमित पन्छी तथा ती पन्छीसँग सम्पर्कमा आएका सर-सामग्री अन्य स्थानमा लैजाँदा त्यस्ता सङ्क्रमित वस्तु तथा ओसारपसार गर्ने सवारी साधनको माध्यमबाट समेत रोग एक स्थानबाट अर्को स्थानमा सर्न सक्दछ ।

३. घरपालुवा हाँसहरूमा बर्डफ्लु रोगको विषाणु सुषुप्त अवस्थामा समेत रही, रोगको लक्षण नै नदेखाइकन अन्य पन्छीहरूमा रोग सार्न सक्ने सम्भावना रहन्छ ।

४. यो रोगको विषाणु पन्छीको सुली तथा न्यालमा बढी मात्रामा हुने भएकाले सुली तथा न्यालको संसर्गबाट स्वस्थ पन्छी तथा मानिसमा समेत रोग सर्न सक्दछ ।

५. समय समयमा एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्ने फिरन्ते चराहरूले रोगको विषाणु आफूसँग लिएर सङ्क्रमण नभएको स्थानमा पुऱ्याउन सक्दछन् । यसरी आउने पन्छीहरूबाट स्थानीय तथा व्यवसायिक रूपमा पालिएका पन्छीहरूमा यो रोगको सङ्क्रमण फैलिन सक्दछ ।

## सुरक्षाका उपाय

बर्डफ्लु रोगको प्रकोप न्यूनीकरण गर्न अपनाउनु पर्ने जैविक सुरक्षाका उपायहरू

१. पन्छी पालन गर्दा जैविक सुरक्षाका प्रावधानहरू अनिवार्य रूपमा पालन गर्ने/गराउने ।

२. घरपालुवा पन्छी हाँस, कुखुरा आदिलाई अन्य जङ्गली चराहरूको सम्पर्क/संसर्गमा आउन नदिने ।

३. घरपालुवा पन्छीलाई स्वच्छ तथा सफा पानी खान दिने । सङ्क्रमण स्थल नजिकबाट बग्ने नदी तथा खोलामा सङ्क्रमित वस्तुहरू मिसिएर पानी सङ्क्रमित हुनसक्ने हुँदा त्यस्ता स्थानबाट ल्याइएको पानी उमालेर वा शुद्धिकरण गरेर मात्र खुवाउने ।

४. घरपालुवा पन्छीलाई खुला रूपमा नछोडी थुनेरमात्र पाल्ने ।

५. पन्छीहरूलाई दाना, पानी दिने भाँडा नियमित रूपमा सफा गरी निःसङ्क्रमण गर्ने ।

६. पन्छीलाई राखेको स्थानमा नियमित रूपमा निःसङ्क्रमण गर्ने ।

७. पन्छी पालन गर्दा प्रत्येक लट उत्पादन भए पश्चात खोरलाई राम्रोसँग निःसङ्क्रमण गर्ने र २१ दिन खोर खाली राखेर मात्र नयाँ लट कुखुरा राख्ने ।

८. हाँस, कुखुरालगायतका पन्छीहरूलाई एकै ठाउँमा वा एकै खोरमा मिसाएर नराखी छुट्याएर पाल्ने ।

९. पन्छीको खोर नजिकै बंगुर पालन नगर्ने/नगराउने ।

१०. बजारमा बिक्री वितरणको लागि लगिएका पन्छीहरू भरसक हाट वा बजारबाट फिर्ता नल्याउने तथा हाटमा अन्य स्थानबाट ल्याइएका पन्छीहरूसँग नमिसाउने ।

११. कुनै पनि स्थानबाट पन्छी खरीद गर्दा स्रोत एकिन गरी खरिद गर्ने र त्यसरी खरिद गरी ल्याएका पन्छीहरूलाई खोरमा भएका अन्य पन्छीसँग नमिसाई कम्तिमा पनि ७ दिनसम्म छुट्टै राख्ने ।

१२. आफूले पालेका पन्छीहरू एक्कासी धेरै सङ्ख्यामा बिरामी परेमा वा मरेमा तुरुन्त नजिकको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा स्थानीय तहको पशु सेवा शाखा वा पशु सेवासँग सम्बन्धित निकायमा जानकारी गराउने ।

१३. केटाकेटीहरूलाई पन्छीको संसर्गबाट टाढा राख्ने र व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

१४. पन्छीपालन गरिएको क्षेत्र नजिक जङ्गली पन्छीहरू आकर्षित हुने वातावरण नबनाउने ।

१५. पन्छीपालन गरिएको खोरहरू बार बन्देज गर्ने र बाहिरका मानिसहरूलाई भरसक आवतजावत गर्न नदिने ।

१६. कुखुरा तथा हाँसको खोरमा काम गरेपश्चात् राम्ररी साबुन पानीले हात, खुट्टा धुने ।

१७. खोरभित्र छिर्ने ठाउँमा फुट बाथको लागि फिनल पानी, चुन, निःसङ्क्रमण गर्ने अन्य औषधिको प्रयोग गर्ने ।

१८. पन्छी राख्ने खोर समय समयमा सफा गर्ने ।

१९. मरेका पन्छीहरूको मासु नखाने, त्यस्ता पन्छीहरू जथाभावी रूपमा नफाली गहिरो खाल्डो खनी गाडिदिने ।

*(पशु सेवा प्राविधिक, पशु सेवा शाखा, दुधपाटी)*



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-३)


– प्रो. माणिकलाल श्रेष्ठ



## सिर्जना व समालोचनाया भेद व सम्बन्ध

साहित्य व कलाया विकासया निंतिं समालोचनाया महत्व गाक्कं दु धका माने याइपिसं नं साहित्यया पाठकया निंतिं समालोचना मब्वंसे मगागु बस्तु मखु धागु न्यने दु। समालोचना ब्वनेगु खँया विरोध याइगु थ्व प्रवृत्ति दुपिंसं धाई– 'पाठकया चिउता ला लेखक नाप जकं दु, लेखकया खँ कया च्वइम्ह मेम्ह लेखक (समालोचक) या अध्ययन याये मागु छाय् ?' अले थथे समालोचनाया विरोध यायेगु प्रवृत्ति तस्सकं तीव्र जुल धायेव समालोचनायात 'क्वह्यंगु पेशा', 'करकिया कुं खिनेगु ध्वसांत्मक प्रवृत्ति' धका खंकेगु प्रवृत्ति वइ। तर बांलाक बिचा याना सोसा साहित्यया समालोचना नं छगू प्रकारया साहित्य खः, कलाया समालोचना नं छगू प्रकारया कला। साहित्य पक्षया जक खँ काये। साहित्य धयागु मनूया जीवन वा मनूया ज्याया अध्ययन खः, अले समालोचना धयागु साहित्यिक कृतिया अध्ययन। 'उत्तम रचना धयागु नं उत्तम ज्या थें तुं खः, उकिं समालोचना नं साहित्य खः। *(हड्सन्– साहित्यया समालोचना व मूल्याङ्कन।)*

बरू समालोचक छम्ह कलाकार जक मखु वैज्ञानिक नं खः। सिर्जनात्मक साहित्य थें समालोचना नं छगू कला खः, अले हानं सिर्जना जक मखु, विश्लेषण नं याइगु छगू प्रकारया सामाजिक विज्ञान नं थ्व खः। समालोचना कला खःला कि विज्ञान बांलाक थुइकेत कला व विज्ञानया भेद थुइकेमा। कला व विज्ञान उलि हे पा, गुलि कल्पना व युक्ति पा। कल्पनां विभिन्न बस्तुयात छधी याना बिइ, युक्तिं विश्लेषण याइ, विभिन्न बस्तुया सम्बन्ध क्यना बिई। अंग्रेजी साहित्यया प्रसिद्ध कवि शेलीं धया तःकथं 'युक्ति विभिन्न बस्तुया भेद खनी, कल्पनां समानता'। मनूया जीवनया विभिन्न बस्तु, जगते च्वंगु आपालं बस्तु मनूया आपालं ज्या स्वया उकियात छधी यायेगु छगु छुं समान नियम खंकेगु सिर्जनात्मक साहित्यिकया मिखा समालोचकयाके नं दइ, उकिं समालोचकनं छम्ह कलाकार खः। हानं साहित्यिक कृतियात बांलाक विश्लेषण याना वाला स्वया तिनि समालोचकं उकिया गुण दोष लुइकी, उकिं समालोचक छम्ह वैज्ञानिक नं खः।



hf]g ldN6g

मेगु छगू खँय् नं सिर्जनात्मक क्रिया अर्थात साहित्य वा कला व समालोचना उत्थें च्वं। न्ह्यागु नं साहित्यया लेखकया व्यक्तित्व नाप सम्बन्ध दइ। 'उत्कृष्ट कृति लेखकया जीवन सार खः' *(life-blood of the master mind- जोन मिल्टन)*। लेखकया कृति ब्वना वया चरित्र व दृष्टिकोण भ्रीसं सिइके फु। जीवनयात लेखकं गुगु मिखां स्वत, अले अन छु लुइकल, उकिं छु काल धका भ्रीसं लेखकया कृति ब्वना सिइका काये फइ *(हड्सन्– साहित्यया अध्ययन)*। अथे हे तुं समालोचना ब्वनेबेले नं भ्रीसं समालोचकया व्यक्तित्व खनी। साहित्ये ला तप्यंक हे जीवनया प्रतिनिधित्व याना च्वया तइगु जूगुलिं च्वमिया जीवन सम्बन्धी धारणा वया कृतिं प्रत्यक्ष क्यनी। समालोचनाय् उलि तप्यंक मखये

फु, तर उकी नं भ्मीसं व हे खनी। सुं छम्ह लेखकया जीवन-दर्शन सिइकेत वया हे कृति ब्वने मा। वया कृतिया समालोचना ब्वनेबेले ला लेखकया मखु, समालोचकया जीवन दर्शन भ्मीसं ब्वनेगु जुइ। म्याथु आर्नल्डं धया दीथें जोगु समालोचना ला दये हे फह मखु *(म्याथु आर्नल्ड्या विचार कथं समालोचना 'व्यवहार, राजनीति व थ्वजोगु छुं कथंया स्वार्थ प्रभाव मलाक्क' स्वतन्त्र व निर्लिप्त जुइमा।)*। 'छ्वास' कविता संग्रहया समालोचना याना कृष्णचन्द्र सिंह प्रधानजुं च्वया दीगु लेख ब्वनेबले भ्मीसं छ्वासया लेखक केदारमान 'व्यथित' बरू म्हसी मखु, कृष्णचन्द्रजु बांलाक म्हसी। सु समालोचकया व्याख्या ब्वना कृतिया लेखकयात बांलाक थुइकेगु जूसा समालोचकया जीवन-दर्शन जक उकिं फाया लिकाये मानि। उकिं हे हड्सनं धया दिल – 'कलरीजया लेख ब्वना शेक्सपियर थुइकेगु जूसा कलरीजया दर्शन उकिं लिकया छ्वये फये मानि।'


लेखकया थें समालोचकया योग्यता निहित गुणं जक मगा। लेखक व समालोचक निम्हसिकें छगू निहित गुण दयेमा- तेल्ला मिखा अर्थात बस्तुया दुने थ्यंक खंके फुगु शक्ति, अले थ्व शक्ति छ्यला खंगु खँ बांलाक प्रतिनिधित्व याना बिइगु शक्ति हे सिर्जनात्मक शक्ति खः। बस्तुया दुने थ्यंक स्वये फुगु मिखा समालोचकयात भ्मन मा, तर समालोचकयात मेमेगु बस्तु नं मा। न्हापा धाये धुन, समालोचनाया निता ज्या दु- व्याख्या यायेगु व निर्णय बिइगु। व्याख्या यायेत दुने थ्यंक कुत्तु कुला वाला स्वयेमा, लूगु खँ सिलसिला हने सयेमा, अथे जूगुलिं थ्व सिलसिला हंगु सूक्ष्म समालोचना यायेत अध्ययन मा, विद्वता व ज्ञान मा। अनंलि समालोचकं छुं छता कोजिइक धया नं बिइ फयेमा, थुकिया निंतिं प्राविधिक ज्ञान छ्यला ठीक बेठीक धका निर्णय बिइमा, उकिया निंतिं समालोचकयाके संयम व अनुशासन नं दयेमा। ख जा छम्ह सामान्य पाठकं नं छुं छगू कृति भिं मभिं, छुं खँ ठीक बेठीक धका म्हसिइके फु, तर छसिकथं पूवंक समालोचना यायेत विद्वता, ज्ञान, संयम व अनुशासान मा। समालोचकयात मागु थ्व फुक्क गुण लेखकयात नं छुं भति मा, अथे हे लेखकयाके च्वंगु निहित गुण नं काचाक्क खंकेगु शक्ति समालोचकयात नं मा। तर थ्व निगु प्रकारया गुण मध्ये छता लेखकयाके व छता समालोचकयाके अपो खने दइ, मनूया मनयात थ्व छता गुणं सिर्जना शक्ति बिइ मेगुलिं समालोचना शक्ति।

आ छगू प्रश्न वइ – मानव मनं सिर्जनात्मक शक्ति छ्यला पिकाइगु सिर्जना वा सिर्जनात्मक कृति व समालोचना शक्ति छ्यला याइगु समालोचनाया कृति गुगु च्वन्ह्या ? खः, मनूया सिर्जनात्मक शक्ति समालोचनात्मक शक्तिसिकं च्वन्ह्या। साहित्ये जक मखु मेमेगु क्षेत्रे नं मनूया सिर्जना यायेगु शक्ति न्हू न्हू बस्तु खंकी, न्हू न्हू विचार हइ। कवि शेलीं 'विश्वे परिवर्तन हइपिं हे कवि खः' धया दीगुया अर्थ नं सिर्जनात्मक प्रतिभा दुपिंत कवि धया दीगु खः। विश्वया बस्तुगत तथ्ययात दुने थ्यंक खंके फइगु, थःगु मिखा न्ह्योने च्वंगु जगतया वा प्रकृतिया विभिन्न प्रक्रियाय् छुं नियम खंके फइगु, विभिन्न बस्तु, विभिन्न क्रिया प्रक्रिया स्वया उकी च्वंगु समानता खंकेगु शक्ति सिर्जनात्मक शक्ति ख। थ्व जोगु शक्ति दुम्ह धाथेंया कवि खः, वं छुं कविता हे वं च्वया तःगु मदुसां। थुगु दृष्टिं स्वयेबेले भ्मीसं धाये फु विश्वया दकले तःधंम्ह कवि गौतम बुद्ध खः। विश्वया निर्जीव बस्तु, जीव व मन् प्रकृतिया घटना व मनूया ज्या, फुक्क विश्व व ब्रम्हाण्डे फक्कलिसं छता समान गुण, समान रूप खंकल, व खः अनित्य, अले बुद्धया क्षण भङ्गुरवाद पिहाँ वल। 'ब्रह्म जक सत्य, जगत जक मिथ्या' धाइपिसं थें बुद्धं भेद मक्यं, पदार्थ, जीव, शरीर, आत्मा फुक्क अनित्य धका भेद मखु समानता क्यन। निगु बस्तु जक मखु विश्व ब्रह्माण्ड फुक्कया छता समान गुण खंकेगु शक्ति सिर्जनात्मक शक्ति खः।

उकिं छता खँ थन बिचा याये मागु दु सिर्जनात्मक शक्ति मनुखं छ्यलेगु खालि साहित्य व कलाया कृति पिकायेत जक मखु। भिंगु ज्या यायेगु, समाजया सेवा यायेगु, छुं छता सामाजिक वा राजनैतिक क्रान्तिइ ज्या यायेगु, अभ्म ज्ञान कायेगु फुक्कलिसें सिर्जनात्मक शक्ति छ्यले फु। समालोचना यायेत नं सिर्जनात्मक शक्ति छ्यले फु, अभ्म छ्यले हे मा। हानं, समालोचनाया ज्या याये मयायेगु मेगु खँ, तर समालोचनाया प्रतिभा मदुह्मसिनं धाथेंया सिर्जना याये फइ हे मखु। स्वयेगु, खंकेगु व अले खंगुयात अभिव्यक्ति यायेगु, अनुकरण यायेगु हे सिर्जना खः, बांलाक सिर्जना यायेत स्वयेगु खंकेगु व चिन्तन यायेगु फुक्क स्वतन्त्र मिखां व समालोचना याइगु मनं जक फइ।

समाज व जीवनया मेमेगु पक्षे थें साहित्ये इले इले न्हून्हूगु प्रवाह वया च्वनी, अले साहित्ये न्हून्हूगु रूप, न्हून्हूगु प्रयोग व न्हूगु धारा वइ। साहित्य व कलां न्हूगु मोड काइ, अले तिनि समालोचनां नं न्हूगु मोड काइ। गबलें गबलें छको निकोया खँ तोता न्ह्याबलेसं सिर्जनात्मक साहित्य समालोचनायात नेतृत्व बिइ। न्हापालाक्क सिर्जनात्मक शक्तिं थः ज्या याइ, साहित्य वइ, अले साहित्यया कृति ब्वना उकी आधार याना समालोचनाया धारणा ➲

# भुमरी र हुरी : एक चर्चा





विष्णुभक्त राजचल

अहिले हुरीबतासको समय छ। मौसम परिवर्तन भएर अप्रत्यासित गर्मी चर्किंदै छ। प्रचन्ड घामको प्रभावले गर्दा फुटकर पदार्थहरू सुकेर झुरुम झुरुम हुन् थालिसकेका छन्। समयलाई ध्यान दिन सकेन भने एक झिल्को आगोले जिन्दगीभरका कमाइ एकै क्षणमा सखाप हुनसक्छ। अझ हुरीबतासको चङगुलमा पऱ्यो भने आफ्नो मात्र होइन सम्पूर्ण गाउँ सहर वन जङ्गल, मसानमा परिणत हुने सम्भावना हुन्छ। त्यसैले, बेलैमा हुरिबतासदेखि सतर्क हुनुपर्छ।

सौर्य तापकर स्थितिअनुसार पृथ्वीमा वायुमण्डलीय गतिविधि परिवर्तन भइरहेको हुन्छ। सोही परिवर्तित परिस्थितिको निश्चित समयावधिलाई ऋतु (season) भन्ने गरिन्छ। शिशिर, वसन्त, गृष्म, वर्षा, शरद र हेमन्त गरी छ प्रकारका ऋतु छन्। निश्चित ऋतुको समयावधिभित्र वायुमण्डलीय अवस्थामा दैनिक रूपले छिनछिनमा अदलबदल भइरहने वायुमण्डलीय गतिविधिलाई मौसम भन्ने गरिन्छ। उदाहरणको लागि शिशिर ऋतुको प्रत्येक दिन निश्चित घण्टा वा मिनेटभित्र चीसो हुने, एकै छिनमा बदली हुने, फेरि एकैछिनमा बादल हटेर गई घाम लाग्ने वा हावा हुरी चल्ने जस्ता वायुमण्डलीय गतिविधिहरू भइरहने गर्दछ। यी गतिविधिहरूमध्ये यहाँ चर्चा गर्न खोजेको एउटा अवस्था भुमरी र हुरी हो। हुरीबतासबारे प्रायःको प्रत्यक्ष अनुभव

---

➲ दइ। साहित्य "जीवनया समालोचना" खः, अले साहित्यया समालोचनायात धाई समालोचना साहित्य। समालोचनासिकं न्ह्यो सिर्जना खःसां नं समालोचना मदयेकं सिर्जनात्मक साहित्यया स्वस्थ विकास जुइ फइ मखु। समालोचना लिकुना बिल, न्ह्यज्यायेगु भावना मंत धायेव सिर्जनात्मक कृति नं विकास जुइमखु, न्ह्यज्यासां खःगु लँय् लाये थाकु। लेखकपिंत तुति ज्वना क्वथलेगु ज्या समालोचकं याये मजिउ बरू घ्वाना न्ह्यज्याका यंकेमा। धाथें हे रचनात्मक समालोचनां सिर्जनात्मक साहित्ययात नं खःगु लँय् यंकी। समालोचनां सिर्जनात्मक साहित्ययात छुं भति नियन्त्रण व प्रभाव या हे याइ, थथे याइगु ज्यायात घृणा याये मजिउ। अथे जूगुलिं झीसं धाये फु- न्ह्योने चवना लँ क्यँक्यं वनीह्म सिर्जनात्मक साहित्य खः। समालोचनायात नेतृत्व हे सिर्जनां बिइ, तर समालोचनां नं सिर्जनायात नियन्त्रण याई। सिर्जना व समालोचनाया सम्बन्ध खुसिया लः व घाटया थें खः। खुसिया लः हे मन्ह्यासा घाटया छुं मतलब मदु, खुसि दया हे घाट दत, अथे हे साहित्य व कला दुगुलिं हे जक समालोचना पिदन। हानं घाट मदुसा खुसि मखुथे मखुथे न्ह्याये यो। घाटं खुसियात खःगु लँय् लाका तःथें समालोचनां साहित्ययात लँपु लिका तइ। बरू समालोचनां सिर्जनाया उत्साहयात अपो चिइत सन धायेवं खुसिं घाट तछ्याथें नियन्त्रण चव्बुना बनी।

न्ह्यागु प्रकारया साहित्य नं मेपिसं ब्वनेमा धका (अथे हे कला मेपिसं स्वयेमा धका) च्वया तइ, अले ब्वनीपिंसं कृति ब्वनिबले छुं प्रतिक्रिया वइ। थःगु प्रतिक्रिया बांलाक थथे हे धका कने सःम्ह मनू समालोचक खः। सिर्जनात्मक साहित्यबारे छम्ह विशेषज्ञया धारणा, प्रतिक्रिया वा प्रभाव हे समालोचना खः। जीवन स्वया वोगु लेखकया प्रतिक्रिया साहित्य खः, अले साहित्यिक कृति स्वया वइगु प्रतिक्रिया समालोचना खः। साहित्य युग स्वया पाना वनीथें तुं समालोचनाय् नं युगया छाप द हे दइ। साहित्य धयागु विषये मनूया धारणा छगू युगं मेगु युगे पापां वना च्वंगु खँ ब्वनेगु हे समालोचनाया इतिहासया सार खः। समालोचनाया इतिहास ब्वनेगु सिर्जनात्मक साहित्यया इतिहास ब्वनेत गुहालि खः। **(कथहं)**


भएको हुनुपर्छ ।

ठाउँ विशेष, वायुको वेग वा गति, यसको प्रकृति र स्वभावअनुसार हुरीबतासलाई फरक फरक नामले सम्बोधन गर्ने गरेका छन् । भारतमा यसलाई आँधी तुफान, चीन र जापानमा टाइफुन (Typhoon), पश्चिम द्वीपमा हुरिकेन भन्दछन् । जहाँ जे जस्तो नामले सम्बोधन गरे पनि अरू मुलुकमा बहने हुरी र हाम्रो नेपालमा बहने हुरीबतासको प्राकृतिक स्वभाव निक्कै फरक देखिन्छ । अरू मुलुकमा बहने आँधी प्रायः जसो सामुद्रिक सतहबाट जमीनतर्फ तीव्र वेगले बहने भएकोले सामुद्रिक किनारी क्षेत्र, त्यसका आसपासमा निक्कै विनाशकारी भूमिका खेलेको हुन्छ । तुलनात्मक रूपमा हामी कहाँ बहने हुरी, त्यतिको विनाशकारी देखिँदैन जतिको हरिकेन, तुफान, टोर्नाडोबाट हुन्छ ।

पानी माथिबाट तल बग्ने स्वभावको हुन्छ भने हावा चीसोबाट तातो स्थानमा, उच्च चापबाट निम्नचापतिर बहने गर्छ । १९९ किलोमिटर प्रतिघण्टाभन्दा बढी गतिमा वायु बहने गरेमा चक्रवात वा आँधीबेहरी भन्ने गरिन्छ । चीसो स्थानबाट तातो स्थानमा वायु बहँदा वरिपरि आसपासका हावालाई पनि आफूसँगै हुइँक्याएर तीव्रगतिमा बहने गर्छ । यसरी वायु बहँदा उत्तरी गोलार्धमा दायाँ गोडिएर अर्थात घडीको सुईको उल्टो दिशातिर घुमी बहन्छ । दायाँ मोडिएर बहेको वायुलाई पृथ्वीको परिभ्रमण गतिले उल्टो दिशातर्फ घुमाउँदा चक्रवातको रूपलिएर घुमीघुमी तीव्र वेगले बहने गर्छ ।

नेपाल भित्र खासगरी काठमाडौँ उपत्यका र वरिपरिको इलाकामा शिशिर र वसन्त ऋतुको अन्त्यतिर गृष्म ऋतुको थालनीसँगै हुरीबतास चल्न थाल्छ ।

यहाँ ३५ किलोमिटर प्रतिघण्टादेखि ११० किलोमिटर प्रतिघण्टाको गतिमा हुरी चल्ने गर्छ । नेपालको अधिकांश भागमा चल्ने हुरीबतासको तीव्रता एवम् ढालअनुसार जस्तापाताका छाना उडाउने, रुख र बिजुलीको खम्बा ढाल्ने, छाप्रो उडाउने, धूलो उडाउने, बादल गर्जने, बिजुली चम्कने र असिना पानी पर्ने, चट्याङ पर्ने जस्ता प्राकृतिक गतिविधि हुने गर्दछ । यस्ता गतिविधिले गर्दा बिजुली बत्ती, सडक, बाटो अवरोध हुने र कहिँकतै केही मानिस मर्ने घटनाहरू हरेक वर्ष धेरै वा थोरै, चाँडो वा ढिलो हुने गरेको जानकारी छ । कहिलेकहीं आँधीबेहरीको प्रभावले हिमाली क्षेत्रमा समेत बाक्लो हिउँ जमेर विदेशी पर्यटकहरू समेतको ज्यान गएको समाचार प्रसारण हुने गरेको छ ।



नेपाल सामुद्रिक इलाकाबाट निक्कै टाढा रहनुको साथै २६° २२′ उत्तर अक्षांशदेखि ३०° २७′ उत्तरी अक्षांश तथा ८०° २०′ पूर्वी देशान्तरदेखि ८८° २२′ पूर्व देशान्तरभित्र रहेको पहाडी मुलुक भएकोले अरू मुलुकमा चल्ने हुरीभन्दा यहाँ बहने हुरी फरक प्रकृतिको रहेको छ ।

पृथ्वीको परिक्रमण गतिको क्रममा जब सूर्यको स्थिति भूमध्यरेखा पार गरेर कर्कट रेखीय क्षेत्रतर्फ स्थानान्तरण हुन्छ, तब एसिया महादेशको अधिकांश क्षेत्रमा सूर्यको किरण लम्बवत स्थितिमा पर्छ । नेपालमा पनि प्रायः लम्बवत घाम पर्ने भएको हुँदा गर्मी सुख्खा अवस्थाको हावापानी हुन थाल्दछ । गर्मी वा चर्को घामको प्रभावले गर्दा धरातल नजिकको हावा छिटो तातिएर हलुका भई माथि प्रसारण भई जाने कारणले दक्षिणको अरब सागरीय क्षेत्रको तुलनामा मध्य एसियामा निम्न चाप पैदा हुन्छ । उक्त निम्न चाप पेटी उत्तर र दक्षिण सर्ने पनि गर्छ । उच्च चाप पेटी उत्तरतर्फ सर्दा नेपालमा पनि बढी प्रभावित हुन्छ । त्यसैले चैत्र, वैशाख र जेष्ठ महिनाको वसन्त र गृष्म याममा अत्याधिक गर्मीले गर्दा अरब र हिन्द महासागरबाट उष्ण भुमरी उत्पत्ति भएर एसिया महादेशको मध्यभागतिर हुइँकिन थाल्छ । उष्ण भुमरीको उत्पत्ति स्थल ज्यादै सानो अर्थात् बढीमा २०० मील ब्यासको हुन्छ । तर, यसको चाप ढाल तीव्र हुने हुँदा वेग बढी हुन्छ । साधारणतया यो हावा प्रतिघण्टा १० देखि १५ मील (२४ कि.मि.) वेगले बहन्छ । कहिलेकाहीँ प्रतिघण्टा ८०० मील सम्म पनि बहन्छ । उष्ण भुमरी एसिया महादेशमा बहँदा पहिले पूर्वबाट पश्चिम र पछि उत्तर-पश्चिम दिशा गरी बहन्छ । यो भुमरी बहँदा आकाश कालो-नीलो बादलले ढाक्ने र पछि मेघ गर्जनको साथै मुसलधारे वर्षा हुनसक्छ । हावाको झोकाले सागर तटमा छाल उठ्छ र कयौं किलोमिटर सम्मको भू-भागमा पसी सागर-तटस्थित क्षेत्रमा असङ्ख्य धन-जनको क्षति गर्छ । त्यही वायु नेपालभित्रसम्म पनि पसी हुरीबतासको रूप लिन्छ । कहिलेकाहीँ दक्षिण पश्चिमबाट बहने न्यानो बाफिलो वायु र उत्तरी चीसो हिमाली वायु जस्ता दुई भिन्न प्रकृतिको वायु

एक आपसमा ठोकिन्दा ती दुई वायुको अग्र भाग (Front Lines) मा सङ्क्रमित भएर पनि हुरीबतासको सृजना हुन्छ। सामान्यतया दुई भिन्न तापक्रमका वायुमध्ये चीसो शुष्क वायु माथि न्यानो बाफिलो वायु बहने गर्छ। तर कहिलेकाहीँ न्यानो बाफिलो वायुराशीले तलोबाटो अपनाउने र चीसो सुख्खा वायुराशीले माथिल्लो बाटो अपनाउने भएकाले चीसोको प्रभावबाट न्यानो वायुको तापक्रम घट्न गई अकस्मात कालो नीलो बादलको सृजना भई बादल गर्जने, बिजुली चम्कने, असिना पर्ने, हुरी चल्ने, वर्षा हुने गर्छ। हुरीबतास आउनुभन्दा पूर्वार्द्ध हावा गरम, बाफिलो र शान्त वायुमण्डलीय स्थिति हुने, अकस्मात निम्न चाप पैदा हुने, जनावरहरूले पनि अस्वभाविक क्रियाकलाप देखाउने, आकाशमा कालो नीलो बादल मडारिने जस्ता सङ्केत देखापर्छन्।

हुरी आउनु पूर्वसङ्केत अनुसार सावधानी अपनाउन नसकेमा धेरै धन जनको क्षति हुनसक्ने सम्भावना हुन्छ। त्यसैले यस्तो अवस्थामा सावधानी अपनाउनु, सकेसम्म घरबाट ननिस्कने, सुरक्षित स्थानमा ओट लाउने, झ्याल ढोका बन्द गर्ने, बिजुलीको प्रवाह बन्द गर्ने, सवारी साधन नचलाउने, रूख र विजुलीको खम्बा तथा चिम्नि मुनी नबस्ने गर्नुपर्छ।

वैशाख जेष्ठ महिनाको गृष्म याममा हामीकहाँ खासगरी काठमाडौँ उपत्यकामा कहिलेकाहीँ एक प्रकारको गोलाकार वायु अर्थात् घुमीघुमी बहने वायु देखापर्दछ। यसलाई नेवारी भाषामा गोफय् अर्थात् गोलो वायु भनिन्छ। कसैले यसलाई भुमरी वा भुवरी वा हुण्डरी पनि भन्ने गरिन्छ। गृष्म यामको टन्टलापुर घामको खुला स्थानमा अकस्मात गोलो वायु उत्पत्ति भएर घुमी घुमी धेरै माथिसम्म आकाशमा उठेर स्थानान्तरित भई बहने गर्दछ।

नदी खोलामा बाढी आउने बेलामा देखापर्ने पानीको भुमरीले जमिनमा गहिरो खाल्डो खन्छ। तर वायुका भुमरी आकाश माथि धेरै उचाइसम्म घुमी घुमी उठ्ने गर्छ। वायुको भुमरीको सम्पर्कमा परेका माटो, बालुवा, धूलो, कसिङ्गर आदिलाई आफूसँगै धेरै माथिसम्म उडाउँछ। यसको साथै आफ्नो सम्पर्कमा रहेका जस्तापाता, पातपतिङ्गर, जीव प्राणी, छाप्रोको छानासमेतलाई पनि धेरै माथिसम्म उडाएर लगी केही समयपश्चात पुनः जमीनमा कहिँकतै बजार्ने गर्छन्। त्यसैल यो भुमरी पनि केही हदसम्म खतरनाक र हानिकारक मान्नुपर्छ।

दिउँसोको टन्टलापुर चर्को घामको प्रभावले गर्दा जमिनको सतह तात्नुको साथै सतह नजिकको हावाको तापक्रम पनि बढेर सुख्खा हलुका भई माथि माथि प्रसारित भएर गई सतहमा अकस्मात हावा न्यून भएर न्यून चाप पैदा हुन्छ। त्यति बेला कहिँ कतै आसपासमा सूर्यको घाम छेक्ने खालका टुक्रे बादल आइदिएर तुलनात्मक रूपमा त्यहाँको हावाको तापक्रम केही घट्न गई चीसो हुन्छ। यतिकैमा प्रायः शान्त अवस्थामा रहेको वायुमण्डल चलमलाउँदै वरिपरिबाट निम्न चापीय क्षेत्रमा चीसो वायु दायाँतिर मोडिएर तीव्र वेगले बहने गर्छ। दायाँतिर मोडिएर बहेको वायुलाई परिभ्रमण गतिले उल्टो दिशामा घुमाउँछ र चीसो तथा गर्मी वायु एक आपसमा तकराव भई गोलाकारमा घुमी घुमी धेरै उचाइमाथिसम्म उठी स्थानान्तरित भएर बहन्छ।

भूमरीको आकार V आकारको हुन्छ भने भुमरी वायु सामान्यतया केही चीसो प्रकृतिको हुन्छ। भुमरी कहिँ वृहत कहिँ साँगुरो हुन्छ। यो स्थानान्तरित भएर बहने र एकैछिनमा आफै हराउँछ। भिन्न स्वभाव भएका वायुराशीको आपसी संयोगले भुमरी उत्पन्न गर्छ। यसको केन्द्रमा न्यून दबाब हुन्छ र बाहिर दबाबमा वृद्धि हुन्छ। वायु दबाबको फलस्वरूप घुमी घुमी माथि उठेर चारैतिर फैलिन्छ। भुमरीबाट बच्न जमिनमा टाँसिएर बस्नुपर्छ।

## कोरोना महामारी

**फेरि फर्किन सक्छ**




अत्यावश्यक काममा बाहेक घर बाहिर नजाऔँ, मास्कबिना जाँदै नजाऔँ।

बाहिरी वस्तु छोएपछि हरेक पटक साबुन पानीले हात धुन वा सानिटाइजर लगाउन नबिसौँ।



भौतिक दूरीको सधैँ ख्याल गरौँ,



अरुसँग मास्क झिकेर कहिल्यै कुरा नगरौँ।


हात नधोई आँखा नमिचौँ, नाक नकोट्याऔँ र मुख नछोऔँ।

सावधानी, सचेतता र सतर्कताको
स्वस्थकर बानी बसालेर
आफू बचौँ र अरूलाई पनि बचाऔँ।

# होमर र ट्रोजन युद्ध

**नाति कवां**

होमर विश्व प्रसिद्ध एक लेखक थिए। उनको जन्म कहाँ र कहिले भयो भन्नेबारे केही लिखित प्रमाणहरू आजसम्म भेटाउन सकेको छैन। उनको विषयमा कसैले पनि केही कुरा लिपिबद्ध गरेको पाइएको छैन तापनि मानिसहरूले उनको लेखको आधारमा ग्रीक निवासी मानेका छन्।



xf]/

होमरले दुई ओटा महाकाव्य लेखेका थिए इलियाद (Illiad) र ओडिसि (Odyssey)। होमरले लेखेको पहिलो महाकाव्य इलियाद हो। इलियादको समाप्तिसँगै इलियादका पात्रहरू घर फर्किने क्रमको बयान गरेर लेखेको अर्को महाकाव्य ओडिसि हो। युरोप अथवा पश्चिमी जगतमा सबभन्दा पहिले कविताबाट कथा लेख्ने व्यक्ति भएकोले होमरलाई कविताका पिता भन्ने गर्दथे। ओडिसि ग्रीक भाषाबाट नाम राखेको हुनाले होमर ग्रीक निवासी हो भन्ने प्रमाणित गरेको थियो। भनिन्छ ओडिसि होमर आफै भएर महाकाव्यको रचना गरेको थियो। त्यस्तै होमरको जन्म कसै कसैले लगभग इपू ७५० मा अनुमान गरेका छन्। किनभने इलियाद महाकाव्य इपू १२०० मा शुरु भएको थियो।

ग्रीकका इतिहासकार हेरोडोट्स (Herodotus) लाई इतिहासका पिता भनिन्छ। उनका अनुसार होमरको जन्म इपू ८५० मा भएको हुनुपर्छ। यसरी फरक फरक जन्म मिति भएकोले होमरको जन्म मिति यकिन गर्न कठिन छ। तर, उनी जन्मेको बेला क्यालेण्डर (पात्रो) बनिसेकेको हुनु पर्दछ भन्ने भनाइ हेरोडोटसको थियो।

अर्को होमर कहाँ जन्मेको हो त्यो पनि यकिन साथ भन्न सकेको छैन। तै पनि धेरैको अनुमान अनुसार उनको जन्म एसिया माइनरको लोनिया समुद्री किनार (Lonia), सिमर्ना (Smyrna) या कुनै समुद्री किनार या चिओस टापूको किनारमा भएको हुनुपर्दछ।

होमर एक महान् कवि थिए। उनी अन्धा थिए। उनी अन्धा थिए भन्ने कुरा ओडिसि महाकाव्यमा अन्धा कवि देमोकोस (Demokos) को बारेमा बयान गरेको थियो। होमरको प्रतिमामा दाह्रीवाल, घुँगुरिएको कपाल, आँखा नभएको देखाइएको छ।

होमरले लेखेको दुईओटा महाकाव्यमध्ये इलियादको प्रचार बढी भएको पाइन्छ। इलियादमा सबभन्दा महत्त्वपूर्ण घटना ट्रोजन युद्धको थियो। ट्रोजन युद्ध किन र कसरी भयो ? यो युद्धले एसिया माइनर कै सबभन्दा शक्तिशाली देश ट्रोयलाई कसरी समाप्त गर्‍यो भने बयान गरिएको छ। पश्चिमी जगतमा यी दुवै किताबमा उल्लेख भएका कुराहरू आफैले बनाएको होइन, गाउँ-टोल घर-छिमेकमा चलन चल्तीमा भन्ने गरेका कथाहरू सङ्गालेर यो महाकाव्य बनाएको हो भन्ने मान्दथे। त्यसकारण यो महाकाव्यले त्यति बेलाको ग्रीकको सभ्यता र समाजलाई इतिहासको रूपमा चित्रण गरेको मान्दथे।

## ट्रोजन युद्ध

ट्रोजन युद्धको चर्चा गर्नुभन्दा अगाडि ट्रोयको परिचय गरौँ। ग्रीकको पौराणिक कथा अनुसार आफ्नो पिताको हत्या गरेर छोरा राजा बन्छ भन्ने आकाशवाणी भएको थियो। त्यसअनुसार क्रोनोस (Cronos) ले आफ्नो बाबु मारेर राजा भएको थियो। त्यस्तै क्रोनोसलाई मारेर (Zeus) ज्यूज राजा भए। तर ज्यूज आफ्नै स्वास्नी र बहिनीहरू सँग सन्तुष्ट थिएन। उसका धेरै केटीहरूसँगको यौन कृयाकलापका कारण धेरै बच्चाहरू जन्मिएका थिए। तर, उसलाई धेरै बच्चाहरू जन्मेको मन परेको थिएन। अर्को कुरा उसलाई उसकै कुनै एक छोराले मारेर राजा बन्ने छ भन्ने विश्वास थियो। उसलाई यो पनि थाहा थियो कि पृथ्वीमा अत्यधिक जनसङ्ख्या बढ्ने छ। यो पनि उसलाई मन परेको थिएन। त्यसकाण उसले हास्य देवता मोमुस (Momus) अथवा थेमिज (Themis) द्वारा ट्रोजन युद्ध गराएर धेरै मान्छे मारेर जनसङ्ख्या घटाउने विचार गरेको थियो। त्यस्तै समुद्री देवता थेटिज (Thetis) र तिनका पति पेलस (Peleus) का सन्तानले युद्ध जित्छ भनेर भविष्य वाणी गरेको थियो।

ट्रोजन युद्धको विषय जानकारी लिन होमरको 'इलियाद' भन्ने पौराणिक ग्रीक महाकाव्यको अध्ययन गर्नु पर्दछ। इलियाद महाकाव्यमा २४ ओटा कथा समावेश गरिएको बताइन्छ। भनिन्छ काव्य, महाकाव्यमा कम्तिमा १४ ओटा कथाबारे बयान गरेको हुनुपर्दछ। ती कथाहरू मध्ये एउटा 'ट्रोजन युद्ध' पनि हो। ट्रोजन युद्ध 'ट्रोय' राज्यमा भएको थियो। (ट्रोयको अर्थ नेपालीमा सुन, चाँदी तौलिने प्रणालीलाई भनिन्छ।) ग्रीक भाषामा ट्रोयको अर्थ बारम्बार शहरहरूको विनाश भएको र ती भग्नावशेषहरूको तहतहलाई Troy भनिन्छ। त्यही

भग्नावशेषमाथि बनेको शहर हो ट्रोय। ट्रोय हाल टर्कीमा पर्दछ।

अब 'ट्रोजन युद्ध' को विषयमा चर्चा गरौँ। ट्रोय र ग्रीस दुई देश थियो। ती दुई देशको लडाइँमा भाग लिने महान् योद्धाहरू र अन्य होमरले बयान गरे अनुसारको परिचय निम्न थिए–

**ट्रोयको तर्फबाट :**

१. प्रियाम ट्रोयका राजा
२. हेकुवा प्रियामको स्वास्नी अथवा ट्रोयकी महारानी
३. हेक्टर प्रियामको छोरा, सैनिक कमाण्डर
४. पेरिस प्रियाम कै दोश्रो छोरा
५. डाइफोस प्रियामकै अर्को छोरा
६. अपोलोकी छोरीहरू क्राइसेस र ब्राइसेस
७. अपोलो (सूर्यदेव)
८. ज्यूज देवताहरूको राजा
९. भल्क्यानो ज्यूजको छोरा

**ग्रीसको तर्फबाट :**


१. हेलेन संसारकै सबभन्दा राम्री सुन्दरी
२. मेनलस स्पार्टाका राजा साथै हेलेनको लोग्ने (स्पार्टा ग्रीसको एक राज्य थियो।)
३. आचिलेस ग्रीक फौजका बहादुर सिपाही
४. पेट्रोकुलस आचिलेसको साथी
५. पेलस आचिलेसका बुबा, थेटिजको लोग्ने
६. थेटिज् आचिलेसको आमा
७. आगमेमनन ग्रीक फौजको कमाण्डर
८. कालहास ग्रीक फौजको जानकारी राख्ने (Predictor of Greek Army)

होमरका अनुसार ज्यूजले आफ्नो छोरा पेलस को थेटिजसँग विवाह गरिदियो। विवाहको भोजमा सबै देवताहरूलाई बोलायो। तर, त्यो भोजमा इरिस लाई बोलाइएन। इरिस ज्यादै रिसायो। इरिसले एउटा 'सुनको स्याउ' लिएर दरबारिया भाइभारदारहरूको अगाडि एउटा टेबुलमाथि राखिदियो। उसले भन्यो यो स्याउ जो सबभन्दा राम्री छ उसले पाउँछ। यो सुनेर हेरा, एथेना र आफ्रोडाइटले आफू राम्री भएको दाबी गर्न थाले र स्याउ आफूले पाउनु पर्ने दाबी गर्न थालिन्। तीन जनाको बीचमा झगडा शुरु भयो। चर्का चर्की भयो। तीनै जना राजा ज्यूज कहाँ गए र सुनको स्याउ पाउनु पर्ने दावा गरे। तर, राजा ज्यूजसँग उनीहरूको झगडा मिलाउन सक्ने क्षमता थिएन। राजाको लागि त्यो मुद्दा एकदम पेचिलो बन्यो। त्यसकारण राजा ज्यूजले ती देवीहरूलाई हरमेसलाई भनेर इडा पहाडमा पठाए। इडा पहाड ट्रोयको एक राज्य थियो। त्यहाँ ट्रोयका राजा प्रियामका छोरा राजकुमार 'पेरिस' बस्दथ्यो। पेरिस हट्टाकट्टा, खाइलाग्दो जीउडाल भएको र न्यायप्रेमी थियो। त्यसकारण ती देवीहरूलाई उसको वरिपरि राखिदियो। पेरिसले उनीहरूलाई राम्ररी नियालेर हेऱ्यो। तीन जना उत्तिकै राम्री थिइन्। पेरिसले तीनै जनासँग समस्या सोध्यो। तीनै जनाले भने हामी मध्ये सबभन्दा राम्री कुन हो ? पेरिसलाई थाहा थियो सबभन्दा राम्री को हुन् भनेर। तर, पेरिस हेरा, अथेना र आफ्रोडाइटको कुरा सुनेर अक्क न बक्क भए। को राम्री छ भन्न पेरिसलाई अप्ठेरो भयो। त्यसबेला ती देवीहरूले पेरिसलाई घूस स्वरूप विभिन्न प्रस्ताव राखे। ती प्रस्तावहरू यस्ता थिए–

१) अथेनाले भनिन् 'यदि तिमीले मलाई सबभन्दा राम्री छ भनेर घोषणा गरिदियौ भने म तिमीलाई संसारको सबभन्दा बुद्धिमान र लडाइँको मैदानमा सक्षम लडाकु बनाइदिन्छु। तिमीले ग्रीक जित्ने छौ। तिमी ग्रीकलाई मनपराउँछौ।'
२) हिराले प्रस्ताव गरिन् 'यदि तिमीले मलाई सबभन्दा राम्री भनिदिए एसियाको आधा भू-भाग तिमीलाई दिन्छु र सबभन्दा राम्रो राजनीतिज्ञ बनाइदिन्छु।'
३) आफ्रोडाइटले भनिन् 'यदि तिमीले मलाई राम्री भनिदिए म तिमीलाई संसारकै सबभन्दा राम्री सुन्दरी केटी हेलेन तिमीलाई दिन्छु।'

पेरिसले तीनै जनाको कुरा सुनिसके पछि आफ्रोडाइटको प्रस्तावलाई स्वीकार गऱ्यो। पेरिसले सुनको स्याउ आफ्रोडाइटलाई दिए।

केही समयपछि राज परिवारले बोलाएको ठाउँमा गयो। स्पार्टा राज्यका राजा टिण्डरेसकी एउटी छोरी थिइन्। उनको नाम हेलेन थियो। हेलेनको आमाको नाम लेडा थियो। भनिन्थ्यो लेडा र ज्यूजको सम्पर्कबाट हेलेन जन्मेको थियो। हेलेन यति राम्री थिइन् कि उनलाई पाउन ठूल-ठूला राजकुमारहरू मरिहत्ते गर्दथे। हेलेनसँग विवाह गर्न लडाइँहरू पनि गर्ने गर्दथे। त्यसकारण Suitors नामक कमिटि बनाएको थियो।



त्यस कमिटिले जे निर्णय गर्छ त्यसै अनुरूप हेलेनको विवाह हुन्छ। त्यस कमिटिको निर्णय नै अन्तिम निर्णय हुन्छ। यसमा भै झगडा गरिरहनु आवश्यक छैन। यस कमिटिले नै हेलेनको विवाहको निर्णय गर्ने कुरा टिण्डेरेसले घोषणा गरिदियो। टिण्डेरेसको घोषणालाई सम्पूर्ण योद्धाहरूले समर्थन गरे। विवाहको विवाद समाप्त भयो।

सम्पूर्ण वादविवादको अन्तपछि हेलेन मेनेलसलाई दिने निर्णय भयो। तर मेनेलसले हेलेनको हात माग्न गएन। उसले हेलेनसँग विवाह गर्ने प्रस्ताव आफ्नै भाई आगमेमनननमार्फत पठायो। मेनलसले आफ्रोडाइटसँग वाचा गरेको थियो, यदि मेरो विवाह हेलेनसँग गराइदियो भने १०० ओटा गोरु बलि दिनेछु। त्यसकारण हेलेन मेनेलसले पाउने भएको थियो। तर समय बित्दै गयो। मेनेलसले आफ्नो वाचा पनि भुल्दै गयो। त्यसकारण आफ्रोडाइट भित्र भित्रै ज्यादै रिसाएकी थिइन्। आफ्रोडाइटले मेनेलससँग बदला लिनको लागि यो जाल रचेको थियो।

होमरका अनुसार पेरिस हेलेनलाई प्राप्त गर्नको लागि कूटनैतिक व्यक्तिको रूपमा एथेन्स गयो। एथेन्स पुगेपछि ग्रीकको दरबार भित्र पस्यो। त्यहाँ हेलेनलाई देख्यो। पेरिस सँगै इरोज पनि लगेको थियो। इरोज हिन्दु धर्म ग्रन्थका कामदेव जस्तै थिए। इरोजले हेलेनलाई एउटा वाणले हाने। हेलेनलाई वाण लागेपछि पेरिसलाई मात्र हेरिरही। हेलेन पेरिसको मायाजलमा फस्यो। एकअर्कालै माया गर्न थाले। आफ्रोडाइटले आफ्नो वाचाअनुसार पेरिसलाई हेलेन दिलाइदियो। पेरिस हेलेनलाई लिएर ट्रोय फर्किए।

यता हेलेन लगेपछि स्पार्टामा हल्लीखल्ली मचियो। सबै कराउन थाले- स्पार्टाकी रानी हेलेनलाई पेरिसले भगाएर ट्रोयमा लग्यो। अब हेलेनलाई फर्काएर ल्याउनु पर्‍यो। यो कुरा सुनेर स्पार्टाका राजा मेनलसले हेलेनलाई त्यागिदिने कुरा गर्‍यो। किनभने उनीहरू राजीखुशीले गएको छ भने हामीले किन टाउको दुखाउने भने। तर, होमरका अनुसार मेनलसका भाइ आगमेमनन मानेन। आगमेमनननले कूटनैतिक तवरबाट हेलेन फर्काउन मेनलसका आफन्तहरू ओडेसिलाई पठाएर छलफल गर्न लगायो। तर वार्ता असफल भयो। त्यसपछि आगेमेमनननले आचेनका राजा रजौटाहरू, राजकुमारहरू सबै कहाँ दूतहरू पठाएर बोलायो। सबैलाई जानकारी दियो- हाम्रो रानी हेलेन ट्रोयका राजकुमार पेरिसले लगेको छ। हामीले हेलेनलाई फर्काउने विषयमा कूटनैतिक वार्ता पनि गरिसकेका छौँ। तर हेलेन फर्काउन ट्रोयका राजा प्रियाम मानेन। यो हामी ग्रीकहरूको लागि बेइज्जती हो। हामी सबै मिलेर हेलेनलाई जसरी पनि फर्काउनु पर्‍यो। यसको लागि हामी सबै मिलेर लड्नु पर्छ। यो सुनेर ग्रीकका ऐस्वर्यवान (Olympian) केही योद्धाहरू ग्रीकको धर्मअनुसार पठाइयो । उदाहरणको लागि आथेना, पोसिदन, हेरा र थेटिज परोक्ष या अप्रत्यक्ष रूपमा युद्धमा पठाएको कुरा होमरले उल्लेख गरेका छन्। तीमध्ये केही ऐस्वर्यवानहरू ट्रोयको पक्षमा गएका थिए।

ट्रोयका राजालाई थाहा थियो। हेलेन नफर्काए युद्ध हुन्छ। त्यसकारण ट्रोयका सैनिकहरू पनि युद्धको लागि तयार भएर बसे। ट्रोयको राजा प्रियामको नेतृत्वमा आफ्ना धेरै सहयोगी मित्रहरू जस्तो एथेन्स, स्पार्टालगायत धेरै राज्यहरूको सहयोग प्राप्त गरेको थियो। राजा प्रियामका छोरा हेक्टर, आनेस, सार्पेदन, ग्लाउस, ऱ्हेसोस जस्ता महान् योद्धाहरू ट्रोयको पक्षमा थिए नै साथै अपोलो सूर्यदेव, आफ्रोडाइट, एरिस र लेटो जस्ता देवताहरूले पनि ट्रोयलाई सहयोग गरेको थियो।

ग्रीकले समुद्री मार्ग भएर हमला शुरु गर्‍यो। शक्तिशाली सैनिकहरूको क्षमता भएर पनि ग्रीकका सैनिकहरू ट्रोयमा भित्र छिर्न सकेनन्। ट्रोयले चारैतिर आफ्नो शिविर स्थापना गर्‍यो। युद्ध शुरु भयो। युद्धमा मेनलसले मन्दिरमा भएको अपोलो आफ्नो देवता होइन भनेर अपोलोको गर्धन काटिदियो। ग्रीक फौज बिस्तारै ट्रोय पुग्छ। ट्रोयमा अरगोजको नेतृत्वमा घमासान युद्ध हुन्छ। अरगोस आचिलेस जस्तै बहादुर थियो। अरगोजको नेतृत्वले ट्रोयको सबभन्दा अगाडिको घेरा तोडिदियो। तर ट्रोयको पर्खाल नाघेर भित्र जान सकेन। ट्रोयको पर्खाल ग्रीकको पौराणिक कथाअनुसार पोसेदन र अपोलोले ज्यूजले अधर्मको कानून पछि बनाउन दिएको हो। यो राजा लाओमेदन को लागि १ वर्षको लागि दिएको थियो। यही पर्खाल वरिपरि बसेर ट्रोयलाई नाकाबन्दी गरिदियो। पर्खाल बाहिर लडाइँ चलिरहयो। लडाइँमा कहिले ट्रोयको जित हुन्थ्यो त कहिले ग्रीकको। धेरै मानिसले ज्यान गुमाए, अङ्गभङ्ग भए। महिलाहरू बलात्कृत भए, बाल बच्चाहरू पनि मारिए। यति सम्म कि सम्पूर्ण युद्ध अपराध भयो। कति केटीहरू दास बनाइए। मानिसले दर्दनाक स्थिति भोगिरहेको थियो तर लडाइँमा कसैको जित भएन। मेनलसले विचार गर्‍यो। हामी पर्खाल फोडेर भित्र जान सक्देनौं र उनीहरू पर्खालबाट बाहिर आउँदैन। त्यसकारण मेनलस र पेरिस एक्ला एक्लै युद्ध गर्ने। युद्धमा जस्ले जित्छ उसैले हेलेन प्राप्त गर्दछ। किनभने हामी दुई जनाको कारण धेरैलाई दुःख दिइरहनु ठिक थिएन । त्यही प्रस्ताव पेरिसको अगाडि राख्यो। पेरिसले मेनलसको प्रस्तावलाई मन्जुर गर्‍यो। पेरिसको मन्जुरी पछि मेनलस र पेरिसबीच युद्ध शुरु भयो। सहयोगीहरू चारैतिर बसेर हेरिरहेका थिए। अन्तमा पेरिस घाइते भयो र युद्ध हार्‍यो। आत्मरक्षाको लागि बाटो ततायो। ऊ बाँच्न सफल भयो। पूर्वनिर्णय अनुसार हेलेन मेनलसले पाउनु पर्ने भयो। तर पेरिसको बाबु प्रियामले आफ्नो छोराको दुःख देख्न

चाहँदैनथ्यो। त्यसकारण प्रियाम र उसको अर्को छोरा हेक्टरले हेलेन फर्काउन चाहेन। उनीहरूले भने हामी सायद युद्धमा हार्‍यौँ। तर हेलेन दिँदैनौँ। तिमीहरूले जे गर्न सक्छौ गर। युद्ध रोकिएन। ग्रीकका योद्धाहरू ट्रोयको वरिपरि घुमि रह्यो। ट्रोयका योद्धाहरू पर्खाल भित्र थियो। युद्ध चलिरहेको थियो।

ग्रीकको तर्फका एक योद्धा आचिलेस थियो। पेलस र थेटिज चाहन्थ्यो कि आचिलेस एक महान् योद्धा बनोस्। उसलाई कसैले जित्न नसकोस्, अमर रहोस्। त्यसकारण थेटिजले उसलाई धेरै तालिमहरू दिए। तपस्या गरे। जादु टुना सिकाए। एक योद्धाको लागि चाहिने सबै सिकाए। सैनिक तालिम दिए। थेटिजले आचिलेस ९ वर्ष भएको बेलामा भनेको थियो- आचिलेस सानो छँदैमा मार्न सक्यो भने ठिकै छ। होइन भने आचिलेसबिना ट्रोजनयुद्ध कहिले पनि हार्न सक्तैन। आचिलेसको सहयोगबाटनै ट्रोजनको हारको कारण बन्ने छ। थेटिजले आचिलेसलाई अमर बनाउनुको लागि प्रत्येक दिन रात उसको केह अङ्गहरू आगोमा सेकाएर मालिस गर्दथ्यो। थेटिजको यो क्रियाकलापलाई पेलसले रोक्यो। थेटिजले आचिलेसलाई स्टिक्स नदीमा लगेर चोपल्ने गर्दथ्यो। पानीले छोएको भागमा कसैले केही गर्न नसक्ने वरदान थियो। आचिलेसको कुर्कुच्चा समातेर पानीमा डुबाएको आचिलेसको कुर्कुच्चा नै काल बनेको थियो। किनभने त्यो कुर्कुच्चा पानीले छोएको थिएन। आचिलेस पछि त्यही कुर्कुच्चामा बाण लागेर मर्दछ। त्यसैले ग्रीसमा कुनै मानिसको अकाल मृत्यु भएमा 'आचिलेस हिल' (आचिलेसको कुर्कुच्चा) भन्ने गर्दथ्यो।

आचिलेस र अजक्स ग्रीक आचिमसका ज्यादै शक्तिशाली योद्धाहरू थिए। तर ट्रोय एक्लै थियो। आचिलेसले युद्धको क्रममा लिरानस, पेडासस् जस्ता धेरै छिमेकी शहरहरू कब्जा गर्‍यो। प्रियामका जवान छोरा ट्रोइलस थियो। यदि ट्रोइलस २० वर्ष पुगेको भए ट्रोय कहिले पनि हार्ने थिएन। यसरी सबै योद्धाहरूको आ-आफ्नो अलग अलग कथाहरूको भविष्यवाणी थियो। आचिलेसले ग्रीकको लागि धेरै फाइदा गरिदियो। ग्रीकका अर्को योद्धा आगमेमनन थियो। आगमेमनन पनि आचिलेस जस्तै वीर र शक्तिशाली थियो। तर आगमेमननलाई आचिलेसको प्रगति मन पर्दैनथ्यो। त्यही समयमा आचिलेसले मन्दिरमा लुटपात मचाइरहेको थियो। त्यहाँ एक महिला युद्धदासी थिइन्। उनको नाम ब्राइसिस थियो। त्यस महिलालाई आचिलेसले मन परायो। उसलाई माया गर्‍यो। ब्राइसिस सँग सुखमय जीवन बिताउने आचिलेसले सोचेको थियो। आचिलेसले ब्राइसिसलाई माया गरेको आगमेमननलाई पटक्कै मन परेको थिएन। ब्राइसिसलाई आगमेमननले लुटेर लगे। किनभने युद्धमा जति पनि जितिन्छ त्यो सबै राजाको हुन्छ। आचिलेसको ब्राइसिससँग जीवन बिताउने सपना चकनाचूर भयो। त्यसकारण आचिलेसले युद्ध नलड्ने घोषणा गर्‍यो। यता आगमेमननले आचिलेसबिना नै लडाइँ लड्ने घोषणा गर्‍यो र युद्ध लड्यो। तर आगमेमननले केही फाइदा लिन सकेन। त्यसपछि ग्रीकका राजाले आचिलेसबिना लडाइँ जित्न सकिन्न भनेर सोच्यो र आचिलेसलाई युद्धमा भाग लिन लगाउने प्रयास गर्‍यो। तर आचिलेस मानेन। अन्तमा आचिलेसका साथी पाट्रोक्लसले आचिलेसलाई धेरै अनुनय विनय गर्‍यो- तिमी फेरि युद्धमा फर्क र युद्ध लड भनेर जोड गर्न थाल्यो। पाट्रोक्लसको अनुरोधलाई स्वीकार गरेर आचिलेस युद्ध लडनको लागि तयार भयो। आचिलेस र पाट्रोक्लस मिलेर युद्ध लडे। यता ट्रोयका तर्फबाट युद्धमा हेक्टरले बहादुरीका साथ युद्ध लडिरहेको थियो। हेक्टरले पाट्रोक्लसलाई निर्ममता पूर्वक मारिदियो।


आचिलेसले उसको परम मित्र पाट्रोक्लसको लास देखेर ज्यादै रिसाए। उसको क्रोधको सीमा रहेन। चिरपट र तरवार लिएर ट्रोजनलाई विशेष गरी हेक्टरलाई बदला लिने सोच बनायो। आचिलेसले ट्रोयको भाग्य बदली दिने निर्णय गर्‍यो। त्यतिबेला ट्रोयको पर्खाल बाहिर हेक्टरलाई देख्यो। हेक्टर र आचिलेसको बीचमा घमासान युद्ध भयो। आचिलेसले हेक्टरको घाँटीमा भाला रोप्यो र क्रुरता पूर्वक मारिदियो। हेक्टरलाई मारेर मात्र आचिलेसको रिस कम भएन। हेक्टरको खुट्टामा डोरीले बाँधेर आफ्नो रथले घिसारेर ग्रीकको क्याम्पमा लग्यो। यो दृश्य प्रियाम र उसको फौजले शहरको पर्खालबाट हेरिरहेको थियो। आचिलेसले आफ्नो परम मित्र पाट्रोक्लसको बदला लिइसकेपछि उसको सम्मानको साथ अन्तिम संस्कार गरेर शवको व्यवस्थापन गर्‍यो। प्रियाम आफ्नो छोरा हेक्टरको शव माग्न पठायो। तर, आचिलेसको रिस कम भएको थिएन र शव दिन मानेको थिएन। अन्तमा बुढाहरूको सल्लाह मानेर आचिलेसले शव दिएर पठायो। यहाँ इलियादको कथा समाप्त हुन्छ। तर युद्धले अर्कै मोड लिन्छ।

आचिलेस भन्ने गर्दथ्यो, ऊ एकजना राम्री महिला योद्धासँग प्रेम गर्दछु। तर दुःखको कुरा ती महिलालाई एकै छिनमा आचिलेस आफैले भालाले मारिदियो।

आचिलेस लडाइँ लडिरहेको थियो। अपोलोले पेरिसलाई सुझाव दियो- तिमीले जसरी पनि एउटा वाण आचिलेसको कुर्कुच्चामा हान्नु पर्दछ। अनि आचिलेसको अन्त हुन्छ। पेरिसले अपोलोको सल्लाह अनुसार आचिलेसको कुर्कुच्चामा वाणले हान्यो र वाण लाग्ने बित्तिकै आचिलेस भुइँमा ढल्यो। केही समयपछि आचिलेसले प्राण त्याग गर्‍यो। यता अथेनाले भन्यो, हामी हाम्रो काम फत्ते गरेरै अर्थात् जितेरै छाड्छौँ। यसको लागि निर्णायक लडाइँ लड्छौँ भनेर घोषणा गर्‍यो। तर, ट्रोयको पर्खाल नाघेर भित्र छिर्न सकेको थिएन।

तब तिनीहरूले एउटा जुक्ति निकाल्यो। एउटा काठको ठूलो घोडा बनाउने, त्यसभित्र हाम्रा वीर योद्धाहरू राख्ने, चलाखीपूर्वक यो घोडा ट्रोजनकहाँ पुऱ्याउने, घोडा ट्रोजनको पर्खाल भित्र छिराउने योजना ओडिसेस (इथाकाका राजा) लाई दियो। ओडिसेसले अथेनाको योजना स्वीकार गऱ्यो र योजनाअनुसार काम गऱ्यो।

ग्रीकहरूले ट्रोयका लागि एउटा रहस्यमय प्रस्ताव दियो- हामीसँग एउटा भीमकाय काठको घोडा छ। जुन हामीले लुकाइराखेका थियौँ। त्यो हाम्रो अचल सम्पत्ति हो। त्यो घोडा अब तपाईंहरू (ट्रोजन) लाई उपहार दिएर जान्छौँ। किनभने हामीले धेरै लडाइँ लडिसक्यौँ। धेरै मानिसहरू मरिसकेका छन्। अब यो लडाइँ बन्द गरौँ। हामी अब लडाइँ लड्दैनौ। हामीसँग भएको यो एउटा घोडा किन फर्काइ रहुँ। तपाईंहरूलाई छोडेर जान्छौँ। ग्रीकको प्रस्तावबारे कतिपयले यो घोडा उपहारमा लिनुहुँदैन। ग्रीकले नयाँ चाल चलेको हुनसक्छ, त्यसैले लिनुहुँदैन। कसैले भने यदि युद्ध समाप्त हुन्छ भने हामीले यो घोडा लिनुपर्छ। हामीले ९ वर्षसम्म लडाइँ लडिसक्यौँ, युद्धबाट थाकिसकेका छौँ। यदि हामीले घोडा लियो भने युद्ध लड्नु पर्दैन। आरामसँग जीवन बिताउन पाउँछौँ। त्यसकारण त्यो काठको घोडा लिनुपर्छ भन्नेहरू धेरै भए। बहुमतले घोडा लिने र युद्ध नगर्ने निर्णय गऱ्यो। ग्रीकको प्रस्ताव स्वीकार गऱ्यो। ट्रोजनहरूले आफ्नो सुरक्षाको लागि बनाइराखेको पर्खालको ढोका खोल्यो। त्यहाँ उनीहरूले ग्रीकका सैनिकहरू देखेनन्। उनीहरू ट्रोयको नजिकै लुकेर बसेका थिए। ट्रोयका मानिसहरूले खुशी भएर काठको घोडालाई डोरीले बाँधेर तानेर भित्र लगे।



त्यसपछि पर्खालको ढोका बन्द गरिदियो। ट्रोजनहरू खुशी भए, अब लडाइँ लड्नु पर्दैन, आरामदायी जीवन बिताउन पाउने भयो भनेर रक्सी मासु खाएर गीत गाउँदै नाचगान गर्नथाले। जब ट्रोजनहरू रक्सीले मात्तिन थाले। ट्रोजन भित्र घोडामा बसेर आएका सैनिकहरू बाहिर आए। ट्रोयको पर्खालको ढोका खोलिदियो। लुकेर बसेका ग्रीकका सबै सैनिकहरू भित्र पसे। घमासान युद्ध भयो। सबै मानिस मारिए। ट्रोय शहरनै आगो लगाएर ध्वस्त बनाइ दिए। राजवंशका एक एकजना छानी छानी मारे। ग्रीकहरूले हेलेनलाई लिएर आर्गोस फर्के। आफ्रोडाइटको भनाइअनुसार एनेस इटालि गएर बसेका थिए। एनेस ट्रोजन युद्धको अन्तिम वीर योद्धा भनेर ग्रीकको पौराणिक कथामा उल्लेख गरिएको छ।

ट्रोजन युद्धको समाप्तिपछि देवताहरू ज्यादै क्रोधित भए। किनभने त्यस युद्धमा दोषीको ? निर्दोषको ? आइमाई केटाकेटी बृद्ध-बृद्धा भनेन, रोगी, अपाङ्ग कसैलाई बाँकी राखेन। बलात्कृत नभएको कुनै केटी थिएन। देवी, देवता, मन्दिर सबका सब ध्वस्त बनाइदियो। आचेन्स (आथेन्स, ग्रीक) ले सबै ध्वस्त बनाइदियो। त्यसकारण देवताहरू ज्यादै क्रोधित थिए।

युद्ध सकाएर घर फर्कने क्रममा वायूदेवताले आफ्नो शक्तिबाट आँधी तुफान सृजना गरे। आचिनहरू समुद्री मार्ग हुँदै घर फर्किरहेका थिए, सबै डुङ्गाहरू पल्टिएर समुद्रमा डुब्यो र ग्रीकहरू मारिए। कति बाँचेकाहरू पनि ग्रीक पुग्न सकेको थिएन, बीच बाटो मै मृत्यु भयो। सबै ग्रीक योद्धाहरू मरे। 'टेनोस टापु' मा भागेकाहरू केही बाँचेको होमरको पौराणिक कथा इलियादमा उल्लेख छ।

ट्रोय युद्धबारे के साँचिकै होमरले लेखे जस्तै हो कि होइन ? यस विषयमा धेरै पुरातत्त्वविद्हरूले छलफल गऱ्यो। आनातोलियाले पत्ता लगाएअनुसार हजारौँ वर्ष पहिले ट्रोजन युद्धमा बयान गरे अनुसारको शहर थियो। यो शहरको विषयमा होमरले इलियाद मार्फत संसारलाई थाहा दिएको थियो। कतिपय शहरहरू, ट्रोय शहरमाथि फेरि अर्को शहर बनिसकेको थियो। ट्रोयका केही भाग विनाश भयो। त्यो विनाश के कारणले भयो ? त्यो कसैलाई थाहा थिएन। होमरले भने अनुसारका केही अवशेषहरू जस्तो कि तरवार, गुलेलि, धनुषवाण, भालाका निशानहरू भेटिएको थियो। तर होमरले भने अनुसारको युद्ध त्यहाँ भएको छ कि छैन ? त्यो अज्ञात छ।

यस काव्यले त्यसबेलाको ग्रीकको समाजको वनोट, रितिरिवाज, धर्म सम्बन्धी जानकारीहरू दिएको छ।

**स्रोत सामग्री**

Success plus academy
Gography of Homer
The literature of knowledge-
Anthony vance

## तस्विरमा केही गतिविधि








ख्वप अस्पताल स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाइ (वैशाख ८ गते)

## तस्बिरमा केही गतिविधि



चिनियाँ र जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई
प्रमाणपत्र वितरण (चैत्र २२ गते)



ऐतिहासिक पुरातात्त्विक जगन्नाथक्षेत्र उत्खनन प्रतिवेदन
हस्तान्तरण (वैशाख ५ गते)

## तस्बिरमा केही गतिविधि



नेपालको वास्तुकलाको प्रवृत्तिसम्बन्धी एक दिने राष्ट्रिय सम्मेलन (वैशाख ९ गते)




भक्तपुर नपाका कर्मचारीहरूबीच शुभकामना आदानप्रदान (वैशाख २ गते)

## तस्बिरमा केही गतिविधि



खानेपानी मन्त्री उमाकान्त चौधरीलाई भक्तपुर नपाका प्रकाशनहरू दिनुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति (चैत्र २९ गते)



बिस्का जात्राबारे सद्भाव र्‍याली तथा सचेतना कार्यक्रम (चैत २७ गते)

# वार्सा सन्धि सङ्गठनको विघटनको परिणाम

प्रधान



jf;f{;lGw ;Ë7gsf]k|wfg sfof{no

युक्रेनमा भइरहेको रुसको ४ हप्ते सैनिक गतिविधिले नेपाली जनतामा युक्रेनबारे सोभियत बेलाको मात्रै जानकारीको प्रभावले गर्दा संरा अमेरिकी आक्रामकता र नेटोको खुकुलो बन्दै गरेको सङ्गठनलाई अमेरिकाले पहिलेकै रूप दिन सोभियत सङ्घसँग छुटिएको युक्रेनको स्थिति कसरी नेटो विस्तार रुसमाथि विध्वंश थोपर्ने 'रणनीतिक पाइला' हो भन्ने थाहा नहुने टिकाटिपण्णी एकतर्फी हुने शङ्का केही बुद्धिजीवी समूहमा बढेको हो ।

कुनै देशको साधारण जनतालाई जसरी एउटा घटना विष्फोटनपछि मात्र थाहा हुन्छ, त्यस्तै युक्रेनको सङ्कट पनि अमेरिकाको दोस्रो विश्वयुद्धपछिको आधा शताब्दीको गुप्त खेल र स्तालिन युगपछिका खुश्चेभजस्ता कुलाङ्गार र गोर्भाचोभजस्ता सीआईएका 'एजेन्ट' कै विश्वासघातको परिणाम हो भन्ने जानकारी सबै नेपालीहरूलाई थाहा नहुनु स्वाभाविक छ ।

टर्कीको एक पत्रकारको प्रश्नको उत्तरमा गोर्भाचोभले भनेका थिए, 'मेरो जीवनकै उद्देश्य सोभियत सङ्घलाई विघटन गर्ने र समाजलाई असफल पार्ने हो ।' त्यसो त गोर्भाचोभका ससुरा बाजे वा उनकी श्रीमती रोजियाकी बाजे दोस्रो विश्वयुद्धमा सोभियत सङ्घलाई विश्वासघात गर्ने अपराधी सावित भएपछि ज्यान सजाय पाएका व्यक्ति थिए । के स्वाभाविक छ भने वर्ग सङ्घर्ष भइरहन्छ, समाजवाद कामदार वर्गको शासन व्यवस्था हो र साम्यवादको चरणमा मात्रै वर्ग र वर्ग सङ्घर्ष रहने छैन, उत्पादनका सबै साधन र सेवा समाजको भइसक्छ, वर्ग र वर्ग सङ्घर्ष नरहेपछि दबाउनुपर्ने वर्ग नरहने हुँदा राज्य नै विस्तारै ओइलाउँदै जान्छ । स्तालिनकालमा सोभियत सङ्घ एक समाजवादी देश थियो, भित्रभित्र वैचारिक र वर्ग सङ्घर्ष चालु थियो । विश्व पूँजीवादी शक्तिहरू सोभियत सङ्घ र पूर्व युरोपेली समाजवादी देशहरूमा सक्रिय थिए । त्यसमध्ये संरा अमेरिका र नेटो देशका राज्यशक्ति निरन्तर षड्यन्त्र गर्दै थिए । अन्ततः सोभियत सङ्घ सँगसँगै पूर्व युरोपेली समाजवादी देशमा समेत पूँजीवादको पुनः स्थापना भयो ।

युक्रेनको काँधमा बन्दुक बिसाएर मस्को हान्ने रणनीति अमेरिकाको थियो । त्यसले एकातिर रुसलाई पूर्वी युरोपका भूतपूर्व समाजवादी देशहरू र सोभियत सङ्घबाट छुट्टिएका राज्यहरूलाई पनि रुसको विरोधमा मोहडामा राख्ने सीआईएको चाल हो भन्ने परिस्थितिले सावित गर्दै छ ।

'नागरिक' दैनिकले २३ फागुन २०७८ को अङ्कमा 'युक्रेनः शीत युद्धको बीज वा विश्वयुद्धको निहुँ ?' शीर्षकमा विचार स्तम्भमा एक विचार प्रकाशित गऱ्यो । ध्रुवहरि अधिकारीको त्यस लेखका केही अनुमान गलत सावित समयले गर्नेछ –




१) रुस एक्लो पऱ्यो । १८ फागुनको संयुक्त राष्ट्र सङ्घको महासभाको आकस्मिक अधिवेशनमा युक्रेनमा रुसी सेनाको फिर्ता प्रस्तावको विरोधमा उत्तर कोरिया, बेलारुस, सिरिया र इरिट्रिया, रुसको आफ्नो मत गरी जम्मा ५ र १४१ मत सेना फिर्ताको पक्षमा तथा चीन एवम् भारतसमेत ३५ राष्ट्र मतदानमा अनुपस्थित थिए ।

संयुक्त राष्ट्र सङ्घको महासभाको मतदानलाई नै लोकमत र औचित्यताको सही मापदण्ड सम्झने हो भने क्युबामाथिको अमेरिकी नाकबन्दीको विरोधमा गरिएको संयुक्त राष्ट्र सङ्घको महासभामा दजनौं पटक संरा अमेरिकाको विरोधमा अत्यन्त बहुमतले क्युबामाथिको प्रतिबन्ध ➲

**केटाकेटीको लागि**

# सङ्गतगुनको फल

एक जना किसानको छोराले पहिलो पटक खेतमा गएर हलो जोत्न थालेको थियो। हलो जोत्नुभन्दा पहिले ऊ नजिकैको पोखरीमा गयो र नुहाउन थाल्यो। पोखरीको पिँधमा उसले सुनौला रङ्गको ठूलो गंगटा देख्यो। उसलाई गंगटा निक्कै मन पर्‍यो। उसले त्यो गंगटालाई लुगामा बेरेर खेतमा लग्यो। दिनभरि उसले गंगटालाई आफूसँगै खेतमा राख्यो र साँझ परेपछि पोखरीमा लगेर छाडिदियो।

भोलि पल्ट पनि उसले त्यो गंगटालाई लुगामा बेरेर ल्यायो र दिनभरि आफूसँग राखेपछि साँझ घर फर्कने बेलामा पोखरीमा लगेर छाडिदियो। यसरी दिनदिनै गंगटासँग खेल्न थालेपछि ती दुईको बीचमा मित्रता बढ्दैगयो।

तन्नेरी किसानले काम गर्ने खेतको छेउमा एउटा अग्लो रुख थियो। रुखमा एक जोडी कौवा र कौवी गुँड बनाएर बसेका थिए। कौवीले दिनभरि युवा किसानलाई हेरिरहन्थी। हेर्दाहेर्दा उसलाई किसानको आँखा निक्कै मनपर्‍यो। उसलाई किसानको आँखा खान पाए हुन्थ्यो भन्ने लाग्यो।

एक दिन कौवीले कौवासँग किसानको आँखा झिकेर ल्याउन अनुरोध गरी। तर कौवाले त्यो काम आफूले गर्न नसक्ने बतायो। कौवीले भनी, 'तिमी एक्लैले यो काम गर्न सक्तैनौ भन्ने मलाई थाहा छ। तिमीले नजिकैको दूलोमा बस्ने कालो सर्पको मदत लिएर यो काम गर्न सक्छौ। उसले त्यो किसानलाई टोकेर मारेपछि तिमीले उसको आँखा झिकेर ल्याउन्।'

कौवीको कुरा मानेर कौवाले कालो सर्पसँग मित्रता गाँस्न थाल्यो। तिनीहरू गाढा मित्र भए। एक दिन सर्पले कौवासँग 'मितजु, तपाईँलाई मेरो मदत चाहिएको छ कि ?' भनेर सोध्यो। कौवाले सर्पसँग खेतमा काम गर्ने तन्नेरी किसानलाई टोक्न अनुरोध गर्‍यो।

भोलि पल्ट पनि त्यो किसान सधैँझैँ पोखरीमा गयो र सुनौलो गंगटालाई आफूसँग ल्याएर खेतको छेउमा राख्यो। त्यही बेला घाँसमा लुकेको सर्पले अचानक किसानको खुट्टामा टोक्यो। किसान भुइँमा ढल्यो। सर्प दूलोभित्र लुक्यो। त्यही बेला कौवा रुखबाट ओर्ल्यो र किसानको निधारमा बसेर आँखामा ठुङ्न खोज्यो। त्यो देखेर गंगटा किसानको लुगाबाट बाहिर निस्क्यो र कौवाको खुट्टा च्याप्प समात्यो। कौवा आत्तिएर गुहार माग्न थाल्यो। कौवाले मदत मागेको सुनेर कालो सर्प फणा उठाउँदै फेरि टोक्ने दाउमा दूलोबाट बाहिर आयो। गंगटाले अर्को सनासोले सर्पलाई पनि समात्यो।

गंगटोले किन आफूलाई समात्यो भन्ने कुरा सर्पले बुझेपछि उसले गंगटासँग दुवैलाई छाडिदिन अनुरोध गर्दै भन्यो, 'हामी दुवैलाई छाडिदियौ भने किसानको जिउमा फैलिएको मेरो विष सबै मैले खिचेर लिन्छु।' गंगटाले सर्पको कुरा मान्यो। तर उसले दुवैलाई एकैचोटि छोड्न मानेन। उसले पहिले सर्पलाई छाड्यो र किसानको जिउमा फैलिएको विष उतार्न लगायो। विष निखेर किसान होसमा नआएसम्म गंगटाले कौवालाई धरौटीको रूपमा राख्यो।

सर्पले किसानको जिउबाट विष निकालेर किसान होसमा आएपछि गंगटाले कौवा र सर्प दुवैलाई आफ्नो कसिलो सनासोले च्यापेर मार्‍यो। त्यो देखेर कौवी त्यहाँबाट भागेर अन्तै बसाइँ सरी।

(साहित्य सङ्ग्रहालय/इन्टरनेट)

---

हटाउनुपर्ने पक्षमा मत दिएको यथार्थ हो। धेरैपटक अमेरिका र इजरायलले मात्र अमेरिकाको पक्षमा मत दिएका थिए। त्यसो भए के संरा अमेरिका एक्लिएको थियो ?

२) पश्चिमा समर्थक पत्रकारहरूले २०१९ मा युक्रेनमा राष्ट्रपति चुनिएका जेलेन्स्कीलाई 'सिंह' भएर लडिरहेको प्रचार गर्नुको कारण अमेरिकीहरूले उनलाई उद्धार गर्न हवाइजहाजको प्रस्ताव राख्दा रुसी ट्याङ्कलाई रोक्ने मेसिन मागेको प्रचार गरिएको थियो।

'युक्रेनको सपना तोड्ने नेटो के हो' ? शीर्षकमा २८ फागुन २०७८ को 'नागरिक' अक्षर स्तम्भमा अच्युत कोइरालाले नेटोको औचित्यबारे बेलायती दक्षिणपन्थी मार्गरेट थ्याचरको दृष्टिकोण, वार्सा सन्धिको अन्त्यपछि सन् १९९० को दशकमा पोल्यान्ड, हङ्गेरी र चेक गणतन्त्र नेटोको सदस्य भएको र सोभियत सङ्घको विघटन र विशृङ्खलतापछि सोभियत सङ्घका केही स्वायत्त प्रान्त र गणतन्त्रहरूमध्ये इस्टोनिया, लाटभिया, लिथुआनिया सन् २००४ मा नेटोको सदस्य भए तथा संरा अमेरिका र नेटोले एक एक पाइला गरेर युक्रेनपछि मस्को पुग्ने योजना बनायो होला भन्ने अनुमान गर्न गाह्रो छैन। वार्सा प्याक्टको विघटनले निम्त्याएको युक्रेन घटनाभन्दा पूर्व रुसी नेताहरूको सिद्धान्तप्रतिको विश्वासघात र संरा अमेरिकी प्रशासनको अन्धविश्वास अन्तहीन विराम सावित हुँदैछ।

## स्थानीय निर्वाचन २०७९

# भक्तपुर नगरपालिकाका उम्मेदवारहरू

(वर्णानुक्रममा)

## पद – प्रमुख

| क्र.सं.नाम | दल/स्वतन्त्र |
|---|---|
| १) अनिल लावजू | – स्वतन्त्र |
| २) कृष्णराम प्रजापति | – मौलिक जरोकिलो पार्टी |
| ३) गोपाल दास बनेपाली | – नेपाः राष्ट्रिय पार्टी |
| ४) तुलसी भक्त सुवाल | – नेकपा (माओवादी केन्द्र) |
| ५) नील नारायण कोजू | – स्वतन्त्र |
| ६) बल राम प्रजापति | – स्वतन्त्र |
| ७) रवीन्द्र लाछिमस्यु | – नेकपा (एमाले) |
| ८) राजाराम ढुकुछु | – जनता समाजवादी पार्टी, नेपाल |
| ९) राम प्रसाद कासुला | – नेपाली काङ्ग्रेस |
| १०) राम भक्त किजु | – राष्ट्रिय जनमोर्चा |
| ११) राम सुन्दर धुसु | – स्वतन्त्र |
| १२) बद्रि लाखाजु | – राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १३) सत्य राम त्वायना | – स्वतन्त्र |
| १४) सुनिल प्रजापति | – नेपाल मजदुर किसान पार्टी |

## पद – उपप्रमुख

| | |
|---|---|
| १) अमिता बोहजु (गोसाई) | – राष्ट्रिय जनमोर्चा |
| २) इन्द्रमाया सुवाल | – नेकपा (माओवादी केन्द्र) |
| ३) ओमचरण अमात्य | – नेकपा (एकीकृत समाजवादी) |
| ४) कमला दुवाल (विक) | – जनता समाजवादी पार्टी, नेपाल |
| ५) मीरा दुगुजु | – स्वतन्त्र |
| ६) रजनी जोशी | – नेपाल मजदुर किसान पार्टी |
| ७) रञ्जना खर्बुजा | – नेकपा (एमाले) |
| ८) लक्ष्मी छुस्याबाग | – राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ९) सुस्ना कोजु | – मौलिक जरोकिलो पार्टी |

## पद – वडाध्यक्ष

### वडा नं. १

| | |
|---|---|
| १) नरेश गोठे | – स्वतन्त्र |
| २) रमेश न्याइच्याई | – एमाले |
| ३) राजेन्द्र गारु | – राप्रपा |
| ४) श्यामकृष्ण खत्री | – नेमकिया |
| ५) सुरेन्द्र बमनु | – मौजपा |

### वडा नं. २

| | |
|---|---|
| १) मुकेश बाटी | – राप्रपा |
| २) राजाराम सुवाल | – एमाले |
| ३) रामभक्त खर्बुजा | – नेका |
| ४) लक्ष्मीनारायण सुवाल | – स्वतन्त्र |
| ५) विरेन्द्र बासुकला | – माके |
| ६) संचज्ञान याकामी | – स्वतन्त्र |
| ७) सूर्यनारायण फोंजु | – स्वतन्त्र |
| ८) हरिप्रसाद बासुकला | – नेमकिपा |

### वडा नं. ३

| | |
|---|---|
| १) रमेश ठिमी | – राप्रपा |
| २) राजकृष्ण गोरा | – नेमकिपा |
| ३) रामकृष्ण त्वायना | – स्वतन्त्र |
| ४) राम सुन्दर बाइजु | – एमाले |
| ५) बिक्की सिल्पकार | – मौजपा |
| ६) शिवप्रसाद अवाल | – नेका |
| ७) श्यामकृष्ण गोरा | – माके |

### वडा नं. ४

| | |
|---|---|
| १) उपेन्द्र सुवाल | – नेमकिपा |
| २) कृष्णराम पोतामाहा | – माके |
| ३) प्रेमलाल शिल्पकार | – नेका |
| ४) रविजित सिंह राठौर | – राप्रपा |
| ५) विश्वराम त्वायना | – स्वतन्त्र |
| ६) सुरेश नापित | – एमाले |

### वडा नं. ५

| | |
|---|---|
| १) कृष्ण सुन्दुर खाइतु | – नेका |
| २) निरज्जन मुल्मी | – मौजपा |
| ३) विक्रम ढुकुछ | – स्वतन्त्र |
| ४) योगेन्द्र मान बिजुक्छेँ | – नेमकिपा |
| ५) श्यामकृष्ण रंजितकार | – राप्रपा |

### वडा नं. ६

| | |
|---|---|
| १) कृष्णगोपाल कक्षपती | – मौजपा |
| २) केशव दुवाल | – नेका |
| ३) गणेशभक्त कुसाथा | – एस |
| ४) तुल्सीराम ब्यान्जु | – माके |
| ५) प्रकाश थुसा | – स्वतन्त्र |
| ६) भुपेन्द्र प्रसाद नेपाली | – एमाले |
| (७) रमेश सितिखु | – स्वतन्त्र |
| ८) रामप्रसाद कुम्पाख | – स्वतन्त्र |
| ९) सुरेन्द्र नाखण्ड | – राप्रपा |
| १०) हरिराम सुवाल | – नेमकिपा |

### वडा नं. ७

| | |
|---|---|
| १) उकेश कवां | – नेमकिपा |
| २) काजी लाल मानन्धर | – राप्रपा |
| ३) कृष्णप्रसाद खाताखो | – मौजपा |

४) केशव त्वानावासु - स्वतन्त्र
५) धर्मसुन्दर शाक्य बुद्धाचार्य- नेका
६) नन्दगोपाल रंजितकार - एस
७) राम तचामो - एमाले

**वडा नं. ८**

१) कृष्णप्रसाद कोजू - नेमकिपा
२) कृष्णप्रसाद ह्योगों - माके
३) नरेश दुवाल - एमाले
४) लक्ष्मी नारायण दुवाल - स्वतन्त्र
५) लक्ष्मी प्रसाद गुसाई - नेका

**वडा नं. ९**

१) अक्षय सुन्दर प्रजापति - एमाले
२) काजीमान स्यामा - नेका
३) धने प्रसाद प्रजापति - स्वतन्त्र
४) रबिन्द्र ज्याख्व - नेमकिपा
५) राम कुसी - नेका
५) राम सुन्दर प्रजापति - राप्रपा

**वडा नं. १०**

१) कृष्णकुमार सुवाल - नेका
२) पुण्य राम दुवाल - एमाले
३) बिमल बेकोजु - राप्रपा
४) भरत प्रसाद भद्रा - स्वतन्त्र
५) मिला प्रजापति - मौजपा
६) लक्ष्मीप्रसाद ह्यौंमिखा - नेमकिया

## पद - वडा सदस्य

**वडा नं. १**

१) गंगालक्ष्मी वमनु - नेमकिया
२) पृथ्वी नारायण ध्वोजु - राप्रपा
३) राजाराम श्रेष्ठ - माके
४) सविन छुजु - राप्रपा
५) सिताराम न्यौपाने - नेका
६) सूर्यप्रसाद श्रेष्ठ - नेमकिपा

**वडा नं. २**

१) अमर बाटी - राप्रपा
२) चन्द्रमान कोजू - माके
३) धनराम सुवाल - नेका
४) न्हुछे राम कोजु - नेमकिपा
५) बुद्धि बहादुर बोयजु - एमाले
६) राकेश ब्यान्जु - नेका
७) रामभक्त सुवाल - एमाले
८) लक्ष्मी सुन्दर पक्का - राप्रपा
९) विकास पञ्च- माके
१०) श्यामसुन्दर मातां - नेमकिपा

**वडा नं. ३**

१) अमित त्वायना - एमाले
२) कृष्ण गोपाल चौगुठी - नेमकिपा
३) नारायण बहादुर नायभा - एस
४) निरज मानन्धर - राप्रपा
५) रमेश किलम्बु - राप्रपा
६) रमेश शिल्पकार - माके
७) राज कुमार शिल्पकार - नेमकिपा
८) राजेन्द्र भैल - एमाले
९) रामकाजी भुजु - नेका
१०) विष्णु प्रसाद सिलाकार - नेका

**वडा नं. ४**

१) कृष्णराम छेताला - राप्रपा
२) कृष्ण सुन्दर प्रजापति - नेमकिपा
३) जगत बहादुर छुकां - माके
४) तुल्सीराम कर्माचार्य - माके
५) नरेश प्रजापति - नेका
६) पुरुषोत्तम तमखु - नेमकिपा
७) मचामान शिल्पकार - एमाले
८) रामकृष्ण किलंवु - एमाले
९) सुरेश चवाल - नेका

**वडा नं. ५**

१) कृष्णप्यारी भुजु - नेमकिपा
२) नारायणभक्त त्वानाबासु - नेमकिपा
३) पुरुषोत्तम कपाली - माके
४) बबिता पोडे - एमाले
५) मनोज दिवाकर - राप्रपा
६) राजु सुवाल - एस
७) लक्ष्मी भक्त त्यात - राप्रपा
८) सन्त लाल पोडे - एमाले

**वडा नं. ६**

१) कृष्ण राम सुवाल - एमाले
२) गोविन्द दुवाल - नेमकिपा
३) नाराँभक्त राजभण्डारी - नेका
४) रन्जन कुम्पाख - नेका
५) राजेन्द्र हामोजू - राप्रपा
६) शरीफ सुवाल - एमाले
७) सरोज राजचल - राप्रया
८) सिद्धि राम अवाल - नेमकिपा

**वडा नं. ७**

१) विकास मान शाक्य - नेका
२) रवि खाइजु - जसपा
३) राजेन्द्र तमखु - एमाले
४) राम कृष्ण वोहजू - राप्रपा
५) रामचन्द्र कुस्मा - नेका
६) श्रीजन रंजित - राप्रपा
७) श्री प्रसाद लवजु - एमाले
८) हरि रत्न गोर्खाली - नेमकिपा

९) हेरा ख्याजु - नेमकिपा

**वडा नं. ८**

१) कृष्ण प्रसाद गाईजू - एमाले
२) कृष्ण लाल किसी - नेमकिपा
३) मनिष गोसाई - नेका
४) राजेन्द्र सैंजु - राप्रपा
५) रामकृष्ण दुवाल - एमाले
६) राम सुन्दर बासी - नेमकिया
७) विष्णुप्रसाद गणेजु - नेका

**वडा नं. ९**

१) अनन्त कृष्ण वैद्य - एमाले
२) इन्द्र बहादुर प्याठ - नेमकिपा
३) कृष्ण भाइ ज्याख्व - नेका
४) ज्ञान बहादुर मानन्धर - नेमकिपा
५) राजु मथ्याजु - राप्रपा
६) विकाश लाखे - माके
७) विशाल प्रजापती - माके
८) सुनिल मथ्या - राप्रपा
९) सूर्यसन प्रजापति - एमाले

**वडा नं. १०**

१) इन्द्रलाल नकर्मी - एमाले
२) कृष्ण नारायण दुमरू - नेमकिपा
३) जितेन्द्र मुनंकर्मी - नेमकिपा
४) पुण्यराम सुवाल - एमाले
५) रमेश अवाल - नेका
६) श्याम कृष्ण सुवाल - नेका

# पद – दलित महिला सदस्य

**वडा नं. ६**

१) उमा नेपाली - एमाले
२) सीतादेवी नेपाली - नेमकिपा

# निर्विरोध

**वडा नं. ५**

१) सरिना द्यौला - नेमकिपा

**वडा नं. १०**

१) विष्णुमाया कामी - नेमकिपा

# पद – महिला सदस्य

**वडा नं. १**

१) कल्पना शिल्पकार - नेमकिपा
२) रविता दुवाल - नेका
३) सोनिया ज्याख्व - राप्रपा

**वडा नं. २**

१) निरु सुलु - नेका
२) लक्ष्मी सुवाल - एस
३) मन्जुमैयाँ लाखाजू (जती) - नेमकिपा
४) मन्दिरा सुवाल - एमाले
५) रमिता बाटी - राप्रपा

**वडा नं. ३**

१) अन्जली सैजु - माके
२) रम्शा शिलाकार - एमाले
३) रस्मी ठिमी - राप्रपा
४) शोभा राजथला (चौगुठी)- नेका
५) सुनिता प्रजापति (अवाल) - नेमकिपा

**वडा नं. ४**

१) अन्जु कर्माचार्य - एमाले
२) गंगालक्ष्मी कासुला (तज) - नेका
३) पुष्पा शिल्पकार - माके
४) विष्णु केशरी दुवाल - नेमकिपा

**वडा नं. ५**

१) अन्जु श्रेष्ठ - नेका
२) मंगल माया ख्याजु - एमाले
३) रीता फसिकवा - नेमकिपा
४) लक्ष्मी रंजितकार - राप्रपा

**वडा नं. ६**

१) कुसुम दुवाल - नेका
२) बिना शाही - एमाले
३) रोशन मैंया सुवाल - नेमकिपा
४) विद्या श्रेष्ठ - राप्रपा

**वडा नं. ७**

१) नर्मिला मानन्धर - राप्रपा
२) बिन्दुबाहाला श्रेष्ठ - एमाले
३) रञ्जना त्वाती - नेमकिपा

**वडा नं. ८**

१) कृष्णकमल कोजू - एमाले
२) कृष्ण कुमारी लावजू - राप्रपा
३) रेणु गोसाई - नेका
४) सुमित्रा बोहजु - नेमकिपा

**वडा नं. ९**

१) कान्छी छुस्याबाग (छेगुताला) - एमाले
२) कान्छी प्रजापती - माके
३) छोरी मैया सुजखू (प्रजापति)- नेमकिपा
४) सर्मिला प्रजापति - नेका

**वडा नं. १०**

१) अन्जला ख्वालापाला (सुवाल)- एमाले
२) ज्ञानी अवाल (अवाल) - नेका
३) तारादेवी शाक्य - नेमकिपा

स्रोत : निर्वाचन अधिकृतको कार्यालय, भक्तपुर नगरपालिका

# स्थानीय निकाय निर्वाचन २०७४ मत परिणाम

## भक्तपुर नगरपालिका

| क्रसं | नाम | लिङ्ग | उमेर | राजनैतिक दल | जम्मा प्राप्त मत | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रमुख | | | | | | | |
| १ | सुनिल प्रजापति | पुरुष | ५३ | नेमकिपा | २५७३० | १ | निर्वाचित |
| २ | रामप्रसाद कासुला | पुरुष | ४५ | नेकाँ | ६५६० | २ | |
| ३ | विष्णुप्रसाद सुवाल | पुरुष | ५४ | एमाले | ४२१८ | ३ | |
| ४ | गोपालदास बनेपाली | पुरुष | ६१ | स्वतन्त्र | ८ | ८ | |
| ५ | रबिकृष्ण श्रेष्ठ | पुरुष | ४७ | राप्रपा | ११५ | ५ | |
| ६ | रामभक्त किजू | पुरुष | ४६ | जनमोर्चा | ५४९ | ६ | |
| ७ | विष्णुप्रसाद न्हिसुतु | पुरुष | ५४ | स्वतन्त्र | ६३ | ७ | |
| ८ | सत्यलाल मूल | पुरुष | ६५ | माओवादी केन्द्र | २३१३ | ४ | |
| उपप्रमुख | | | | | | | |
| १ | रजनी जोशी | महिला | ५२ | नेमकिपा | २५७११ | १ | निर्वाचित |
| २ | गंगालक्ष्मी अवाल | महिला | ४५ | नेकाँ | ६५८७ | २ | |
| ३ | ललिता न्यौपाने | महिला | ४१ | नयाँ शक्ति/संघीय समाजवादी | ११७ | ६ | |
| ४ | इन्द्रमाया सुवाल | महिला | ४३ | माओवादी केन्द्र | २१७० | ४ | |
| ५ | अमिता बोहजू (गोसाई) | महिला | २७ | जनमोर्चा | ५४० | ५ | |
| ६ | कृष्णमाया त्वायनाबासु (बोयजु) | महिला | ३६ | एमाले | ४६३१ | ३ | |
| वडा अध्यक्ष **वडा नं. १** | | | | | | | |
| १ | अमलावती श्रेष्ठ (थापा) | महिला | ६३ | नयाँ शक्ति/संघीय समाजवादी | २१ | ६ | |
| २ | सुनिल गोठे | पुरुष | ३६ | माओवादी केन्द्र | २७६ | ५ | |
| ३ | धन शिल्पकार | पुरुष | ४२ | राप्रपा | ४३४ | ४ | |
| ४ | श्यामकृष्ण खत्री | पुरुष | ४९ | नेमकिपा | १३७६ | १ | निर्वाचित |
| ५ | पवन भुजु | पुरुष | ३३ | नेकाँ | ५०४ | २ | |
| ६ | नारायणसुन्दर सिन्ताकल | पुरुष | ५५ | एमाले | ४३८ | ३ | |
| वडा अध्यक्ष **वडा नं. २** | | | | | | | |
| १ | रामप्रसाद सुवाल | पुरुष | ५५ | नयाँ शक्ति/संघीय समाजवादी | १७ | ६ | |
| २ | चन्द्रकुमार सुवाल | पुरुष | ६७ | राप्रपा | ९३ | ५ | |
| ३ | कृष्णप्रसाद नापित | पुरुष | ५९ | एमाले | ३७१ | ४ | |
| ४ | राकेश सुवाल | पुरुष | ३५ | माओवादी केन्द्र | ४४२ | ३ | |
| ५ | नारायणबहादुर बासुकला | पुरुष | ६० | नेकाँ | ९४३ | २ | |
| ६ | हरिप्रसाद बासुकला | पुरुष | ४१ | नेमकिपा | २८८१ | १ | निर्वाचित |
| ७ | सूर्यनारायण फाँजू | पुरुष | ४७ | स्वतन्त्र | ० | ७ | |
| वडा अध्यक्ष **वडा नं. ३** | | | | | | | |
| १ | राजकृष्ण गोरा | पुरुष | ४६ | नेमकिपा | १६६६ | १ | निर्वाचित |
| २ | ओमप्रकाश भुजु | पुरुष | ५७ | नेकाँ | ११४० | २ | |
| ३ | रामरत्न शिलाकार | पुरुष | ५७ | एमाले | ५५८ | ३ | |
| ४ | कृष्णहरि सैजु | पुरुष | ३४ | माओवादी केन्द्र | २५७ | ४ | |
| ५ | सानुकाजी श्रेष्ठ | पुरुष | ८० | राप्रपा | १६ | ५ | |
| ६ | रमेश बल्ल | पुरुष | ३६ | नयाँ शक्ति/संघीय समाजवादी | १५ | ६ | |
| ७ | हरिसुन्दर लवजू | पुरुष | ४८ | स्वतन्त्र | ० | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा अध्यक्ष **वडा नं. ४** | | | | | | | |
| १ | कुमार चवाल | पुरुष | ५४ | नेमकिपा | ३३१८ | १ | निर्वाचित |
| २ | सुन्दर भेले | पुरुष | ४८ | नेकाँ | ११०७ | २ | |
| ३ | अजय घेमोसु | पुरुष | २५ | एमाले | ३१९ | ३ | |
| ४ | तुल्सीभक्त सुवाल | पुरुष | ५६ | माओवादी केन्द्र | २०९ | ४ | |
| ५ | विश्वराम सिल्पकार | पुरुष | ४० | नयाँ शक्ति/संघीय समाजवादी | २९ | ५ | |
| ६ | विश्वराम त्वायना | पुरुष | ४६ | स्वतन्त्र | ० | ६ | |
| वडा अध्यक्ष **वडा नं. ५** | | | | | | | |
| १ | ओमचरण अमात्य | पुरुष | ५८ | माओवादी केन्द्र | ४८० | ३ | |
| २ | धर्मरत्न खाईतु | पुरुष | ४६ | नेकाँ | ८५३ | २ | |
| ३ | प्रेमगोपाल कर्माचार्य | पुरुष | ६१ | नेमकिपा | ११९२ | १ | निर्वाचित |
| ४ | विक्रम भेले | पुरुष | ३७ | एमाले | ४३१ | ४ | |
| ५ | नारायणभक्त भेले | पुरुष | ४८ | स्वतन्त्र | ० | ८ | |
| ६ | बलराम लोहला | पुरुष | ४० | स्वतन्त्र | ५ | ७ | |
| ७ | बिष्णुप्रसाद त्वानाबासु | पुरुष | ४२ | राप्रपा | १७ | ६ | |
| ८ | शंकरगोपाल प्रधानाङ्ग | पुरुष | ५१ | जनमोर्चा | १२८ | ५ | |
| वडा अध्यक्ष **वडा नं. ६** | | | | | | | |
| १ | राजेश फांजू | पुरुष | ४६ | माओवादी केन्द्र | ४८९ | ३ | |
| २ | भुपेन्द्रप्रसाद नेपाली | पुरुष | ४४ | एमाले | ५०८ | २ | |
| ३ | हरिराम सुवाल | पुरुष | ४० | नेमकिपा | २५०१ | १ | निर्वाचित |
| ४ | रमेश राजचल | पुरुष | ५६ | नेकाँ | ३४९ | ४ | |
| ५ | पूर्णभक्त सुवाल | पुरुष | ४५ | स्वतन्त्र | ० | ९ | |
| ६ | कृष्णप्रसाद घेमोसु | पुरुष | ३८ | स्वतन्त्र | ६५ | ६ | |
| ७ | रामभक्त सुवाल | पुरुष | ४५ | राप्रपा | ६१ | ७ | |
| ८ | विधान थुसा | पुरुष | २६ | स्वतन्त्र | ० | ८ | |
| ९ | बालगोपाल फैजू | पुरुष | ५० | स्वतन्त्र | १५४ | ५ | |
| वडा अध्यक्ष **वडा नं. ७** | | | | | | | |
| १ | कृष्णप्रसाद तुल्सीवाख्यो | पुरुष | ५२ | नेकाँ | २८८ | ३ | |
| २ | शिवलाल बाहाला (श्रेष्ठ) | पुरुष | ६८ | एमाले | ४३८ | २ | |
| ३ | उकेश कवां | पुरुष | ५३ | नेमकिपा | ३९०० | १ | निर्वाचित |
| ४ | पञ्चराम गोर्खाली | पुरुष | ३१ | राप्रपा | ७१ | ४ | |
| ५ | रामेश्वर प्रजापति | पुरुष | ६८ | स्वतन्त्र | ० | ५ | |
| वडा अध्यक्ष **वडा नं. ८** | | | | | | | |
| १ | महेन्द्र खायमली | पुरुष | ४५ | नेमकिपा | ११७३ | १ | निर्वाचित |
| २ | कृष्णप्रसाद कोजू | पुरुष | ४२ | स्वतन्त्र | ० | ५ | |
| ३ | कृष्णप्रसाद ह्योंगो | पुरुष | ३७ | माओवादी केन्द्र | ५४ | ४ | |
| ४ | लक्ष्मीभक्त गोसाई | पुरुष | ४७ | नेकाँ | ११५ | ३ | |
| ५ | श्यामसुन्दर प्रजापति | पुरुष | ३७ | एमाले | ४०४ | २ | |
| वडा अध्यक्ष **वडा नं. ९** | | | | | | | |
| १ | किरण प्रजापति | पुरुष | ३२ | नेकाँ | ५३१ | ३ | |
| २ | अभिमन्नु नापित | पुरुष | ४४ | माओवादी केन्द्र | २०१ | ४ | |
| ३ | सुशिला नापित | महिला | ३९ | राप्रपा | १११ | ५ | |
| ४ | रामहरि गणेजु | पुरुष | ३९ | स्वतन्त्र | २० | ६ | |
| ५ | रवीन्द्र लाछिमस्यु | पुरुष | ३३ | एमाले | ६९४ | २ | |
| ६ | विष्णुभक्त कुसी | पुरुष | ५४ | स्वतन्त्र | ० | ७ | |
| ७ | रवीन्द्र ज्याख्व | पुरुष | ३६ | नेमकिपा | ३३५५ | १ | निर्वाचित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा अध्यक्ष **वडा नं. १०** | | | | | | | |
| १ | **कुबेरबहादुर शाही** | **पुरुष** | ७२ | नयाँ शक्ति/संघीय समाजवादी | ४१ | ५ | |
| २ | **भरतप्रसाद भद्रा** | **पुरुष** | ५९ | स्वतन्त्र | ० | ६ | |
| ३ | **लक्ष्मीप्रसाद ह्यौमिखा** | **पुरुष** | ४७ | नेमकिपा | २२२९ | १ | निर्वाचित |
| ४ | **कृष्णकुमार सुवाल** | **पुरुष** | ४९ | नेकाँ | ४४९ | २ | |
| ५ | **पुण्यराम घट्ट** | **पुरुष** | ३९ | एमाले | ३५८ | ३ | |
| ६ | **बालप्रसाद शाही** | **पुरुष** | ६४ | माओवादी केन्द्र | १२८ | ४ | |
| **महिला सदस्य वडा नं. १** | | | | | | | |
| १ | **गंगालक्ष्मी बमनु** | **महिला** | ४४ | नेमकिपा | १४४५ | १ | निर्वाचित |
| २ | **निर्मला फाँजु** | **महिला** | ३८ | नेकाँ | ५०२ | २ | |
| ३ | **रापती बनेपाली** | **महिला** | ५७ | एमाले | ४३५ | ३ | |
| ४ | **रसना गाईजु (बाटी)** | **महिला** | ४२ | राप्रपा | ३५८ | ४ | |
| ५ | **राजेश्वरी सिल्पकार** | **महिला** | ४१ | माओवादी केन्द्र | २४३ | ५ | |
| **महिला सदस्य वडा नं. २** | | | | | | | |
| १ | **तुल्सीलक्ष्मी दुमरु (बाटी)** | **महिला** | ३५ | नेमकिपा | २८१४ | १ | निर्वाचित |
| २ | **निर्मला सुवाल (खाताखो)** | **महिला** | ४० | नेकाँ | ९९१ | २ | |
| ३ | **रञ्जना खर्बुजा** | **महिला** | ३० | एमाले | ४०२ | ३ | |
| ४ | **अन्जना बासुकला** | **महिला** | ४१ | माओवादी केन्द्र | ३८१ | ४ | |
| **महिला सदस्य वडा नं. ३** | | | | | | | |
| १ | **सुनिता प्रजापति (अवाल)** | **महिला** | ४३ | नेमकिपा | १६०४ | १ | निर्वाचित |
| २ | **मालती श्रेष्ठ** | **महिला** | ५६ | राप्रपा | १९ | ५ | |
| ३ | **मोहनमाया शिल्पकार** | **महिला** | ४५ | माओवादी केन्द्र | २६३ | ४ | |
| ४ | **लक्ष्मी अवाल** | **महिला** | ४८ | एमाले | ५६३ | ३ | |
| ५ | **कमलकेशरी चगुठी** | **महिला** | ४७ | नेकाँ | ११९१ | २ | |
| **महिला सदस्य वडा नं. ४** | | | | | | | |
| १ | **पुष्पा शिल्पकार** | **महिला** | ३५ | माओवादी केन्द्र | २०६ | ४ | |
| २ | **सपना प्रजापति** | **महिला** | ३२ | एमाले | ४५९ | ३ | |
| ३ | **सरस्वती मानन्धर** | **महिला** | ३९ | नेकाँ | १०६४ | २ | |
| ४ | **कृष्णलक्ष्मी दुवाल** | **महिला** | ५२ | नेमकिपा | ३२८३ | १ | निर्वाचित |
| ५ | **नीरु सुवाल** | **महिला** | २७ | नयाँ शक्ति/संघीय समाजवादी | २८ | ५ | |
| **महिला सदस्य वडा नं. ५** | | | | | | | |
| १ | **सम्झना खाईजु (लाखे)** | **महिला** | ३१ | नेमकिपा | २११८ | १ | निर्वाचित |
| २ | **अन्जु श्रेष्ठ** | **महिला** | ४६ | नेकाँ | ७७२ | २ | |
| ३ | **इन्दिरा गौतम (शर्मा)** | **महिला** | ४१ | एमाले | ५९६ | ३ | |
| ४ | **वीना मूल** | **महिला** | ६० | माओवादी केन्द्र | २८४ | ४ | |
| **महिला सदस्य वडा नं. ६** | | | | | | | |
| १ | **सरला सिन्ताकल (अवाल)** | **महिला** | ३३ | एमाले | ५६२ | २ | |
| २ | **रोशनमैया सुवाल** | **महिला** | ४९ | नेमकिपा | २५८४ | १ | निर्वाचित |
| ३ | **विष्णु उलक** | **महिला** | ५२ | नेकाँ | ४१८ | ३ | |
| ४ | **सुभद्रा सुवाल** | **महिला** | ३२ | माओवादी केन्द्र | ४१७ | ४ | |
| ५ | **कमला दुवाल (बिक)** | **महिला** | ३३ | नयाँ शक्ति/संघीय समाजवादी | २८ | ५ | |
| **महिला सदस्य वडा नं. ७** | | | | | | | |
| १ | **रञ्जना त्वाती** | **महिला** | ३८ | नेमकिपा | ३९१३ | १ | निर्वाचित |
| २ | **सरस्वती जोन्छे (श्रेष्ठ)** | **महिला** | ५४ | एमाले | ४४५ | २ | |
| ३ | **रोजी तुल्सीबाख्यो** | **महिला** | २८ | नेकाँ | २९५ | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **महिला सदस्य वडा नं. ८** | | | | | | | |
| १ | ज्योति श्रेष्ठ | महिला | ३३ | एमाले | ३०५ | २ | |
| २ | पंचमाया दुवाल | महिला | ४७ | नेमकिपा | २०५४ | १ | निर्वाचित |
| ३ | रेणु गोसाई | महिला | ४८ | नेकाँ | ११३ | ३ | |
| ४ | रत्नदेवी गोसाई | महिला | ३८ | माओवादी केन्द्र | ५८ | ४ | |
| **महिला सदस्य वडा नं. ९** | | | | | | | |
| १ | छोरीमैया सुजखु (प्रजापति) | महिला | ३९ | नेमकिपा | ३४०३ | १ | निर्वाचित |
| २ | कृष्णलक्ष्मी लाछिमस्यू (खुजू) | महिला | ४४ | एमाले | ६८१ | २ | |
| ३ | दुर्गा नापित | महिला | ३० | नेकाँ | ४४३ | ३ | |
| ४ | बिना न्याईच्याइ | महिला | ४० | माओवादी केन्द्र | २१५ | ४ | |
| ५ | लक्ष्मी छुस्याबाग | महिला | ३४ | राप्रपा | १६५ | ५ | |
| **महिला सदस्य वडा नं. १०** | | | | | | | |
| १ | विजयालक्ष्मी शाक्य | महिला | ५३ | नेमकिपा | २२४५ | १ | निर्वाचित |
| २ | रुपा अवाल | महिला | ४२ | नेकाँ | ४०९ | २ | |
| ३ | गणेशमाया सुवाल | महिला | ६३ | एमाले | ३६७ | ३ | |
| ४ | गंगालक्ष्मी सिल्पकार | महिला | ४८ | माओवादी केन्द्र | १२७ | ४ | |
| **दलित महिला सदस्य वडा नं. २** | | | | | | | |
| १ | मंगललक्ष्मी शाही | महिला | ३३ | नेमकिपा | ० | १ | निर्विरोध |
| **दलित महिला सदस्य वडा नं. ५** | | | | | | | |
| १ | उरुषा सुइकर | महिला | २६ | नेकाँ | ७५३ | २ | |
| २ | सरिना धोला | महिला | २९ | नेमकिपा | २१७१ | १ | निर्वाचित |
| ३ | सृजना पोडे | महिला | २७ | एमाले | ४५१ | ३ | |
| **दलित महिला सदस्य वडा नं. ६** | | | | | | | |
| १ | सीतादेवी नेपाली | महिला | ४७ | नेमकिपा | २६१३ | १ | निर्वाचित |
| २ | प्रमीला गंधर्ब | महिला | २९ | माओवादी केन्द्र | ५५३ | २ | |
| ३ | उमा नेपाली | महिला | ३५ | एमाले | ४२३ | ३ | |
| **दलित महिला सदस्य वडा नं. ७** | | | | | | | |
| १ | रिजु कपाली | महिला | ३३ | नेमकिपा | ० | १ | निर्विरोध |
| **सदस्य वडा नं. १** | | | | | | | |
| १ | बिसुलाल गोठे | पुरुष | ४२ | माओवादी केन्द्र | २६४ | ९ | |
| २ | शिवकुमार सिन्ताकल | पुरुष | ४२ | राप्रपा | २७८ | ८ | |
| ३ | हरिसुन्दर त्वाती | पुरुष | ४८ | राप्रपा | २९८ | ७ | |
| ४ | ज्ञनबहादुर दुवाल | पुरुष | ४६ | एमाले | ३८० | ६ | |
| ५ | सर्वज्ञरत्न बज्राचार्य | पुरुष | ५९ | माओवादी केन्द्र | २४० | १० | |
| ६ | तिलकबहादुर बस्नेत | पुरुष | ५९ | नेकाँ | ४६७ | ४ | |
| ७ | दामोदर सिल्पकार | पुरुष | ४१ | नेकाँ | ४९१ | ३ | |
| ८ | विश्वराज सिल्पकार | पुरुष | ४७ | नेमकिपा | १५१५ | २ | निर्वाचित |
| ९ | सूर्यप्रसाद श्रेष्ठ | पुरुष | ४१ | नेमकिपा | १५१६ | १ | निर्वाचित |
| १० | सानुभाइ बज्राचार्य | पुरुष | ६१ | एमाले | ४१० | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सदस्य वडा नं. २** | | | | | | | |
| १ | न्हुछेबहादुर बोयजू | पुरुष | ६५ | एमाले | ३७७ | ७ | |
| २ | रोशन बासुकला | पुरुष | २८ | माओवादी केन्द्र | ३६४ | ८ | |
| ३ | शान्तिभक्त बाटी | पुरुष | ३५ | राप्रपा | १५५ | ९ | |
| ४ | लक्ष्मीसुन्दर पक्का | पुरुष | ४१ | राप्रपा | १२६ | १० | |
| ५ | निश्चल कायष्ठ | पुरुष | २८ | नयाँ शक्ति/संघीय समाजवादी | १६ | ११ | |
| ६ | रत्नकाजी नायभारी | पुरुष | ५९ | नेमकिपा | २७९३ | १ | निर्वाचित |
| ७ | श्यामसुन्दर मातां | पुरुष | ४६ | नेमकिपा | २७८१ | २ | निर्वाचित |
| ८ | पुण्यराम तुकंबन्जार | पुरुष | ४७ | नेकाँ | ११७ | ३ | |
| ९ | रामभक्त खर्बुजा | पुरुष | ६३ | नेकाँ | ८८९ | ४ | |
| १० | आशराम खुसु | पुरुष | ३६ | माओवादी केन्द्र | ३८९ | ६ | |
| ११ | प्रविण बाटी | पुरुष | ४२ | एमाले | ४११ | ५ | |
| **सदस्य वडा नं. ३** | | | | | | | |
| १ | श्यामकृष्ण गोरा | पुरुष | ४३ | माओवादी केन्द्र | २१८ | ८ | |
| २ | नारायणसुन्दर त्वायना | पुरुष | ३३ | माओवादी केन्द्र | २३८ | ७ | |
| ३ | अमित त्वायना | पुरुष | ४३ | एमाले | ५६४ | ६ | |
| ४ | कृष्णप्रसाद सिल्पकार | पुरुष | ४९ | एमाले | ६११ | ५ | |
| ५ | शिवप्रसाद अवाल | पुरुष | ५० | नेकाँ | १०३७ | ४ | |
| ६ | राजकुमार शिल्पकार | पुरुष | ४६ | नेमकिपा | १५९० | २ | निर्वाचित |
| ७ | आसराम शिल्पकार | पुरुष | ५० | नेकाँ | ११९४ | ३ | |
| ८ | बिकेन प्रधानाङ्ग | पुरुष | ३३ | राप्रपा | २९ | ९ | |
| ९ | कृष्णगोपाल चौगुठी | पुरुष | ५८ | नेमकिपा | १५९७ | १ | निर्वाचित |
| **सदस्य वडा नं. ४** | | | | | | | |
| १ | प्रेमलाल शिल्पकार | पुरुष | ५६ | नेकाँ | ११४१ | ३ | |
| २ | राजेन्द्र माक | पुरुष | ३८ | नेमकिपा | ३२०७ | २ | निर्वाचित |
| ३ | पशुपति प्रजापती | पुरुष | ५१ | नेमकिपा | ३२६० | १ | निर्वाचित |
| ४ | हरिकृष्ण भेले | पुरुष | ६० | स्वतन्त्र | १ | १० | |
| ५ | कृष्णगोपाल बाइजू | पुरुष | ४७ | एमाले | ३३६ | ६ | |
| ६ | लक्ष्मण सुजखू | पुरुष | ४९ | माओवादी केन्द्र | २०१ | ८ | |
| ७ | कृष्णराम पोतामाहा | पुरुष | ३५ | माओवादी केन्द्र | २२० | ७ | |
| ८ | केशव हाछेथु | पुरुष | ४३ | नेकाँ | १११८ | ४ | |
| ९ | राजेश तमखु | पुरुष | २६ | एमाले | ३६५ | ५ | |
| १० | रामेश्वर दुवाल | पुरुष | ४१ | नयाँ शक्ति/संघीय समाजवादी | २१ | ९ | |
| **सदस्य वडा नं. ५** | | | | | | | |
| १ | विकास त्वान्जु | पुरुष | ३४ | माओवादी केन्द्र | ३०४ | ७ | |
| २ | सायभाई पोडे | पुरुष | ५९ | एमाले | ४७३ | ६ | |
| ३ | बलराम न्हिसुतु | पुरुष | ४६ | नेमकिपा | २१०१ | १ | निर्वाचित |
| ४ | सरिन कर्माचार्य | पुरुष | ३५ | नेकाँ | ७९८ | ३ | |
| ५ | पूर्ण गोपाल राजचल | पुरुष | ५२ | नेमकिपा | २०८६ | २ | निर्वाचित |
| ६ | पुरुषोत्तम कपाली | पुरुष | ३७ | माओवादी केन्द्र | २७० | ८ | |
| ७ | राजाराम माक | पुरुष | ३८ | एमाले | ५६३ | ५ | |
| ८ | सीताराम माक | पुरुष | ३८ | नेकाँ | ७५२ | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सदस्य वडा नं. ६** | | | | | | | |
| १ | गोविन्द दुवाल | पुरुष | ६९ | नेमकिपा | २५६५ | १ | निर्वाचित |
| २ | सिद्धिराम अवाल | पुरुष | ५२ | नेमकिपा | २५३२ | २ | निर्वाचित |
| ३ | कृष्णगोपाल नापित | पुरुष | ५१ | एमाले | ५३३ | ३ | |
| ४ | रघुनन्दन कायस्थ | पुरुष | ४६ | नेकाँ | ४९७ | ४ | |
| ५ | बद्री साही | पुरुष | ५१ | एमाले | ४८१ | ५ | |
| ६ | बलराम राजचल | पुरुष | ३४ | नेकाँ | ४४९ | ६ | |
| ७ | कृष्णगोबिन्द सुवाल | पुरुष | ३८ | माओवादी केन्द्र | ४१८ | ७ | |
| ८ | पुरुषोतम दुवाल | पुरुष | ४४ | माओवादी केन्द्र | ४०५ | ८ | |
| ९ | रवीन्द्र दुवाल | पुरुष | ३२ | नयाँ शक्ति/संघीय समाजवादी | २३ | ९ | |
| १० | प्रकाश गंधर्व | पुरुष | ३२ | नयाँ शक्ति/संघीय समाजवादी | १६ | १० | |
| **सदस्य वडा नं. ७** | | | | | | | |
| १ | राजु मानन्धर | पुरुष | ३३ | एमाले | ४३९ | ३ | |
| २ | हरिरत्न गोर्खाली | पुरुष | ५० | नेमकिपा | ३७५७ | २ | निर्वाचित |
| ३ | हेरा ख्याजु | पुरुष | ४८ | नेमकिपा | ३७५७ | १ | निर्वाचित |
| ४ | पुण्यरत्न शाक्य (बुद्धाचार्य) | पुरुष | ३८ | नेकाँ | ३८३ | ५ | |
| ५ | राम तचामो | पुरुष | ३१ | एमाले | ४३६ | ४ | |
| ६ | विष्णुप्रसाद गणेजु | पुरुष | ३६ | नेकाँ | १०४ | ६ | |
| **सदस्य वडा नं. ८** | | | | | | | |
| १ | लक्ष्मी कपाली | महिला | ४१ | माओवादी केन्द्र | ६४ | ७ | |
| २ | गंगाबहादुर गोसाईं | पुरुष | ४८ | माओवादी केन्द्र | ६० | ८ | |
| ३ | सुरेश गणेजु | पुरुष | ३१ | नेकाँ | १११ | ५ | |
| ४ | नरेश दुवाल | पुरुष | ४२ | एमाले | ३०४ | ४ | |
| ५ | सुशिल मधिकर्मी | पुरुष | ३५ | एमाले | ३०७ | ३ | |
| ६ | राजकुमार गोसाईं | पुरुष | ३८ | राप्रपा | १८ | ९ | |
| ७ | कृष्णगोपाल छुस्यावाग | पुरुष | ५१ | नेमकिपा | २०१६ | १ | निर्वाचित |
| ८ | शिवप्रसाद बाला | पुरुष | ४९ | नेमकिपा | २०१५ | २ | निर्वाचित |
| **सदस्य वडा नं. ९** | | | | | | | |
| १ | इन्द्रबहादुर प्याठ | पुरुष | ५५ | नेमकिपा | ३३०४ | १ | निर्वाचित |
| २ | जगतलाल मानन्धर | पुरुष | ६६ | नेमकिपा | ३२४२ | २ | निर्वाचित |
| ३ | कृष्णहरि मथ्या | पुरुष | ३१ | राप्रपा | १७६ | ९ | |
| ४ | राधेश्याम स्यामा | पुरुष | ४८ | राप्रपा | १९८ | ८ | |
| ५ | कृष्णमान बनमाला | पुरुष | ३६ | माओवादी केन्द्र | २११ | ७ | |
| ६ | विशाल प्रजापती | पुरुष | ३४ | माओवादी केन्द्र | २५५ | ६ | |
| ७ | काजीमान स्यामा | पुरुष | ६३ | नेकाँ | ४१६ | ५ | |
| ८ | रोमन कस्ती | पुरुष | २३ | एमाले | ६८५ | ४ | |
| ९ | सुरज जंगम | पुरुष | ४८ | एमाले | ६९३ | ३ | |
| **सदस्य वडा नं. १०** | | | | | | | |
| १ | जितेन्द्र मुनकर्मी | पुरुष | ५८ | नेमकिपा | २२२४ | १ | निर्वाचित |
| २ | विवेक ह्यौङ्गोजु | पुरुष | २६ | माओवादी केन्द्र | १२२ | ८ | |
| ३ | राज सिमाछ्वा वाङायो | पुरुष | ३० | माओवादी केन्द्र | १३१ | ७ | |
| ४ | रामगोपाल मुस्याख्वा | पुरुष | ४३ | एमाले | ३२४ | ६ | |
| ५ | मोहनकुमार ह्यौङ्गोजु | पुरुष | ४३ | स्वतन्त्र | ० | ९ | |
| ६ | हरिशरण साँगाछे | पुरुष | ३५ | नेकाँ | ४२८ | ४ | |
| ७ | सुरज रंजितकार | पुरुष | ३५ | नेकाँ | ४३९ | ३ | |
| ८ | ज्ञानकुमार मगजु | पुरुष | ६२ | नेमकिपा | २२०४ | २ | निर्वाचित |
| ९ | इन्द्रलाल नकर्मी | पुरुष | ५१ | एमाले | ३३५ | ५ | |

श्रोत : निर्वाचन आयोग

# देशघातीलाई सजाय दिनु मतदाताको अधिकार र कर्तव्य

प्रकाश नेपाल



आवधिक निर्वाचनलाई प्रजातन्त्रको विशेषता मानिन्छ। तर, पूँजीवादी शासन प्रणालीमा यो विशेषता धाँधलीको पर्याय बनेको छ। स्वच्छ, धाँधलीरहित, निष्पक्ष निर्वाचनको जतिसुकै रट लगाए पनि स्वतन्त्र निर्वाचन विरलै हुने गरेको छ। यसो हुनुमा धेरैको भूमिका रहेको छ। सरकारी नीतिको कमजोरी र बद्नियत, दल र उम्मेदवारको बेइमानी, मतदाताको अशिक्षा र गरिबी आदि प्रमुख रूपमा देखिन्छ। सारमा सरकार, निर्वाचन आयोग र मतदाता स्वच्छ निर्वाचनका महत्त्वपूर्ण कारक र कमजोरी दुवै रहेको छ। यद्यपि, स्वच्छ निर्वाचन र सही उम्मेदवारचयनको लागि प्रमुख तत्त्व मतदाता नै हुन्।

विगतका निर्वाचनहरूबाट शिक्षा लिने हो भने जस्तो मतदाता त्यस्तै जनप्रतिनिधि देखिएका थिए भन्दा अतिशयोक्ति हुँदैन। मतदाता जति सचेत र विवेकशील हुन्छन् त्यति नै सही उम्मेदवार विजयी हुन्छन्। जहाँका मतदाताहरू २-४ छाक र २-४ हजारमा लोभिन्छन् त्यहाँका जनप्रतिनिधि पनि लोभीपापी नै हुन्छन्। मतदाता गरिब भएकोले लालचमा फसे भनेर अमर शहीदहरूको बलिदानबाट प्राप्त मताधिकार बेच्नेलाई छुट दिन सकिँदैन र हुँदैन पनि। त्यसरी छुट दिएमा प्रजातन्त्र नै विकृत हुन्छ, राजनीति फोहोरी खेल हुन्छ। अनि २-४ दिनको मोजले पाँच वर्ष धारे हातलगाएर बस्ने बुद्धि र विवेक प्राणी जगतका सर्वश्रेष्ठ भनिएको मानिसलाई सुहाउने कुरा पटक्कै होइन।

मानिस सामाजिक प्राणी भएकोले समाजको स्वरूप र गतिविधिबाट परिचित हुनु अनिवार्य छ। त्यस्तै मानिस राजनीतिक प्राणी भएकोले राजनीति र राजनीतिक दलहरूबारे जानकार हुनु पनि आवश्यक छ। दल चिन्ने भनेको त्यसको विधान, दर्शन र विचार अनि निर्वाचनमा जारी गर्ने घोषणापत्र हो। विगतमा गरेको कुरा होइन काम र परिणाम हो। आकाशको तारा टिपेर ल्याइदिने कुरा गरेर जमिनको फोहोर पनि नउठाउने व्यवहारबाट तथ्य बोध गर्नु हो। विकासको नाममा भ्रष्टाचार र निर्माणको नाममा विध्वंश गर्नेहरूबाट सचेत हुनु हो। त्यसैले निर्वाचनलाई मतदाताको सचेतता नाप्ने ब्यारोमिटर भनिएको हो।

बितेको पाँच वर्षमा पत्रपत्रिकामा स्थानीय तहहरूमा धेरै अनियमितता र भ्रष्टाचार भएको समाचार प्रशस्तै आएका छन्। केही स्थानीय तहको कार्यलाई प्रशंसा पनि त्यतिकै गरिएको छ। जहाँ राम्रा काम भए त्यसमा मतदाताहरूको सचेतताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भने जहाँ भ्रष्टाचार र अनियमितता भए त्यसको पछाडि मतदाताहरूको पनि कमजोरी देखिन्छ। भ्रष्टाचार र अनियमितता गर्ने 'लाइसेन्स' त मतदाताले नै दिएको भन्नैपर्छ किनभने ती भ्रष्ट आफै उक्त पद र हैसियतमा पुगेका होइनन्। यद्यपि, ती मतदाता भ्रष्ट होइनन्, दल र उम्मेदवारको सही मूल्याङ्कन गर्न नसक्नुको परिणाम हो। तर, यस्तो कमजोरी हरेक निर्वाचनमा दोहोर्‍याउने छुट र सुविधा मतदातालाई प्राप्त हुन सक्दैन।

देश र जनताको सेवा गर्ने उद्देश्य नराख्ने दल र उम्मेदवारहरूले निर्वाचनमा धन बर्साउँछन्, मतदाताको विवेकलाई भ्रष्ट पार्न लोभलालच देखाउँछन् र विभिन्न सामान बाँड्छन्। त्यो यथार्थमा चुनावमा मतदाता तान्न लगानी गरेको हो। जसरी एक व्यापारी र उद्योगपतिले व्यापार र उद्योगमा पहिले लगानी गर्छ पछि नाफा कमाउँछ त्यसरी नै दल र उम्मेदवारले आज लगानी गरी भोलि भ्रष्टाचार, कमिसन, दलाली भागबाट अकुत आम्दानी गर्छ, लगानीभन्दा धेरै गुणा बढी उपर गर्छ। अन्यथा, देश र जनताको सेवा गर्न करोडौँ-करोड रकम किन खर्चन्छन् ? त्यो रकम पनि हिजो

भ्रष्टाचार र अनियमित कार्य गरेर थुपारेको जनताको रगत-पसिना नै हो ? नत्र यतिको रकम कहाँबाट आउँछ ? के तिनीहरूको घरमा धुरीबाट पैसा बर्सिन्छ र ?


कतिपय मतदातालाई आफ्नो नातेदार, छिमेकी, कुटुम्ब उम्मेदवार भएकोले देशघाती दल भए पनि त्यसैको चिह्नमा मतदान गर्छन्। यो गलत छ। दलीय व्यवस्था र राजनीतिमा व्यक्तिको हैसियत गौण हुन्छ, दलीय नीति र निर्णय नै प्रभावी हुन्छ। देशघाती एमसीसीमा शासक दलका केही व्यक्तिले पारित गर्न नहुने अडान लिए तर दलको निर्णयले त्यो पारित भयो। त्यसैले उम्मेदवार व्यक्ति को र के होभन्दा पनि उसको दल देशघाती कि देशभक्त भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। यस तथ्यलाई मनन गर्न सकिएन भने देशभक्त मतदाताको अमूल्य मत देशघाती दललाई प्रदान हुन्छ र अन्तत्वगत्वाः आफू पनि देशघातीको मतियार बन्न पुग्छ। कुनै पनि देशभक्त मतदाता त्यो स्थितिमा पुग्न चाहँदैनन्।

सचेत मतदाताहरू कुनै प्रकारको लोभ-नातामा फस्दैनन्। आज फसे भने भोलि पछुताएर पुग्दैन धेरै अकल्पनीय समस्या व्यहोर्न पनि बाध्य हुनेछ। त्यसैले चुनाव एउटा परीक्षाको रूपमा आएको छ। यो परीक्षा सरकार, निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार र मतदाता सबैको हो। सरकार कस्तो छ, निर्वाचन आयोग कति संवैधानिक हैसियत राख्छ, राजनीतिक दलहरू को कति सिद्धान्त र विचारमा दृढ छ सबैलाई थाहा छ। विभिन्न दलका विभिन्न अनुहारका उम्मेदवारहरूबारे स्थानीय मतदाताहरू विगत र वर्तमानबाट परिचित नै होलान्। त्यसैले मतदाताबारे नै केही चर्चा गर्नु समयोचित हुनेछ।

चुनाव परीक्षामा कुन दलका उम्मेदवारलाई मत दिने भन्ने कुरामा मतदाताले सही मूल्याङ्कन गर्नै पर्छ। मतदाता परीक्षक र परीक्षार्थी दुवै हुन्। मतदाताले दल र त्यसका उम्मेदवारको परीक्षण विगत र वर्तमानको क्रियाकलापको आधारमा गर्नुपर्छ। त्यसपछि परीक्षार्थी भएर मतदान गर्नुपर्छ। यदि गलत दल र उम्मेदवारलाई मत दिए त्यसको दुष्परिणाम भोलि भोग्नुपर्छ। कुनै विद्यार्थीलाई चोराएर परीक्षा त उत्तीर्ण गराउला, भोलि चोरेर पास गर्ने विद्यार्थी नै नै शिक्षक भए त्यसले कस्तो शिक्षा देला ? प्रशासक भए कस्तो प्रशासन चलाउला ? इन्जिनियर भएर घर-भवन बनाए कति दिगो रहला ? अझ डाक्टर भएर तपाईलाई नै अपरेशन गर्न आए के होला ?

त्यसैले मतदाताहरूमा क्षणिक लोभ, भ्रम, विवेकहिनता र अज्ञानताले भोलि देशकै दुर्गति हुनसक्ने तर्फ गम्भीर चिन्तनको आवश्यकता छ।

सङ्घीय संविधानको प्रावधानअनुसारको केन्द्र, प्रदेश र स्थानीय सरकारको पहिलो कार्यकाल यो वर्ष सकिँदैछ। तीन तहको सरकारमध्ये स्थानीय तहको सरकारको निर्वाचन नजिकिँदैछ। वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा जहाँका जनप्रति निधिले राम्रो काम गरे अझ राम्रो काम गर्न अवसर दिनु मतदाता र पालिकाकै हितमा हुनेछ, जसले नराम्रो काम गरे देशघात, जनद्रोही काम गरे, भ्रष्टाचार र अनियमिततामा कीर्तिमान राखे त्यस्तालाई सजाय दिने मौका मतदातालाई प्राप्त भएको छ। यो मौका आफैमा अधिकार र कर्तव्य हो। यसमा कोही नचुकून्, नभुलून् र नबिर्सून् - यही अपेक्षा छ।



# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ चैत्र ८ गते, मंगलबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति — उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी — ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री — ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला — ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा — ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल — ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य — ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल — ऐ
९. वडाध्यक्ष श्री उकेश कवां — ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली — ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व — ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा — ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल — ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) — ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) — ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला — ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल — ऐ
१८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी — ऐ

## निर्णयहरू

**अनुदान**

१) भक्तपुर नगरपालिकाको 'भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६०, तेस्रो संशोधन' अनुसार भक्तपुर नगरपालिकाबाट भक्तपुर नगरको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीका घर तथा भवन निर्माण गर्ने नगरवासीहरूको प्रोत्साहन स्वरूप घर तथा भवन निर्माण गर्ने क्रममा मोहडातर्फ प्रयोग हुने काठ, इँटा र झिँगटी खरिदको लागि भक्तपुर नगरपालिकाले दिने अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार अनुदान माग निवेदन सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट पेश भएको प्रतिवेदन र भक्तपुर न.पा. नक्सा उपशाखाबाट पेश सिफारिसको आधारमा निम्न विवरण अनुसारका भवन निर्माण गर्ने नगरवासीहरूलाई निम्न अनुसार अनुदान सहयोग प्रदान गर्ने निर्णय गरियो :

| क्र.सं. | घरधनीको नाम | निर्माण स्थल | कित्ता नं. | क्षेत्रफल | अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| १. | कृष्णप्रसाद मगजु | भ.न.पा. हाल १० | ११६ | ०-२-२-३ | ९५,७३।४७ |
| २. | श्रीभक्त फैजु | भ.न.पा. हाल ३ | १२५ | ०-१-२-० | १,७६,२६४।७२ |
| ३. | द्वारिकानाथ बनेपाली | भ.न.पा. हाल ९ | ५१३ | ०-१-१-० | १,६६,११२।६९ |
| ४. | शंखरदास प्रजापति | भ.न.पा. हाल ९ | १७७६ र ३७ | ०-२-३-२ र ०-०-३-३ | ४,३०,४००।४१ |
| ५. | रामेश्वर रंजितकार | भ.न.पा. हाल ७ | ५४९ | ०-१-३-१ | २,८५,४८१।३५ |
| ६. | आसराम प्रजापति | भ.न.पा. हाल ४ | १३२ | ०-१-३-० | २,२४,१९९।२१ |
| ७. | मैया ख्याजु | भ.न.पा. हाल ३ | ७७९ | ०-३-१-१ | २,२९,७९६।४३ |
| ८. | पुष्पलाल बल्ल र सुमल बल्ल | भ.न.पा. हाल ३ | ३५ र ३६ | ०-१-०-१ र ०-०-३-० | २,४९,४४८।४६ |
| ९. | लक्ष्मीकुमारी त्यात | भ.न.पा. हाल ६ | १९३ | ०-२-१-१ | २,७८,०९८।४९ |
| १०. | रामेश्वरी दुवाल | भ.न.पा. हाल ६ | ७१८ | ७१.५४ व.मी. | ५,३८,७९७।९४ |
| ११. | कृष्ण मचामसी | भ.न.पा. हाल ७ | १७३, १७५ र १७६ | ०-०-२-२ ०-१-२-१ र ०-०-३-२ | १,०८,३७८।८५ |
| १२. | उत्तम गोरा, असलमाया गोरा र अष्टराम गोरा | भ.न.पा. हाल २ | ७८ | ०-२-०-१ | १,४७,५१२।६५ |
| १३. | ईन्द्रबहादुर सुवाल | भ.न.पा. हाल ६ | ५८० | ०-०-३-१ | ३,३१,९२९।८४ |
| १४. | कृष्णभक्त सिल्पकार | भ.न.पा. हाल २ | ८९ र ९० | ०-१-०-३ र ०-०-२-३ | ५,६१,३८३।९५ |
| १५. | गणेशप्रसाद दुवाल | भ.न.पा. हाल ६ | ३३१ | ०-०-३-० | २,४७,७२०।६७ |
| १६. | जगतलक्ष्मी सुजखु सुवाल | भ.न.पा. हाल ६ | ७७ | ०-०-२-२ | ३,१६,०३४।७९ |
| १७. | तुल्सीकुमार दुवाल | भ.न.पा. हाल ६ | ९१६ | ०-०-३-१ | २,८५,६४३।३९ |
| १८. | ज्ञानेन्द्र कर्माचार्य | भ.न.पा. हाल ४ | १४० | ०-१-०-२ | १,१९,३८३।७६ |
| १९. | न्हुछेनारायण लिस्व | भ.न.पा. हाल ५ | २३९, २४१ र २४० | ०-०-१-३ ०-०-१-२ र ०-०-१-२ | ५,२१,३१७।१६ |
| २०. | लक्ष्मी सुलु | भ.न.पा. हाल २ | ६४४ | ०-१-२-२ | १,७१,५०२।१९ |
| २१. | रामप्रसाद कासुला | भ.न.पा. हाल २ | ५०० र ६३५ | ०-१-१-० र ०-०-०-१ | ४,७०,३०९।५७ |
| २२. | राज्यलक्ष्मी तमखु र साइमन तमखु | भ.न.पा. हाल ४ | ६७१ | ०-०-३-१ | १,५२,६८४।३६ |
| २३. | तुल्सीभक्त लाखे | भ.न.पा. हाल २ | ४८०,४८१ र ४८२ | १-१-०-२, ०-०-०-१ र ०-०-३-३ | ३,४७,२०१।५५ |
| २४. | सत्यनारायण प्रजापति | भ.न.पा. हाल ९ | २८७, २८८ र २८९ | ०-०-२-३, ०-०-१-२ र ०-०-१-३ | ८,७०,५९३।२८ |
| २५. | रत्नप्रसाद प्रजापति | भ.न.पा. हाल ९ | ३०५ | ४३.७२ व.मी. | ५,५७,७२८।४७ |
| २६. | छलदेवी लाखे | भ.न.पा. हाल ९ | ५२७ | ०-०-२-१ | १,०२,२७०।०२ |
| | | | | जम्मा रकम | ७९,८५,९२५।६७ |

२) निर्णय नं. १ बमोजिम भक्तपुर नगरको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर तथा भवन निर्माण गर्ने नगरवासीहरूलाई प्रोत्साहन स्वरूप घर तथा भवन निर्माण गर्ने क्रममा मोहडातर्फ प्रयोग भएको काठ, इँट्टा र झिँगटीको अनुदान वितरण कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा २०७८।१२।१५ गते गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

विभिन्न समितिहरूको निर्णय अनुमोदन गरियो–

### आर्थिक समिति

**मिति २०७८।९।२२ गते**

१. सम्पत्ति कर (घर जग्गा कर) मा साविकको २०७५।०७६ सम्मको कर बक्यौतामा आवासीय घरको हकमा दिइएको **५० प्रतिशत छुटको** अवधि २०७९ आषाढ मसान्तसम्म थप गर्ने साथै २०७५/०७६ सम्मको घर जग्गा घरको बक्यौतामा **जरिवाना समेत नलिने** निर्णय गरियो ।

२. आवासीय प्रयोजनको लागि बहालमा दिएको घर जग्गाको बहालमा लाग्ने बक्यौतासहित आ.व. २०७८/०७९ को बहाल करमा **५० प्रतिशत छुट** दिई ५ प्रतिशत मात्र बहाल कर लिने तर आवासीय प्रयोजनबाहेक पसल, व्यवसाय, सङ्घ, संस्था वा कार्यालय बहालमा बसेकोमा **१० प्रतिशत बहाल कर लिने** निर्णय गरियो ।

**मिति २०७८।१०।३ गते**

१. यस नगरपालिकाको वडा कार्यालयहरूमा खर्च शीर्षकको लागि लेखा राख्न लेखा सफ्टवेयर तथा सफाइ शुल्क र बहाल करको लागि रेकर्ड राख्न समेत सफ्टवेयर आवश्यक देखिएकोले नगरपालिकामा सूचिकृत परामर्श दाताहरूबाट उल्लेखित सफ्टवेयर उपलब्ध गराउने सम्बन्धमा **प्रस्ताव माग गर्ने** निर्णय गरियो ।

**मिति २०७८।११।२५ गते**

१. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको पसल तथा शौचालय बहालको लागि मिति २०७८।९।२७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये भ.न.पा. १, कुथुवही मिनिबस पार्कस्थित सार्वजनिक शौचालय भवन मुनिको पसलको लागि एउटा मात्र बोलपत्र परेको जसमा राम तुल्सी गुरुङ्ग हाल भ.न.पा. १ ले वार्षिक बहाल रु.८४,१००।–(चौरासी हजार एक सय) कबोल गरेको, त्यसै गरी शहीद स्मृति खेल मैदानसँगैको सार्वजनिक शौचालय, भ.न.पा.–१ को लागि पनि सुनिल प्रजापति, भ.न.पा. ९ ले वार्षिक बहाल रु.४०,१००।– कबोल गरी एउटा मात्र बोलपत्र परेकोमा यो दोस्रो पटकको सूचना प्रकाशन भएकोले एउटा मात्र निवेदन परे पनि दिन सकिने व्यवस्था बमोजिम निजहरूको **बोलपत्र स्वीकृत गर्ने** निर्णय गरियो ।

२. यस नगरपालिकासँग सम्झौता गरी भ.न.पा. ३, दरबार क्षेत्रस्थित पाहांछेँ सत्तल (पर्यटक रेष्टुरेन्ट) बहालमा सञ्चालन गर्ने मनोहरप्रसाद जोशीले कोभिड–१९ को महामारीको कारण २०७६ चैत्रदेखि पर्यटक आगमन बन्द भएकोले उक्त सत्तल समेत प्रायः बन्द अवस्थामा रहेकोले २०७७ असोज महिनादेखिको १(एक) वर्षको बहाल रु.१६,०३,०००।– मासिक किस्तामा २ लाखको दरले बुझाउने गरी ८ महिनाभित्र अर्थात २०७९ असारभित्र बुझाउने व्यवस्था गरी पाऊँ भनी निवेदन दिएकोमा कोभिडको असरलाई मध्यनजर गरी **किस्ताको सुविधा उपलब्ध गराउने** निर्णय गरियो ।

३. यस नगरपालिकाको स्वामित्वमा रहेका तपसिलका पसल कवल तथा शौचालय भवनहरू बहालमा नलागि खाली अवस्थामा रहेकोले साविक बहाल र शर्तहरू उल्लेख गरी बहालका लागि **सूचना प्रकाशित गर्ने** निर्णय गरियो–

| क्र.सं. | पसल/शौचालय कवल | साविक बहाल (वार्षिक रकम) |
|---|---|---|
| १ | सिद्धपोखरीस्थित सार्वजनिक शौचालय, भ.न.पा. १ | १,५०,०००।– |
| २ | राम मन्दिरस्थित सार्वजनिक शौचालय, भ.न.पा. ४ | ३६,०००।– |
| ३ | दरबार क्षेत्रस्थित सार्वजनिक शौचालय मुनिको पसल नं. १ | ४,७३,१०१।– |
| ४ | दरबारक्षेत्रस्थित सार्वजनिक शौचालय मुनिको पसल नं. २ | २,५१,१०१।– |

साथै दत्तात्रय क्षेत्रमा रहेको सार्वजनिक शौचालयको लागि समेत न्यूनत्तम वार्षिक बहाल रु.३६,०००।– उल्लेख गरी सूचनामा समावेश गर्ने निर्णय गरियो ।

### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०७८।४।२८ गते**

१. भ.न.पा. वडा नं. ८ निवासी राजेश गाईजुले भ.न.पा.मा नेपालको इतिहास, संस्कृति र पुरातत्त्व विषयमा एमफिल–विद्यावारिधि तह अध्ययन सम्पन्न गर्न आवश्यक

छात्रवृत्ति प्रदान गर्न दिएको निवेदनमा छलफल गर्दा भक्तपुर ५ नं. वडास्थित पुरातात्त्विक तथा इतिहास महत्त्व बोकेको जगनाथ क्षेत्र उत्खनन्न अध्ययन प्रतिवेदन भ.न.पा.मा बुझाउने गरी त्रिभुवन विश्वविद्यालयमा तिर्नुपर्ने शैक्षिक शुल्क नगरपालिकाले व्यहोर्ने गरी **छात्रवृत्ति दिने** निर्णय गरियो।

**मिति २०७८।११।२९ गते**

१. स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका पदाधिकारीहरूलाई उहाँहरूको कार्यको उच्च मूल्याङ्कन गर्दै प्रतिव्यक्ति नगद रु.५०,०००।- (अक्षेरूपी पचास हजार) (कर बाहेक) **प्रदान गर्ने** निर्णय गरियो।

२. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित चण्डेश्वरी दाफा भजनको थ्यासाफु पुनः प्रकाशनका लागि दाफा भजनको तर्फबाट मिति २०७८।६।२५ गते यस नगरपालिकामा प्राप्त पत्रअनुसार नगरपालिकाको तर्फबाट **आर्थिक सहयोग** रु.७५,०००।- (अक्षेरूपी पचहत्तर हजार रूपैयाँ) प्रदान गर्ने निर्णय गरियो।

**निर्माण समिति**

**मिति २०७८।११।२६ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिभाइज | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | वागीश्वरी कलेजको ब्लक (सी) को दोस्रो तलाको फिनिसिङ कार्य | ९ | बागमती प्रदेश सांसद पूर्वाधार विकास | ४,९३०,०००।०० | | उ.स.अ. : श्री सुशिला कर्माचार्य अ.स.स. : श्री छोरीमैया सुजखु (प्रजापति) | | | | | | |

मिति २०७८/१२/०७ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिभाइज | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | छिपा तां बाटोमा ढलान, पर्खाल, ढुङ्गा छपाइ कार्य | ७ | छिपा तां (पुल) परिसर ढुङ्गा छपाइ तथा घाट मर्मत कार्य | २,२८५,४६७।५२ | | | | | | | | |
| २ | कमलविनायक बस पार्क ढलान बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल | १,०९०,७३८।२६ | | | | | | | | |
| ३ | शिशु स्याहार केन्द्र भवनमा प्लास्टर गरी मर्मत गर्ने कार्य | १ | मर्मत सम्भार | ८३३,२४१।७८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भैरवनाथको रथ तान्ने रूट तथा योसिंखेल क्षेत्रमा फ्लोड लाइट र सडक बत्ती जडान तथा मर्मत सम्भार कार्य | ५ | सडक बत्ती मर्मत सम्भार | ३६७,६३४।२० | | | | | | | | |
| ५ | भैरवनाथको रथ तान्ने रूट तथा योसिंखेल क्षेत्रमा सीसीटीभी सर्भिलेन्स जडान तथा मर्मत सम्भार कार्य | ६ | सीसीटीभी | ९५,९०३।१० | | | | | | | | |
| ६ | लक्ष्मी नरसिंह मन्दिर परिसर सीसीटीभी सर्भिलेन्स जडान कार्य | ४ | सीसीटीभी | १७६,६५९।६८ | | | | | | | | |
| ७ | भक्तपुर नगरपालिका भवनको कम्पाउण्डमा बत्ती व्यवस्थापन कार्य | २ | सडक बत्ती मर्मत सम्भार | ९७,२००।०५ | | | | | | | | |
| ८ | भनपा भवनको कम्पाउण्डको फलामे बार र पर्यटक सूचना केन्द्र भवनमा रंगरोगन कार्य | २ | मर्मत सम्भार | ८१,०६७।६६ | | | | | | | | |
| **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| २ | गोल्मढीबाट थाथुमला जाने ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल | १,०३०,८३४।६८ | १,५४६,२५२।०२ | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | पञ्चमुखेश्वर महादेव परिसरमा शौचालय निर्माण तथा सुधार कार्य | ५ | बाग्मती प्रदेश स:शर्त अनुदान | १,२००,०००।०० | | उ.स.अ. : श्री बाबुरत्न ह्योला अ.स.स. : श्री बलराम न्हिसुतु | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | हनुमानघाटदेखि इनाचो र झरतिलासम्म खानेपानी पाइप लाइन विस्तार गर्ने कार्य | ७ | खानेपानी | ४२९,९५५।७६ | | उ.स.अ. : श्री कृष्णप्रसाद शिवहरी अ.स.स. : श्री रिजु कपाली | | | | | | |
| ३ | नपुखुको पश्चिमतिर पार्किङ व्यवस्थापन गर्ने कार्य | १ | बाग्मती प्रदेश पूर्वाधार विकास | १,१०१,५८८।७२ | | उ.स.अ. : श्री रामगोपाल बमनु अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | | |
| ४ | जनज्योति पुस्तकालयमा इ-लाइवेरी निर्माण कार्य | २ | शिक्षा स्वास्थ्य तथा सम्पदा शीर्षक | ६,८२,९३०।६३ | | उ.स.अ. : श्री राजन जती अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | | |
| **रि.ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट, भुक्तानी र सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | विश्वकर्मा आगमछैं पुन:निर्माण कार्य | ६ | नपा | ९,९६८,५२६।२४ | ९,९९५,०४५।०९ | ३,०००,०००।०० | ४,१७३,३९७।०० | १,१७३,३९७।०० | ४,९६५,३८५।९९ | सम्पन्न | हरिशरण अवाल | |
| | | | | | | १,८२५,०००।०० | ४,५२४,१५२।६१ | २,६९९,१५२।६१ | ४,७९१,२०२।५३ | | | |
| | | | | | | **४,८२५,०००।००** | **८,६९७,५४९।६१** | **३,८७२,५४९।६१** | **९,७५६,५८८।५२** | | | |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हनुमानघाट पुल मर्मत कार्य | ७ | नपा | ४,९२४,०९७।१७ | | १,२००,०००।०० | १,५०१,८७७।०० | ३०१,८७७।०० | १,७०१,७३५।९५ | सम्पन्न | कृष्ण गोविन्द खाइजु | थप पेश्की २५ लाख |
| २ | जगातीदेखि हनुमानघाटसम्म पिच कार्य | ७ | नपा | ३,६९५,३४६।७६ | | ९९०,०००।०० | ३,५४५,८२७।६८ | २,५५५,८२७।६८ | ३,७८१,५००।४७ | सम्पन्न | राजकुमार बनमाला | |
| ३ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) | ८ | नपा | १,६०४,७७१।१७ | | ५००,०००।०० | ८६०,३७२।४४ | ३६०,३७२।४४ | १,०१३,००६।०४ | सम्पन्न | रामप्रसाद किसी | |
| | | | | | | ५००,०००।०० | ५७९,७८७।०० | ७९,७८७।०० | ७११,२५१।४२ | | | |
| | | | | | | **१,०००,०००।००** | **१,४४०,१५९।४४** | **४४०,१५९।४४** | **१,७२४,२५७।४६** | | | |
| ४ | छुमा गणेश मन्दिरदेखि प्वकचा द्योसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल | १,०४०,७३५।६२ | | ३४०,०००।०० | ४२३,३७८।६७ | ८३,३७८।६७ | ५६८,०७०।२६ | आंशिक सम्पन्न | रामलक्ष्मी थुसा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ठूलो ब्यासीको ईंटा छपाइ बाटो मर्मत कार्य (ब्यासी ध्वाकादेखि जालाचा खण्ड) | २ | सडक बोर्ड नेपाल | १,०४६,४४४।२६ | | ३३०,००००।०० | ६९३,८५१।३० | ३६३,८५१।३० | ७४४,८४१।९७ | आंशिक सम्पन्न | सत्य नारायण बासुकला | |
| ६ | नवदुर्गा ल्याउने क्वाठण्डौ मर्चा जाने ईंटा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल | १,०२१,०१७।४० | | ३३०,००००।०० | ५३०,००४।०० | २००,००४।०० | ६६४,७०६।४७ | आंशिक सम्पन्न | उत्तम राजचल | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | विश्वकर्मा आगमछें पुन:निर्माण कार्य | ६ | नपा | ९,९९५,०४५।०९ | | मिति २०७८ चैत मसान्तसम्म म्याद थप गर्ने गरियो । | | | | | | |
| २ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) | ८ | नपा | १,६०४,७७१।७ | | मिति २०७८ चैत मसान्तसम्म म्याद थप गर्ने गरियो । | | | | | | |
| **धरौटी फुकुवा सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा इलेक्ट्रिफिकेशन कार्य | ९ | नपा | सुन्दर कन्स्ट्रक्सन प्रा.लि., भक्तपुरबाट कार्य सम्पन्न भइसकेकोले धरौटी रकम रू. ८ लाख ६८ हजार रूपैयाँ धैरौटी फुकुवा गर्ने निर्णय गरियो । | | | सुन्दर कन्स्ट्रक्सन प्रा.लि., भक्तपुर | | | | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा श्यानिटरी कार्य | ९ | नपा | सुन्दर कन्स्ट्रक्सन प्रा.लि., भक्तपुरबाट कार्य सम्पन्न भइसकेकोले धरौटी रकम रू. ५२ हजार रूपैयाँ धैरौटी फुकुवा गर्ने निर्णय गरियो । | | | सुन्दर कन्स्ट्रक्सन प्रा.लि., भक्तपुर | | | | | |

बजेट संशोधन सम्बन्धमा ।

१. परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई सहुलियत व्यवस्था कार्यको लागि आ.व.२०७८/०७९ मा रू. ५०,००,०००।०० विनियोजन भएकोमा अपुग रकम रू.३०,००,०००।०० शहीद स्मृति खेल मैदान निर्माण कार्यको लागि विनियोजित रू.६५,००,०००।०० बाट व्यहोर्ने र शहीद स्मृति खेल मैदान निर्माण कार्यको लागि रू.३५,००,०००।०० बाँकी रहने गरी बजेट संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १**

उपरोक्त तालिकाअनुसार भ.न.पा. वडा नं. ८ स्थित फोहोर मैला प्रशोधन केन्द्र सुचारु गर्न सामान तथा कच्चा पदार्थ खरिद कार्य अन्तर्गत Procurement of Raw materials for Compost making Plant (Re tender) (ठेक्का नं. bktmun/goods/02/078/079/G1RE) को लागि म्यादभित्र प्राप्त भएको एक ओटा बोलपत्रदाता Rikishi Daichi compost Fertilizer and Agro farm, Kathmandu ले न्यूनतम अङ्क भ्याटसहित रु.९४,९२,०००।०० (अक्षरेपि चौरानब्बे लाख बयानब्बे हजार रूपैयाँ मात्र) कबोल गरेको हुँदा सो बोलपत्रदाताको प्रस्ताव सारभूत रूपमा प्रभावकारी देखिएकोले सो बोलपत्रदाताको **प्रस्ताव स्वीकृत गर्ने** निर्णय गरियो ।

**निर्णय नं. २**

उपरोक्त तालिका अनुसार भ.न.पा. वडा नं. ८ स्थित फोहोर मैला प्रशोधन केन्द्र सुचारु गर्न सामान तथा कच्चा पदार्थ खरिद कार्य अन्तर्गत Procurement of Equipment for Box composting (Re tender) (ठेक्का नं. bktmun/goods/02/078/079/G2RE) को लागि म्यादभित्र प्राप्त भएको तीन ओटा बोलपत्रदाताहरूमध्ये न्यूनतम अङ्क भ्याटसहित रु.३९,४९,५७६।०० (उनान्तीस लाख उनान्चास हजार पाँच सय छयत्तर रूपैयाँ मात्र) कबोल गर्ने श्री JHS Analytic Traders, Baluwatar Kathmandu को प्रस्ताव सारभूत रूपमा प्रभावकारी देखिएकोले सो बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७८।१२।२ गते**

१. भक्तपुर नगरपालिकामा स्थानीय स्तरबाटै बीउ उत्पादन गर्न कृषि ज्ञान केन्द्र, खुमलटार, काठमाडौँबाट ५०० के.जी. धानको बीउ खरिद गरी **किसानहरूलाई वितरण** गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७८।११।२५ गते**

१. भक्तपुर जिल्ला ब्याटमिन्टन सङ्घको आयोजनामा २०७८।१२।९-१३ गतेसम्म हुने नेपाल राष्ट्रव्यापी खुल्ला ब्याटमिन्टन प्रतियोगिता-२०७८ को लागि नगरपालिका वडा नं. ८ स्थित लिवाली कभर्ड हल प्रतियोगिता अवधिभरको लागि **हल उपलब्ध गराउने** निर्णय गरियो ।

२. खेलकुद प्रवर्द्धन संस्था नेपालको आयोजनामा २०७८ चैत्र ५-७ गतेसम्म राखेपको खेलकुद परिसर, काठमाडौँमा हुने पहिलो देशव्यापी विद्यालयस्तरीय महिला तथा पुरुष बक्सिङ्ग प्रतियोगिता-२०७८ मा यस नगरपालिका बक्सिङ्ग प्रशिक्षणका प्रशिक्षार्थीहरू सहभागी गराउने र उक्त प्रतियोगिताको लागि प्रशिक्षक श्री कृष्णसुन्दर प्रजापतिलाई रु.१०,०००।- (अक्षेरूपी दश हजार) **पेश्की लिन लगाउने निर्णय** गरियो ।

३. यस नगरपालिकाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक पदपूर्ति समितिको बैठकबाट सेवा सम्बन्धी र कम्प्युटर सम्बन्धी परीक्षामा सफल उम्मेदवार श्री लक्ष्मी प्रजापतिलाई नियुक्ति गर्न सिफारिस भई आएको हुँदा निजलाई नियुक्ति गर्ने निर्णय गरियो र निजले निर्धारित समय अवधिभित्र नियुक्ति लिन नआएमा वैकल्पिक उम्मेदवारलाई **नियुक्ति दिने** निर्णय गरियो ।

४. यस नगरपालिकाको लागि आवश्यक सहायक स्तर चौथो तहको कम्प्युटर अपरेटर पद-४ सेवा करारमा पदपूर्तिको लागि लिइएको लिखित र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताबाट तपसिल बमोजिमका ४ जना सफल उम्मेदवारहरूलाई नियुक्ति दिन भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को सूचिकरण तथा छनौट समितिको बैठकबाट सिफारिस भई आएको हुँदा निजहरूलाई नियुक्ति दिने निर्णय गरियो र निजहरूले निर्धारित समय अवधिभित्र नियुक्ति लिन नआएमा वैकल्पिक उम्मेदवारहरूलाई **नियुक्ति दिने** निर्णय गरियो ।

**तपसिल**

१. लक्ष्मीनारायण मातां, भ.न.पा. २

२. राजु सुवाल, भ.न.पा., ५

३. महेश माटाँगुलु, भ.न.पा. ३

४. ललिता खोंजु, भ.न.पा. ९

४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रत्येक स्थानीय तहमा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रभित्र १४ जना गणक र २ जना सुपरिवेक्षक छनौटको लागि सञ्चालित अन्तर्वार्तामा सफल तपसिल बमोजिमका उम्मेदवारहरूलाई नियुक्ति दिन गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका लागि गणक तथा सुपरिवेक्षक नियुक्ति गर्न गठित पदपूर्ति समितिबाट सिफारिस भई आएको हुँदा निजहरूलाई नियुक्ति दिने निर्णय गरियो र निजहरूले निर्धारित समय अवधिभित्र नियुक्ति लिन नआएमा वैकल्पिक उम्मेदवारहरूलाई नियुक्ति दिने निर्णय गरियो ।

**पद : सुपरिवेक्षक**

**सफल उम्मेदवारहरू**

| क्र.सं. | नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | संगिता दुवाल | भ.न.पा. ८ | श्यामकृष्ण | विष्णु भक्त | |
| २ | किशोर गोसाई | भ.न.पा. ८ | कृष्ण प्रसाद | कृष्ण | |

**पद : गणक**

**सफल उम्मेदवारहरू**

| क्र.सं. | नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरोज ग्वाछा | भ.न.पा. ४ | दयाराम | विष्णु | |
| २ | रोमी दुमरु | भ.न.पा. ७ | राम कृष्ण | रामबहादुर | |
| ३ | संदीप सुवाल | भ.न.पा. ४ | कृष्ण राम | कृष्ण | |
| ४ | सुजिना सिल्पकार | भ.न.पा.७ | हरिकृष्ण | राम कृष्ण | |
| ५ | अनिश साख | भ.न.पा.३ | ऋषि राम | राम कृष्ण | |
| ६ | अनिता खोंजु | भ.न.पा. १० | कृष्ण राम | कृष्ण भक्त | |
| ७ | रत्न केशरी भैल | भ.न.पा. १ | रत्न प्रसाद | तुल्सीभक्त | |
| ८ | सबिना राजभण्डारी | भ.न.पा १ | हरि गोपाल | विष्णु सागर | |
| ९ | जोनरिद खोतेजा | भ.न.पा ६ | राधा | विष्णु | |
| १० | राम देशेमरु | भ.न.पा २ | राजेश | कृष्ण भक्त | |
| ११ | मुना मुलेपती | भ.न.पा ३ | नारायण प्रसाद | भैरब लाल | |
| १२ | राकेश बाग | भ.न.पा ९ | गोविन्द | गोपा दास | |
| १३ | रेणु प्रजापति | भ.न.पा १० | हेल कुमार | हेल बहादुर | |
| १४ | रमिता प्रजापति | भ.न.पा ८ | राजाभाई | बुलाल | |

५. स्थानीय तह संस्थागत स्व मूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा माथि जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सम्बन्धमा छलफल गरी आवश्यक संशोधन समेत गरी सकिएको हुँदा **नतिजालाई स्वीकृत** गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**सूचिकरण समिति**

सूचिकरण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

भक्तपुर नगरपालिकाको 'साविक मापदण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धी कार्यविधि २०७७' अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भई नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका बैठकमा पेश भएका निम्न विवरणअनुसारका पास हुने नक्सा जम्मा ३ र सूचीकृत हुने नक्सा जम्मा ड गरी जम्मा नक्सा सङ्ख्या ११ पास र सूचीकृत गर्ने निर्णय गरियो-

| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | सूचीकरण समितिको सिफारिस विवरण | सूचीकरण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी न्हेम्हाफुकी | भ.न.पा. हाल ८ साविक २ | २३३ | ०-३-२-१ | नक्सा पास | २०७८।९।२७ | नक्सा पास |
| २ | मैंया बाटी | भ.न.पा. २ साविक १५ | ५२४ | ०-६-०-० | नक्सा पास | २०७८।९।२७ | नक्सा पास |
| ३ | पम्फा भण्डारी | भ.न.पा. हाल १० | २९६, २९८ र ३०१ | ०-१-२-०, ०-०-१-० र ०-२-१-० | नक्सा पास | २०७८।१०।२५ | नक्सा पास |
| ४ | रामकृष्ण गरू | भ.न.पा. हाल १ | ६७९ | ०-१-०-२ | सूचीकृत हुने | २०७८।९।१३ | सूचीकृत हुने |
| ५ | ईन्द्रकुमारी गाईजु | भ.न.पा. हाल ८ | ४१४ | ०-१-३-० | सूचीकृत हुने | २०७८।९।१३ | सूचीकृत हुने |
| ६ | रेणुका गुरूंग राई | भ.न.पा. हाल १०साविक ४ | ११७४ | ०-९-०-२ | सूचीकृत हुने | २०७८।९।१३ | सूचीकृत हुने |
| ७ | पूर्णनारायण ज्याख्व | भ.न.पा. हाल ८ साविक २ | ७५ | ०-२-३-२ | सूचीकृत हुने | २०७८।९।२७ | सूचीकृत हुने |
| ८ | लहरमाया सुवाल | भ.न.पा. हाल ८ साविक २ | ६८९ | ०-१-१-० | सूचीकृत हुने | २०७८।१०।२५ | सूचीकृत हुने |
| ९ | विरेन्द्र सुवाल | भ.न.पा. हाल २ | १९५ र २३७ | ०-०-१-१ र ०-१-१-३ | सूचीकृत हुने | २०७८।१०।२५ | सूचीकृत हुने |
| १० | राजेन्द्र सुवाल | भ.न.पा. २ साविक १० | २३६ र १४५ | ०-०-१-१ र ०-१-१-० | सूचीकृत हुने | २०७८।१०।२५ | सूचीकृत हुने |
| ११ | रामकेशरी दनेखु | भ.न.पा. हाल १० | १४० | ०-२-०-० | सूचीकृत हुने | २०७८।१०।२५ | सूचीकृत हुने |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**क.** भक्तपुर नगरपालिकाबाट मिति २०७८ फागुन २७ गते मंगलबार भनपा वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक रानी पोखरीको उद्घाटन कार्यक्रममा सम्हेबजी एवं अतिथि सत्कार वापत खर्च रु.१५५६८४।- र सोही दिन साँझ दिपावली कार्यक्रमको खर्च रु.२३,३५०।- गरी कूल रु.१,७९,०३४।- वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीलाई भुक्तानी दिइएको बैठकबाट **अनुमोदन** गरियो ।

**ख.** वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले मिति २०७८ फागुन २७ गते सम्पन्न पछिमा बाजा प्रतियोगिताको लागि रु.७,००,०००। पेश्की लिएकोमा रु.९,६०,३२५।- बराबरको बिल भपाई पेश गरी नपुग रकम रु.२,६०,३२५।- भुक्तानी दिई निजको नाममा रहेको **पे.फ.** गरियो ।

**ग.** भक्तपुर नगरपालिकाद्वारा संचालित बा २ च ६०४९ को गाडीको आवश्यक सामानहरु फेरि मर्मत गरे वापतको रु.१७,५१५।- र बा ५ च २५२८ को गाडी मर्मत गरे वापत रु.३३,७३०।५० गरी कूल रु. ५१,२४५।५० अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित को १ स १६७८ को तिन पाङ्ग्रे ट्राईसाइकल मर्मत गरे वापत रु. ४,९००।-,को १ स १६८७ को ट्राईसाइकल मर्मत गरे वापतको रु.१९,५७५।-, को १ स १६७४ को ट्राईसाइकल मर्मत गरे वापतको रु.९,७००।- र बा ३४ प ८६३० को मोटरसाइकल मर्मत गरे वापतको रु.४,३७५।- गरी कूल रु.३८,५५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ङ.** भक्तपुर नगरपालिकाद्वारा संचालित बा २ च २२६५ को गाडी मर्मत गरे वापतको रु.२,०५,३७७।५० सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

**च.** नपाद्वारा सञ्चालित बा ३ च ७१४९ को एम्बुलेन्स मर्मत गरे वापत रु.१,८५०।- गाडी चालक लक्ष्मी नारायण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

**छ.** मिति २०७८ फागुन १७ गते नपाद्वारा पुनः निर्माण गरिएको ऐतिहासिक रानी पोखरीको उद्घाटन कार्यक्रममा आवश्यक मञ्च र मेच उपलब्ध गराए वापत रु.४३,१००।- र मिति २०७८ फागुन २७ गते आयोजित पछिमा बाजा प्रतियोगतामा आवश्यक मेच उपलब्ध गराए वापत रु.२३,२००।- गरी कूल रु.६६,३००।- भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ज.** मिति २०७८ माघ १८ गते नपाको कार्यपालिका बैठकमा नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।-, मिति २०७८ माघ २६ गते नपाको ११ औं नगर सभा उद्घाटन कार्यक्रममा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई बिहानको खानाको व्यवस्था गरे वापत रु.८६,८९७।-, मिति २०७८ माघ २७ गते नपाको ११ औं नगर सभामा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापत रु.४६,८९५।-, मिति २०७८ फागुन ३ गते नपाको ११ औं नगर सभामा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापत रु.४८,०२५।-, मिति २०७८ फागुन ५ गते नपाको ११ औं नगर सभामा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापत रु.४५,२००।-, मिति २०७८ फागुन ९ गते नपाको ११ औं नगर सभामा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापत रु.४५,२००।-, मिति २०७८ फागुन १० गते नपाको ११ औं नगर सभामा सहभागी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापत रु.५०,८५०।-, मिति २०७८ फागुन २३ गते नपाको आयोजनामा ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी सम्पूर्णलाई खाजा व्यवस्था गरे वापत रु.२५,४२५।-, मिति २०७८ फागुन २७ गते नपाको आयोजनामा सम्पन्न भएको पछिमा बाजा प्रतियोगितामा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यक खाजा, चिया र बिस्कुट व्यवस्था गरे वापत रु.१,३७,२१५।९० गरी कूल रु. ४,९५,८७७।९० सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**झ.** मिति २०७८ फागुन २७ गते सम्पन्न पछिमा बाजा प्रतियोगितामा पाल्नु भएका अतिथिहरुलाई आवश्यक खाजा व्यवस्था गरे वापत रु.१८,०००।- ख्वप छैँ क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ञ.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.२८,२१०।- बदर्श क्याफे एण्ड भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ट.** नपामा विभिन्न समयमा फलफूल उपलब्ध गराए वापत रविन्सन त्वानाबासुलाई रु.१४,५४२।- **भुक्तानी दिने** निर्णय गरियो ।

## मिति २०७८ चैत्र २३ गते, बुधबार

### निर्णयहरू

**बीउ वितरण**

यस नगरपालिकाका नगरवासी कृषकहरूलाई यस भक्तपुर नगरबाट हरेक वर्ष धानको बीउ वितरण गर्दै आएकोमा यो वर्ष पनि प्रति के.जी. रु.१००।- का दरले प्रत्येक वडाबाट २,०००/२,००० के.जी. धानको बीउ खरिद गरी मिति २०७८ चैत्र २५ गतेदेखि सम्बन्धित वडा कार्यालयहरू मार्फत वितरण गर्ने निर्णय गरियो।

साथै स्थानीय कृषकहरूमार्फत धानको बीउ उत्पादन गर्न र उत्पादित बीउ नगरपालिकाले खरिद गरी अर्को वर्ष सोही बीउ वितरण गर्ने उद्देश्यले प्रति के.जी. रु.११५।- का दरले ५०० के.जी. **धानको मूल बीउ खरिद** गरी कृषकहरूलाई वितरण गर्ने निर्णय गरियो।

**सामाजिक सुरक्षाभत्ता**

नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, विधुवा, पूर्ण तथा आंशिक असक्त व्यक्तिहरूलाई आ.व.२०७८/०७९ को तेस्रो त्रैमासिक किस्ता वापतको सामाजिक सुरक्षा भत्ता रकम यही २०७८ चैत्र २७ गतेदेखि वितरण गर्ने निर्णय गरियो।

**खानेपानी समस्या**

सुख्खायाम शुरु भएसँगै भक्तपुर नगरपालिकाका सबै वडाहरूमा खानेपानी समस्या देखिन थालेको हुंदा यसको समाधानका लागि टोल-टोलमा नगरपालिकामार्फत खानेपानी वितरण गर्ने र सोका लागि खानेपानी ट्यांकर व्यवस्थापन गर्न कोटेशन आह्वान गर्ने निर्णय गरियो।

**समितिका निर्णय अनुमोदन**

विभिन्न समितिहरूको निम्नानुसार निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो-

**युवा तथा खेलकुद समिति**

**मिति २०७८।१२।२३ गते**

१. भक्तपुर जिल्ला ब्याटमिन्टन सङ्घको आयोजनामा मिति २०७८।१२।९ गतेदेखि ०७८।१२।१२ गतेसम्म सञ्चालन भएको राष्ट्रव्यापी खुला भक्तपुर कप ब्याटमिन्टन प्रतियोगिताको लागि रु.३०,०००।- (अक्षेरूपी तीस हजार) **आर्थिक सहयोग** गर्ने निर्णय गरियो।

२. माउण्ट भ्याली सितेरियो करांते दोको आयोजनामा मिति २०७८ चैत्र २६ गते हुने दोश्रो प्रभुदास मेमोरियल करांते प्रतियोगितामा यस नगरपालिकाका करांते खेलाडीहरूलाई सहभागी गराउने र उक्त **प्रतियोगितामा सहभागिता**को लागि आवश्यक व्यवस्था गर्न प्रशिक्षक श्री रविना सुवाललाई रु.१०,०००।- पेश्की लिन लगाउने निर्णय गरियो।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७८।१२।२१ गते**

१. सरसफाइ र फोहोर मैला व्यवस्थापन कार्यमा कार्यरत २ जना ड्राइभर, ४ जना स.म./हेल्पर अवकास भइसकेको अवस्थालाई ध्यानमा राखी रिकिशी प्रविधिबाट कम्पोष्ट मल बनाउने कार्य २०७८ चैत्र ६ गतेदेखि सुरु गर्ने समितिको निर्णयअनुसार उक्त कार्य सञ्चालन गर्न जनशक्ति अभावले तत्काल महेश्वरीमा फोहोर छुट्याउने ४ जना स.म./हेल्पर परिचालन गरी कार्य सुरु भएको तर ४ जनाले मात्र फोहोर छुट्याउन नभ्याएकोले कम्पोष्ट मल बनाउने कार्यमा समस्या भएको हुँदा हाललाई फोहोर व्यवस्थापन गर्न तत्काल ८ जना सफाइ मजदुरहरू **दैनिक ज्यालादारीमा नियुक्ति गर्ने** र आवश्यकताअनुसार थप सफाइ मजदुरहरू पछि सेवा करारमा प्रक्रिया पुऱ्याई नियुक्ति गर्ने निर्णय गरियो।

२. रिकिशी प्रविधिबाट कम्पोष्ट मल बनाउन तोकोजाई राखेर (फोहोरलाई कुहाउने) कार्य नियमित भइरहेकोमा फोहोर कुहाउन जम्मा गरिएको फोहोरको थुप्रो पल्टाउने **बेलामा फोहोरलाई नगन्हाउने बनाउन** धानको ढुटो, सुली र रातो माटो थप्नुपर्ने हुँदा उक्त कार्यको लागि चाहिने धानको ढुटो, सुली र रातो माटो खरिद गरी व्यवस्था गर्ने निर्णय गरियो।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७८।१२।१६ गते**

१. भक्तपुर नगरपालिकाको विषयमा विभिन्न सञ्चार माध्यम (राष्ट्रिय, अन्तर्राष्ट्रिय पत्र पत्रिका तथा अनलाइन सञ्चार माध्यम) हरूमा प्रकाशित लेख रचनाहरू सङ्ग्रह गरी **'सञ्चार माध्यममा भक्तपुर नपा'** पुस्तक ३००० प्रति प्रकाशन गर्ने र सो को लागि कोटेशन स्वीकृत गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरूमा अध्यापनका लागि 'स्थानीय पाठ्यक्रम ख्वपको पहिचान' तयार गरी लागू गर्ने क्रममा सन्दर्भ सामग्रीका लागि लेखकहरूबाट लेखहरू सङ्ग्रह गरी तयार पारिएको **'ख्वपको पहिचान सन्दर्भ सामग्री भाग-३'** पुस्तक ३,००० प्रति प्रकाशन गर्ने र सोको लागि कोटेशन आह्वान गर्ने

निर्णय गरियो ।

३. स्थानीय तहको निर्वाचन-२०७४ मा विजयी भई **पाँच वर्षे कार्य अवधिमा** भक्तपुर नगरपालिकामा भए गरेका गतिविधिहरू सङ्ग्रहित गरी पुस्तक ३,००० प्रति प्रकाशन गर्ने र सोको लागि कोटेशन आह्वान गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाद्वारा **'न्हु पुखू (रानी पोखरी) जीर्णोद्धार २०७८'** पुस्तक र **'सञ्चार माध्यममा भक्तपुर नपा'** पुस्तकको भाषा सम्पादन गर्नु हुने विज्ञहरू श्री ज्ञान सागर प्रजापति र श्री लक्ष्मणराज जोशीलाई उहाँहरूको कार्यको उच्च मूल्याङ्कन गर्दै उहाँहरूलाई प्रति पुस्तक जनही नगद रु.१०,०००।- (दश हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिका वडा नं. ३ दरबार क्षेत्रस्थित बाल मन्दिर आधारभूत विद्यालयमा भक्तपुर नगरपालिकाको तर्फबाट नयाँ शैक्षिक सत्र २०७९/०८० वैशाख महिनादेखि **शिशु स्याहार तथा बालविकास केन्द्र सञ्चालन** गर्ने निर्णय गरियो ।

६. भक्तपुर नगरपालिकाभित्र सञ्चालित पुस्तकालयहरू व्यवस्थित रूपमा सञ्चालन गर्न भौतिक पूर्वाधार व्यवस्थापन, पुस्तक खरिदलगायतका कार्यका लागि यस नपामा प्राप्त पत्रको आधारमा नगरपालिकाको तर्फबाट निम्न लिखित प्रत्येक पुस्तकालयहरूलाई नगद रु.१,००,०००।- (अक्षेरूपी एक लाख) मात्र **आर्थिक अनुदान प्रदान** गर्ने निर्णय गरियो :

क. श्री सिद्धि गणेश पुस्तकाय, भ.न.पा. ७
ख. चण्डेश्वरी पुस्तकालय, भ.न.पा. ५
ग. स्टार वाचनालय, भ.न.पा. ७
घ. जागरण पुस्तकालय, भ.न.पा. ९
ङ. उत्थान वाचनालय, भ.न.पा. ३
च. लिधंसा ब्वनेकुथी, भ.न.पा. २
छ. मंगलाछेँ युवा क्लव तथा पुस्तकालय, भ.न.पा. ४
ज. शहीद निर्मल पुष्प स्मृति वाचनालय, भ.न.पा. १०

७. कोभिड-१९ महामारीको कारण भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रबाट मिति २०७८।१०।२ गतेदेखि माघ मसान्तसम्म शिशुहरूलाई सेवा प्रदान नगरिएकोले विद्यार्थीहरूको माघ महिनाको शिक्षण (मासिक) **शुल्क मिनाहा** गर्ने निर्णय गरियो ।

८. भक्तपुर नगरपालिका वडा नं. २ स्थित कालीघाटमा सञ्चालित कासन भजन मण्डलका लागि विभिन्न सांस्कृतिक बाजाहरू खरिदका लागि यस भक्तपुर नगरपालिकामा पत्राचार भए बमोजिम उक्त भजन मण्डललाई बाजा खरिदका लागि नगद रु.३०,०००।- (अक्षेरूपी तीस हजार रूपैयाँ मात्र) **आर्थिक अनुदान प्रदान** गर्ने निर्णय गरियो ।

## कृषि समिति

**मिति २०७८।१२।१५ गते**

१. स्थानीय **ताइचिन धानको बीउ** प्रति परिवार १ पाथी (३ के.जी.) को दरमा भनपा १ देखि १० वडा कार्यालयबाट यथाशीघ्र वितरण गर्ने निर्णय गरियो ।

## नगर विपद् व्यवस्थापन समिति

**मिति २०७८।१२।१७ गते**

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ महामारीको दोस्रो लहरको समयमा अक्सिजन ग्यासको कठिन परिस्थितिमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न जनस्तरबाट स्वत:स्फूर्त आर्थिक सहयोग सङ्कलन भई छोटो समयमै अक्सिजन प्लान्ट स्थापना गरी जनतालाई नि:शुल्क रूपमा अक्सिजन वितरण भइरहेको र हाल न.पा.को प्रकोप व्यवस्थापन कोषमा दाखिला भएको रकममध्येबाट **ख्वप अस्पतालको कोषमा थप रु. ३ करोड ५० लाख पठाउने** निर्णय गरियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७८।१२।२१ गते**

१. भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूबाट यस समितिमा प्राप्त आवेदन अनुसार चिकित्सकसहितको टोलीबाट परीक्षण पश्चात् पूर्ण अशक्त-१, अति अशक्त-३ तथा मध्यम अशक्त-१ जना गरी जम्मा ५ जनालाई अपाङ्गताको परिचयपत्र प्रदान गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका क्षेत्रभित्रका आधारभूत विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूको आँखा, कान तथा अन्य स्वास्थ्य सम्बन्धी परीक्षण शिविर सञ्चालन गर्न कार्यपालिका सदस्य श्री रोशन मैया सुवालको संयोजकत्वमा डा. श्री रत्न सुन्दर लासिवा, श्री हिमालयश्वरलाल मूल र श्री भूपाल मूल सदस्य रहने गरी **स्वास्थ्य परीक्षण शिविर समिति गठन** गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण गर्ने उद्देश्यका साथ स्थापना भएका विभिन्न सङ्घ संस्थाहरू सञ्चालन गर्ने सम्बन्धमा **आवश्यक नीति निर्माण गर्न** विधायन समितिमा लेखी पठाउने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७८।१२।१७ गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.र कम | रिभाइज ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गयभिन्द्योदेखि आदर्श बस स्टपसम्म सडकको पूर्वतर्फ पेटी निर्माण कार्य | ७ | गय:भिन्द्यो देखि आदर्श बसस्टपसम्म दुवैतर्फ पेटी निर्माण कार्य | ६७७,३६६।८० | | | | | | | | |
| २ | गयभिन्द्योदेखि आदर्श बस स्टपसम्म सडकको पश्चिमतर्फ पेटी निर्माण कार्य | ५ | गय:भिन्द्यो देखि आदर्श बसस्टपसम्म दुवैतर्फ पेटी निर्माण कार्य | १,०३४,८९८।१४ | | | | | | | | |
| ३ | प्रभात ई. स्कूलमा खानेपानी व्यवस्थापन कार्य | ६ | बागमती प्रदेश पूर्वाधार विकास | १,१३२,८१८।२२ | | | | | | | | रू.१,३२,८१८।२२ विद्यालय बाट व्यहोर्ने |
| ४ | शिशु स्याहार केन्द्र भवनमा विद्युतीकरण कार्य | १ | सडक बत्ती मर्मत सम्भार | ९६,४३३।०३ | | | | | | | | अमानत बाट कार्य गर्ने |
| ५ | शिशु स्याहार केन्द्र भवनमा प्लम्बिङ कार्य | १ | मर्मत सम्भार | ९१,०४०।२८ | | | | | | | | अमानत बाट कार्य गर्ने |
| ६ | शित भण्डारण गृह निर्माण कार्य | ८ | पहिलो चरण | २,५६,२५,८६२।८७ | | | | | | | | सूचना प्रकाशन गर्ने निर्णय |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लक्ष्मीनरसिंह मन्दिर परिसर सीसीटीभी सरभिलेन्स जडान कार्य | ४ | सीसीटीभी | १७६,६५९।६८ | | उ.स.अ. : श्री उद्धव प्रजापति<br>अ.स.स. : श्री पशुपति प्रजापति | | | | | | |
| २ | प्रभात ई. स्कूलमा खानेपानी व्यवस्थापन कार्य | ६ | बागमती प्रदेश पूर्वाधार विकास | १,१३२,८१८।२२ | | उ.स.अ. : श्री सुजता ध्वजु<br>अ.स.स. : श्री सिद्धिराम अवाल | | | | | | |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती कृषि ढल योजना (दोस्रो चरण) | ८ | अन्य योजनाको बाँकी भुक्तानी शीर्षकबाट | १,१४३,२८६।०६ | | ३५०,०००।०० | ७१०,१४१।५२ | ३१०,१४१।५२ | ८८१,४५०।६७ | सम्पन्न | कृष्ण भक्त सैंजू | आर्थिक सहयोग रू. ५० हजार |

**भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरानो बासु स्कूल भवनको माथिलो तलामा बार तथा वर्षाको पानी जाने निकास निर्माण कार्य | २ | मर्मत सम्भार | ९५,२५१।५७ | | | ७१,४७३।११ | ७१,४७३।११ | ९०,४९१।२२ | सम्पन्न | बालाखु गणेश भजन गुठी | |

**अन्य योजनाको बाँकी भुक्तानी बजेट शीर्षकबाट बजेट व्यहोर्ने सम्बन्धमा**

| | |
|---|---|
| १ | रानीपोखरी पुन:निर्माण कार्य (अन्तिम चरण) को मिति २०७८/११/१६ गतेको नगर कार्यपालिका बैठकद्वारा भुक्तानी रू.३,७७,०१३।४० दिनु भनी निर्देश भएकोमा विनियोजित बजेट शीर्षकमा भएबमोजिम रू. ३,२०,०००।०० भुक्तानी सम्बन्धित शाखाबाट दिनु भएको र बाँकी रू.४३,३१७।०० भुक्तानी दिन बाँकी भनी मिति २०७८/१२/०९ गतेको पत्रानुसार सो भुक्तानी बाँकी भुक्तानी बजेट शीर्षकबाट बजेट रू.४३,३१७।०० व्यहोर्ने गर्ने निर्णय गरियो । |

**सीसीटीभी मनिटर र Network video Recorder (NVR) सम्बन्धमा**

| | |
|---|---|
| १ | लक्ष्मी नरसिंह मन्दिर पुन: निर्माण कार्य भइरहेको हुँदा सो मन्दिरको सुरक्षाको लागि सीसीटीभी सरर्भिसलेन्स जडान गरी सोको मनिटर र NVR भक्तपुर नगरपालिका कार्यालय र ४ नं. वडा कार्यालय, भनपा, तालाक्वमा राख्ने निर्णय गरियो । |

**मिति २०७८/१२/२२ गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिभाइज ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जनज्योति पुस्तकालयको पुरानो भवनमा शौचालयमा पाइप फिटिङ कार्य | २ | मर्मत सम्भार | ९३,०४३।१७ | | | | | | | | अमानत बाट कार्य गर्ने |
| २ | जनज्योति पुस्तकालयको पुरानो भवनमा शौचालयमा श्यानिटरी कार्य | २ | मर्मत सम्भार | ५८,२२३।७० | | | | | | | | अमानत बाट कार्य गर्ने |
| ३ | जनज्योति पुस्तकालयको पुरानो भवनमा विद्युतीकरण कार्य | २ | विद्युत् | ९०,८००।२७ | | | | | | | | अमानत बाट कार्य गर्ने |
| ४ | जनज्योति पुस्तकालयको पुरानो भवनमा टेलिफोन, इन्टरनेट र ब्याक अप | | सीसीटीभी | ९६,०२८।५२ | | | | | | | | अमानत बाट कार्य गर्ने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिस्टम जडान कार्य | | | | | | | | | | | |
| ५ | जनज्योति पुस्तकालयको पुरानो भवनमा सीसीटीभी सरभिलेन्स जडान कार्य | २ | विद्युत् | ९९,३८३।२० | | | | | | | | अमानत बाट कार्य गर्ने |
| ६ | वागीश्वरी कलेज भवनको तेस्रो तल्ला निर्माण कार्य | ९ | आर्थिक सहयोग प्रदान | ३,५८६,६९९।३१ | | | | | | | | कलेज बाट रू. १०,८६,६९९।३१ व्यहोर्ने |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | शिशु स्याहार केन्द्र भवनमा प्लास्टर गरी मर्मत गर्ने कार्य | १ | मर्मत सम्भार | ८३३,२४१।७८ | | उ.स.अ. : श्री सुभद्रा ध्वजु<br>अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | | |
| २ | भैरवनाथको रथ तान्ने रूट तथा योसिंखेल क्षेत्रमा फ्लोड लाइट र सडक बत्ती जडान तथा मर्मत सम्भार कार्य | ५ | सडक बत्ती मर्मत सम्भार | ३६७,६३४।२० | | उ.स.अ. : श्री सीताराम भ्वेयद्यो<br>अ.स.स. : श्री बलराम न्हिसुतु | | | | | | |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | शारदा माविमा भौतिक पूर्वाधार विकास कार्य | २ | बागमती प्रदेश सशर्त अनुदान | ३,१२९,७६४।०१ | | १,०३०,०००।०० | १,१४८,११२।५० | ११८,११२।५० | १,२८९,६९६।४२ | आंशिक सम्पन्न | लक्ष्मीभक्त लासिवा | |
| २ | भैरवनाथ आगमछैं पुन:निर्माण कार्य | ४ | अन्य योजनाहरूको बाँकी भुक्तानी बजेट | ३,३७०,३९६।५० | | **२,०००,०००।००** | **२,६७८,३४६।००** | **६७८,३४६।००** | **३,०८१,५६८।०८** | सम्पन्न | रामसुन्दर किवा नायो | |
| ३ | राम मन्दिर पुलदेखि बोलाछेंसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य (रामन्दिर पुल खण्ड) | ४ | सडक बोर्ड नेपाल | १,०४६,२९५।०० | | ३४५,०००।०० | **९९९,७६५।००** | **६५४,७६५।००** | **१,१४५,१८३।६३** | सम्पन्न | विश्व राम त्वायना | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शारदा मावि भवन निर्माण कार्य | २ | बागमती प्रदेश सांसद कोष २०७७/७८ | ४,३४३,१२०।४० | | १,४००,०००।०० | २,२०५,७३१।२१ | ८०५,७३१।२१ | २,४९२,४६७।४८ | सम्पन्न | रत्नभक्त कासुला | रू.६,३१९।२१ विद्यालय बाट व्यहोर्ने |
| | | | | | | १,७९४,२६८।७९ | १,८००,५८८।०० | | २,१२०,६२२।६९ | | | |
| | | | | | | **३,१९४,२६८।७९** | **४,००६,३१९।२१** | **८०५,७३१।२१** | **४,६१३,०९०।१७** | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | फोहोरमैला प्रशोधन केन्द्र सुचारू गर्न सामान तथा कच्चा पदार्थ खरिद कार्य अन्तर्गत Procurement of Raw materials for Compost making Plant (Re tender) खरिद कार्य | ८ | राष्ट्रिय योजना आयोग विशेष बजेट | ९,६०५,०००।०० | कबोल रकम ८४,००,०००।०० | | २,४८९,५५०।०० | २,४८९,५५०।०० | २,४८९,५५०।०० | आंशिक सम्पन्न | Rikishi Daichi compost Fertilizer and Agro farm, Kathmandu | प्रथम रनिङ बिल भुक्तानी |
| २ | विद्युतीय मर्मत सम्भार कार्य (मंसिर र पुस महिनाको) | १-१० | सडक बत्ती मर्मत सम्भार | ५८,०४१।७० | सामान तर्फ | | | | ३९,६०६।५० | सम्पन्न | | सामान जिन्सी शाखा बाट प्राप्त भएको |
| | | | | | ज्यालातर्फ | | | ११,२७५।०० | १३,२००।०० | | | |
| | | | | | जम्मा | | | ११,२७५।०० | ५२,८०६।५० | | | |

**अन्य योजनाको बाँकी भुक्तानी बजेट शीर्षकबाट बजेट व्यहोर्ने सम्बन्धमा**

| | |
|---|---|
| १ | विश्वकर्मा आगमछेँ पुन:निर्माण कार्य सम्पन्न गरी मिति २०७८/११/१६ गतेको नगर कार्यपालिका बैठकद्वारा पेश्की फछ्यौट गरी भुक्तानी रू.२६,९९,१५२।६१ दिनु भनी निर्देश भइसकेकोमा रू.२६,९९,१५२।६१ अन्य योजनाको बाँकी भुक्तानी बजेट शीर्षकबाट व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| २ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिंग कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) सम्पन्न गरी मिति २०७८/१२/०८ गतेको नगर कार्यपालिका बैठकबाट पेश्की फछ्यौट गरी भुक्तानी रू.७९,७८७।०० दिनु भनी निर्देश भइसकेकोमा रू. ७९,७८७।०० अन्य योजनाको बाँकी भुक्तानी बजेट शीर्षकबाट व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |

**खानेपानी बजेट शीर्षकबाट बजेट व्यहोर्ने सम्बन्धमा**

| | |
|---|---|
| १ | जगाती कृषि ढल योजना (दोस्रो चरण) को कार्य उपभोक्ता समितिमार्फत आंशिक कार्य सम्पन्न गरी थप पेश्की रू.२,००,०००।०० खानेपानी बजेट शीर्षकबाट व्यहोर्ने गरी पेश्की प्रदान गर्ने निर्णय गरियो । |

**ठेक्का कार्य सम्पन्न भएको सम्बन्धमा**

| | |
|---|---|
| १ | भ.न.पा वडा नं. ५ र ७ स्थित गय् भिंचो पुलदेखि आदर्श बसस्टपसम्म पीच तथा पेटी निर्माण कार्य (दोश्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/०३र२०७७र७८) कार्य गर्न श्री तुल्सी कन्स्ट्रक्सन, भक्तपुरसँग रकम रू.१४५६०७०१।१४ को कार्य गर्ने गरी सम्झौता भएकोमा मिति २०७८/०३/२३ गतेको नगर कार्यपालिका बैठक निर्णयअनुसार प्रथम रनिङ बिलको रू.१००६९४७५।८२ भुक्तानी भई थप कार्य गर्न खोज्दा स्थानीय बासिन्दाहरूले पेटी निर्माण गर्ने कार्यमा सिमाङकनको विषयमा मेलमिलाप हुन नसकेको, ठेक्का समयावधिभित्र कार्य गर्न अवरोध भई समय म्याद सकेको र ठेकेदारबाट पनि प्रथम रनिङ बिललाई ठेक्का सम्पन्न गरी पाऊँ भनी निवेदन पेश भएकोले सोहीअनुसार ठेक्का कार्य सम्पन्न भएको भनी स्वीकृत गर्ने निर्णय गरियो । |

**कोटेशन स्वीकृत सम्बन्धमा**

| | |
|---|---|
| १ | प्रसिद्ध ऐतिहासिक बिस्का जात्रा तथा लिंगो उभ्याउने योसिंखेल क्षेत्रमा जडित करिब २५ ओटा सीसीटीभी क्यामेराहरू मर्मत सम्भार कार्य गर्न स्वीकृत ल.ई.रू.९५,९०३।१० अनुसार प्राप्त सप्लायर्सहरूमध्ये सबैभन्दा कम दर (रेट) भ्याटसहित रू.६५,९५०।०० कबोल गर्ने श्री Reboot Technology Pvt. Ltd., काठमाडौंको प्रस्तावित दर (रेट) सारभूत रूपमा प्रभावकारी देखिएकोले सो कम्पनीको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. पूर्वाञ्चल विश्वविद्यालयबाट मिति २०७८।१२।१ गते प्रकाशित 'सम्बन्धनका लागि आवेदन पेश गर्ने' सम्बन्धि सूचनाबारे कार्यपालिका बैठकमा जानकारी गराइयो। सो सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रका विभिन्न माध्यमिक विद्यालयहरूमा कानून सङ्कायको अध्ययन अध्यापन भइरहेकोमा कानून विषयको स्नातक तहको अध्ययन अध्यापनको लागि भक्तपुर नगरपालिका क्षेत्रमा कलेज/क्याम्पस सञ्चालनमा नरहेको विषयलाई ध्यानमा राखी सर्वसाधारण जनतालाई कम शुल्कमा कानून विषयमा उच्च शिक्षा प्रदान गरी समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काइसौं शताब्दीको चुनौतीहरू सामना गर्न सक्षम बनाउन, शिक्षालाई उत्पादन श्रमसँग जोड्न र उत्पादन श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न यस नगरपालिकाको स्वामित्वमा **'ख्वप कलेज अफ ल' नामको कलेज स्थापना गर्ने** र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक तहमा बी.ए.एल.एल.बी. कक्षा सञ्चालन गर्ने निर्णय गरियो। साथै अर्को व्यवस्था नभएसम्मको लागि 'ख्वप कलेज अफ ल' का कक्षाहरू भनपाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको भवनमा सञ्चालन गर्ने निर्णय गरियो।

साथै ख्वप कलेज अफ ल सञ्चालनको लागि देहाय बमोजिमको **कलेज सञ्चालक समिति गठन** गर्ने निर्णय गरियो–

अध्यक्ष : सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका
उपाध्यक्ष : रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका
सदस्य : रविन्द्र ज्याख्व, वडा अध्यक्ष, भ.न.पा. ९
सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भ.न.पा. ६
सदस्य सचिव : प्राचार्य, ख्वप कलेज अफ ल

ख. निर्णय 'क' बमोजिम 'ख्वप कलेज अफ ल' स्थापना गरी पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी बी.ए.एल.एल.बी. कक्षा व्यवस्थित रूपले सञ्चालन गर्न **'ख्वप कलेज अफ ल' विनियम २०७८** पारित गर्ने निर्णय गरियो।

ग. स्थानीय तहको निर्वाचन सम्पन्न गर्न प्रमुख निर्वाचन अधिकृतको कार्यालय रहने गरी तोकिएको यस न.पा.को पहिले जनज्योति पुस्तकालय रहेको भवनलाई तुरुन्तै मर्मत, रङरोगन गरी तयार गर्नुपर्ने भएकोले गर्नुपर्ने कामहरूको छुट्टाछुट्टै इष्टमेट तयार गरी न.पा.बाट **मर्मत गर्ने निर्णय** गरियो।

घ. यस नगरपालिकाका कार्यपालिका सदस्य श्री सरिना द्योलाले वातावरण तथा पर्यटन समितिको लागि रु.५०,०००।- पेश्की लिई रु.७,५२५।- खर्च गरी बाँकी ४२,४७५।- रकम बैंक दालिखा गरी पे.फ. का लागि पेश निवेदन सम्बन्धमा छलफल गरी निजको **पे.फ. गर्ने** निर्णय गरियो।

ङ. यस न.पा.का लागि विभिन्न समयमा खाजाको व्यवस्था गरे वापत रु.१८,७१०।- भर्छें नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो।

च. १० नं. वडाका वडाअध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखाले पशुपंक्षी विकास शाखाको लागि रु.१,००,०००।- पेश्की लिनु भई रु.९९,९२५।- खर्च गरी बाँकी रु.७५।- बैक दाखिला गरी निजको पे.फ.का लागि पेश निवेदन सम्बन्धमा छलफल गरी निजको **पे.फ. गर्ने** निर्णय गरियो।

छ. भक्तपुर नगरपालिकाको विषयमा विभिन्न सञ्चार माध्यम (राष्ट्रिय, अन्तर्राष्ट्रिय पत्र पत्रिका तथा अनलाइन सञ्चार माध्यम) हरूमा प्रकाशित लेख रचनाहरू सङ्ग्रह गरी 'सञ्चार माध्यममा भक्तपुर नपा' पुस्तक प्रकाशन गर्न कोटेशन आह्वान गरेकोमा देहाय बमोजिमका प्राप्त ३ ओटा कोटेशनहरूमध्ये सबभन्दा कम दररेटमा मित्रता छापाखाना, भक्तपुरबाट भित्री B/W २६४ पेज र ४ कलर ४० पेज गरी जम्मा ३०४ पेज ३००० प्रति छपाइ गर्दा बुक १ थानको रु.१५७।- मु.अ.कर सहित (एक सय सन्ताउन्न रूपैयाँ मात्र) मा छपाइ गर्ने कोटेशन पेश गरेकोले उक्त मित्रता छापाखाना, भक्तपुरलाई उल्लेख **पुस्तक छपाइ गर्न दिने** निर्णय गरियो।

१. मित्रता छापाखाना, भक्तपुर- रु.१५७।- प्रति बुक (भ्याटसहित)
२. C.T.P. Solution Pvt.Ltd काठमाडौं - १८१।- (भ्याटसहित)
३. युनिक प्रिन्टिङ्ग हाउस, काठमाडौं - रु. १७५।- (भ्याटसहित)

ज. तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाबाट स्वीकृत भई भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालय भक्तपुरबाट कायम भएको स्रेष्टा तथा नक्सामध्ये नक्सा नं. १(छ)२, कि.नं. ९ देखि ३० सम्मको कित्ता जग्गाहरूमा बनेको साविक १(ङ) कि.नं. ७४ जग्गा मालपोत कार्यालयको निर्णयानुसार कि.का. भई कि.नं. १९६, १९७, १९८ र २०० कायम भएको र सोही अनुसार रिप्लटिङ्ग भएको तर उक्त मालपोत कार्यालयको निर्णय अदालतबाट बदर भई साविक ७४ नै कायम भएको कारणले समेत स्वीकृत स्रेष्टा तथा नापी नक्सा फिल्ड अनुसार फरक परेको हुँदा हालसम्म विकसित घडेरी जग्गा फिर्ता हुन नसकेकोले सम्बन्धित जग्गा धनीहरूसँग पटक पटक औपचारिक अनौपचारिक बैठक बसी छलफलमा प्रस्तुत राय सल्लाह, सुझाव र सहमति अनुसार हाल उक्त ब्लकको देहाय बमोजिम नक्सा तथा क्षेत्रफल संशोधन गर्ने निर्णय गरियो र सोही अनुसार कायम गर्न भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयलाई **अनुरोध गर्ने** निर्णय गरियो।

# नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

## ख्वप अस्पताल स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई सय शय्या क्षमतामा स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षणअन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रम वैशाख ८ गते सम्पन्न भयो ।

नगर प्रमुख एवं ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सहभागी सबैले ख्वप अस्पताललाई यथाशिघ्र सय शय्या क्षमतामा सुविधा सम्पन्न बनाइनुपर्नेमा जोड दिनुभएको थियो । जिल्लाको पूर्वी क्षेत्रमा स्वास्थ्य उपचार सेवाको अभाव भएको अवस्थामा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप अस्पतालले त्यस क्षेत्रका जनतासंगै छिमेकी जिल्लावासीहरूले समेत स्वास्थ्य लाभ लिइरहेको चर्चा गर्दै उहाँहरूले ख्वप अस्पताललाई स्वास्थ्य सेवाको हिसावले देशकै नमुना बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले नगरवासी जनताको भावनाअनुसार ख्वप अस्पतालमार्फत कम शुल्कमा उपचार सेवा प्रदान गर्दै आएको उल्लेख गर्नुहुँदै सबै नागरिकलाई स्वस्थ बनाई उत्पादनमूलक कृयाकलापमा सक्रिय बनाउन नगरपालिका लागिपरेको बताउनु भयो । उहाँले सरकारको विभेदकारी नीतिका कारण नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा यो वर्ष नर्सिङ संकायमा प्रवीणता प्रमाणपत्र तह स्टाफ नर्समा भर्ना लिन नपाएको चर्चा गर्नुहुँदै सय शय्याको आफ्नै अस्पताल सञ्चालनसँगै नर्सिङमा भर्ना लिनसकिने बताउनुभयो ।

प्रमुख प्रजापतिले कार्यक्रमबाट प्राप्त सल्लाह सुझावबमोजिम ख्वप अस्पताललाई देशकै उत्कृष्ट अस्पताल बनाउन निरन्तर कृयाशील रहने र यस कार्यमा सबै सरोकारवाला पक्षबाट सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले ख्वप अस्पताल भवन निर्माणको प्रगतिबारे जानकारी दिनुहुँदै कार्यक्रमको उद्देश्यमाथि चर्चा गर्नुभयो । जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **कृष्ण मिजार**ले कोभिड महामारीको समयमा ख्वप अस्पतालको तर्फबाट खेलेको भूमिकाको प्रशंसा गर्नुहुँदै नेपाल सरकार र बागमती प्रदेश सरकारले अस्पताल सञ्चालन सम्बन्धी तय गरेको मापदण्डको पूर्ण पालना गरी ख्वप अस्पताल सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो ।

परामर्शदाताको तर्फबाट वातावरणविद **हरिशप्रसाद भट्ट**ले अस्पताल सञ्चालन गर्नु संवेदनशील विषय भएकोले सरोकारवाला सबै पक्षसँग सरसल्लाह गरेर यथार्थपरक प्रतिवेदन तयार गर्ने र सबैका लागि सुरक्षित बनाउन सुझावहरू पेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजका **ज्ञानसागर प्रजापति**, वागीश्वरी मा. वि. का **कृष्णप्रसाद धन्छा**, इन्जिनियर **विष्णुकुमार प्रजापति**, महिला स्वास्थ्य स्वयंसेविका **तारादेवी धन्छा**, अस्पताल व्यवस्थापक **अनु हयोंमिखा**, वातावरणविद् **कमलराज गोसाई** लगायतले ख्वप अस्पताल निर्माण र सञ्चालनको क्रममा आउनसक्ने नकारात्मक वातावरणीय प्रभावको विषयमा चर्चा गर्दै न्यूनीकरण कार्यमा यथासम्भव सबैले ख्वप अस्पताललाई स्तरीय र सुविधा सम्पन्न बनाउन लिखित सुझावहरू पेश गरेका थिए ।

**सगरमाथा टिभी**

## 'जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउँछौं'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पढेलेखेका व्यक्तिहरूले आफ्नो देश र समाजको बारेमा चिन्तन नगर्दा देश विकासमा पछि परेको बताउनुभयो ।



सगरमाथा टिभीको एस.टि.भी. च्याटका प्रस्तोता **सुनिल दाहाल**सँग वैशाख २ गतेको अन्तरवार्तामा उहाँले जनप्रतिनिधि, कर्मचारी र जनताको संयुक्त पहलकै कारण भक्तपुर नपाले सबै क्षेत्रमा सफलतापूर्वक काम गर्न सक्षम भएको बताउनुभयो ।

जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउने नीतिअनुरूप भक्तपुर नपाले उपभोक्ता समितिमार्फत स्थानीय श्रोत साधन तथा सीप र प्रविधिको प्रयोग गरी आन्तरिक स्रोतबाट भक्तपुरका विकास निर्माणका कामहरूलाई उपभोक्ता समितिमार्फत पुनःनिर्माण गर्दै आएको उहाँले बताउनुभयो । विकास निर्माणमा विदेशीको मुख ताक्नु आफ्नो स्वाभिमान बन्धकी राख्नुसरह भएको बताउनुहुँदै उहाँले भन्नुभयो, हामी विदेशीसँग मागेर बनाएका सम्पदाहरूबाट खुशी हुनुभन्दा आफ्नै पौरखमा जीर्णोद्धार र पुनःनिर्माण भएको सम्पदाहरूप्रति गर्व गर्छौं ।'

भूकम्पपछि नेपाल सरकार र जर्मनी सरकारबीच भक्तपुरको सम्पदा पुनःनिर्माणको लागि दिएको रु.१ अर्ब २० करोड (१ करोड युरो)सहयोग सम्झौता अस्वीकार गरेको प्रसङ्ग जोड्नुहुँदै उहाँले जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउने नीति अनुरूप सबै सम्पदाहरूलाई पुनःजीवन दिने काम भएको बताउनुभयो ।

भक्तपुरलाई स्वच्छ, सफा र सुन्दर नगर निर्माण गर्ने काममा जोडदिँदै आएको बताउनुहुँदै उहाँले गरिबीका कारण कोही विद्यार्थी पढाइबाट वञ्चित हुन नदिन शैक्षिक ऋण र छात्रवृत्ति वितरणका कार्यक्रमलाई व्यापकता दिएको बताउनुभयो । नगरको सुन्दरता बढाउन भक्तपुर नपाले नगर को मुख्य सडकहरूमा ढुङ्गा छाप्ने, हरियाली प्रवर्द्धन गर्न वृक्षारोपणलगायतका गतिविधिमा जोडदिँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले समाजवादी देशहरूको सिको गर्दै समाजवादउन्मुख व्यवस्थाअनुरुप काम गर्दै आइरहेको बताउनुभयो ।

हिमालय टिभी

# 'ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरूको विकासमा जोड दिइरहेका छौँ'




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले जनताको आवश्यकताअनुरूप २०७४ सालको घोषणापत्रअनुरूप आफ्नो विकास निर्माणका गतिविधिलाई अगाडि बढाउँदै आएको बताउनुहुँदै जनताको इमानदारीपूर्वक सेवा गर्ने प्रमुख उद्देश्य भएको बताउनुभयो । भक्तपुर नपाले समाजवादउन्मुख काम गर्दै आइरहेको उहाँले बताउनुभयो । हिमालय टिभीको **'समय सन्दर्भ'** कार्यक्रमका प्रस्तोता भूपाल लुइँटेलसँग वैशाख १ गतेको कुराकानीमा उहाँले नपाले प्रदान गर्दै आइरहेको रु. ५ लाखसम्म शैक्षिक ऋण, वर्षेनि ३ करोडभन्दा बढी छात्रवृत्ति वितरण गर्दै आइरहेको चर्चा गर्नुहुँदै स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्तालाई भक्तपुरको इतिहास, भूगोल, कला संस्कृति, सम्पदा संरक्षण, मौलिक सीप, विशिष्ट व्यक्तित्वहरूको जीवनीबारे अध्ययन अध्यापन गराउँदै आइरहेको बताउनुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गर्न भक्तपुर नपाले आवश्यक पूर्वाधारहरूको तयारीमा जोडदिँदै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरका सम्पदाहरू जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय काम सम्पन्न गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले नगरको मौलिक स्वरूप बचाइराख्न परम्परागत शैलीमा घर बनाउने घर धनीहरूलाई मोहडामा

लाग्ने काठ, इँटा र झिँगटीको लागि हुने खर्चको ३५ प्रतिशत अनुदान प्रोत्साहन स्वरूप प्रदान गर्दै आएको बताउनुहुँदै नपाले युवाहरूलाई सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउनेतर्फ निरन्तर जोड दिँदै आएको बताउनुभयो ।

नगरवासीहरूको स्वास्थ्य उपचारमा सहजता प्रदान गर्न घरदैलो नर्सिङ सेवा सुरु गर्दै वडा वडामा निःशुल्क व्यायामशालासमेत स्थापना गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपा भ्रष्टाचारशून्य भएकैले यहाँ धेरै विकास निर्माणको काम सम्भव भएको बताउनुभयो ।

# ऐतिहासिक पुरातात्त्विक जगन्नाथक्षेत्र उत्खनन प्रतिवेदन हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई नपाद्वारा गठित जगन्नाथक्षेत्र उत्खनन कार्यदलका संयोजक पुरुषोत्तमलोचन श्रेष्ठले ऐतिहासिक पुरातात्त्विक जगन्नाथक्षेत्र उत्खननसम्बन्धी अध्ययन प्रतिवेदन वैशाख ५ गते एक कार्यक्रमबीच हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको स्थानीय तह चुनावको घोषणापत्रमा जगन्नाथ क्षेत्र उत्खननबारे उल्लेख भएको जानकारी दिनुहुँदै सम्पदा संरक्षणको लागि नगरपालिकाले गरिरहेको कार्य देशभरिकै स्थानीय तहहरूका लागि अनुकरणीय रहेको जानकारी दिनुभयो ।

उहाँले विभिन्न नगरपालिकाबाट अवलोकन भ्रमणका क्रममा भक्तपुर आउने जनप्रतिनिधिहरूले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा गरिरहेको कार्यलाई अनुकरणीय रहेको र आ-आफ्नो स्थानीय तहमा लागू गर्ने विचार व्यक्त गरेको स्मरण गर्नुहुँदै भनपा देशभरकै स्थानीय तहहरूका लागि नमुनाको रूपमा अगाडि बढिरहेको उल्लेख गर्नुभयो ।

नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित **'१०० वर्ष पछिको भक्तपुर'** पुस्तकमा गरिएको परिकल्पना अनुरूप भक्तपुर नगरपालिकाले पुराना शैलीका घर निर्माण गर्न नगरवासीहरूलाई जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा संयोजक प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुरको ऐतिहासिक पुरातात्त्विक जगन्नाथ क्षेत्रको उत्खनन समितिको ५ महिनाको अथक प्रयासबाट प्रतिवेदनलाई मूर्त रूप दिन सफल भएको बताउनुहुँदै सो प्रतिवेदनले भक्तपुरको ऐतिहासिक ९९ चोकको उत्खननको लागि समेत उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

# चिनियाँ र जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको आधारभूत चिनियाँ र जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई चैत्र २२ गते एक कार्यक्रमबीच प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा मार्गनिर्देश गर्नुहुँदै सांसद सुवालले आफूले सिकेको तालिमको देश र जनताको हितमा अधिकत्तम उपयोग गर्नुपर्नेमा जोड दिनुहुँदै देशको राजनीतिक र समसामयिक विषयको समेत जानकारी राख्न हौसला प्रदान गर्नुभयो ।

विभिन्न देश विदेशका भाषा प्रशिक्षणले नागरिकहरूको व्यक्तित्व विकासमा सकारात्मक भूमिका खेल्ने चर्चा गर्नुहुँदै सांसद सुवालले देशका लोपोन्मुख भाषा र संस्कृति संरक्षण गर्नु हाम्रो साझा दायित्व भएको बताउनुभयो ।

ऐतिहासिक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण प्राचीन

भक्तपुर नगरका सांस्कृतिक सम्पदाहरूको विशेष महत्त्व भएको र भक्तपुर नपाले सम्पदा संरक्षण र विकास निर्माणमा गरेका गतिविधिहरूबाट भक्तपुरको गौरव बढाएको छ, उहाँले भन्नुभयो ।

उहाँले देशको पर्यटन प्रवर्द्धनमा भाषाका तालिमहरूको महत्त्व रहने बताउनुहुँदै नेपाललाई स्वतन्त्र, स्वाधीन र सार्वभौम देशको रूपमा विकास गर्न नेपालमा आत्मनिर्भर अर्थतन्त्रको खाँचो रहेको बताउनुभयो । विदेशीको भरमा नेपालको विकास र समृद्धि सम्भव नहुने बताउनुहुँदै सांसद सुवालले भक्तपुर नपाले आफ्नो घोषणापत्रअनुरूप यहाँका जनतालाई विभिन्न सीपमूलक तालिमहरू प्रदान गरिरहेको कार्य प्रशंसनीय छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले विभिन्न जात जाति र देश–विदेशका भाषा तालिमले पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने बताउनुहुँदै स्वस्थ, समृद्ध र सबल नगरको रूपमा भक्तपुरलाई चिनाउने उद्देश्यका साथ भक्तपुर नपाले सम्पदा संरक्षणलाई विशेष महत्त्वका साथ हेर्दै आइरहेको बताउनुभयो । भक्तपुरको सन्तुलित विकासकै कारण आज देशकै नमुना नगरको रूपमा परिचित भएको बताउनुहुँदै भक्तपुर नपाप्रति यहाँका जनताको सद्भाव र सहयोगी भावना कदरयोग्य भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नपाबाट सञ्चालित सीपमूलक तालिमबाट धेरै नगरवासीहरू लाभान्वित भएको बताउनुहुँदै आधारभूत तालिम लिइसकेका प्रशिक्षार्थीहरूको लागि नपाले एड्भान्स तालिमको समेत व्यवस्था गर्दै आइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**, कार्यपालिका सदस्य **रोशनमैया सुवाल**, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**, चिनियाँ भाषा प्रशिक्षक **राजेन्द्र चवाल** र जापानीज भाषाका प्रशिक्षक **आमिर लिबी**ले पनि बोल्नुभएको थियो ।




नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नेपाल मजदुर किसान पार्टीकै योगदानको कारण भक्तपुर शिक्षामा अगाडि बढेको र ख्वप मोडेलको विस्तार भएको बताउनुभयो ।

'नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार नै भक्तपुर नपाका जनप्रतिनिधिहरूले कार्य गरिरहेका छन् । नपाले शिक्षा, स्वास्थ्य सम्पदा संरक्षण, सरसफाइ र उपभोक्ता समितिबाट कार्य गराउने पद्धतिलाई जोडदिँदै आएको छ', उहाँले भन्नुभयो ।

बिस्केट जात्रा शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्नुहुँदै उहाँले बिस्केट जात्राको अवसरमा चैत २७ गते बिहान ७.०० बजे हुने सद्भाव र्‍यालीमा सहभागी हुन अनुरोध गर्नुभयो ।

कार्यक्रमका सभापति एवं भनपा ६ नं वडा कार्यालयका वडाध्यक्ष **हरिराम सुवाल**ले पाँचवर्षे कार्यकालमा २० ओटा सम्पदा योजना र ४० ओटा विकास निर्माणका कार्यहरू उपभोक्ता समितिमार्फत भएको जानकारी दिनुभयो ।

वडा सदस्य **गोविन्द दुवाल**ले नेमकिपाले अघि बढाएको किसान आन्दोलनकै कारण भक्तपुरका किसान जनताको जीवनस्तर उकासिएको बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**, **गणेशराम थुसा**, **जगन्नाथ सुजखू**, **मञ्जु कुम्पाख** र वडा सदस्य **सिद्धिराम अवाल**ले पनि बोल्नुभएको थियो ।

## जनताको सहयोगमा ख्वप मोडल विस्तार



भक्तपुर नगरपालिका ६ नं वडा कार्यालयको आयोजनामा चैत २५ गते महिला भेला भयो । भेलामा भक्तपुर

# तालाक्वमा शुभकामना आदानप्रदान तथा धन्यवादज्ञापन



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले आफ्नो घोषणापत्रअनुसार नगर र नगरबासीहरूको हितलाई केन्द्रमा राखी काम गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नपाले घोषणापत्रलाई अक्षरशः पालना गरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ को आयोजनामा चैत्र २४ गते तालाक्वमा भएको नव वर्ष २०७९ तथा बिस्का जात्राको शुभकामना आदानप्रदान तथा धन्यवादज्ञापन कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले नजिकिँदै गरेको बिस्का जात्रा भव्य, सभ्य र सुरक्षित ढङ्गले सम्पन्न गर्न सरोकारवाला सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो ।



हामीले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायत नगर र नगरवासीहरूको जीवनसँग प्रत्यक्ष जोडिएका विषयहरू र थुप्रै विकास निर्माणका कामहरू सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले भन्नुभयो, 'जनताको साथ र सहयोग पाएकै कारण हामीलाई काम गर्न सहज महसुस गरेका छौँ र जनप्रतिनिधि र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर आजको अवस्थामा पुग्न सम्भव भएको हो ।'

भक्तपुर नपाले हालै वडा नं. ७ को उपचार पोखरी पुनःनिर्माणको कार्य शुभारम्भ गरिसकेको बताउनुहुँदै उहाँले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता हामीले पूरा गर्दै आएका छौँ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **कुमार चवाल**ले वडाको विकास निर्माण कार्यहरूबारे अवगत गराउनुहुँदै नजिकिँदै गरेको बिस्का जात्रा भव्य र सभ्य रूपमा सम्पन्न सम्पूर्ण नगरवासीहरूले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले वडाको काममा सहयोग गर्ने सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै बिस्का जात्राको समयमा गःहितिमा पुनःनिर्माण भइरहेको लक्ष्मीनरसिंह मन्दिरको संरक्षण र सुरक्षाको निम्ति स्वयम्सेवक समिति गठन गरी परिचालन गर्ने तयारीमा जुटेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक **शिवकुमार श्रेष्ठ**ले बिस्का जात्राले नेपालको प्रतिष्ठा प्रवर्द्धन गर्ने भएकोले यसलाई थप सुरक्षित र व्यवस्थित गर्नुपर्ने बताउनुहुँदै बिस्काको समयमा सम्पदा क्षेत्रमा क्षति नहोस् भन्ने हेतुले छुट्टै टोली परिचालन गर्ने बताउनुभयो । त्यस्तै कार्यक्रममा नपाका कार्यपालिका सदस्य **कृष्णलक्ष्मी दुवाल**, वडा सदस्य **राजेन्द्र माक**, नेमकिपा वडा नं. ४ एकाइ समितिका अध्यक्ष **हरिसुन्दर सुवाल**, भनपा ४ का **न्हुछेराम भेले**ले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# वडा नं. १ मा धन्यवादज्ञापन



भक्तपुर नपा वडा नं. १ को आयोजनामा चैत्र २४ गते वडामा क्रियाशील उपभोक्ता समिति, अनुगमन समितिका पदाधिकारी तथा विपद् व्यवस्थापनमा खटिनुभएका स्वास्थ्यकर्मी

र स्वयम्सेवकहरूलाई धन्यवादपत्र वितरण गर्‍यो। उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले धन्यवाद पत्र प्रदान गर्नुभएको थियो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विदेशीसँग भीख मागेर बनाएका सम्पदाहरूबाट खुशी हुनुभन्दा आफ्नै पौरखमा जीर्णोद्धार र पुन:निर्माण भएको सम्पदाहरूप्रति गर्व गर्ने बताउनुहुँदै नेमकिपाले आत्मनिर्भर भएर बाँच्न सिकाएको महत्त्वपूर्ण शिक्षा हो भन्नुभयो।

उहाँले भन्नुभयो, भूकम्पपछि नेपाल सरकार र जर्मनी सरकारबीच भक्तपुरको सम्पदा पुन:निर्माणको लागि रु.१ अर्ब २० करोड सहयोग सम्झौता भएकोमा सम्झौताका बुँदाहरू हाम्रो हितमा नभएको कारण हामीले त्यो सहयोगलाई अस्वीकार गर्‍यौँ। जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई सबै सम्पदाहरू उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय काम सम्पन्न गर्दै आएका छौँ।'



खानेपानी समस्या समाधानको निम्ति भक्तपुर नपाले नगरका सम्भव भएका विभिन्न ठाउँहरूमा डीप बोरिङ गरी वडा वडामा खानेपानी सहज वितरणको व्यवस्था मिलाउँदै आएको बताउनुहुँदै उहाँले नगरवासीहरूको स्वास्थ्यलाई प्राथमिकतामा राखी वडा वडामा नियमित रूपमा पाठेघर र स्तन क्यान्सर परीक्षण शिविर, दन्त शिविर तथा आँखा शिविरहरू सञ्चालनमा जोडदिँदै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाको विकास निर्माणका कामहरूमा नि:स्वार्थ सेवा गरेका सबैमा धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर नपाका जनप्रतिनिधिले जनताको सेवालाई पहिलो प्राथमिकतामा राखेर काम अगाडि बढाउँदै आएको छ भन्नुभयो।

कार्यक्रममा वडा सदस्यद्वय **सूर्यप्रसाद श्रेष्ठ** र **गंगालक्ष्मी बमनु**, नेक्रायुसङ्घ १ वडा एकाइ समितिका अध्यक्ष **लक्ष्मीसुन्दर सुवाल**, नेक्रामहिला सङ्घका **विकुलक्ष्मी कोजु**, नपली सिर्जजना नगरका **सम्झना प्रेमी**ले पनि बोल्नुभएको थियो।

# बिस्का जात्राबारे सद्भाव र्‍याली तथा सचेतना कार्यक्रम



ऐतिहासिक एवम् सांस्कृतिक बिस्का जात्रा शान्तिपूर्ण, मर्यादित र सुरक्षित ढङ्गले मनाउन आह्वान गर्दै भक्तपुर नगरपालिकाको आयोजनामा चैत २७ गते सद्भाव र्‍याली तथा जनचेतना कार्यक्रम सम्पन्न भयो।

भक्तपुरको टौमढीमा आयोजित उक्त सभामा सम्बोधन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुरको प्रसिद्ध बिस्का जात्रा समयमै सम्पन्न गर्न सरोकारवाला निकायहरूले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुरको सभ्यता र संस्कृतिलाई जोगाउन भक्तपुर नपाबाट आयोजित सद्भाव र्‍यालीमा नयाँ पुस्ताको उत्साहप्रद सहभागिता रहेको उल्लेख गर्नुहुँदै विश्वमै भक्तपुरको बिस्का जात्राको विशेष महत्त्व भएको हुँदा बिस्का हेर्न आउने सबैलाई जात्रा सभ्य, भव्य र सुरक्षित बनाउन आग्रह गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले बिस्का जात्रा भक्तपुरको प्रसिद्ध जात्रा भएको हुँदा यसलाई सभ्य तरिकाले सम्पन्न गर्न सरोकारवाला



निकायहरूसँग समन्वय गरी जात्रा समयमा सम्पन्न गर्न आग्रह गरिरहेको बताउनुभयो ।

आजबाट सुरु हुने बिस्का जात्रा सभ्य र भव्य रूपमा सम्पन्न गर्न सबैको संयुक्त प्रयास जरुरी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले जात्राको समयमा हुने उच्छृङ्खल गतिविधि हुन नदिन सबैजना सचेत हुनुपर्ने र जात्रालाई सहज रूपमा सञ्चालन गर्न सबैले आ–आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

विद्यार्थीहरूलाई यहाँको सांस्कृतिक सम्पदाको महत्त्वबारे थाहा दिन अनेक प्रयासहरू गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको मूर्त र अमूर्त सम्पदा संरक्षणमा नपाले जोड दिँदै आइरहेको बताउनुभयो ।

भक्तपुरलाई संसारकै जीवित सङ्ग्रहालयको रूपमा जीवित राख्ने प्रयासमा नपाले आवश्यक पहलहरू गर्दै आइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ **रुद्रादेवी शर्मा**ले भक्तपुरको गौरव बढाउने बिस्का जात्रामा आवश्यक शान्ति सुरक्षाको निम्ति व्यवस्था मिलाउने प्रतिबद्धता जनाउनुहुँदै जात्रालाई विगतको भन्दा अझ व्यवस्थित र अनुशासित रूपमा सम्पन्न गर्न सबैको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

त्यस्तै गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख **खिमा ओली**ले भक्तपुरको धार्मिक र सांस्कृतिक रूपमा महत्त्व बोकेको प्रसिद्ध बिस्का जात्राबारे कार्यतालिका प्रस्तुत गर्नुहुँदै बिस्का जात्रा समन्वय, सहकार्य र समझदारीको आधारमा भव्य, सभ्य र सुरक्षित तरिकाले सफल पार्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

सचेतना कार्यक्रम सुरु हुन अगाडि भक्तपुर नपा वडा नं. ९ को सूर्यमढी र भनपा १ दुधपाटीबाट सुरु भएको




सद्भाव र्‍याली टौमढीमा पुगी सभामा परिणत भएको थियो । र्‍यालीमा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**, भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री** र भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले पनि बोल्नुभएको थियो । सचेतना कार्यक्रममा भक्तपुर नपाका जनप्रतिनिधि, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, विद्यालय, कलेज, टीम क्लब खेलकुद समिति, सुरक्षाकर्मी, प्रहरी, रेडक्रस, स्काउट, सांस्कृतिक समूह र स्थानीय जनताको उपस्थिति रहेको थियो ।

# बिस्का जात्रा सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्ने निर्णय



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**को अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध **बिस्केट** जात्रा सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सरोकारवालाहरूसँगको बैठक चैत्र २२ गते नपा सभाकक्षमा बस्यो ।

बैठकमा उपप्रमुख जोशीले निर्धारित समयमा जात्रा सुरक्षित ढङ्गले सम्पन्न गर्न भक्तपुर नपाले बिस्केट जात्रासँग सम्बन्धित दाफा, भजन, गुठीलगायत सरोकारवालाहरूसँग नियमित छलफल गरी निर्णय गर्दै आएको बताउनुभयो । उहाँले २०७८/७९ को बिस्का भव्य र सभ्य तरिकाले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ–आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ **रुद्रादेवी शर्मा**ले भैरवनाथको रथ तान्ने र लिङ्गो उठाउने स्थानहरूमा अनावश्यक हुल हुज्जत हुन नदिन जिल्ला प्रशासन कार्यालयले आवश्यक शान्ति सुरक्षा व्यवस्था छुट्टै ढङ्गले गर्ने योजना रहेको अवगत गराउनुभयो ।

बैठकमा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक **शिवकुमार श्रेष्ठ**ले रथ तान्ने र लिङ्गो उभ्याउने

समयमा हुने विवादलाई सल्टाउनु जरुरी रहेको बताउनुहुँदै जात्रालाई सभ्य र भव्य बनाउन जनप्रतिनिधि र स्थानीय जनताको विशेष भूमिका रहने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी, राष्ट्रिय अनुन्धान विभागका उपनिर्देशक विकास पाण्डे, जनस्वास्थ्य सेवा केन्द्र प्रमुख डा. रत्नसुन्दर लासिवा, तलेजु भवानीका पुजारी, नेपाल विद्युत प्राधिकरण, भक्तपुर उद्योग वाणिज्य सङ्घलगायतको उपस्थिति थियो ।

बैठकमा गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख खिमा ओली र जात्रासँग सम्बन्धित सरोकारवालाहरू सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल टेलिकम, ख्वप अस्पताल, नेपाल विद्युत प्राधिकरण, भक्तपुर उद्योग वाणिज्य सङ्घ, तलेजुका पुजारी, इन्द्रायणी गुठीका गुठियार, भैरवनाथ जात्रा सहयोग समिति, प्रजापति समाज, एकीकृत हाकुज्या प्रजापति समाज, ब्रम्हायणी जात्रा सहयोग समिति, गछेँ गणेश जात्रा सहयोग समिति, लालाछेँ गणेश जात्रा सहयोग समिति, भद्रकाली गुठीलगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

भक्तपुर नगरपालिकाले बिस्केट जात्रा सञ्चालन विषयमा जात्रासँग सम्बन्धित सरोकारवाला विभिन्न पक्षसँग राय सुझाव लिई गरेका महत्त्वपूर्ण **निर्णयहरू** :

१. बिस्का जात्रा २०७८/०७९ शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सम्पूर्ण नगरवासी र जात्रालु दाजुभाइ तथा दिदीबहिनीहरूमा जात्रा संयमित र सभ्य तरिकाले मनाउनको लागि अनुरोध गर्ने,

२. बिस्का जात्रा २०७८/०७९ शान्तिपूर्ण रूपमा सम्पन्न गर्न जनचेतनामूलक प्रचार प्रसारको लागि माइकिङ र आवश्यक सूचना प्रवाह गर्न भक्तपुर नगरपालिकालाई जिम्मा दिने,

३. बिस्का जात्रा २०७८/०७९ शान्तिपूर्ण रूपमा सम्पन्न गर्न जात्रासँग सम्बन्धित मिति २०७८ चैत्र २७ गतेदेखि मिति २०७९ वैशाख ५ गतेसम्मको सम्पूर्ण जात्राहरूको कार्यसूची अनुरूप समयमै कार्यान्वयन गर्न र गराउन गुठी संस्थान कार्यालय, भक्तपुरलाई जिम्मा दिने,

४. बिस्का जात्रा २०७८/०७९ शान्तिपूर्ण रूपमा सम्पन्न गर्न जात्रासँग सम्बन्धित रथ तान्ने जात्रा, लिङ्गो उभ्याउने र ढाल्ने जात्रा, रथ जुधाउने जात्रा, टोल टोलको विभिन्न देवी देवताहरूका खत जात्रा, द्यः स्वगं बियगु जात्रालगायका सम्पूर्ण जात्राहरू र जात्रा हुने स्थानहरूमा अनावश्यक हुल हुज्जत हुन नदिई आवश्यक शान्ति सुरक्षा व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय, भक्तपुर मार्फत जिल्लाका सबै सुरक्षा निकायहरूलाई परिचालित गर्न अनुरोध गर्ने,

५. बिस्का जात्रासँग सम्बन्धित भैरवनाथको रथ जात्रामा परम्पराअनुसार रथमा जोशी, कर्माचार्य, तलेजुको मूल पूजारी, गुठी नाइके, भैरव नाइके, सिकर्मी नाइके, चौगुठीलगायत तोकिएको आवश्यक व्यक्तिहरूबाहेक अन्य व्यक्तिहरू अनधिकृत रूपमा नचढ्न वा नबस्न अनुरोध गर्ने,

६. बिस्का जात्रासँग सम्बन्धित रथ तान्ने जात्रा हुने क्षेत्र र बिस्का जात्रासँग सम्बन्धित अन्य जात्राहरू सञ्चालन हुने क्षेत्रहरूमा रहेका निर्माण सामग्री र भग्नावशेषहरू व्यवस्था गर्न भक्तपुर नगरपालिका मार्फत सम्बन्धित सबैलाई अनुरोध गर्ने,

७. बिस्का जात्रा अवधिभर भक्तपुर नगर क्षेत्रमा खानेपानीको आवश्यक व्यवस्था मिलाउन काठमाडौँ उपत्यका खानेपानी लि., भक्तपुरलाई जिम्मा दिने,

८. बिस्का जात्रा अवधिभर भक्तपुर नगर क्षेत्रभित्र विद्युत प्रसारण सुचारु राख्न नेपाल विद्युत प्राधिकरण भक्तपुर वितरण शाखालाई जिम्मा दिने,

९. बिस्का जात्रा अवधिभर भक्तपुर नगर क्षेत्रभित्र टेलिफोन र इन्टरनेट सुचारु राख्न नेपाल टेलिकम भक्तपुरलाई जिम्मा दिने,

१०. बिस्का जात्राको रथ तान्ने क्षेत्रलगायत जात्रा सञ्चालन हुने क्षेत्रहरूमा तार, केबुल र इन्टरनेटको फाइबर तार व्यवस्थित गर्न सम्बन्धित सेवा प्रदायक सङ्घ संस्थाहरूलाई जिम्मा दिने,

११. बिस्का जात्रा अवधिभर जात्रा सञ्चालन हुने भक्तपुर नगरका विभिन्न क्षेत्रहरूमा आकस्मिक स्वास्थ्य सुविधाको लागि स्वास्थ्य शिविर व्यवस्था गर्न र ठाउँ ठाउँमा एम्बुलेन्स व्यवस्था गर्न, ख्वप अस्पताल, च्याम्हासिंह, भक्तपुर अस्पताल, सिद्धि स्मृति अस्पताल, डा. इबामुरा अस्पताललगायत भक्तपुरका अन्य अस्पतालहरू र नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई जिम्मा दिने,

१२. बिस्का जात्रा शान्तिपूर्ण र व्यवस्थित रूपमा सञ्चालन गर्न भक्तपुर नगरपालिकाका प्रमुखको संयोजकत्वमा बिस्का जात्रा अनुमगन समिति गठन गर्ने, र

१३. २०७८ चैत्र २७ गते बिहान ७:०० बजे बिस्का जात्रासँग सम्बन्धित टिम, क्लव, सङ्घ संस्था, जात्रा व्यवस्थापन समितिलगायत सरोकारवालाहरूलाई सहभागी गराई सद्भावना र्‍याली गर्ने निर्णय गर्‍यो ।

# भक्तपुर नगरपालिकामा टाइफाइड रोगविरुद्धको खोप



भक्तपुर नगरपालिकामा चैत्र २५ गतेदेखि टाइफाइड रोगविरुद्धको राष्ट्रिय खोप अभियान सुरु भएको छ। भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा भएको टाइफाइड रोगविरुद्धको खोप अभियान २०७८/७९ को एक समारोहबीच शुभारम्भ गर्नुभयो।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै नगर प्रमुख प्रजापतिले टाइफाइडविरुद्धको खोप अभियानबाट देशभरका १५ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिका लाभान्वित हुने बताउनुहुँदै यस खोप अभियानलाई सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्न आग्रह गर्नुभयो।

उहाँले खोप अभियानबाट कोही पनि बालबालिका नछुटुन् भन्ने उद्देश्यले विद्यालयहरूमा खोप केन्द्र तोकिएको बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले टाइफाइडविरुद्धको खोप मिति २०७८ चैत्र २५ गतेदेखि सञ्चालन हुने र सो खोप अभियानमा सबै बालबालिकाहरूले आफ्नो विद्यालयको लागि तोकिएको खोप केन्द्रमा गई खोप लगाउन अनुरोध गर्नुभयो।

कार्यक्रममा ख्वप अस्पतालका डाक्टरद्वय **अमर प्रजापति** र **मजेश प्रताप मल्ल**ले नेपालमा टाइफाइड रोगको उच्च सङ्क्रमण हाल पनि यथावरत रहेको र विद्यार्थीहरूमा टाइफाइडविरुद्धको खोपको प्रभावकारिताबारे प्रष्ट पार्नुहुँदै बालबालिकाको निम्ति यो खोप निकै प्रभावकारी हुने बताउनुभयो।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# पसल व्यवसायीहरूको भेला



भक्तपुर नगरपालिकाको अनुगमन समितिको आयोजनामा चैत २३ गते मासु, मिठाइ र खाजा पसल व्यवसायीहरूको भेला भयो।

भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर एउटा व्यवस्थित सहरको रूपमा विकास हुँदै आएको बताउनुभयो।

उहाँले व्यवसायीहरूको व्यवहार सभ्य र सुसंस्कृत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै जरिवानाको भागी बन्न नपर्ने गरी व्यवसायी सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, 'घरदैलो फोहोर सङ्कलन गरेर पनि बेलुका पसल बन्द गर्ने समयमा बाटोमा फोहोर फाल्नु असभ्य व्यवहार हो। सफा र सुग्घर भई बस्नु सभ्यताको परिचय हो।'

भक्तपुरमा उद्योगधन्दाको विकास गर्ने सम्भावना नभएकोले धेरैभन्दा धेरै पर्यटक भित्र्याई रोजगारीको प्रवर्द्धन गनेतर्फ नगरपालिकाले काम गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो।

भनपा अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले नयाँ वर्ष र बिस्केट जात्रामा मासु, खाजा र मिठाइ पसलहरूमा घुइँचो लाग्ने भएकोले स्वस्थ तरिकाबाट व्यवसाय सञ्चालन होस् भने चाहनाले भेला राखेको जानकारी दिनुभयो।

'भक्तपुर नगर उत्कृष्ट भनेर समाचारहरू आइरहेको छ त्यसमा व्यवसायीहरूलगायत नगरवासीहरूको योगदान छ', उहाँले भन्नुभयो।

अनुगमन समितिका सदस्य एवम् कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**ले प्रतिस्पर्धी युग भएकोले व्यवसाय अगाडि बढाउन गाह्रो भए पनि नीति नियमभित्र बसेर कर तिर्ने, म्याद नाघेका सामानहरू नबेच्न, ढुस्सी परेको र बासी सामानहरू नबेच्न आग्रह गर्नुभयो।

भनपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले उद्यमीहरू व्यवसायी आचारसंहितामा बसेर जनतालाई अधिकतम सेवा गर्न र सचेत, नियमन तथा कानुनी दायरामा बसेर काम गर्न अनुरोध गर्नुभयो।

कार्यक्रममा वडा निरीक्षक **रामकृष्ण प्रजापति** र व्यवसायी **रोजबहादुर तामाङ**ले पनि बोल्नुभएको थियो।

# विविध समाचार

## नगर शिक्षा ऐन लागु गर्नेमा भक्तपुर नपा देशमै पहिलो

सेवा निवृत्त शिक्षक समाजको आयोजनामा नयाँ वर्ष २०७९ को उपलक्ष्यमा नगर प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा शुभकामना आदान-प्रदान कार्यक्रम वैशाख १० गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख प्रजापतिले शुभकामना व्यक्त गर्नुहुँदै आफ्नो पाँचवर्षे कार्यकालमा नगरवासीको गौरव राख्ने ढङ्गले आफूहरूले काम गरेकोमा सन्तोष लागेको विचार व्यक्त गर्नुभयो।

सरकार रु. ८-१० लाखको लागि विदेशीको मुख ताक्ने प्रवृत्ति रहेको अवस्थामा भक्तपुर नगरपालिकाले जनताकै भरमा धेरै काम गरेको बताउनुहुँदै उहाँले काममा अपनत्व र आत्मनिर्भरता हाम्रो विशेषता हो भन्नुभयो।

देशमै पहिलो नगर शिक्षा ऐन लागु गरेको चर्चा गर्नुहुँदै नगरपालिका सञ्चालनार्थ ४८ ओटा कानुन बिनाद्विविधा बनाई लागु गरेको पनि उहाँले प्रस्ट पार्नुभयो।

लामो समयदेखि सञ्चालन भइरहेको नर्सिङ कक्षा माओवादी शिक्षामन्त्रीले यस वर्ष रोकेको हुँदा माओवादी कस्तो कम्युनिस्ट भन्ने प्रस्ट भएको छ भन्नुहुँदै उहाँले ख्वप विश्वविद्यालय नदिए पनि नयाँ नयाँ कलेजहरू खोल्दै सस्तोमा स्तरीय शिक्षा प्रदान गर्दै जानेमा जोड दिनुभयो।

निर्वाचन घोषणापत्र र विचारको लडाइँ हुनुपर्नेमा यहाँ विचार बन्धक राखेर भागबन्डाको विकृत राजनीति शासक दलहरूले गरिरहेको वास्तवमै देशकै लागि दुर्भाग्य हो, उहाँले भन्नुभयो।

नपाद्वारा सञ्चालित कलेजले देशभरमै उत्कृष्ट नतिजा दिइरहेको चर्चा गर्दै उहाँले कोरोना कालमा निवृत्त शिक्षक समाजले अक्सिजन प्लान्ट स्थापना गर्न गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

नगरवासी, जनप्रतिनिधि कर्मचारी सबैको साझा प्रयासबाट पाँच वर्षमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका विषयमा 'ख्वप मोडेल' बन्न सफल भएको पनि उहाँले प्रस्ट पार्नुभयो।

कार्यक्रममा समाजका सल्लाहकार **बालमुकुन्द बासुकला**ले भक्तपुर नगरपालिकाको पाँचवर्षे कार्यकाल सराहनीय रहेको हुँदा आगामी निर्वाचनमा पनि उहाँहरूलाई नै जिताउनुपर्नेमा जोड दिनुभयो।

समाजको अर्धवार्षिक पत्रिका 'शैक्षिक अनुभव' का सम्पादक **ज्ञानसागर प्रजापति**ले विचारलाई भन्दा कुर्सीलाई महत्त्व दिने शासक दलले नयाँ पुस्तामा राजनीतिप्रति नकारात्मक प्रभाव पारेको विचार व्यक्त गर्नुभयो।

समाजका अध्यक्ष **अम्बिकामान मानन्धर**को सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष **रामगोपाल कर्माचार्य**, कोषाध्यक्ष **विश्वराम कवां** र पूर्वजिशिअ **नयनसिं धामी** र **तुल्सीराम ग्वाछा**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा निवृत्त शिक्षकहरू शिवकुमार कर्माचार्य, रत्नदेवी प्रजापति र तुल्सीभक्त सुवाललाई अतिथि प्रजापतिले सम्मान गर्नुभएको थियो।

## नेपालको वास्तुकला प्रवृत्तिसम्बन्धी सम्मेलन




ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा वैशाख ९ गते एक दिने 'नेपालको वास्तुकला प्रवृत्तिसम्बन्धी सम्मेलन (National Conference on Trends in Architecture-Nepal) भयो।

कलेज सञ्चालक समितिका अध्यक्ष, सम्मेलन-मूल समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले एक सामरोहका बीच सम्मेलनको शुरुवात गर्नुभयो। सम्मेलनको पूर्ण सफलताको कामना गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगर क्षेत्रफलको हिसावले सानो नगर भएपनि वास्तुकलाको हिसावले देशकै सम्पन्न नगर भएको बताउनुभयो। 'अहिले जस्तो दक्ष इन्जिनियर आर्किटेक्टहरू नभएको त्यो

पुर्खाको समयमा बनेका वास्तुकलाहरू सामान्य मर्मत सम्भारकै भरमा सयौँ वर्षसम्म टिकिरहनु पुर्खाको योग्यता र क्षमताको अनुपम नमुना हो' प्रमुख प्रजापतिले भन्नुभयो, काठमाडौँ र ललितपुरका सम्पदाहरूको पुनर्निर्माण विदेशी सहयोगमा भैरहेका छन् तर भक्तपुरका कुनै पनि सम्पदा पुननिर्माण र निर्माणमा विदेशी सहयोग छैन, भक्तपुर आत्मनिर्भर छ । हामीले १ अर्ब २० करोड रुपियाँ बराबरको विदेशी अनुदान अस्वीकार गऱ्यौँ । आफ्नै क्षमतामा कार्य गर्दै गयौँ, सम्पूर्ण सम्पदाको स्थानीय कालिगड र श्रमिकले पुनः निर्माण गरे । काठमाडौँ र ललितपुरका सम्पदाहरूको पुनर्निर्माणमा पनि भक्तपुरका दक्ष कालिगडले योगदान गरे, आफ्नै क्षमतामा आत्मनिर्भर भई कार्य गर्दै जाँदा आज भक्तपुर 'ख्वप मोडेल' भयो ।'

जनता आधुनिकतामा जान चाहन्छन्, त्यसैले आधुनिक प्रविधिको प्रयोगसँगसँगै परम्परागत शैलीको प्रयोगलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको बताउनुहुँदै एक दुई जनाको निजी स्वार्थभन्दा पनि सिङ्गो भक्तपुरको स्वार्थलाई प्राथमिकता दिएको बताउनुभयो । आज केन्द्र, प्रदेश र स्थानीय तहमा अराजकता व्याप्त छ, राष्ट्रिय पत्रपत्रिकामा नकारात्मक कुरामात्र दिने गरेको सकारात्मक कुरा नआएको सन्दर्भमा बताउनुभयो । 'नराम्रो काम बिजुलीसरि फैलिन्छ तर राम्रो काम बिस्तारै फैलिन्छ ।' नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले २०३९ सालदेखि शुरु गरेको सफाइ अभियान, २०५६ सालमा ख्वप उमाविको स्थापना, इन्जिनियरिङ कलेज, नर्सिङ कलेजको स्थापनाले शैक्षिक र प्राविधिक क्षेत्रलाई जोड दिएको बताउनुभयो । गतवर्षमात्र १५ करोड रुपियाँ बराबरको छात्रवृत्ति प्रदान गरेको बताउनुहुँदै आ–आफ्नो ठाउँ बनाउने भावना नागरिकमा हुनुपर्ने तथा इन्जिनियर र आर्किटेक्टहरूले पनि योगदान गर्नुपर्ने चर्चा गर्नुभयो । युवा सबै विदेश पठाउने र काम सबै ठेक्कामा दिने पूँजीवादी सरकारको निती गलत भएको बताउनुहुँदै भक्तपुर नपाले स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत नै विकास निर्माणमा कार्य गर्दै आएको बताउनुभयो ।

'एउटा राजनैतिक पार्टीले अर्को पार्टीको चुनाव चिहनमा भोट हाल्नु राजनैतिक अराजकता हो । प्रतिपक्षलाई हराउन सत्ता पक्षको गठबन्धन भागबन्डाको राजनीति हो, भागबन्डाले राज्यको ढुकुटीमात्र स्वाहा हुन्छ, भागबन्डा नै गर्ने भए अर्बौं खर्च गरेर निर्वाचन गर्नु आवश्यक छैन । निर्वाचन एउटा सिद्धान्तको लडाइँ हो, विचारको लडाइँ हो, त्यसैले हामी निर्वाचनमा भाग लिन्छौँ' प्रमुख प्रजापतिले भन्नुभयो ।

कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले Keynotes Speaker को रूपमा आफ्नो मन्तव्य राख्नुभएको सो सम्मेलनमा आर्किटेक्ट **रविना शिल्पकार**ले सम्मेलनको उद्देश्यमाथि प्रकाश पार्नुभयो । चार चरणमा सम्पन्न सो सम्मेलनमा देशभरका आर्किटेक्ट एवं वास्तुकलाविद्हरूको १५ ओटा कार्यपत्र प्रस्तुत हुने आयोजक समितिले जनाएको छ ।

# भक्तपुर नपाका कर्मचारीहरूबीच शुभकामना आदानप्रदान




नेपाल नगरपालिका कर्मचारी एसोसियशन भक्तपुर नपा समितिको आयोजनामा वैशाख २ गते नपाका कर्मचारीहरूबीच बिस्का जात्रा र नव वर्ष २०७९ को उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूबीच अन्योन्याश्रित सम्बन्ध रहने बताउनुहुँदै भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको संयुक्त पहल र सहकार्यले गर्दा भक्तपुरलाई देशकै नमुना सहरको रूपमा विकास गर्न सम्भव भएको बताउनुभयो ।

भक्तपुर नपालाई स्मार्ट सिटी बनाउनेभन्दा पनि आदर्श नगर, ज्ञान विज्ञानको केन्द्र र पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न अग्रसर भएको बताउनुहुँदै उहाँले नपाले जनताका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्दै नगरको सन्तुलित विकासमा जोड दिँदैआएको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाबाट सञ्चालित कलेज तथा स्वास्थ्य केन्द्रहरू नै आज ख्वप मोडलको रूपमा अगाडि बढिरहेको छ भन्नुहुँदै उहाँले समाजवादी व्यवस्थाअनुरूप भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइलगायतमा विशेष प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

कर्मचारीहरूले आफ्नो अध्ययनलाई निरन्तरता दिनुपर्ने, समय सापेक्ष तालिमहरू लिनुपर्ने र आफूलाई परिस्कृत गर्दै लानुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरलाई देशकै उत्कृष्ट नगरको रूपमा विकास गर्न भक्तपुरवासी जनताको साथ र सहयोग रहेको बताउनुहुँदै कर्मचारीहरूले आफ्नो वृत्ति विकासको लागि अध्ययनलाई जोड दिनुपर्ने र सामाजिक दायित्व वहन गर्न आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एसोसियशन भक्तपुर नपा समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू देश र जनताको इमानदारीपूर्वक सेवा गर्न दत्तचित्त भएर लागिरहेको बताउनुहुँदै चाडपर्वको समयलाई सही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले कर्मचारीहरू सेवाग्राहीप्रति उत्तरदायी हुनुपर्ने बताउनुहुँदै आफ्नो अधिकार र कर्तव्यबारे पनि कर्मचारीहरू सुसूचित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एसोसियशन भक्तपुर नपा समितिका सदस्यद्वय **दिलकृष्ण माक** र **विकास प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## कर्मचारीहरूले कार्यकर्ताको रूपमा सोच्नुपर्ने

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल कर्मचारी समाज भक्तपुर नपा ९ वडा समितिको आयोजनामा भक्तपुर नपा वडा नं. ९ वडाका कर्मचारीहरूबीच विस्का जात्रा तथा नयाँ वर्ष २०७९ सालको शुभकामना आदानप्रदान कार्यक्रम चैत्र २९ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले चुनाव विचार र सिद्धान्तको प्रतिस्पर्धा हो तर धेरै दलहरू गठबन्धन गरेर आ–आफ्नो पार्टीको विचार र सिद्धान्त छोडेर चुनावमा जानु भागबन्डा सरह हुने र प्रशासनको दुरूपयोग गरी धन र बलको प्रतिस्पर्धा गर्ने भएकोले प्रजातान्त्रिक पद्धतिको अवमूल्यन हुने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले देशभर उदाहरणीय रूपमा प्रशंसा पाउनुमा कर्मचारीहरूको योगदान, इमानदारी, अनुशासन, दिनरात नभनी सेवा गर्ने भावनाले हो भन्नुभयो । उहाँले अपराधीलाई माया गरे जसरी एउटा छुचुन्द्रोले धान रोप्न राखेको पानी प्वाल पारेर समाप्त गर्छ त्यसरी नै एक जना भ्रष्ट कर्मचारीलाई कार्यबाही गुर्न भनेको गोदामको कुहेको आलु निकाल्नु सरह हो नत्र गोदाम नै कुहाउने हुन्छ भन्नुभयो ।

उहाँले कर्मचारीहरूले कार्यकर्ताको रूपमा सोच्नुपर्ने बताउनुहुँदै जनताको निम्ति देशको निम्ति सोचले काम गर्दा भक्तपुर राम्रो भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले मतदातलाई सत्यतथ्य बुझाउनु पर्ने बताउनुहुँदै भ्रम फैलाएर जनता झुक्याउने काम बारे सजग बनाउनुपर्छ भन्नुभयो । उहाँले युवाहरूलाई गुडफ्राइडे भन्दै जाँड रक्सी खुवाएर बिगार्ने कार्य प्रति सचेत हुनुपर्ने बताउनुहुँदै हामी बीच फुट ल्याएर झगडासमेत लगाउनसक्नेतर्फ सर्तक हुनुपर्ने बताउनुभयो ।

नेपाल कर्मचारी समाज भक्तपुर नपा ९ का अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपा भक्तपुर नपा ९ सूर्यमढी समितिका उपाध्यक्ष **काशीलाल प्रजापति**, कर्मचारी **विकास प्रजापति** र **हरिकृष्ण दुवाल**ले पनि शुभकामना व्यक्त गर्नुभयो ।

## बालबालिकाहरूको मनोविज्ञान बुझेर शिक्षा प्रदान गर्नुपर्नेमा जोड



भक्तपुर नगरपालिकाबाट सञ्चालित ६ ओटा शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिका तथा कर्मचारीहरूबीच चैत्र ३० गते नव वर्ष २०७९ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नव वर्ष २०७९ को शुभकामना व्यक्त गर्नुहुँदै चाडपर्वहरू हाम्रो अमूल्य संस्कृति भएको र यसलाई सिर्जनशील ढङ्गले मनाउनुपर्नेमा जोड दिनुभयो । चाडपर्वमा विशेष सरसफाइमा ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुरलाई सुन्दर र आकर्षक नगरको रूपमा विकास गर्न नगरवासीहरूको ठूलो योगदान रहेको चर्चा गर्नुभयो । भक्तपुर नपाले ससाना बालबालिकाहरूको लागि नगरका ६ ठाउँमा शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याएको बताउनुहुँदै जनताको मागअनुरूप अझ केही ठाउँहरूमा शिशुस्याहार केन्द्र सञ्चालन गर्न आवश्यक तयारी भइरहेको बताउनुभयो ।



शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिकाहरूले बालबालिकाहरूको मनोविज्ञान बुझेर समयअनुसारको शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले शिक्षिकाहरूले आफूसँग भएको ज्ञानको दायरा बढाउन पठन संस्कृतिमा विशेष जोड दिनुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले शिशुस्याहार केन्द्र सञ्चालनले धेरै बालबालिकाहरू लाभान्वित भएको बताउनुहुँदै यो शैक्षिक संस्थालाई थप परिष्कृत गर्दै लानुपर्ने आवश्यकताबोध गराउनुभयो । विद्यार्थीहरूको भविष्य शिक्षकहरूको मिहिनेतमा भर पर्छ भन्नुहुँदै उहाँले बालबालिकालाई युगसुहाउँदो शिक्षा प्रदान गर्न शिक्षिकाहरू उत्प्रेरित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपाबाट सञ्चालित शिशुस्याहार केन्द्रका इन्चार्ज **दिपेन्द्र प्रजापति**ले भनपाबाट सञ्चालित शिशुस्याहार केन्द्र सञ्चालनका उद्देश्यहरूमाथि प्रकाश पार्नुभयो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# सिद्धि शारदाको नवनिर्मित भवन उद्‍घाटन




भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित श्री सिद्धि शारदा आधारभूत विद्यालयको नवनिर्मित भवनको उद्‍घाटन चैत्र २१ गते भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल सरकार राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा), जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) भक्तपुरद्वारा निर्मित ४ कोठे २ तले आर.सी.सी. भवनको एक समारोहबीच ताम्रपत्र अनावरण गरी उद्‍घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले शैक्षिक संस्थाहरू भौतिक रूपले सम्पन्न भए त्यहाँको शैक्षिक विकासमा सकारात्मक भूमिका खेल्ने बताउनुहुँदै असल शिक्षकले देशको लागि आवश्यक असल नागरिक तयार पार्ने बताउनुभयो ।

उहाँले शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै आएको भक्तपुर नगरपालिकाले यहाँका सामुदायिक विद्यालयको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिँदै शिक्षा क्षेत्रको थप विकासको निम्ति आवश्यक व्यवस्था भइरहेको बताउनुभयो ।

भक्तपुर नपाले भक्तपुरका सामुदायिक विद्यालयको स्तरोन्नतिमा विशेष जोड दिँदै विभिन्न गतिविधि अगाडि बढाउँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर आज शैक्षिक रूपमा अगाडि बढेको नगरको रूपमा विकास हुनुमा यहाँका बुद्धिजीवी, शिक्षक र स्थानीय जनताको ठूलो भूमिका रहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **महेन्द्र खायमली**ले भक्तपुरलाई शैक्षिक गन्तव्य बनाउने अभियानले विस्तारै सार्थक रूप लिँदै गइरहेको बताउनुहुँदै लिबाली आवास

क्षेत्रको बाटो स्तरोन्नति र आवश्यक स्थानमा पुल निर्माण गर्ने योजनामा रहेको बताउनुभयो ।

कार्यक्रममा श्री सिद्धि शारदा आ.वि. का सल्लाहकार **ज्ञानसागर प्रजापति**ले नवनिर्मित भवनबाट विद्यार्थीहरूलाई स्तरीय शिक्षा प्रदान गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुहुँदै विद्यालयहरूबीचको भेद हटाउने उद्देश्यले भक्तपुरको शिक्षा प्रणाली अगाडि बढिरहेको बताउनुभयो ।

विद्यालयका संस्थापक **कृष्णगोविन्द खाइजु**ले विद्यालय आजको अवस्थामा आइपुग्नुमा स्थानीय जनताको धेरै ठूलो भूमिका रहेको औँल्याउनुहुँदै विद्यालयको शैक्षिक उन्नतिको लागि शिक्षक र अभिभावकहरूको सक्रियता आवश्यक भएको बताउनुभयो ।




gjlgld{ejg

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **कृष्णगोविन्द लाखाजू**को सभापतित्वमा भएको उक्त भवन उद्घाटन कार्यक्रममा विद्यालयका प्रअ **कृष्णप्रसाद सुवाल**, जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) का प्राविधिक विशाल फुँयाल र भवन निर्माण समितिका सदस्य **राजेन्द्र दुमरु**ले पनि विद्यालय निर्माणको अवस्था र आय-व्यय प्रस्तुत गर्नुभएको थियो ।

सोही कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लाखाजूलाई नवनिर्मित भवनको निर्माण सम्पन्न भएको प्रमाणपत्र विद्यालयलाई हस्तान्तरण गर्नुभएको थियो । भवन निर्माणको कूल खर्च ८२ लाख १६ हजार ९ सय २८ रूपैयाँ रहेको विद्यालय स्रोतले जनाएको छ ।

# पुस्तक प्रदर्शनीमा ख्वप मोडलबारे चर्चा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा आरम्भ नेपालको तीनदिने पुस्तक प्रदर्शनीको चैत्र २३ गते समापन तथा पुरस्कार वितरण कार्यक्रममा भक्तपुरको ख्वप मोडलबारे परिचर्चा भयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गरिएका अध्ययन संस्थाको नाम ख्वप राखिएको प्रसङ्ग उल्लेख गर्नुहुँदै स्मार्ट सिटीको अवधारणालाई भक्तपुर नगरले 'आदर्श नगर'को परिकल्पना गरेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको 'सय वर्षपछिको भक्तपुर' कृतिको परिकल्पनालाई एक एक पाइला गरी लागु गरिरहेको चर्चा गर्नुहुँदै पुरानो बस्तीमा घरहरू निर्माण गर्दा अगाडिको मोहदामा लाग्ने कूल खर्चमा ३५ प्रतिशतसम्म अनुदान दिई सम्पदालाई जीवन्तता बनाउन सहयोग पुगिरहेको विचार व्यक्त गर्नुभयो ।

नगरका जनताले उच्च शिक्षा ग्रहण गर्न सहजताको लागि शैक्षिक ऋण तथा संस्कृति, इतिहास, भूगोल,

राजनीतिशास्त्र एवं नेपालभाषा अध्ययन गर्ने विद्यार्थीलाई आर्थिक सहयोग गरिरहेको बताउनुभयो।

कोरोना कहरको बेला अक्सिजनको अभावमा सर्वसाधारण जनताले ज्यान गुमाएको बेला जनतासँग सहकार्य गर्दै अक्सिजन प्लान्ट निर्माण गरेर जनतालाई निःशुल्क वितरण गरिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै खाद्य सामग्री सहजरूपमा उपलब्ध गराउन देशमै पहिलो पटक बाहिर निस्किनको लागि अनुमतिपत्र पासको अवधारणा ल्याएको बताउनुभयो।

उहाँले विपत् व्यवस्थापनको लागि नगरपालिकाले कर्मचारीहरूलाई आवश्यक तालिम दिएको तथा जनताको रोजगारी सिर्जनाका लागि सिलाइबुनाइ, काष्ठकला, लोकल गाइड तथा कृषिसम्बन्धी विभिन्न तालिम सञ्चालन भइरहेको जानकारी दिनुभयो।

यी सबै योजना र कार्यक्रममा उपभोक्ता समिति अभियान नै ख्वप मोडेल भनेर अन्यले विश्लेषण गरेको बताउनुभयो।

उक्त कार्यक्रममा प्रमुख प्रजापतिले सहभागीहरूको पनि जिज्ञासाको जवाफ दिनुभएको थियो।

परिचर्चा कमलराज गोसाईले सञ्चालन गर्नुभएको थियो।

# मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना



आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि भक्तपुरमा वैशाख ८ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

भक्तपुरको मुख्य निर्वाचन अधिकृतको कार्यालय भक्तपुर नगरपालिका वडा नं. २ स्थित जनज्योति पुस्तकालयको पुरानो भवन दरबार क्षेत्रमा स्थापना गरिएको छ।

**काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको वार्षिकोत्सव**

# मेलम्ची खानेपानीको विकल्पको अध्ययन भइरहेको जानकारी




खानेपानी मन्त्री **उमाकान्त चौधरी**ले काठमाडौँ उपत्यकामा बढ्दो सहरीकरण र जनघनत्वको वृद्धिले विद्यमान खानेपानीको माग र आपूर्तिबीचको अन्तर पूर्ति गरी उपत्यकावासीलाई दीर्घकालीन रूपमा स्वच्छ, सफा र गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउन सञ्चालित मेलम्ची खानेपानीको २०७८ चैत्र २९ गते काठमाडौँ उपत्यकामा पानी पथान्तरण गरिसकिएको जानकारी गराउनुभयो।

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १७ औँ वार्षिकोत्सव कार्यक्रमको वैशाख ५ गते उद्घाटन गर्नुहुँदै मन्त्री चौधरीले मेलम्चीको पानी काठमाडौँ उपत्यकामा पथान्तरण भएसँगै २०७९ वैशाख ११ गतेभित्र उपत्यकाभित्र खानेपानी वितरण सुरु गर्ने प्रतिबद्धता जनाउनुभयो।

मन्त्री चौधरीले मेलम्ची खानेपानीको पहिलो चरणको कार्य सम्पन्न भई २०७७ साल चैत्र १५ बाट क्रमिक रूपमा पुरानो र नयाँ दुवै प्रणालीबाट वितरण कार्य सुरु गरिएकोमा २०७८ असार १ र त्यसपछिको प्राकृतिक प्रकोपका कारण आयोजनामा गम्भीर क्षति पुगी आयोजना सञ्चालनमा अवरुद्ध भएको बताउनुभयो।

मेलम्ची खानेपानीको विकल्पको रूपमा मन्त्रालयले सिस्नेरी, ठोस्ने र महादेव खोला जलाशययुक्त आयोजना अध्ययन गरिरहेको बताउनुहुँदै उहाँले खानेपानीको मुहान संरक्षण र व्यवस्थापन गर्दै लानुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका सभापति काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मेलम्चीको पानी वैशाखभित्रै भक्तपुरमा पठाउनुपर्ने धारणा व्यक्त गर्नुहुँदै मेलम्ची खानेपानी आयोजनाको विकल्पहरूबारे पनि अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो। खानेपानीको स्रोत संरक्षण गर्न नसके भविष्यमा थुप्रै चुनौती र समस्याहरू उत्पन्न हुनसक्नेतर्फ इङ्गित गर्नुहुँदै

उहाँले सरोकारवालाहरू सबै मिलेर खानेपानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। भक्तपुरको नगरकोट क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गर्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले खानेपानीको स्रोत संरक्षणको लागि सेनालाई दिनु उपयुक्त हुने र खानेपानी तथा ढल व्यवस्थापनका क्रममा जनस्तरबाट उठेका कुरालाई के.यु.के.एल. र पीआईडीले मनन गर्नुपर्ने बताउनुभयो।

मध्यपुर थिमी नगरपालिकाका प्रमुख **मदनसुन्दर श्रेष्ठ**ले काठमाडौँ उपत्यका व्यवस्थापन बोर्डमा रहेर कार्य गर्दाको अनुभव सुनाउनुहुँदै बोर्डले मेलम्चीको पानीको विकल्पको रूप सिस्नेरी आयोजनालाई अगाडि ल्याएको बताउनुहुँदै पीआईडी र केयुकेएलको काममा स्थानीय तहसँग समन्वय गरी गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव **सुरेश आचार्य**ले मेलम्चीबाट पानी पथान्तरणको कार्य हाल पूरा भएकोले उपत्यकाभित्र खानेपानी वितरणमा थप सहजता हुने बताउनुहुँदै वैकल्पिक स्रोतहरूको खोजी गरी उपत्यकामा खानेपानीको दीर्घकालीन समाधान गर्नेतर्फ खानेपानी मन्त्रालय अग्रसर रहेको बताउनुभयो।

त्यस्तै काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक **सञ्जीवविक्रम राणा**ले उपत्यकाको खानेपानी संवेदनशीलता एवम् आम उपभोक्ताको हितलाई प्राथमिकतामा राखी बोर्डले सेवा प्रदायक काठमाडौँ उपत्यका खानेपानी लिमिटेडमार्फत मौजुदा उत्पादन तथा वितरण प्रणाली, चुहावट नियन्त्रण, गुणस्तर, स्रोत परिचालन, मुहान संरक्षण, सरसफाइ व्यवस्थापन एवम् सुधारलगायतका कार्यहरूमा सहकार्य गर्दै आइरहेको बताउनुभयो। उपत्यकाका करिब १६ ठाउँमा 'वाटर एटीएम' सञ्चालनमा ल्याइसकेको बताउनुहुँदै उहाँले बोर्डले वर्षातको पानी सङ्कलन गरी पुनःभरण गर्ने काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा खानेपानी मन्त्रालयका सहसचिव मीना श्रेष्ठ, केयुकेएलका कार्यकारी निर्देशक मिलन शाक्य, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक सूर्यराज कँडेललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि तथा विशेष अतिथिले वार्षिकोत्सवको अवसरमा कर्मचारीहरूबीच आयोजित टेबुलटेनिस र ब्याडमिन्टन प्रतियोगिताका विजयीहरूलाई मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो। वार्षिकोत्सवकै अवसर पारेर मन्त्री चौधरीले 'वार रुम' को समेत उद्घाटन र बोर्डको वार्षिक प्रतिवेदन विमोचन गर्नुभएको थियो।

# खेलाडी सम्मान




पूर्वबक्सिङ खेलाडी समुह २०६७ को आयोजनामा खेलाडी सम्मान कार्यक्रम भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक एवम् १ नं. वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीको प्रमुख आतिथ्यमा चैत २० गते कमलविनायक बक्सिङ कभर्ड हलमा एक समारोहबीच सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य र सम्पदा लगायत हरेकमा उत्कृष्ट बनाउने सोचले काम गर्दा अहिले नेपालको उत्कृष्ट नगरको रूपमा कहलिएको समाचारहरूले प्रष्ट हुन्छ भन्नुभयो। उहाँले खेल जगतमा पनि नमुनाको रूपमा अगाडि बढाउन घोषणापत्रअनुसार काम गरेको साथै समाजवादी देशहरूको अध्ययन गरी शारीरिक व्यायाम सामग्रीहरू राखेको बताउनुभयो ।

उहाँले खेलमार्फत आफ्नो जन्मथलो र देशको नाम उँचो राख्ने र इज्जत बढाउने बताउनुहुँदै खेलकुदमा राम्रो देश सैनिक रूपमा पनि राम्रो हुने बताउनुभयो। कभर्ड हल बनाउने, स्विमिङ पुल, महेश्वरी खेल मैदानमा पारापिट बनाउने, हेल्थ क्लब आदिमा नपाले जोड दिएको उहाँले बताउनुभयो ।

त्यस्तै १० नं वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौमिखा**ले खेलकुद र खेलाडीहरू देश र जनताको सेवाको निम्ति हुनुपर्ने बताउनुहुँदै डा.चेग्वेभारा खेलाडी हुनुका साथै क्युबामा सशस्त्र क्रान्ति सफलता प्राप्त गरी बोलिभियामा जीवन बलिदान गर्नुभएको थियो। उहाँले समस्याबाट भाग्नेभन्दा समाधानका लागि छलफल गर्नुपर्ने र खेल निष्पक्ष ढङ्गले खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष **रामकृष्ण प्रजापति**ले समय, वातावरण र खानपानबाट शरीरलाई अनुकुलन बनाउन शारीरिक कसरत आवश्यक भएकोले खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने बताउनु भयो।

पूर्वबक्सिङ खेलाडी समूहका अध्यक्ष एवम् प्रशिक्षक **कृष्णसुन्दर प्रजापति**को सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रशिक्षक **केदार तुईतुई**, खेलाडी **अस्मिता दुवाल** र भक्तपुर जिल्ला बक्सिङ सङ्घका कोषाध्यक्ष **लक्ष्मीप्रसाद दुवाल**ले पनि बोल्नु भएको थियो ।

बागमती प्रदेश स्तरीय क्षेत्रीय प्रतियोगितामा भक्तपुरले प्रथम दुई, द्वितीय तीन र तृतीय दुई हासिल गरेको थियो । प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्नुहुने खेलाडीलाई प्रमुख अतिथि श्यामकृष्ण खत्रीले मायाको चिनो प्रदान गरेको थियो ।

## जिल्ला फुटबल सङ्घद्वारा ज्ञापन

अनधिकृतरूपमा भक्तपुर जिल्ला फूटबल सङ्घको निर्वाचन गरिने समाचारहरू प्रकाशित भएपछि जिल्लाको निर्वाचन रोक्न गौतम सुजखु अध्यक्ष रहेको भक्तपुर जिल्ला फूटबल सङ्घले अखिल नेपाल फूटबल सङ्घ (एन्फा) मा वैशाख १० गते ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझाउने क्रममा एन्फाका उपाध्यक्ष पंकज नेवाङले भक्तपुर जिल्लालाई कारबाही गरी प्रतिस्थापन गर्ने विधानमा नरहेकोले माइन्युट पुस्तिकामा नोट अफ डिसेन्ट लेखेको बताउनुभयो ।

ज्ञापनपत्र बुझ्दै महासचिव इन्द्रमान तुलाधरले कार्यसमितिमा भक्तपुर जिल्ला फूटबल सङ्घको विवाद सुल्झाउन पटक-पटक कुरा राखेको तर नेतृत्वले समाधान गर्न नखोजेको बताउनुभयो ।

ज्ञापनपत्र सङ्घका उपाध्यक्ष रामकृष्ण प्रजापतिले वाचन गरेर सुनाउनुभएको थियो ।

## चिनियाँ अन्तरिक्ष यात्री ६ महिनापछि पृथ्वीमा अवतरण

### चीनको अन्तरिक्ष यात्रामा अर्को सफलता

– लरी चेन



पेइचिङ, ३ वैशाख, (एएफपी) । चीनको नयाँ अन्तरिक्ष स्टेशनमा ६ महिनापछि शनिबार (वैशाख ३ गते) तीन अन्तरिक्ष यात्री पृथ्वीमा अवतरण गरेको चिनियाँ समाचार संस्था सिन्हवाले जनाएको छ । यसको सीसीटीभीले रेकर्ड गरेको प्रत्यक्ष भिडियो चीनले सार्वजनिक गरेको छ ।

यो अन्तरिक्ष यात्रीको अहिलेसम्मकै सबैभन्दा लामो मिसनमा सफलता हो । अन्तरिक्ष यात्रीको पृथ्वीमा अवतरणपछि चीनको अन्तरिक्ष महत्वाकाङ्क्षामा एउटा ऐतिहासिक सफलता मिलेको छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्रले अन्ततः मानिसलाई चन्द्रमामा पठाउने आशाका साथ आफ्नो सैन्य-चालित अन्तरिक्ष कार्यक्रममा अर्बौंको बजेट राखेको छ ।

चीनले संयुक्त राज्य अमेरिका र रूसलाई भेट्न निकै लामो यात्रा गरेको छ, जसका अन्तरिक्ष यात्री तथा अन्तरिक्षयात्रीहरूको अन्तरिक्ष अन्वेषणमा दशकौंको अनुभव छ ।

**माओको प्रतिबद्धता**

सन् १९५७ मा सोभियत सङ्घले स्पुत्निक प्रक्षेपण गरेको केही समय नबित्दै चिनियाँ कम्युनिस्ट पार्टीका तत्कालीन अध्यक्ष तथा राष्ट्रपति माओ त्सेतुङले 'हामी (चिनियाँ) हरूले पनि भूउपग्रह बनाउने छौँ ।' भनेका थिए । यसको लागि एक दशकभन्दा बढी समय लाग्यो । तर, सन् १९७० मा चीनले लङ मार्च रकेटमा आफ्नो पहिलो उपग्रह प्रक्षेपण गरेको थियो ।

मानव अन्तरिक्ष उडानको लागि दशकौं लागेपनि सन् २००३ मा पहिलो चिनियाँ 'ताइकोनट' बन्न याङ लिवेइ सफल हुनुभएको थियो ।

प्रक्षेपण नजिकिँदै जाँदा, मिशनको क्षमताबारेको चिन्ताले बेइजिङले अन्तिम क्षणमा प्रत्यक्ष टेलिभिजन प्रसारण रद्द गरेको भन्ने भनाइहरू अन्तर्राष्ट्रिय सञ्चार माध्यमले उल्लेख गरेका छन् । यद्यपि, चिन्ताबीच चिनियाँ मिसन जारी भयो । याङले शेन्झाउ-५ मा २१ घण्टे उडानको दौरान १४ पटक पृथ्वीको परिक्रमा गर्नुभएको थियो । चीनले त्यसबेलादेखि सातओटा चालक दलका मिशनहरू सुरु गरेको छ ।

**"विशेष सपना"**

राष्ट्रपति सी जिनपिङका अनुसार चीनको 'विशेष सपना' को योजनालाई निरन्तरतामा राखिएको छ ।

पेइचिङले वर्षौंदेखिको अन्तरिक्ष यात्राको प्रयासमा कोसेढुङ्गा सावित भएपछि अन्ततः अन्तरिक्ष यात्राको अभियानमा संयुक्त राज्य अमेरिका र रूससँग प्रतिस्पर्धामा पुग्ने प्रयास गरिरहेको छ ।

अन्तरिक्ष स्टेशनबाहेक चीनले चन्द्रमामा आधार निर्माण गर्ने योजना पनि बनाएको छ । देशको राष्ट्रिय अन्तरिक्ष प्रशासनले भने यसको लक्ष्य सन् २०२९ सम्ममा चालक दलले चन्द्र मिशन सुरु गर्नु हो ।

तर, सन् २०१७ मा शक्तिशाली हेभी-लिफ्ट रकेट लङ मार्च-५ वाई-२ ले सञ्चार उपग्रहहरू अक्षमा पठाउने मिशनमा प्रक्षेपण गर्न असफल हुँदा चन्द्रमाको काम निकै कम भएको थियो। त्यसले गर्दा चाङए-५ प्रक्षेपणलाई चीनले केही समय स्थगित गर्नुपरेको थियो। सन् २०१७ को दोस्रो कालमा चन्द्रमाको नमुना सङ्कलन गर्ने निर्धारित लक्ष्य चीनको रहेको थियो।

जनवरी २०१९ मा अर्को रोबोट, चाङए-४, पहिलोपटक चन्द्रमाको एउटा कुनामा अवतरण भएपछि चीनलाई चन्द्रमाको अध्ययनका लागि ऐतिहासिक सफलता मिलेको थियो। त्यसपछि गत वर्ष चन्द्रमाको भित्री भागमा अवतरण भई चन्द्रमाको सतहमा मानव उपस्थितिमा चिनियाँ झन्डा फहराउन चीन सफल भएको थियो।

मानवरहित अन्तरिक्ष यान चट्टान र माटोसहित डिसेम्बरमा पृथ्वीमा फर्किएको थियो। यो चीनले अन्तरिक्ष यात्राको चार दशकमा सङ्कलन गरिएको चन्द्रमाको पहिलो नमुना हो।

फेरि सन् २०२१ फेब्रुअरीमा मङ्गल ग्रहका पाँच टन पहिलो तस्बिरहरू टियानवेन-१ द्वारा पठाइएको थियो। त्यसपछि मे महिनामा मार्सियन सतहमा रोभर अवतरण भयो जसले पछि रातो ग्रह (रेड प्लानेट) को सतह पत्ता लगाउन थालेको छ।

### आकाशमा दरबार

सन् २०२१ अप्रिलमा अक्षमा राखिएको चिनियाँ अन्तरिक्ष स्टेशनको 'टियानहे मोड्युल' सँग अक्टोबर महिनामा तीन जना अन्तरिक्षयात्रीहरू सफलतापूर्वक पुग्न सफल भएका हुन्। अन्तरिक्षयात्रीहरू शनिबारको दिन सुरक्षित साथ पृथ्वीमा फर्कनुभन्दा छ महिनाअघि स्टेशनमा पुगेका र अहिलेसम्म चीनको सबैभन्दा लामो चालक दल मिशनमा सहभागी भई पृथ्वीमा फर्किएका छन्।

चिनियाँ अन्तरिक्ष स्टेशन तियाङगोङ 'स्वर्गीय दरबार' निर्माणका लागि धेरै भागहरू ल्याउन र अक्षमा एकत्रित गर्न जम्मा ११ मिशनहरूको आवश्यकता पर्नेछ।

एक पटक पूरा भएपछि, यो कम्तीमा १० वर्षसम्म हाम्रो ग्रहभन्दा ४०० देखि ४५० किलोमिटर (२५० देखि २८० माइल) माथि न्यून पृथ्वीको अक्षमा रहने आशा गरिएको छ - अन्तरिक्षमा दीर्घकालीन मानव उपस्थिति कायम राख्ने महत्वाकाङ्क्षा चीनमा थप बलियो बन्दै गएको छ।

चीनले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको स्केलमा विश्वव्यापी सहयोगका लागि आफ्नो अन्तरिक्ष स्टेशन प्रयोग गर्ने योजना नगरे पनि पेइचिङले भने विदेशी सहयोगका लागि खुला रहेको बताएको छ। यो सहयोग कतिको व्यापक हुनेछ आगामी दिनले पुष्टि गर्दै जानेछन्।

### भक्तपुर नपा क्षेत्रभित्र रहेका सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूको विवरण

| क्र.सं. | पुस्तकालयको नाम | स्थान |
|---|---|---|
| १ | मणिसुन्दर पुस्तकालय | भार्वाचो, वडा १ |
| २ | जनज्योति पुस्तकालय | न:पुखु, वडा २ |
| ३ | शहीद राजकुमार स्मृति पुस्तकालय | ब्यासी, वडा २ |
| ४ | लिधंसा ब्वनेकुथी | तापालाछी, वडा २ |
| ५ | उत्थान वाचनालय | नासमना, वडा ३ |
| ६ | तारा पुस्तकालय | बोलाछेँ, वडा ४ |
| ७ | एकता पुस्तकालय | लाकुलाछेँ, वडा ४ |
| ८ | सत्सङ पुस्तकालय | तालाक्व, वडा ४ |
| ९ | हिमचुली युवा पुस्तकालय | वंशगोपाल, वडा ४ |
| १० | शहीद स्मृति वाचनालय | तालाक्व, वडा ४ |
| ११ | मंगलाछेँ युवा क्लब पुस्तकालय | मंगलाछे, वडा ४ |
| १२ | स्टुडेन्ट लाइब्रेरी | दरबार क्षेत्र, वडा ५ |
| १३ | चण्डेश्वरी पुस्तकालय | चासुखेल, वडा ५ |
| १४ | न्यातपोल कर्नर पुस्तकालय | ग:हिति, वडा ५ |
| १५ | बौद्धिक विकास मण्डल पुस्तकालय | चोछेँ, वडा ६ |
| १६ | युगबोध पुस्तकालय | महाकाली द्य:छेँ, वडा ६ |
| १७ | झी पासा सफूकुथी | याछेँ, वडा ६ |
| १८ | पासा पुस्तकालय | इनाचो, वडा ७ |
| १९ | स्टार वाचनालय | वाचुत्व, वडा ७ |
| २० | श्री सिद्धि गणेश पुस्तकालय | चोर्चा, वडा ७ |
| २१ | शहीद स्मृति पुस्तकालय | गोलमढी, वडा ७ |
| २२ | झीगु वाचनालय | जेलाँ, वडा ८ |
| २३ | जनसेवा पुस्तकालय | जेलाँ, वडा ८ |
| २४ | लेनिन पुस्तकालय | लिवाली, वडा ८ |
| २५ | युग विजय पुस्तकालय | तचपाल, वडा ९ |
| २६ | प्रगति पुस्तकालय | सूर्यमढी, वडा ९ |
| २७ | मर्निङ स्टार वाचनालय | गछेँ, वडा ९ |
| २८ | मानन्धर पुस्तकालय | साकोलान, वडा ९ |
| २९ | शुभारम्भ पुस्तकालय, | त्वचा, वडा ९ |
| ३० | जागरण पुस्तकालय | चोफल, वडा ९ |
| ३१ | शहीद निर्मल पुष्प स्मृति वाचनालय | क्वाठण्डौ, वडा १० |
| ३२ | श्री दिपङ्कर विकास मण्डल ज्ञानमाला भजन पुस्तकालय | क्वाठण्डौ, वडा १० |

सङ्कलक: जनज्योति पुस्तकालय

# १० वर्ष काम लाग्ने क्यालेन्डर

यहाँ इश्वी संवत्को एउटा क्यालेन्डर दिइएको छ जुन विभिन्न १० वर्षको (शुरु सन् १८०८ र अन्तिम २०४४) तारिख हेर्न सकिन्छ । यस पात्रोले निम्न सन्को लागि काम दिन्छ –

१८०८, १८३६, १८६४, १८९२, १९०४, १९३२, १९६०, १९८८, २०१६, २०४४

**January**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**February**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | | | | | |

**March**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**April**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |

**May**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

**June**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | | |

**July**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**August**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**September**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | |

**October**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | 31 | | | | | |

**November**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | | | |

**December**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |

स्रोत : Mirror, April, 1984

**नगरपालिका नगरवासीको आफ्नो संस्था हो ।**

**करदाताहरूले समयमै कर बुझाऔं**

An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Chaitra Report

## 2078

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1526 | 9.66 |
| 10-19. | 1122 | 7.10 |
| 20-59 | 9827 | 62.21 |
| ≥60 | 3322 | 21.03 |
| **Total** | **15797** | **100.00** |

| Services | Number | Percentage |
|---|---|---|
| Emergency | 578 | 3.66 |
| General | 2957 | 18.72 |
| Insurance | 12262 | 77.62 |
| **Total** | **15797** | **100** |

| District | Number | In Percentage |
|---|---|---|
| Jumla | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Sarlahi | 1 | 0.01 |
| Rolpa | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Sindhupalchowk | 2 | 0.01 |
| Dhading | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Ramechhap | 3 | 0.02 |
| Taplejung | 3 | 0.02 |
| Surkhet | 4 | 0.03 |
| Lalitpur | 4 | 0.03 |
| Achham | 9 | 0.06 |
| **Sankhuwasabha** | **11** | 0.07 |
| Kathmandu | 15 | 0.09 |
| Kavrepalanchok | 28 | 0.18 |
| Madhyapur Thimi | 59 | 0.37 |
| Suryabinayak | 718 | 4.55 |
| Changu | 2225 | 14.08 |
| Bhaktapur | 12707 | 80.44 |
| **Total** | **15797** | **100.00** |

| Department | Number | Percentage |
|---|---|---|
| CHRP- Respiratory Medicine | 2 | 0.01 |
| General Ward | 29 | 0.18 |
| Physiotherapy | 186 | 1.18 |
| General Surgery OPD | 201 | 1.27 |
| Paediatric | 257 | 1.63 |
| Laboratory | 454 | 2.87 |
| Dermatology | 462 | 2.92 |
| ENT | 517 | 3.27 |
| Internal Medicine | 560 | 3.54 |
| Obs. & Gynaecology | 812 | 5.14 |
| Dental | 1326 | 8.39 |
| Emergency Ward | 1505 | 9.53 |
| Orthopedic | 2096 | 13.27 |
| General OPD | 7390 | 46.78 |
| **Total** | **15797** | **100.00** |

| Followup | Number | Percentage |
|---|---|---|
| No | 13769 | 87.16 |
| Yes | 2028 | 12.84 |
| **Total** | **15797** | **100.00** |

# विश्वमा कोभिड–१९ को स्थिति (वैशाख १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | चैत १५ मा |
|---|---|---|---|---|---|
| | **विश्व** | ५१३,९६६,९४१ | ४६८,३४९,०३७ | ६,२६३,७४३ | |
| १ | संरा अमेरिका | ८३,१८७,५२८ | ८०,७५७,३५८ | १,०२१,२४१ | १ |
| २ | भारत | ४३,०८५,१६६ | ४२,५४१,८८७ | ५२३,८८९ | २ |
| ३ | ब्राजील | ३०,४६०,९९७ | २९,५५४,३०८ | ६६३,६५७ | ३ |
| ४ | फ्रान्स | २८,६९०,७४८ | २७,०१७,६६७ | १४६,१४२ | ४ |
| ५ | जर्मनी | २४,७९१,११० | २२,४६९,२०० | १३५,९४७ | ७ |
| ६ | संयुक्त अधिराज्य | २२,०६७,०३९ | २१,२६४,१२८ | १७५,२१७ | ५ |
| ७ | रूस | १८,१९५,६०८ | १७,५५६,२२० | ३७६,१६७ | ६ |
| ८ | दक्षिण कोरिया | १७,२९५,७३३ | अप्राप्त | २२,९५८ | ३२ |
| ९ | इटाली | १६,५२४,११७ | १५,१५५,०२१ | १६३,७३६ | ९ |
| १० | टर्की | १५,०३४,९१७ | १४,९३१,४९० | ९८,७९१ | ८ |
| ११ | स्पेन | ११,९३९,१४८ | ११,४३२,५३८ | १०४,६१५ | १० |
| १२ | भियतनाम | १०,६५६,६४९ | ९,२६५,४५६ | ४३,०४४ | २९ |
| १३ | अर्जेन्टिना | ९,०८३,६७३ | ८,८९५,९९९ | १२८,६५३ | ११ |
| १४ | नेडरलान्ड | ८,०५१,२९२ | ७,८७५,६७५ | २२,२५६ | १३ |
| १५ | जापान | ७,९०१,९३३ | ७,४७९,४२१ | २९,६०१ | १८ |
| १६ | इरान | ७,२२३,००५ | ६,९८९,३५८ | १४१,११४ | १२ |
| १७ | कोलम्बिया | ६,०९२,६६७ | ५,९२६,४७६ | १३९,७९७ | १४ |
| १८ | इन्डोनेसिया | ६,०४७,२०८ | ५,८८३,६६४ | १५६,२८७ | १६ |
| १९ | पोलान्ड | ५,९९६,९३५ | ५,३३४,७३६ | ११६,०५५ | १५ |
| २० | अस्ट्रेलिया | ५,९९२,१४८ | ५,६५८,५१३ | ७,२७० | ३० |
| २१ | मेक्सिको | ५,७४०,०८० | ५,०३९,६२४ | ३२४,३५० | १७ |
| २२ | युक्रेन | ५,००२,८७० | अप्राप्त | १०८,४११ | १९ |
| २३ | मलेसिया | ४,४५०,८५९ | ४,३७८,८६४ | ३५,५५५ | २६ |
| २४ | थाइलान्ड | ४,२७१,८१५ | ४,११४,०४६ | २८,७०४ | ३३ |
| २५ | अस्ट्रिया | ४,१४९,००४ | ४,०५५,७२६ | १८,१७० | ३६ |
| २६ | इजरायल | ४,०८०,४८७ | ४,०४८,८०७ | १०,६९८ | २२ |
| २७ | बेल्जियम | ४,०७१,२७९ | ३,८१९,६०९ | ३१,४९४ | २४ |
| २८ | चेक गणतन्त्र | ३,९०६,११३ | ३,८५३,९७८ | ४०,१७३ | २३ |
| २९ | पोर्तुगल | ३,८५३,८०० | अप्राप्त | २२,२८० | २८ |
| ३० | दक्षिण अफ्रिका | ३,७९८,४१३ | ३,६५१,६६५ | १००,३७० | २० |
| ३१ | क्यानाडा | ३,७५६,२७२ | ३,४५९,७६३ | ३९,२९२ | २७ |
| ३२ | फिलिपिन्स | ३,६८६,०८२ | ३,६२०,३६९ | ६०,४१० | २१ |
| ३३ | स्वित्जरलान्ड | ३,६१७,००१ | ३,४७७,०३६ | १३,८६२ | ३४ |
| ३४ | पेरू | ३,५६६,५२३ | अप्राप्त | २१२,८६५ | २५ |
| ३५ | चिली | ३,५६२,५२१ | ३,४२४,६३६ | ५७,५४१ | ३१ |
| ३६ | ग्रीस | ३,३३१,२८८ | ३,२३०,४३८ | २९,२०५ | ३९ |
| ३७ | डेनमार्क | २,९६७,३८८ | २,९४४,३७९ | ६,१८३ | ३७ |
| ३८ | रोमानिया | २,८९४,८९६ | २,६०६,६६० | ६५,४९६ | ३५ |
| ३९ | स्वीडेन | २,५००,९१७ | २,४७०,७०१ | १८,७३९ | ३८ |
| ४० | इराक | २,३२५,२४७ | २,२९८,१७४ | २५,२११ | ४० |
| ४१ | सर्बिया | २,००७,०९१ | १,९७७,६६२ | १६,००४ | ४२ |
| ४२ | बंगलादेश | १,९५२,७२६ | १,८९६,००१ | २९,१२७ | ४१ |
| ४३ | हङ्गेरी | १,९०३,२०० | १,८०८,०६१ | ४६,२६६ | ४३ |
| ४४ | स्लोभाकिया | १,७८१,८४२ | १,७४५,३४१ | १९,९३१ | ४७ |
| ४५ | जोर्डान | १,६९४,२१६ | १,६७८,९४१ | १४,०४८ | ४४ |
| ४६ | जर्जीया | १,६५५,२२१ | १,६३७,२९३ | १६,८११ | ४५ |
| ४७ | पाकिस्तान | १,५२८,५१८ | १,४९४,१४१ | ३०,३७२ | ४६ |
| ४८ | आयरलान्ड | १,५१८,८०५ | १,४६१,८१० | ७,०८७ | ४९ |
| ४९ | नर्वे | १,४२६,४९१ | अप्राप्त | २,९३२ | ५० |
| ५० | कजाख्स्तान | १,३०५,५४८ | १,२९१,०८९ | १३,६६० | ४८ |
| ५१ | हङ्कङ | १,२०४,७९३ | अप्राप्त | ९,३१८ | ११४ |
| ५२ | सिंगापुर | १,२००,९७६ | १,१४०,५३१ | १,३३८ | ७० |
| ५३ | मोरोक्को | १,१६४,९८४ | १,१४८,५५६ | १६,०६९ | ५१ |
| ५४ | बुल्गेरिया | १,१५७,१९९ | ९७८,५३३ | ३६,९२० | ५२ |
| ५५ | क्रोएसिया | १,१२३,०२९ | १,१०२,५१० | १५,८४३ | ५५ |
| ५६ | क्युबा | १,१०३,२८६ | १,०९३,८७८ | ८,५२७ | ५३ |
| ५७ | लेबनान | १,०९७,०८५ | १,०८१,७७० | १०,३९१ | ५४ |
| ५८ | लिथुआनिया | १,०५८,५४५ | १,०२४,८०१ | ९,१०६ | ५९ |
| ५९ | ट्युनिसिया | १,०४०,१९३ | अप्राप्त | २८,५५० | ५६ |
| ६० | फिन्लान्ड | १,०२३,०१३ | ४६,००० | ३,९३९ | ७४ |
| ६१ | स्लोभेनिया | १,०१०,७९८ | ९९१,३०४ | ६,५९५ | ६१ |
| ६२ | बेलारूस | ९८०,८२८ | ९२८,५३६ | ६,९५१ | ५८ |
| ६३ | नेपाल | ९७८,८३६ | ९६६,६७४ | ११,९५१ | ५७ |
| ६४ | न्यु जीलान्ड | ९४३,४२८ | ८८९,३२० | ७१३ | १२५ |
| ६५ | बोलिभिया | ९०५,०७४ | ८५९,१४२ | २१,९२३ | ६० |
| ६६ | संयुक्त अरब इमिरेटस | ८९९,०३३ | ८८२,५९१ | २,३०२ | ६२ |
| ६७ | उरूग्वे | ८९५,७७५ | ८८६,६५४ | ७,१९७ | ६३ |
| ६८ | इक्वेडर | ८६९,६९६ | अप्राप्त | ३५,५९८ | ६४ |
| ६९ | कोस्टा रिका | ८५२,०७४ | ८३२,८५३ | ८,४०५ | ६५ |
| ७० | ग्वाटेमाला | ८४६,६३२ | ८२६,८१२ | १७,६१३ | ६७ |
| ७१ | लात्भिया | ८२२,७२६ | ८०९,७३३ | ५,७७० | ७१ |
| ७२ | अजरबैजान | ७९२,५७९ | ७८२,७८६ | ९,७०९ | ६६ |
| ७३ | पनामा | ७७७,६५८ | ७६३,१७० | ८,१८५ | ६८ |
| ७४ | साउदी अरेबिया | ७५४,२३८ | ७४१,९०६ | ९,०९३ | ६९ |
| ७५ | श्री लंका | ६६३,४०८ | ६४६,१२९ | १६,५०५ | ७२ |
| ७६ | पारागुए | ६४९,४५५ | ६२४,६७३ | १८,८७० | ७३ |
| ७७ | कुवेत | ६३१,४०९ | ६२८,०९० | २,५५५ | ७५ |
| ७८ | म्यानमार | ६१२,९१४ | ५९१,८४७ | १९,४३४ | ७६ |
| ७९ | प्यालेस्टिन | ५८१,९४० | ५७६,२४२ | ५,३५३ | ७७ |
| ८० | डोमिनिकन गणतन्त्र | ५७९,४४३ | ५७४,७२६ | ४,३७६ | ७८ |
| ८१ | इस्टोनिया | ५७२,१९३ | ५११,०३९ | २,५३९ | ८३ |
| ८२ | बहराइन | ५६९,३७० | ५६४,७३५ | १,४७६ | ८० |
| ८३ | भेनेजुयला | ५२२,५१४ | ५१५,७२८ | ५,७०९ | ७९ |
| ८४ | मोल्डोभा | ५१६,९८६ | ५०४,१४२ | ११,४८९ | ८१ |
| ८५ | मीश्र | ५१५,६४५ | ४४२,१८२ | २४,६१३ | ८४ |
| ८६ | लिबिया | ५०१,९०४ | ४९०,९७३ | ६,४३० | ८२ |
| ८७ | साइप्रस | ४७४,२६७ | १२४,३७० | १,०२० | ९३ |
| ८८ | इथियोपिया | ४७०,५८७ | ४५५,३९१ | ७,५१० | ८५ |
| ८९ | मंगोलिया | ४६९,८८५ | ३१३,२५६ | २,१७९ | ८६ |
| ९० | होन्डुरस | ४२३,१७९ | १३२,३१८ | १०,८९३ | ८८ |
| ९१ | आर्मेनिया | ४२२,८७४ | ४१२,००३ | ८,६२२ | ८७ |
| ९२ | ओमान | ३८९,१२६ | ३८४,२४३ | ४,२५८ | ८९ |
| ९३ | बोस्निया र हर्जगोभिना | ३७७,०८७ | १९२,२१८ | १५,७६५ | ९० |
| ९४ | रियुनियन | ३७४,२९५ | ३५५,६०५ | ७४२ | ९६ |
| ९५ | कतार | ३६४,७२८ | ३६३,५१६ | ६७७ | ९१ |
| ९६ | केन्या | ३२३,७९२ | ३१८,००२ | ५,६४९ | ९२ |
| ९७ | जाम्बिया | ३१९,७५५ | ३१५,२६६ | ३,९७६ | ९४ |
| ९८ | उत्तर मेसेडोनिया | ३०९,७६९ | २९९,८६५ | ९,२८० | ९५ |
| ९९ | बोत्स्वाना | ३०५,८५९ | ३०३,०२६ | २,६८८ | ९९ |
| १०० | अल्बानिया | २७५,१७७ | २७१,३०६ | ३,४९६ | ९७ |
| १०१ | अल्जेरिया | २६५,७८२ | १७८,३५८ | ६,८७५ | ९८ |
| १०२ | नाइजेरिया | २५५,७५३ | २४९,९११ | ३,१४३ | १०० |
| १०३ | जिम्बाबे | २४७,९३५ | २४१,८५० | ५,४७० | १०२ |
| १०४ | उज्बेकिस्तान | २३८,६२७ | २३६,७३६ | १,६३७ | १०१ |
| १०५ | लक्जम्बर्ग | २३७,८५६ | २२७,१९७ | १,०६४ | १०६ |
| १०६ | मोन्टेनेग्रो | २३५,३३८ | २३१,९१८ | २,७१५ | १०३ |
| १०७ | मोजाम्बिक | २२५,३८७ | २२३,१३८ | २,२०१ | १०४ |
| १०८ | चीन | २१७,४५२ | १९२,१८७ | ५,०९२ | १२३ |
| १०९ | लावस | २०७,७१४ | ७,६६० | ७४४ | ११३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | कीर्गीज्स्तान | २००,९९३ | १९६,४०५ | २,९९१ | १०५ |
| १११ | आइसलान्ड | १८५,५७९ | ७५,६८५ | ११९ | १२० |
| ११२ | माल्दिभ्स | १७९,१७१ | १६३,६८७ | २९८ | १०८ |
| ११३ | अफगानिस्तान | १७८,९०१ | १६१,८९६ | ७,६८३ | १०७ |
| ११४ | उगान्डा | १६४,०६९ | १००,२०५ | ३,५९६ | १०९ |
| ११५ | एल साल्भाडोर | १६२,०८९ | १५०,६६२ | ४,१२८ | ११२ |
| ११६ | घाना | १६१,२०४ | १५९,७१२ | १,४४५ | ११० |
| ११७ | नामिबिया | १५८,८११ | १५३,६६२ | ४,०२५ | १११ |
| ११८ | मार्टिनक्यू | १५३,२५३ | १०४ | ९२६ | १२२ |
| ११९ | ताइवान | १५०,८०३ | २७,७९२ | ८७१ | १७१ |
| १२० | ट्रिनिडाड एन्ड टोबागो | १४८,६३० | १३६,१६७ | ३,८३३ | ११८ |
| १२१ | बुनइ | १४१,९११ | १४१,०२२ | २१८ | १४२ |
| १२२ | ग्वाडेलौप | १४०,१३० | २,२५० | ८५४ | ११९ |
| १२३ | कम्बोडिया | १३६,२५४ | १३३,११६ | ३,०५६ | ११५ |
| १२४ | जमैका | १३०,२९९ | ८३,६८९ | २,९६७ | ११७ |
| १२५ | र्वान्डा | १२९,८१२ | ४५,५२२ | १,४५९ | ११६ |
| १२६ | क्यामरून | ११९,७८० | ११७,७९१ | १,९२७ | १२१ |
| १२७ | अंगोला | ९९,१९४ | ९७,१४९ | १,९०० | १२४ |
| १२८ | माल्टा | ९१,९७५ | ८७,५२८ | ७०० | १३२ |
| १२९ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ८७,०२३ | ५०,९३० | १,३३७ | १२६ |
| १३० | सेनेगल | ८६,००५ | ८४,०१८ | १,९६६ | १२७ |
| १३१ | मलावी | ८५,७९० | ८२,०६६ | २,६३४ | १२८ |
| १३२ | आइभोरि कोस्ट | ८१,९५७ | ८१,११२ | ७९९ | १२९ |
| १३३ | फ्रेन्च गीयाना | ८०,८५९ | ११,२५४ | ३९५ | १३१ |
| १३४ | सुरिनाम | ७९,३३६ | ४९,४०१ | १,३२८ | १३० |
| १३५ | च्यानल टापू | ७४,३८३ | ७३,२२४ | १६९ | १४६ |
| १३६ | फ्रेन्च पोलीनेसिया | ७२,७४६ | अप्राप्त | ६४८ | १३४ |
| १३७ | बार्बाडोस | ७०,७९३ | ६६,६६२ | ३९८ | १४३ |
| १३८ | इस्वाटिनी | ७०,६७८ | ६८,९६९ | १,३९७ | १३३ |
| १३९ | फिजी | ६४,६४६ | ६२,७९१ | ८६२ | १३५ |
| १४० | मडागास्कर | ६४,१८१ | ५९,३७० | १,३९१ | १३६ |
| १४१ | गुयाना | ६३,४८४ | ६२,१४३ | १,२२८ | १३७ |
| १४२ | सुडान | ६२,११७ | अप्राप्त | ४,९३१ | १३८ |
| १४३ | न्यू क्यालेडोनिया | ६०,५८३ | ६०,१०२ | ३१२ | १४५ |
| १४४ | भुटान | ५९,२४७ | ५८,३५३ | २१ | १८३ |
| १४५ | मौरितानिया | ५८,६९४ | ५७,६९५ | ९८२ | १३९ |
| १४६ | बेलिज | ५७,४९७ | ५६,६०४ | ६७६ | १४० |
| १४७ | क्याबो भर्ड | ५६,०२८ | ५५,५५६ | ४०१ | १४१ |
| १४८ | सिरिया | ५५,८२५ | ५२,२०१ | ३,१५० | १४४ |
| १४९ | ग्याबोन | ४७,६०२ | ४७,२८५ | ३०४ | १४७ |
| १५० | पपुआ न्यू गिनी | ४३,८२१ | ४३,१३३ | ६५० | १४८ |
| १५१ | सेशेल्स | ४२,४७४ | ४१,७२७ | १६६ | १४९ |
| १५२ | कुरासाओ | ४२,२४१ | ४१,६१२ | २७४ | १५० |
| १५३ | अन्डोरा | ४१,३४९ | ४०,६८९ | १५३ | १५२ |
| १५४ | बुरून्डि | ४०,३९७ | ७७३ | ३८ | १५१ |
| १५५ | मौरिसियस | ३७,६९१ | ३५,९६२ | ९९० | १६१ |
| १५६ | मायोत्ते | ३७,३६३ | २,९६४ | १८७ | १५४ |
| १५७ | टोगो | ३६,९९१ | ३६,६९३ | २७३ | १५३ |
| १५८ | गिनी | ३६,४५९ | ३५,९७६ | ४४० | १५५ |
| १५९ | अरूबा | ३४,८४६ | ३४,५१६ | २१२ | १५६ |
| १६० | फैरोए टापू | ३४,६५८ | ७,६९३ | २८ | १६० |
| १६१ | तान्जानिया | ३३,८७२ | अप्राप्त | ८०३ | १५७ |
| १६२ | बहामाज | ३३,५८२ | ३२,३६८ | ७९८ | १५८ |
| १६३ | लेसोथो | ३२,९१० | २४,१५५ | ६९७ | १५९ |
| १६४ | माली | ३०,८५० | २९,९४२ | ७३२ | १६२ |
| १६५ | हैटी | ३०,६९७ | २९,५२२ | ८३५ | १६३ |
| १६६ | आइल अफ मान | २८,४१६ | २६,७९४ | ८७ | १६७ |
| १६७ | बेनिन | २६,९५२ | २५,५०६ | १६३ | १६४ |
| १६८ | सोमालिया | २६,४८५ | १३,१८२ | १,३५० | १६५ |
| १६९ | कंगो | २४,०७९ | २०,१७८ | ३८५ | १६६ |
| १७० | सेन्ट लुसिया | २३,४५९ | २२,९१७ | ३६८ | १६८ |
| १७१ | टिमोर लेस्टे | २२,८७४ | २२,७२३ | १३० | १६९ |
| १७२ | केमान आइलान्ड | २२,२२३ | ८,५५३ | २७ | १७२ |
| १७३ | बुर्किना फासो | २०,८५३ | २०,४३९ | ३८२ | १७० |
| १७४ | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १७३ |
| १७५ | जिब्राल्टर | १७,८३७ | १६,५७९ | १०२ | १७८ |
| १७६ | दक्षिण सुडान | १७,४८३ | १३,५१४ | १३८ | १७५ |
| १७७ | ताजिकिस्तान | १७,३८८ | १७,२६४ | १२४ | १७४ |
| १७८ | लिक्टेन्स्टाइन | १७,२०१ | १७,०१६ | ८४ | १८५ |
| १७९ | सान मारिनो | १६,४७६ | १६,०५९ | ११५ | १७९ |
| १८० | इक्वेटोरियल गिनी | १५,९०७ | १५,६९८ | १८३ | १७६ |
| १८१ | सोलोमन टापू | १५,६७७ | १४,१०९ | १४१ | २०१ |
| १८२ | जिबौटी | १५,६३१ | १५,४२७ | १८९ | १७७ |
| १८३ | ग्रेनाडा | १४,७४३ | १४,१११ | २२० | १८१ |
| १८४ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १४,६४९ | ६,८५९ | ११३ | १८० |
| १८५ | बर्मुडा | १३,४८८ | १२,९८१ | १३१ | १८७ |
| १८६ | डोमिनिका | १२,१६१ | १२,०२५ | ६३ | १८८ |
| १८७ | गाम्बिया | ११,९९५ | ११,५९१ | ३६५ | १८२ |
| १८८ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १८६ |
| १८९ | यमन | ११,८१८ | ९,००९ | २,१४९ | १८४ |
| १९० | मोनाको | ११,८०१ | ११,६३८ | ५४ | १९२ |
| १९१ | सेन्ट मार्टिन | १०,४६२ | १,३९९ | ६३ | १८९ |
| १९२ | टोंगा | १०,४५२ | ९,१२७ | ११ | २१४ |
| १९३ | सिन्ट मार्टेन | १०,०६५ | ९,९१३ | ८६ | १९१ |
| १९४ | इरिट्रिया | ९,७३४ | ९,६३१ | १०३ | १९० |
| १९५ | क्यारिबियन नेडरलान्ड | ९,७२९ | ९,६१९ | ३४ | १९७ |
| १९६ | समोआ | ९,५९२ | १,६०५ | १९ | २१८ |
| १९७ | नाइजर | ८,९४३ | ८,५२४ | ३०९ | १९३ |
| १९८ | गिनी बिसाउ | ८,२०२ | ७,५२८ | १७१ | १९५ |
| १९९ | कोमोरोस | ८,१०० | ७,९३३ | १६० | १९४ |
| २०० | सिएरा लियोन | ७,६८१ | अप्राप्त | १२५ | १९६ |
| २०१ | एन्टिगुआ एन्ड बर्बुडा | ७,६२६ | ७,४४३ | १३६ | १९८ |
| २०२ | भनौतु | ७,५२७ | ७,०२३ | १३ | २२० |
| २०३ | लाइबेरिया | ७,४३४ | ५,७४७ | २९४ | १९९ |
| २०४ | चाड | ७,४१२ | ४,८७४ | १९३ | २०० |
| २०५ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ६,७८६ | ६,६४१ | १०६ | २०२ |
| २०६ | ब्रिटिस भर्जिन टापू | ६,३५५ | अप्राप्त | ६२ | २०३ |
| २०७ | साओ टोम एन्ड प्रिन्सिप | ५,९६४ | ५,८८४ | ७३ | २०४ |
| २०८ | टर्क्स एन्ड कैकोस | ५,९६३ | ५,८६२ | ३६ | २०५ |
| २०९ | सेन्ट किट्स एन्ड नेभिस | ५,५६६ | ५,५१९ | ४३ | २०६ |
| २१० | कूक टापू | ५,११६ | ४,८६३ | १ | २२२ |
| २११ | पलाउ | ४,६१० | ३,९८४ | ६ | २०८ |
| २१२ | सेन्ट बार्थ | ४,५४४ | अप्राप्त | ६ | २०७ |
| २१३ | किरिबाटी | ३,०८४ | २,६०१ | १३ | २०९ |
| २१४ | अन्गिवला | २,७८८ | २,७६६ | ९ | २१० |
| २१५ | सेन्ट पीरे मिक्वेलोन | २,७०१ | २,४४९ | १ | २११ |
| २१६ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २१२ |
| २१७ | वालिस एन्ड फुटुना | ४५४ | ४३८ | ७ | २१३ |
| २१८ | मोन्टसेराट | २७३ | १८१ | २ | २१५ |
| २१९ | फकलान्ड टापू | १२८ | अप्राप्त | | २१६ |
| २२० | मकाओ | ८२ | ८२ | | २१७ |
| २२१ | भेटिकन सिटी | २९ | २९ | | २१९ |
| २२२ | मार्शल टापू | १७ | १४ | | २२४ |
| २२३ | पश्चिमी सहारा | १० | ९ | १ | २२१ |
| २२४ | एमएस जान्डाम | ९ | ७ | २ | २२३ |
| २२५ | नियुए | ९ | ७ | | २२५ |
| २२६ | माइक्रोनेसिया | ७ | १ | | २२७ |
| २२७ | नाउरू | ५ | ३ | | |
| २२८ | सेन्ट हेलेना | २ | २ | | २२६ |
| **जम्मा** | | ५१३,९६६,९४१ | ४६८,३४९,०३७ | ६,२६३,७४३ | |
| **चैत १५ सम्म जम्मा** | | ४८३,८१०,०११ | ४१८,००७,४६४ | ६,१५२,०७४ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।०१।१९, | | | |

# हाम्रो स्वास्थ्य

## यस्ता छन् मुटु बचाउने सात तरिका



**१. कम्तिमा सात घन्टा सुतौं**

हरेक रात कम्तिमा सात घन्टा सुतौं। कडा परिश्रम छ भने आठ घन्टा सुत्न सकिन्छ। निद्रा बिग्रिएमा शरीर चल्ने प्रक्रियामा गडबड हुन्छ र मधुमेहले सताउने सम्भावना बढ्छ। निद्रा नपुग्दा धमनीमा क्याल्सियम जम्मा हुने खतरा रहन्छ, जसले धमनी खुम्चिन सक्छ।

**२. आफ्नो रक्तचाप जानी राखौं**

रक्तचापको जानकारी अत्यन्त महत्त्वपूर्ण छ। उच्च रक्तचापले धमनीलाई कमजोर बनाउँदै लान्छ। १२०/८० देखि १३०/८५ को रक्तचापलाई उच्च मानिन्दैन। रक्तचापलाई नियन्त्रणमा राख्नु भनेको आफ्नो शरीरलाई स्वस्थ्य र तन्दुरुस्त राख्नु हो। यसका लागि व्यायाम, मोटोपना घटाउने, तनाव मुक्त हुने उपाय अवलम्बन गर्नु राम्रो हो।

**३. धूमपान नगरौं, सेकेन्डह्यान्ड धुँवाबाट बचौं**

अरूले खाएको धुँवाले पनि तपाइँलाई उत्तिकै असर गरिरहेको हुन्छ। चुरोट खाएको वरिपरि एक घन्टासम्म बस्नाले दिनको दुईदेखि चारओटा चुरोट खाए समान हानि पुऱ्याउँछ। धूमपान यसै पनि मुटुरोगको एउटा कारण हो।

**४. दैनिक कम्तिमा ३० मिनेट हिडौं**

व्यायामले मानिसको आयु बढाउन मद्दत गर्छ। साथै, व्यायामले मुटुको धड्कन हरेक दिन राम्रोसँग चलाउन पनि मद्दत पुऱ्याउँछ। बुढोपना शरीरमा नदेखिनु त यसको प्रत्यक्ष फाइदा भइहाल्यो। त्यसैले दिनको कम्तिमा ३० मिनेट हिंडेर भए पनि स्वास्थ्यमा ध्यानदिनु जरुरी हुन्छ।

**५. हप्ताका एक दिन माछा खाऔं**

माछामा पाइने 'ओमेघा-३' तेलले मुटु र धमनीको चाललाई चुस्त राख्छ। यसमा पाइने प्रोटिनले मान्छेको मुटुलाई सबैभन्दा धेरै फाइदा गर्ने अनुसन्धानले देखाएको छ।

**६. सन्तुष्ट हुन सिकौं**

आर्थिक कारणले मानसिक तनाव कहिल्यै लिन हुँदैन। तनावले मान्छेको निद्रामात्र होइन मुटुको काम गर्ने क्षमतामा पनि ह्रास ल्याउँछ।

**७. दाँत माझौं**

गिजामा लाग्ने रोगहरूले कहिलेकाहीं हृदयघातसम्म गराउन सक्छ। तसर्थ, दन्त स्वास्थ्यको ख्याल गरेर पनि मुटु बचाउन सकिन्छ।

*स्वास्थ्यखबर*

## थाहा पाइराखौं

- दक्षिण ध्रुवमा पुग्ने पहिलो नेपाली रवीन्द्र बस्नेत हुन्।
- नेपालको प्रथम दैनिक पत्रिका आवाज हो।
- महाकवि देवकोटा २०१४ सालमा डा.के.आइसिहको मन्त्रीमण्डलमा शिक्षा मन्त्री भएका थिए।
- विश्व प्रसिद्ध कवि फ्रोसिस्को मेरियाले एकै समयमा दुइटै हातले दुई भिन्दाभिन्दै कविता लेख्न सक्दथे।
- रोगहरूको मुख्य स्रोत सूक्ष्म जीवाणु हो भनेर पत्ता लगाउने चिकित्सक लुई पाश्चर थिए।
- नेपालमा सर्व प्रथम कम्प्युटरको प्रयोग वि.सं. २०२८ देखि भएको थियो।

सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य

## 'भक्तपुर' मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस्। सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकाथ स्थान दिइने छ। लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं. २०७)
- email:bhaktapurmasik@gmail.com

इतिहासको पानाबाट

# २००६ सालको नगरपञ्चायत ऐन (५)

## नगरपञ्चायतको आर्थिक अधिकार

**४८.** नगरपञ्चायतले सरकारबाट बनेको वा सदर गरेको नियमभित्र रही देहायमा लेखिएको कर महसुल जगात लगाउन पाउँछ ।

**क)** आफ्नू हाताभित्रको राजगुठी सरकारिया घर जग्गाबाहेक अरु जग्गाको वार्षिक मूल्यउपर कर ।

**स्पष्टीकरण**

(१) घर जग्गाको वर्ष १ मा जति बहालबाट आमदानी हुन आएको छ वा आउन सक्दछ त्यसैलाई वार्षिक मूल्य मान्नुपर्छ ।

(२) कुनै घर बहालमा दिएको रहेनछ भने त्यसको वर्षदिनको आमदानी थाहा नहुने हुनाले त्यसको वार्षिक मूल्य हिसाव गर्नको निमित्त हाल त्यो घर बनाउन लाग्ने खर्चको शयकडा चार घरको वरिपरि कम्पाउण्ड भएमा त्यसको वाजीव आमदानी जोडी वार्षिक मूल्य गराउनुपर्छ ।

(३) **(क)** घर जगाको वार्षिक मूल्यमा कर लगाउँदा बहालमा दिएको घरउपर ऐको वार्षिक मूल्यको सयकडा २ मा नबढाई र स्ववासी घरमा त्यसको आधीमा नबढाई लगाउन् ।

**(ख)** नगरपञ्चायतबाट केही खास फाइदा हासिल गरी वा नगरपञ्चायतउपर केही खास भार पारी ऐजनको इलाकाभित्र गरेको कुनै व्यापार पेशाउपर कर ।

**(ग)** नगरपञ्चायतको इलाकाभित्र गरेको व्यापारमा वा फी ली गरेको कुनै किसिमको पेशामा कर वा फी ।

**(घ)** (१) नगरपञ्चायतको इलाकाभित्र रहेकासवारी उपर दस्तुर ।

(२) सो भित्र भाडामा आउने जाने सवारी उपर दस्तुर

**(ङ)** नगरपञ्चायतभित्र राखेको भारी बोक्ने वा सवारी तान्ने वा चढ्ने जनावरउपर दस्तुर ।

**(च)** नगरपञ्चायतभित्र रहेको पालुवा दोपाया चौपाया पशुपक्षीमा दस्तुर ।

**(छ)** नगरपञ्चायतको इलाकाभित्र भाडा वा ज्याला मजुरी लिई बाहिरबाट सामान वा भारी वा मानिस बोकी ल्याउने जनावर र डोले भरियाउपर दस्तुर ।

**(ज)** (१) नगरपञ्चायतको इलाकाभित्र ल्याएको माल सामान वा जनावरको भन्सार लिसकेको भएता पनि त्यसउपर जगात वा बजार अड्डाको महसुल ।

(२) नगरपञ्चायतको इलाकाबाट बाहिर निकासीलाई ल्याएको मालमा चुङ्गी नलाग्ने गर्न सक्छ ।

**(झ)** नगरपञ्चायतले बन्दोबस्त गरिदिएको पानीको चलन गर्ने उपर कर ।

**(ञ)** बढार्ने इन्तजाम गरेमा दस्तुर ।

**(ट)** चर्पी पाइखाना सफा गर्ने इन्तजाम गरेमा वा बनाइदिएमा दस्तुर ।

(ठ) नगरपञ्चायतले खोलेको वा ऐजनको जिम्मा रहेको स्कूलमा पढ्नेउपर फी ।

**(ड)** नगरपञ्चायतको पुस्तकालय, धर्मशाला, बाटो, डाँक, बङ्गाला, वासको चल्ती गर्नेबाट फी वा भाडा ।

**(ढ)** देहायमा लेखिएका नगरपञ्चायतको बन्दोबस्तमा रहेको कुरा उपयोग गरेमा सो गर्ने उपर कर या भाडा या दस्तुर ।

बाटो, पूल, अस्पताल, टयूबवेल, पोखरी, कलधारा-नहर तलाउ, घाटतराई वा घाट, कृषि वा उद्योग प्रदर्शनी पशु चिकित्सालय इत्यादि ।

**ण)** नगरपञ्चायतको इलाकाभित्र बनाउने घरको नक्सा पास गरेमा दस्तुर ।

**४९.** नगरपञ्चायतले दफा ४८ मा लेखिएका कुनै दस्तुर फी या कर इत्यादि लगाउने इच्छा गरेमा सो दस्तुर कर फी इत्यादिको किसिम सो कसले तिर्ने, को उपर लाग्ने, के हिसावले लाग्ने सो खोली एक मस्यौदा तयार गरी विशेष प्रस्तावद्वारा सो मस्यौदा पास गरी रीतपूर्वक प्रकास गर्नुपर्छ ।

**५०.** **(क)** माथि ४९ दफामा लेखिएको मस्यौदा प्रकाश भएको १४ दिन भित्रमा नगरपञ्चायतको इलाका भित्र बस्ने जो सुकैले पनि सो मस्यौदा जम्मै वा त्यसको कुनै भागको बारेमा बाधा अड्काउ परेकोमा खुलाउनुपर्ने देखिए सो समेत खुलाई नगरपञ्चायतमा लिखित सूचना पठाउनु हुन्छ, यस्तो सूचना आएमा नगरपञ्चायतले विचार गरी मस्यौदामा केही अदल बदल गरेमा सो समेत रीतपूर्वक फेरि प्रकाश गर्नुपर्छ ।

**(ख)** त्यसउपर पनि उजुर आएमा फेरि विचार री दफा ५० को (क) मुताविक गर्नू ।

**५१.** **(क)** नगरपञ्चायतले निर्णय गरेको अन्तिम मसौदा उजुर भए उजूर साथ र उजूर नभए पनि तालुक अड्डामा पेश गर्नू ।

**(ख)** नगरपञ्चायतले सो कर दस्तुर फी उठाउन आवश्यक नियम बनाई प्रस्तावद्वारा पास गरी सदर तालुक अड्डामा जाहेर गरी सदर गराई राख्नुपर्छ।

**(ग)** सो अड्डाबाट सदर भै आएपछि मात्र प्रस्तावद्वारा मसौदा पास गरी त्यसमा भएको दस्तुर कर इत्यादि नोटिस दिई तोकिएको दिनदेखि सो अड्डाबाट पास भएको नियमबमोजिम उठाउन् ।

**५२.** **(क)** नगरपञ्चायतले लगाएको कुनै दस्तुर कर महसुल फी इत्यादि सरकारले लोकहितविरुद्ध देखेमा यस बारेमा नगरपञ्चायतको राय बुझी सो दस्तुर र महसुलमा या सो लगाएको रीतमा जो दोष देखिन्छ सो हटाउन अडर हुनेछ ।

**(ख)** नगरपञ्चायतले दफा (५२) (क) अनुसार सरकारबाट भएको अडरबमोजिम काम गर्न नसकेमा सरकारबाट त्यस्तो दस्तुर कर महसुल फी उठाउन रोक्का हुन्छ ।

**५३.** नगरपञ्चायतले अघिल्लो सालभरमा भएका आमदानी खर्चको फाँट र चालु सालको निकासा भएको बजेटमा यति आमदानी र खर्च भयो अब सालतमामसम्ममा यति थप आम्दानी खर्च होला भन्ने हिसाब र आउने सालको अन्जामी बजेट अर्थात् आउने सालमा हुने भनी अन्दाजी गरेको आमदानी र खर्च गर्न जरुरत भएका हिसाबको फाँट समेत तयार गर्न लगाई नगरपञ्चायतको बैठकमा सालतमाम हुनुभन्दा करीब ३ महिना अगाडि पेस गराउनुपर्छ। प्रस्तावद्वारा आउने सालको अन्जामी बजेट पास गराई सालतमाम हुनुभन्दा ४५ दिन अगाडि सदर तालुक अड्डामा पेस गर्नुपर्छ।

**५४.** माथि दफामा लेखिएको आउने सालको अन्जामी बजेट सदर तालुक अड्डाबाट पास भएपछि मात्र त्यसमुताविक खर्च गर्न वा कर महसुलहरू उठाउन हुन्छ।

**५५.** बजेटको नक्कल तालुक अड्डाबाट पास भएपछि १४ दिनसम्म पञ्चायतको आफिसमा सर्वसाधारणले हेर्न पाउनेगरी राखी दिनुपर्छ।

**५६.** सदर तालुक अड्डाबाट बजेट सदर भै आएपछि कुनै कुरामा अदल बदल गर्नुपर्ने हुन आयो भने माथि दफा दफामा लेखिए बमोजिमको कार्रवाई गरी फेरि तालुक अड्डामा पास सदर गराएर मात्र सो कुरा अदल बदल गर्न हुन्छ।

**५७.** नगरपञ्चायतले समयसमयमा सदर तालुक अड्डा साधी ऋण लिन पनि सक्छ।

**५८.** नगरपञ्चायतको कोषबाट तलब खाने गरी कर्मचारीहरू भर्ना गर्दा देहायबमोजिम गर्ने गर्नु।

**(क)** महिनाको रु. ५० सम्म तलब खाने कर्मचारीहरू भर्ना गर्नलाई नगरपञ्चायतले नै गर्नु।

**(ख)** महिनाको रु. ५० भन्दा बढी तलव खाने कर्मचारीहरू भर्ना गर्नलाई तालुक अड्डामार्फत गराउनुपर्छ अड्डाका हाकिम र स्वास्थ्यनिरीक्षकहरू सरकारी तलब खाने भए तालुक अड्डाबाटभर्ना हुनेछन्।

**५९.** नगरपञ्चायतले आफ्ना कर्मचारीहरू खोस्नु खारिज गर्नु र झिक्नु परे आफूले भर्ना गरेकालाई आफ्नु तजबीजले तालुक अड्डामार्फत भर्ना भएकालाई तालुक अड्डामा सोधेर मात्र खोसन झिक्न वा खारीज गर्न हुन्छ।

**६०.** नगरपञ्चायतका कर्मचारीहरूले दिएको अडरउपरको उजूर नगरपञ्चायतले सुन्न पाउँदछ।

**६१.** यस्तो उजूर गर्नुपर्दा सो अडर आएको १० दिनभित्र नै गर्नुपर्छ ।

**६२.** म्यादभित्र उजूर परेमा नगरपञ्चायतले त्यसबारे फैसला नगरेसम्म सो अडर लागू हुन सक्दैन।

**६३.** नगरपञ्चायतले सभापतिलाई पञ्चायतको सबै कामको बारेमा र समिति वा कर्मचारीहरूबाट उनीहरूको कामको बारेमा समय समयमा रिपोट बयान इष्टमेट इत्यादि लिन हुन्छ। नगरपञ्चायतको सभापति वा समिति वा कर्मचारीको जिम्मामा रहेको वा निजहरूले तयार गरेको हरएक किसिमको कागज पत्र मगाई हेर्न पनि हुन्छ।

**६४.** नगरपञ्चायतले आफ्ना कर्मचारीहरूका फाइदाको निमित प्रोभिडेन्ट फन्ड राखे हुन्छ।

**६५.** नगरपञ्चायतले आफ्ना कर्मचारीहरूलाई भत्ता बकस दिए हुन्छ।

**६६.** कसैले नगरपञ्चायतको धन ज्यथाको जानी जानी वा लापर्बाही वा बदचलनद्वारा हानि नोक्सानी वा दुरूपयोग गरे वा गराए निजउपर हर्जाना भराई पाउँभनी नगरपञ्चायतले नालिस उजुर गर्न सक्छ।

**६७.** नगरपञ्चायतले कुनै काम गर्नको निमित्त सदस्यहरूका समिति उपसमिति बनाउन सक्तछ। बनेको समितिको सदस्य फेरफार गर्न झिक्न र समितिका कुनै सदस्यको ठाउँ खाली भएमा सो ठाउँमा अर्को सदस्य भर्ना गर्न समितिको सभापति नियुक्त गर्न यस्ता समितिको कार्यक्रम सदस्यको संख्या र अखत्यारी तोक्न पनि सक्तछ।

**६८.** नगरपञ्चायतले अरुलाई दिन हुनेसम्मको अख्तियार समितिलाई दिन हुन्छ।(**क्रमशः**)

सम्पादकको पृष्ठ

# गम्भीर भएर सोच्ने बेला

देशमा सङ्घीयता लागू भएपछिको स्थानीय तहको दोस्रो कार्यकालको लागि वैशाख ३० गते निर्वाचन हुँदैछ। यसको लागि मतदाता नामावली, उम्मेदवारी दर्तादेखि चुनाव चिह्न वितरणसम्मको काम सम्पन्न भइसकेको छ। उम्मेदवारहरू मत माग्न व्यस्त भइसकेका छन् भने निर्वाचन आयोग आफ्नो दायित्व पूरा गर्न तदारुकताका साथ सक्रिय रहेको देखिन्छ।

सङ्घीयताले गाउँ-नगरमा सिंहदरबार पुऱ्याउने कथन व्यापक रूपमा प्रचार गरिएको छ। सिद्धान्ततः यो सही हो। तर व्यवहारमा सिंहदरबारको विकृति र विसङ्गति गाउँ-नगरमा बाढीसरि पुगेको पनि यथार्थ हो। त्यसैले सिंहदरबारको भ्रष्टाचार गाउँ-नगरमा व्याप्त भएको थेगो नै बनिसकेको छ। सिंहदरबार आफैं रोगी भएकोले सङ्घीयताको सिद्धान्त, नीति र व्यवहार प्रतिकूलका कार्य नियन्त्रण गर्न नसक्दा हाम्रो सङ्घीयता केवल अक्षरमा सीमित हुन पुगेको छ। स्थानीय तहको पहिलो कार्यकाल सारमा यस्तै देखिएको छ।


तर, कमल हिलोमा फुल्ने सत्य पनि देशका विभिन्न पालिकाहरूले प्रमाणित गरेका छन्। देश र जनताको सेवा गर्ने उद्देश्य र लक्ष्यले राजनीति गर्ने जनप्रतिनिधिहरूले गाउँ र नगरवासीको हितमा मात्र होइन देशवासी कै निम्ति उदाहरणीय काम गरेका छन्। गाउँ-नगरको विकास गर्दै देशकै विकासमा गहकिलो टेवा पुऱ्याएका छन्। संविधानले निर्दिष्ट गरेका र सङ्घीयताको मर्मलाई जीवित राख्न केन्द्रसँग सङ्घर्ष गरेका छन्। समग्रमा केन्द्रीकृत शासन प्रणालीले भन्दा हाम्रो देशमा सङ्घीयताले देश र जनताको हित गरेको पाटो पनि घाम जत्तिकै प्रस्ट छ।

यसरी स्थानीय तहको पहिलो कार्यकालबाट सकारात्मक र नकारात्मक दुई चित्र हाम्रो सामु देखिएको छ। यी दुई विपरीत चित्रका निम्ति जिम्मेवार को हो ? प्रत्येक मतदाताले गम्भीर भएर सोच्ने बेला आएको छ।

घोषणा पत्रमा ठूल्ठूला कुरा गरेर व्यवहारमा काम नगर्ने र प्रतिकूल काम गर्नेलाई मत दिने कि घोषणापत्रलाई अक्षरशः पालना गर्नेलाई मत दिने ? देश र जनताको निस्वार्थ सेवाको लागि राजनीति गर्नेलाई मत दिने कि आफू र आफ्नो आसेपासेको भलो गर्न राजनीति गर्नेलाई दिने ? देशघात र राष्ट्रघात गर्ने दलका उम्मेदवारलाई मत दिने कि देश र राष्ट्रहितको निम्ति सङ्घर्षरत दलका उम्मेदवारलाई दिने ? राम्रो काम गर्नेलाई अझ राम्रो गर्न मतको सदुपयोग गर्ने कि नराम्रो काम गर्नेलाई दिएर मतको दुरूपयोग गर्नेलाई ?

आफ्नो अमूल्य मतको मान राख्न प्रत्येक मतदाताले विवेकशील भएर मतदान गर्ने आशा छ। एक पटकको मत दुरूपयोगले पाँच वर्ष पश्चाताप गर्न नपरोस् - सबैलाई चेतना होस्।







भूकम्पबाट ध्वस्त
बेताल भजन घरको
पुनर्निर्माण हुँदै (बायाँ)
भूकम्प पछि (माथि)



पुन:निर्मित गुह्यश्वरी फल्चा, वडा १



नित्यनाथ मन्दिर मर्मत गरिँदै, वडा ३


Map of Bhaktapur Municipality
भक्तपुर नगरपालिका
1:20,000
1,000
500
0
1,000 Meters